www.mulyankan.itgo.com

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ८३




## विश्व समाजवादी सम्मेलनमा कसले के र कस्तो बोले ?

## किन र कसरी उर्लियो ऋत्विक रोशनको नाममा जन-आक्रोश ?




# संविधान संशोधन कति आवश्यक कति अनावश्यक ?

▸ भरतमोहन अधिकारी ▸ प्रचण्ड ▸ रामसिंह श्रीस ▸ लिलामणि पोखरेल ▸ बामदेव गौतम ▸ दमननाथ ढुंगानाका विचारहरुसहित

मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ५६ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति

# हार्दिक शुभ-कामना

चढाउँदै मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका लागि श्रीपरमेश्वरसँग प्रार्थना गर्दछौं ।



## नेपाल राष्ट्र बैंक

# DUCKHAMS

अन्तरराष्ट्रिय
**ISO-9002** को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल










**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ८३
पौष, २०५७



**संरक्षक**
डा. मधुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइँटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल :
yuwa@ntc.net.np
वेभसाइट:
www.mulyankan.itgo.com





## केमा र कसरी हुनुपर्छ संविधानको संशोधन ?

– श्याम श्रेष्ठ –

**संविधान संशोधन : कति आवश्यक, कति अनावश्यक ?**

क. वामदेव गौतम, क. प्रचण्ड, क. रामसिंह श्रीस, क. भरतमोहन अधिकारी, क. लीलामणि गौतम, दमननाथ ढुंगानाका विचारहरू

## के आज पनि भारतीय नेताहरू नेपाललाई सिक्किम बनाउने सपना पालिरहेछन् ?

## माओवादीद्वारा रूकुममा जिल्ला जन-सरकार घोषणा

सत्ता त स्थापना भयो, त्यो टिकाउन सकिन्छ कि सकिँदैन ?



## नेपाली कांग्रेसमा देखिएको विवादको निकास के ?

-सुरेश आचार्य

## कम्युनिष्टहरूबीच एकताः आजको आवश्यकता

- शोभाकर पराजुली -

## आन्दोलन, सुरक्षा-कानून र नख्खु जेलमा पन्ध्र दिन

*रमेश विकलको रोचक संस्मरण*


**सम्पादकीय**
के आज पनि भारतीय नेताहरू नेपाललाई सिक्किम बनाउने सपना पालिरहेछन् ? ४

**आवरण कथा**
केमा र कसरी हुनुपर्छ संविधानको संशोधन ?
*-श्याम श्रेष्ठ* २२

**घटना र प्रवृत्ति**
किन र कसरी उर्लियो ऋत्विक रोशनको नाममा जन-आक्रोश ?
*-मुक्ता श्रेष्ठ* ५
भारतीय संचार माध्यममा ऋत्विक काण्ड
*-भारतका जनपक्षीय बुद्धिजीवी आनन्दस्वरूप वर्माको विश्लेषण* ७
माओवादीद्वारा रूकुममा जिल्ला जन-सरकार घोषणा ७
माले : पुरानै नीति र समितिको भारी बोक्दै
*- हरिगोविन्द लुईटेल* १०
मसाल र एकताकेन्द्रको 'एकता' प्रकृयामा उर्जा थपियो ९
नेपाली कांग्रेसमा देखिएको विवादको निकास के ?
*-सुरेश आचार्य* १२
विश्वमा तेलको मूल्य घट्यो नेपालमा किन घटाइन्न ? १३
देशका दुई ठूला बैंकको व्यवस्थापन विदेशीलाई करारमा दिइने ! १३
के सोच्देछ अखिल नेतृत्व ?
*- राजेन्द्र राईसँगको कुराकानी* ४५
अखिल छैठौंको राष्ट्रिय सम्मेलन ४५

**विश्व कम्युनिष्ट आन्दोलन**
नेपाल, मलेशिया, उत्तर कोरिया र फिलिपिन्सका धारणाहरू १६

**आँखीझ्याल**
अमेरिकाको राष्ट्रपति निर्वाचन र अन्यौल - *शिशिर थापा* २१

**अन्तर्क्रिया**
क. पियुषको आलोचनात्मक प्रतिक्रियामा मेरो प्रत्युत्तर
*-श्याम श्रेष्ठ* ४२

**संस्मरण**
आन्दोलन, सुरक्षा-कानून र नख्खु जेलमा पन्ध्र दिन
*-रमेश विकल* ३८

**संक्षेप**
मालेको राष्ट्रिय सम्मेलनबारे
क. वामदेव गौतम ११

**चिन्तन**
राष्ट्रिय पूँजीपतिवर्ग र समाजवादको मार्गदिशा
*- डा. चैतन्य मिश्र* ३२

**विचारमञ्च**
कम्युनिष्टहरूबीच एकताः आजको आवश्यकता
*-शोभाकर पराजुली* १४

**किताब**
नेपालको कम्युनिष्ट आन्दोलनबारे ऐतिहासिक दस्तावेज संग्रह *-हिरण्यलाल श्रेष्ठ* ४१

**नीति संस्कृति**
'जनसांस्कृति पुरस्कार' स्थापनाको सार्थक घोषणा
*-हरिगोविन्द लुइँटेल* ३४

**पाठकको कुरो** ४६



आवरण सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ । कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७२ । कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# के आज पनि भारतीय नेताहरू नेपाललाई सिक्किम बनाउने सपना पालिरहेछन् ?

सत्तारूढ भारतीय जनता पार्टीका एकजना वरिष्ठ नेता के.आर. मल्कानीले सिक्किमझैं नेपाललाई पनि भारतमा गाभ्नुपर्ने उपनिवेशवादी सोच व्यक्त गरेर सिंगो नेपाल राष्ट्रको प्रभुसत्ता र देशभक्त नेपालीको राष्ट्रिय भावनामा गहिरो चोट पुऱ्याउने कार्य गरेका छन् ।

भा.ज.पा.का पूर्व सभापतिसमेत रहिसकेका श्री मल्कानीले 'द न्यूज टुडे' नामक संचार माध्यमद्वारा पुस १४ गते ९ बजे साँझ प्रसारित एक टेलिभिजन अन्तर्वार्तामा यस्तो धारणा व्यक्त गरेका हुन् । उनले भनेका छन्, "जवाहरलाल नेहरूले नेपालको भारतमा विलयलाई स्वीकार नगरेर ठूलो गल्ती गरे । राजा त्रिभुवनले त्यो प्रस्ताव राखेका थिए ।"

"मेरो विचारमा राजा त्रिभुवनको प्रस्ताव आउँदा हामीले एकदमै गम्भीर र मूर्ख खालको गल्ती गऱ्यौं । नेहरूले त्यसो भएमा दुनियाँले हामीलाई के भन्ला, त्यसबारे चिन्ता गरे । नेहरूलाई दुनियाँको चिन्ता ज्यादा थियो ।" - भारतीय सत्तारूढ दलका वरिष्ठ चिन्तकको भनाइ यस्तो रहेको छ ।

मल्कानीले यस्तो राष्ट्रिय जन-आक्रोश पैदा गर्ने आपत्तिजनक विचार त्यतिखेरै व्यक्त गरेका छन् जतिखेर नेपालमा कथित 'ऋत्विक रोशन काण्ड'ले जन्माएको नृशंस नागरिक हत्याको आलो घाउ बिसेक नै भएको छैन ।

नेपाललाई सिक्किमझैं भारतमै विलय गर्नुपर्थ्यो, नगरेर गल्ती भएको छ भन्ने उनको प्रष्ट विचारले भारतीय शासक वर्ग अहिले पनि नेपाल र साना छिमेकी मुलुकप्रति के धारणा राख्छ, पुनः एक पटक छर्लंग भएको छ । यस्तो प्रतीत हुन्छ - भारतबाट ब्रिटिश साम्राज्यवाद मात्र गयो, परन्तु साम्राज्यवादी प्रवृत्ति कहिल्यै गएन । संसार कहाँ पुगिसक्यो, भारतीय शासकवर्ग भने अहिले पनि साना छिमेकी राष्ट्रप्रति उपनिवेशवादी सपना पालेरै बसिरहेछ । भारतीय शासकहरूले नचाहेर होइन, नसकेर मात्र साना छिमेकी राष्ट्रको प्रभुसत्ता बचिरहेछ । सक्दो हो त, विश्व जनमत अनुकूल हुँदो हो त, भारतीय शासक वर्गले ह्वेल माछाले झैं वरपरका सारा साना माछाहरूलाई सफाचट पार्ने निश्चित थियो ।

राजा त्रिभुवनले 'नेहरूसमक्ष त्यस्तो धारणा व्यक्त गरे कि गरेनन् ? नेहरूले मल्कानीले भनेजस्तो सोच राखे कि राखेनन् ? त्यो बेग्लै खोज र छलफलको विषय हो । परन्तु मल्कानीको विचारले के प्रष्टै देखाएको छ भने मल्कानीको र उनीजस्ता भारतीय शासकवर्गको जोड चल्दो हो त, नेपाललाई अवश्यै सिक्किम बनाइसकिन्थ्यो या बनाउन मरिहत्ते गरिन्थ्यो । सत्तारूढ भा.ज.पा.को यो प्रवृत्तिले र त्यहाँका वरिष्ठ नेताहरूको यस्तो विचारले संपूर्ण देशभक्त नेपालीहरूलाई अत्यन्त आक्रोशित बनाएको छ ।

यस्तो धारणा यदाकदा एकाध जना दिमागी सन्तुलन खुस्केका नेताहरूबाट मात्र अभिव्यक्त भएको भए, यो त्यति ठूलो कुरो हुने थिएन । यसलाई हामीले सिंगो भारतीय शासकवर्गको प्रवृत्ति भनेर सामान्यीकरण गर्न पनि मिल्दैनथ्यो । परन्तु इतिहास हेर्ने हो भने केवल मल्कानीले मात्र यस्तो धारणा राखेको भेटिन्न, भारतको सिंगो शासक वर्गमा र नोकरशाहीतन्त्रमा यो प्रवृत्तिको निरन्तरता भेटिन्छ ।

स्वतन्त्रतापछिका शक्तिशाली गृहमन्त्री बल्लभ भाइ पटेलले नेपाललाई भारतमा गाभ्नुपर्छ भन्ने धारणा त्यतिखेरै राखेको भेटिन्छ । प्रधानमन्त्री नेहरू समेतले भारतको सुरक्षा सीमाना हिमालयसम्म छ भनेर त्यतिखेर सार्वजनिक रूपमा विचार व्यक्त गरेपछि तत्कालीन प्रधानमन्त्री बी.पी. कोइरालाले त्यसको प्रतिवाद गर्नुपरेको घटना इतिहासमा देखिन्छ । नेपालको भूमि-कालापानीमा भारतीय सेना राख्ने कार्य सन् १९६० को दशकको शुरूमा नेहरूकै पालामा प्रारम्भ भएको भेटिन्छ । सन् १९५० को असमान नेपाल-भारत शान्ति तथा मैत्री सन्धि आफैं भारतीय शासक वर्गको नेपालप्रतिको साम्राज्यवादी दृष्टिकोणको ज्वलन्त दस्तावेज हो । नेपाललाई संरक्षित मुलुकझैं भारतको सुरक्षा



"जवाहरलाल नेहरूले नेपालको भारतमा विलयलाई स्वीकार नगरेर ठूलो गल्ती गरे ।" (??)

छाताभित्र राख्ने र स्वतन्त्र र सार्वभौम मुलुक हुन नदिने भारतीय शासक वर्गको नियत र दृष्टिकोण त्यो सन्धिमा प्रष्टै अभिव्यक्त भएको छ । प्रधानमन्त्री इन्दिरा गान्धीको पालामा सन् १९७० को दशकमा उनले समान र स्वतन्त्र हुन खोज्ने नेपाललाई 'तह लगाउन' गरेको तेलको नाकाबन्दी, राजीव गान्धीको पालामा सार्वभौम मुलुक नेपालले चीनसित हतियार किनेको प्रतिक्रियामा उनले २०४५ सालमा गरेको बृहत् निर्मम आर्थिक नाकाबन्दी जगजाहेर छ । दोलालघाटमा पुल बन्दा भारतीय शासक वर्गले संसदमा हंगामा मच्चाएको घटना, चीनले नेपाल-चीन जोडिने अरनिको राजमार्ग सहयोगस्वरूप बनाउँदा भारत सरकारले चरम आपत्ति गरेको घटना, पोखरा-मुस्ताङ र पोखरा-सुर्खेत राजमार्ग चीनले सहयोगस्वरूप बनाइदिने संझौता गरिसकेपछि भारतीय शासक वर्गले दवाबै दिएर त्यो संझौता रद्द गर्न खेलेको भूमिका, कोहलपुर-बनबासा राजमार्गको ठेक्का सबैभन्दा सस्तो भएको नाताले चीनियाँ कम्पनीलाई परेको बेला भारतीय शासकहरूले कूटनीतिक दवाबै दिएर त्यो रद्द गर्न लगाएको घटना, कोशी, गण्डक, टनकपुर संझौता, र महाकाली सन्धिको घटना : यी इतिहासका यस्ता सिलसिलेवार घटना हुन्, जुन कुनै पनि देशभक्त नेपालीले कहिल्यै बिर्सन सक्दैन ।

यी सबै घटनाले के देखाउँछन् भने भारतीय शासक वर्गको नेपालप्रतिको, नेपालजस्ता साना छिमेकी मुलुकप्रतिको दृष्टिकोण कहिल्यै समानता र पंचशीलको सिद्धान्तमा आधारित रहेको छैन । ऊ नेपाललाई हमेशा भारतको उपग्रह बनाउन उद्दत देखिन्छ । श्री मल्कानीको विचार त त्यसमध्ये सबैभन्दा पछिल्लो संस्करण मात्रै हो ।

यी संपूर्ण भारतीय शासक वर्गको प्रयत्नका बावजूद नेपाली जनताले भारतीय शासक वर्गको नेपाललाई उपग्रह वा उपनिवेश बनाउने सपनालाई चकनाचूर पार्दैआएका छन् । सत्ता-स्वार्थवश नेपालका शासकहरूले बारम्बार भारतीय शासकहरूसमक्ष आत्मसमर्पण गरे पनि नेपाली जनताले नेपालको प्रभुसत्ता र स्वतन्त्रतालाई अक्षुण्ण राख्न लगातार देशभक्तिपूर्ण आन्दोलन गर्दै आएका छन् । नेपाली जनताको देशभक्तिपूर्ण आन्दोलन नहुँदो हो त, नेपाली जनता नेपालको प्रभुसत्ता र स्वतन्त्रताको सबैभन्दा सजग र दृढ पहरेदार भएर मैदानमा नजुर्मुराउँदा हुन् त श्री मल्कानीजस्ता भारतीय शासकहरूको नेपाललाई सिक्किम बनाउने इच्छा नेपालका सत्ता-स्वार्थमुखी घुँडाटेकुवा सरकारहरूले पहिले नै पूरा गरिसक्थे ।

भर्खरै भएको कथित 'ऋत्विक रोशन काण्ड'ले पनि के सन्देश दिएको छ भने नेपाल र नेपालीको राष्ट्रिय स्वाभिमान र अस्मितामा आँच पुऱ्याउने काम कहींबाट हुन्छ भने नेपाली जनता त्यसलाई चूपचाप सहेर बस्नेवाला छैन । ऊ एकढीका भएर त्यसको प्रतिकार गर्न मैदानमा उत्रन सक्षम र सजग छ ।

मल्कानीको आपत्तिजनक र नेपालको प्रभुसत्तामा नै खलल पुऱ्याउने नियत बोकेको साम्राज्यवादी विचारको पनि सारा नेपाल एकढीका भएर विरोध गर्नु जरूरी छ । सरकारले तुरुन्तै माग गर्न जरूरी छ कि - मल्कानीले आफ्नो आपत्तिजनक अभिव्यक्ति फिर्ता लिउन् र त्यसबापत नेपाल राष्ट्रसमक्ष माफी मागून् ।

भारतीय शासक वर्गले के कुरामा प्रष्ट भए हुन्छ भने उपनिवेश बनाउने युग विश्वबाटै विदा भइसकेको छ । नेपालीहरू हज्जारौं वर्षसम्म लड्नु परे पनि त्यसो गर्न तयार छन्, परन्तु सिक्किम बन्न तैयार छैनन् । यो अभिमत नेपालीहरूले धेरै पटक, धेरै किसिमकले प्रष्ट बुझिने गरी व्यक्त गरिसके । परन्तु आज पनि भारतीय शासक वर्ग नेपाललाई सिक्किममा बदल्ने सपना किन पालिरहेछन् ? ❑

# किन र कसरी उर्लियो ऋत्विक रोशनको नाममा जन-आक्रोश ?

◆ मुक्ता श्रेष्ठ ◆

यही पौष १० गतेदेखि काठमाण्डौ र नेपालका विभिन्न ठाउँहरूमा शुरू भएको भारतीय सिने कलाकार ऋत्विक रोशनविरोधी विरोध प्रदर्शनले २०४६ सालको जन-आन्दोलनको सम्झना गराएको छ । यी दुई आन्दोलनको बीचमा फरक के रह्यो भने ०४६ सालमा देशमा निरंकुश शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाको लागि जनताहरू आन्दोलनमा उत्रिएका थिए भने अहिले



आफ्नो राष्ट्रियता र राष्ट्रिय स्वाभिमानको लागि र कांग्रेसी सरकारको हिंसात्मक दमनका विरूद्ध जनताहरू आन्दोलनमा उत्रिएका छन् । त्यतिबेला जनताहरू निश्चित उद्देश्य लिएर संगठित रूपमा सडकमा उत्रिएका थिए । तर अहिले जनताहरू आक्रोशको ज्वालामुखी लिएर स्वतस्फूर्त रूपमा, निश्चित उद्देश्यबिना र असंगठित रूपमा सडकमा उत्रिएका छन् ।

यसै आन्दोलनमा ११ गते गोली प्रहारबाट ५ जनाको ज्यान गयो । दर्जनौंदर्जन मानिसहरू घाइते भए । सयौं व्यक्तिहरू गिरफ्तार भए । फुटेको ईंटा, ढुंगा, सिसा, भत्काइएका बारका डण्डीहरू र ठाउँ ठाउँमा बालिएका टायरको आगोले राजधानीको मुख्य सडक विभत्स युद्धभूमिझैं देखिएको थियो । यही आन्दोलनकै कारण पुष १२ गते बालुवाटारबाट सिंहदरवार जान निस्केका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सिंहदरवार पुग्नै सकेनन् । बीचबाटोबाट बालुवाटार नै फर्कनु पर्‍यो ।

यही आन्दोलनले गर्दा पुस १२ गते राजधानीका सम्पूर्ण व्यवसाय, उद्योग-धन्दाहसमेत ठप्प भए । सरकारी तथा गैर-सरकारी कार्यालयहरू, संघ-संस्थाहरू, स्कूल-क्याम्पसहरू तथा यातायात पूर्ण रूपमा प्रभावित भए । प्रदर्शनकारीहरूले भारतीय मूलका नागरिकहरूको पसल तथा आवासहरू तोडफोड गरे । केही ठाउँमा सडकमा हिंडिरहेका भारतीय नागरिकहरूसमेत निर्घात रूपमा पिटिए । कैयौं गाडीहरू तोडफोड गरेर वा जलाएर नष्ट गरिए ।

यस स्थितिलाई नियन्त्रण कसरी गर्ने भन्ने कुरालाई लिएर प्रधानमन्त्रीले पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई र प्रतिपक्षी दलका नेताहरूसँग विचार विमर्श गर्नु पर्‍यो । यही आन्दोलनको कारण पैदा भएको अशान्तिलाई लिएर पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले प्रधानमन्त्रीको राजीनामा र प्रमुख प्रतिपक्ष नेकपा (एमाले) ले गृहमन्त्रीको राजीनामा मागेका छन् ।

संचार मन्त्रालयले अधिराज्यका सबै हल मालिकहरूलाई ऋत्विकले अभिनय गरेको फिल्म नचलाउन निर्देशन दियो ।' केबुल नेटवर्क संचालन गर्ने स्पेशटाइम तथा अरू संस्थाहरूले हिन्दी च्यानल केही दिन बन्द गरे । अखिलका ५ विद्यार्थी संगठनले गृहमन्त्रीको राजीनामाको माग गरेर १३ गते उपत्यका-बन्द गरे, जुन बन्द अभूतपूर्ण रूपमा सफल भयो । १४ गते बेलुकी ५ बजे गृहमन्त्रीको पुत्ला जलाएर जुलुस र आमसभा गरियो । यही आन्दोलनमा भएको दमन र हत्याको विरूद्धमा नौ वामले पौष १७ र १८ गते नेपाल-बन्दको आह्वान समेत गरे ।

यो आन्दोलन ऋत्विकले नेपाल र नेपालीको अपमान गरेर अन्तरवार्ता दिएको भन्ने आधारमा भएको हो । भनिन्छ, गत मंसिर २९ गते स्टार प्लस टेलिभिजनमा ऋत्विकसँग सिम्मी ग्रेवालले लिएको अन्तरवार्तामा ऋत्विकले 'मलाई सबभन्दा मन नपर्ने देश नेपाल र मन नपर्ने मान्छे नेपाली' भनेका थिए रे ।

'मूल्यांकन'ले ऋत्विकको यो अन्तरवार्ता हेर्ने मान्छे आफैले व्यापक रूपमा खोज्यो । तर उनको अन्तरवार्ता हेर्ने मान्छेहरूले पनि उनले के के बोले यादै भएन भन्ने कुरा बताए । यहाँ आश्चर्यको कुरा त के भयो भने आन्दोलनमा उत्रिएका विद्यार्थीहरूले समेत ऋत्विकले दिएको अन्तरवार्ता आफैले हेरेको बताएनन् । यसैबीच ऋत्विकले पनि आफूले नेपालको अपमान हुने खालका कुराहरू नबोलेको र आफूमा नेपालप्रति श्रद्धा र माया भएको कुरा उल्लेख गरेर प्रेस-विज्ञप्ती निकाले ।

**उनीहरूले नेतृत्व गरेका जुलूसका सहभागीहरूको हात हातमा पंचायतको श्रेष्ठता र बहुदलको असफलता देखाउने रंगीचंगी पर्चाहरू थिए**

खास रूपमा ऋत्विक रोशन काण्ड चितवनबाट शुरू भएको देखिएको छ । स्टार प्लसबाट नेपालको विरूद्ध ऋत्विकले अन्तरवार्ता दिएको भनिएका कुराको विरूद्धमा चितवनका केही युवाहरूले सर्वप्रथम उनको पुत्ला जलाएर विरोध प्रदर्शन गरेको समाचार चितवनबाट प्रकाशित हुने पत्रिका 'चितवन पोष्ट'मा निक्लेपछि यो हल्ला देशभरि फैलिएको बुझिएको छ । यही हल्लाको आधारमा पुष १० गतेदेखि काठमाण्डौका विद्यार्थी संगठनहरूले पनि ऋत्विकका विरूद्धमा आवाजहरू उठाउन थाले । पछि नेपाली कांग्रेसको भातृ संगठन ने.वि.संघले पनि ऋत्विकविरूद्ध प्रेस विज्ञप्ती जारी गर्‍यो ।

विद्यार्थीहरूले ऋत्विकको पुत्ला जलाउने, भारतीय राजदूतावासमा र संचार मन्त्रालयमा ज्ञापन-पत्र दिने, उनले अभिनय गरेका फिल्महरू नचलाउने माग गर्दै हलहरूमा अनुरोध गर्न जाने, केबुल प्रसारणबाट हिन्दी च्यानलहरू बन्द गर्न अनुरोध गर्ने



पुष ११ गतेको जनहत्याको विरूद्ध १२ गते अनियन्त्रित विशाल भीडलाई सडकमा नेतृत्व दिन खोजिरहेको 'अखिल'को जमात

जस्ता सामान्य विरोधहरू गर्न शुरू गरे ।

उनीहरूको यो माग पूरा भएको भए यो आन्दोलन यति चर्किंदैनथ्यो । तर सरकारले आन्दोलनकारीहरूमाथि नृशंस दमन गर्ने नीति अपनायो र उनीहरूमाथि अन्धाधुन्ध गोली चलायो, जसबाट काठमाण्डौं ठमेलमा कोठामा बसिरहेकी १२ वर्षिया बालिका वर्षा कोइराला र चावहिलमा स्कूलबाट फर्किरहेका ११ वर्षिय बालक कर्म लामासहित ५ जनाको मृत्यु भयो र, दर्जनौं घाइते भए ।

सरकारको यो नीति र जनताको आक्रोशको स्थितिको फाइदा उठाएर दरबारिया शक्तिहरूले विद्यार्थीहरूको संवेदनशील राष्ट्रिय भावनालाई आफ्नो स्वार्थका निम्ति प्रयोग गर्ने काम गरे । यसमा खरो रूपमा उत्रिएका थिए - 'परिवर्तन नेपाल' र 'राष्ट्रवादी मिलन केन्द्र' नामका दरबार समर्थक समूहहरू ।

उनीहरूले बहुदलविरूद्ध नारा लगाएर नेतृत्व आफ्नो हातमा लिने प्रयत्न गरे । 'परिवर्तन नेपाल'ले त माइकिङ्ग गरेर नै सडकमा उत्रेका जनतालाई उस्काइरहेको थियो । उनीहरूले नेतृत्व गरेका जुलूसका सहभागीहरूको हात हातमा पंचायतको श्रेष्ठता र बहुदलको असफलता देखाउने ब्यहोरा छापिएका विशुद्ध राजनीतिक उद्देश्य मात्र उल्लिखित रंगीचंगी पर्चाहरू थिए । र, उनीहरू उत्तेजना फैलाउँदै अघि बढिरहेका थिए । केही मानिसहरू उनीहरूबाट प्रभावित भएर तोडफोड गर्नतिर पनि लागे । तथापि, उनीहरूलाई दर्वारियातत्व भनेर चिन्ने धेरै मानिसहरू भने उनीहरूबाट प्रभावित



*काठमाण्डौमा यत्रतत्र सडकमा भएको आगजनी*

भएनन् ।

सो दिन पुष १२ गते बिहानैदेखि राजधानीका सडकहरूमा लाखौंको संख्यामा जनताहरू उत्रिसकेका थिए । उनीहरू ११ गते ठमेल र चावहिलमा भएको हत्याको प्रतिरोध गर्न सडकमा उत्रिएका थिए । यसरी स्वतस्फूर्त रूपमा उत्रिएका जनतालाई नेतृत्व गर्ने नेताहरू भने सडकमा थिएनन् । यदि त्यो बेला जनताको भावनालाई बुझेर ११ गते भएको हत्याको विरोधमा गृहमन्त्रीको राजीनामाको माग गर्दै लोकप्रिय नेताहरू ब्यानर र झण्डासहित सडकमा उत्रिएको भए संभवतः १२ गते त्यस्तो अराजक स्थिति पैदा हुँदैनथ्यो र अनाहकमा भारतीय मूलका ब्यापारीहरू र उनीहरूको पसल, आवासमा आक्रमण गर्ने काम हुँदैनथ्यो होला । जहाँ वामपन्थी विद्यार्थी संगठनहरूले नेतृत्व गरिरहेका थिए, त्यहाँ भीड अराजक स्थितिमा थिएन । तर त्यो दिन विद्यार्थीहरूको मात्र नेतृत्वले पुगिरहेको थिएन ।

यसरी केही हदमा नेतृत्वको अभावमा र दरबारिया पक्षको उक्साहटमा तोडफोड भएको भए तापनि यसमा मुख्य दोष सरकारको नै रहेको छ । यो आन्दोलन शुरूमा त मात्र ऋत्विकविरोधी आन्दोलन थियो र शान्तिपूर्ण थियो । पुस ११ गते जब सरकारले भारतीय राजदूतावासमा ज्ञापन-पत्र बुझाउन गएका विद्यार्थीहरूमाथि लाठी चार्ज गर्ने र अश्रुग्याँस प्रहार गर्ने काम गऱ्यो, ठमेलमा जुलूस निकालेर र चावहिलमा 'गोपी कृष्ण' फिल्महलबाट ऋत्विकले खेलेको फिल्मको रिल लिई त्यसलाई जलाउने प्रयत्न गरेर शान्तिपूर्ण आन्दोलन गरिरहेका निहत्था जनतामाथि गोली चलाएर मान्छे मार्ने काम गऱ्यो, त्यसपछि नै आन्दोलन भारत र सरकारविरोधी मोडमा पुगेको थियो । यदि कांग्रेस सरकारले आन्दोलनमाथि नृशंस दमन नगरेर यथार्थ खोजेर जनसमक्ष राख्ने काम गरेको भए, ऋत्विकको विरोधमा सामान्य र शान्तिपूर्ण आन्दोलन हुन्थ्यो र २/४ दिनपछि यथार्थ सामुन्नेमा आएपछि यो साम्य हुन्थ्यो ।

शान्तिपूर्ण आन्दोलन गर्नु प्रजातान्त्रिक मुलुकमा जनताको मौलिक अधिकार पनि हो । कांग्रेस सरकारले जनतालाई यो प्रजातान्त्रिक अधिकार प्रयोग गर्न नदिएको र अनाहकमा साना बालकहरूको समेत हत्या गरेको कारणले नै जनता आक्रोशित भएका हुन् र तोडफोडमा उत्रिएका हुन् । त्यसैले, यो आन्दोलनबाट जे जति हानी नोक्सानी भयो, यो सबै जिम्मेवारी सरकारले बोक्नुपर्छ । र, नैतिकताका आधारमा गृहमन्त्रीले राजीनामा गर्नु पर्दछ ।

जेहास्, यो आन्दोलन नेपालको लागि दुःखद् घटना हो । केवल छापामा आएको अपुष्ट समाचारका आधारमा जिम्मेवार संगठनहरू पनि यस आन्दोलनमा होमिए । त्यो हल्ला कसले र के स्वार्थमा लागेर चलायो भन्ने कुरा अहिलेसम्म थाहा पाउन सकिएको छैन । वास्तविकता के हो भन्ने कुरा बुझ्नतिर कोही लागेनन् । जिम्मेवार संगठनका नाताले विद्यार्थी संगठनहरूले यस आन्दोलनमा होमिनुभन्दा पहिले वास्तविकता बुझ्ने काम गर्नुपर्थ्यो । ११ र १२ गते भारतीय नागरिकहरूमाथि र भारतीय ठानी केही नेपाली नागरिकहरू नै माथि पनि अराजक तत्वहरूले गरेका कुटपीटका घटनाहरू बिल्कुलै गलत थिए । यही अराजक स्थितिको फाइदा उठाउँदै १३ गते राति नेपाल सदभावना पार्टीको काठमाण्डौस्थित कार्यालयमा कसैले तोडफोड र आगलागी गरेका छन् । यसमा नेपाली-नेपालीका बीचमै फाटो र घृणा बढाउन चाहने अराष्ट्रिय तत्वहरूको हात हुनसक्ने संभावना रहेको छ । यस्ता तत्वहरूको षड्यन्त्रात्मक गतिविधिहरूप्रति सचेत नागरिकहरू चनाखो रहनु पर्ने जरूरी छ ।

तर यो आन्दोलनले एउटा कुरा भने पुष्टि गरेको छ, त्यो के भने- नेपाली जनताहरूमा देशभक्तिको भावना प्रचुर मात्रामा छ र आफ्नो राष्ट्रियता र राष्ट्रिय स्वाभिमान बचाउन उनीहरू पछि पर्दैनन् । उनीहरू कसैको नेतृत्वबिना नै पनि स्वतस्फूर्त रूपमा आन्दोलनमा उत्रन्छन् । यो नेपालको लागि गौरवको कुरा हो । यो भावना नेपालीहरूमा सदासर्वदा रहिरहोस् भन्ने कामना गरौं । फिल्मका कुनै चर्चित नायकको नाममा मात्र सकारात्मक वा नकारात्मक रूपले सक्रिय हुने स्तरबाट आजको नेपाली युवा पुस्ताले आफूलाई माथि उठाउनु जरूरी छ । देशमा विद्यमान जनतन्त्र र राष्ट्रियतासम्बन्धी ठूला ठूला मुद्दाहरूमा भने उनीहरूको यत्तिकै चासो र सरोकार नपाइनु चाहिं दुःखद् कुरा हो । ❑



*गिरिजा सरकारको फासिष्ट गोली प्रहारको तारो हुन पुगेकी निर्दोष बालिका वर्षा कोइराला : आफ्ना बाबु र आमाको साथमा*



*वर्षा कोइराला : गोलीको शिकार भएपछि मृत अवस्थामा*

## ◀ घटना र प्रवृत्ति

# भारतीय संचार माध्यममा ऋत्विक काण्ड

**भारतीय जनपक्षीय बुद्धिजीवी आनन्दस्वरूप वर्मा के लेख्छन् ?**

भारतीय विदेश मन्त्रालयका प्रवक्ताले ऋत्विक रोसन विरोधको नाममा नेपालमा बढेको जन-आक्रोश र हिंसाको पछाडि 'दुवै देशका जनताबीच अविश्वास पैदा गर्न चाहने विरोधी तत्वको हात रहेको दावी गरेको छ भने प्रायः सबै ठूला भारतीय संचार माध्यमहरूले यसका पछाडि भारतविरोधीहरूको निहित स्वार्थ रहेको दावी गरेका छन् । पाकिस्तानको हात, दाउद इब्राहिमका मान्छेहरूको खेल, माफियाहरूको चालवाजी आदिको रूपमा यिनीहरूले यस घटनालाई सजिलै र सतही रूपमा ब्याख्या गरेर अन्ध रूपमा भारतीय सत्ताधारी वर्गको पक्षमा आफूलाई खडा गरेका छन् ।

वास्तवमा, ऋत्विक रोशनको नामको कुनै सामान्य निहुँ मात्रमा यसरी नेपालीहरू अति संवेदनशील रूपले आक्रोशित हुनुमा के भारतीय शासक वर्गको नेपालप्रतिका हालसम्मका नीति र ब्यवहारहरू जिम्मेवार छैनन् ? यसतर्फ संपूर्ण न्यायप्रेमी भारतीय जनताको ध्यान नेपाली जनताले आकर्षित गर्नु जरुरी छ ।

यसैबीच, जनस्तरबाट नेपाललाई चिन्दै आएका केही न्यायप्रेमी भारतीय बौद्धिकहरूले यसै कोणबाट आफ्नो कलम चलाएका पनि छन् ।

दिल्ली र कलकत्ताबाट प्रकाशित हुने 'जनसत्ता' हिन्दी दैनिकको पुस १४ (डिसेम्बर २८) अंकमा जनपक्षीय हिन्दी मासिक 'समकालीन तिसरी दुनियाँका संपादक आनन्द स्वरूप वर्माले लेख्नुभएको एउटा समाचार-विश्लेषण छापिएको छ । यस विश्लेषणले पक्रेको मर्म सान्दर्भिक देखिएकाले यहाँ प्रस्तुत छ- उक्त विश्लेषणको एक अंशको अनुवाद ।

...'ऋत्विक रोशनको बहाना बनाएर जुन शक्तिले भारतविरोधी आन्दोलनको रूप दियो, त्यसलाई चिन्नु नेपाल र भारत दुवैको लागि जरूरी भएको छ । नेपालका उप-प्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले भनेका छन- यो भ्रम फैलाउनमा कसको हात रहेको छ, त्यसको छानविन गर्नु आवश्यक छ । छानविनमा जस्तोसुकै परिणाम आएतापनि एउटा के कुरा प्रष्ट भएको छ भने, नेपालमा एउटा मामूली र आधारहीन भ्रमले पनि नेपाली जनतालाई उत्तेजित गर्नको लागि काफी मद्दत गरेको छ । यो एउटा चिन्तनीय कुरा हो । सायद यति ठूलो बिस्फोट होला भनेर नेपाल र भारत दुवै देशका सत्ताधारीहरूले राजनैतिक खेलको आसन पहिले कहिल्यै सोचेका थिएनन् होला । भारतको शासकवर्गले कहिल्यै पनि नेपाललाई एउटा संप्रभु राष्ट्रको रूपमा सम्मान दिएको छैन । यहाँका संचार माध्यम तथा यसको प्रभावमा रहेका आम-जनसमूदायले पनि नेपाललाई कान्छा, बहादुर, चौकिदारको देशबाहेक बढी महत्व दिएको छैन । त्यहाँको वामपन्थी राजनीतिले आफ्ना नागरिकहरूमा आत्मसम्मानको भावना पैदा गराएको छ । तर तिनीहरूमा राष्ट्रवाद भनेको भारतको विरोध गर्नु हो भन्ने धारणालाई भने त्यसले रोक्न सकेन ।

भारतको पटक पटकको हेपाहा नीतिले नेपालको अस्मितालाई आहत पार्ने काम गरेको छ । भारतको कुनै पत्रिकाले नेपालको स्कूलमा पढ्ने विद्यार्थीहरूको फोटो छापेर 'नेपाली युवतीहरू कलगर्ल बन्न मजवुर छन्' भन्ने शीर्षकमा कथा प्रकाशित गर्छ र भारतीय प्रेस परिषद् तथा भारतका बौद्धिकहरू यसको विरूद्धमा केही कदम उठाउँदैनन् भने यसमा तपाईं के भन्नुहुन्छ ? मे १९९२ मा एउटा भारतीय पत्रिकामा यो फोटो छापियो र यो पत्रिका काठमाण्डौमा जलाइयो । सन् १९९४ मा भारतको एउटा प्रमुख अंग्रेजी दैनिकले प्रथम पृष्ठमा नै नेकपा (एमाले) सँग सम्बन्धित समाचार छाप्यो । त्यसमा नेकपापछि कोष्ठमा 'युनिफाइड मार्क्सवादी लेनिनवादी' लेख्नुपर्नेमा 'अनजस्टीफाइड मार्क्सवादी लेनिनवादी' लेख्यो । यसलाई कुनै पनि हालतमा प्रुफ गल्ती मान्न सकिँदैन । त्यस्तै, मार्च १९९४ मा नेपाल सरकारको अनुमति नलिइकन नै एक भारतीय पुलिस अधिकारीले दलबलसहित नेपालमा गएर काठमाण्डौको एउटा घरमा खानतलासी लियो । त्यसलाई त्यहाँका सांसदहरूले पनि नेपालको सार्वभौम सत्ताको उल्लंघन गरेको माने र त्यहाँ ठूलो हलचल मचियो । र, दिल्ली पुलिस आयुक्तले ती आठजना पुलिसहरूलाई निलम्बित गऱ्यो । तर एउटा पत्रिकाले बाहेक यहाँको कुनै पनि पत्रिकाले यो कुरा आफ्नो पत्रिकामा छापेनन् । एउटा राष्ट्रिय दैनिकले 'सरी नेपाल' शीर्षक दिएर सम्पादकीय लेख्यो ।

यसभन्दा पहिले नेपालले आफ्नो ७५ जिल्लामध्ये मात्र ३ जिल्लामा विदेशीहरूको लागि 'वर्क परमिट प्रणाली' लागू गरेको घोषणा गऱ्यो । यसबाट चिढिएर राजिव गान्धीको सरकारले नेपालमाथि नाकाबन्दी गरिदियो । नेपाललाई चाहिने नुन, चिनी, मट्टितेलजस्ता अति आवश्यक बस्तुहरू नपाएर नेपालीहरूले कष्ट भोग्नुपऱ्यो । यो स्थिति डिसेम्बर १९८९ सम्म रह्यो । विश्वनाथ प्रताप सिंहको नेतृत्वमा सरकार गठन भएपछि मात्र यो समस्या समाधान भयो । नेपाल, भारत, चीनको सिमानामा 'कालापानी' नामक एउटा स्थान छ । त्यसलाई १९६२ देखि भारतले कब्जा गरिराखेको भन्ने नेपालको भनाइ छ । त्यस क्षेत्रलाई 'भारतको कब्जा'बाट मुक्त गर्नको लागि दुई वर्षदेखि नेपालमा ठूलो आन्दोलन भइरहेको छ । त्यस आन्दोलनमा शीर्षस्थ कम्युनिष्ट नेताहरूले पनि भाग लिएका छन् । यसको बारेमा न भारतीय संचार माध्यमले केही जनकारी दियो न भारत सरकारले नै आम नेपाली जनतालाई मान्य हुने खालको सहमति कायम गर्न खोज्यो । यो कालापानी समस्याले कुनै पनि बेला नेपाली जनतालाई भारतविरोधी आन्दोलनमा उतार्न सक्छ । तर हाम्रो सरकार यसबाट बेखवर छ । गत सालमा भएको विमान अपहरणको घटनापछि यहाँ सरकारी र गैर-सरकारी स्तरमा नेपालको जुन तस्वीर प्रस्तुत गरियो, त्यसबाट पनि नेपाली जनताहरू खुशी छैनन् ।

यस्तो स्थितिमा मामुली भ्रमले पनि जंगलमा फैलिएको भीषण आगलागीको रूप लियो भने त्यो आश्चर्यको कुरा हुने छैन ।"...❑

*('ऋतिक के बहाने उठे दावानलसे चामक रहे हैं कहीं भारत विरोधी चहरे' शीर्षक समाचार-विश्लेषणबाट)*



आनन्दस्वरूप वर्मा

# माओवादीद्वारा रूकुममा जिल्ला जन-सरकार घोषणा

माओवादी जनयुद्ध शुरू भएको पौने ५ वर्षपछि, यही पुस ५ गते ने.क.पा. (माओवादी) ले नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा पहिलो पटक रूकुममा जिल्ला जन-सरकार गठन भएको घोषणा गरेको छ ।

रूकुम जिल्लाको बाफिकोट गा.वि.स.को वीरेन्द्र मा.वि.को प्रांगणमा बीसौं हजार जन-समुदायको उपस्थितिमा जिल्ला संयुक्त जन-समिति, रूकुमद्वारा १५ सदस्यीय जिल्ला जन-सरकारको घोषणा गरिएको छ । जिल्ला जन-सरकारको प्रमुखमा पूर्णबहादुर घर्ती र उप-प्रमुखमा महेश्वर गहतराज चुनिएको घोषणा गरिएको छ । उहाँहरू दुवै माओवादी कार्यकर्ता भएको बताइन्छ ।

जन-सरकारका अन्य सदस्यहरूमा मगरात राष्ट्रिय मुक्ति मोर्चाको तर्फबाट तेजेन्द्र खाममगर, नरेन्द्र बूढामगर, ओमप्रकाश घर्ती, कुमार घर्तीमगर, महिला प्रतिनिधिका रूपमा कमला रोका, नेवार समुदायका प्रतिनिधिका रूपमा मनप्रसाद श्रेष्ठ, उत्पीडित जातको प्रतिनिधिका रूपमा चन्द्रबहादुर विश्वकर्मा, सेनाको प्रतिनिधिको रूपमा कमलबहादुर नाच, किसान प्रतिनिधिका रूपमा वुद्धिप्रसाद गौतम र अन्य समुदायबाट हरुवा बाठा मगर, टेकबहादुर पुन र सूर्यप्रकाश पुन रहेको घोषणा गरिएको छ ।

मूल्यांकनलाई प्राप्त विश्वस्त सूचनाअनुसार, यो सरकारको निर्वाचन मंसिर १६ गते नै भइसकेको थियो । खाली घोषणा मात्र पुस ५ गते गरिएको हो । 'जिल्ला संयुक्त जन-समिति, रूकुम'का नाममा त्यो मितिमा निर्वाचित समिति नै वास्तवमा अहिले घोषित गरिएको रूकुमको जिल्ला जन-सरकार हो ।

जिल्ला संयुक्त जन-समिति, रूकुमको आयोजनामा वुद्धिप्रसाद शर्माको सभापतित्वमा भएको उपरोक्त घोषणा जन-सभामा रूकुमका माओवादीद्वारा निर्वाचित ४३ वटा गाउँ जन-समितिबाट जन-प्रतिनिधिहरू, जन-समुदाय, जनसेना र

# सत्ता त स्थापना भयो, त्यो टिकाउन सकिन्छ कि सकिँदैन ?

जन-मिलिशिया उपस्थित रहेको दावी माओवादी सूत्रले गरेको छ । सभास्थलमा पूर्वमा डोल्पा, म्याग्दी, बाग्लुङ्को सीमाना मैकोट, पेल्माबाट समेत ५ दिनको बाटो हिँडेर मानिसहरू आएका थिए । कार्यक्रममा स्थानीय एमाले र रा.प्र.पा.का प्रतिनिधिहरू र स्थानीय सरकारी कार्यालयका कर्मचारीहरूसमेत भएको माओवादी सूत्रको दावी छ ।

अहिले घोषित माओवादीको जिल्ला जन-सरकारमा सामेल व्यक्तिहरूको प्रकृति नियाल्दा यो केवल माओवादीहरू मात्र सहभागी भएको एकमत सरकार देखिँदैन । यो सरकार विभिन्न वर्ग, जन-समुदाय, जनसेना, जनजाति, जात र लिंगको सामेली भएको संयुक्त मोर्चा सरकारको रूपमा देखिएको छ । संभवतः सबै जिल्लामा अब बन्ने सबै जिल्ला सरकारहरू यही प्रकृतिका हुनेछन् ।

भदौ, २०५५ मा सपन्न ने.क.पा. (माओवादी) को केन्द्रीय समितिको चौथो बिस्तारित बैठकले महासन्त्री क. प्रचण्डद्वारा प्रस्तुत 'जनयुद्धको विकास र नयाँ चरणका नयाँ कार्यभारहरू' नामको माओवादीको आगामी समयको नीति, कार्यक्रम र योजनासम्बन्धी महत्वपूर्ण दस्तावेज पारित गरेको थियो । त्यो दस्तावेजले 'नयाँ चरणको नयाँ योजना'को रूपमा अब मुख्यतः माओवादीले 'आधारइलाका निर्माण'को दिशामा अघि बढ्ने सोच र योजना अघि सारेको थियो । त्यस बैठकद्वारा पारित क. प्रचण्डको दस्तावेजअनुसार, आधारइलाकाको एउटा मुख्य विशेषता के हो भने, 'छापामार इलाकाको अवस्थामा बस्तुतः जनवादी सत्ता कायम हुनसक्दैन । त्यहाँ छापामारहरूले नयाँ सत्ताका लागि छिना-झपटी गरिरहेका हुन्छन् । यसको विपरीत आधार इलाकाहरूमा जनवादी सत्ता कायम भएको हुन्छ.....' ।

क. प्रचण्डको भनाइ छ - "छापामार इलाका र आधारइलाकाको भेद गर्ने एउटा महत्वपूर्ण प्रश्न जनवादी सत्ताको अभ्यासको प्रश्न हो ।" यही अवधारणाअनुसार, बैकल्पिक जनवादी सत्ताका भ्रूणहरू देखा परेका क्षेत्रहरूमध्ये 'पश्चिमाञ्चलका मुख्य इलाकाहरूमा' आधारइलाका स्थापित गर्ने घोषणा गरियो । खासगरी, रोल्पा, रूकुम, सल्यान र जाजरकोटमा विकसित गरिएका 'मुख्य इलाकाहरूमा' आधारइलाका कायम गरियो । दस्तावेजले ती आधारइलाकाहरूमा 'गाउँ स्तरमा, इलाका स्तरमा र पूरै आधारइलाका स्तरसम्म' 'स्थानीय जनवादी सत्ताको संरचनालाई विकास गर्ने' योजना राखेबमोजिम रूकुमका ४३ वटै गाउँमा गत वर्ष र यस वर्ष 'गाउँ जन-समितिहरू' र ११ वटा एरियामा 'इलाका जन-समिति' निर्वाचित गरिए । अहिले त्यही योजनाको निरन्तरतामा पूरै आधारइलाका स्तरमा 'जिल्ला संयुक्त जन-समिति' को नाममा 'स्थानीय जनवादी सत्ता' कामय गरिएको हो ।

माओवादीको घोषित सोचअनुसार, आधारइलाकाहरूमा प्रतिक्रियावादी दुश्मनको सत्ता रिक्त गराइन्छ, र रिक्त भएको सत्ताको खालि स्थानमा नयाँ जनवादी सत्ता स्थापित गरिन्छ । रूकुममा ४३ वटा गा.वि.स.हरू छन् । ४३ वटै गा.वि.स.लाई माओवादीहरूले निस्क्रिय पारेर 'सत्ता रिक्त' गरेको, त्यसको ठाउँमा 'गाउँ जन-समिति' निर्माण गरेको उनीहरूले दावी गरेका छन् । जिल्लामा पहिले २३ वटा चौकी वा प्रहरी कार्यालय रहेकोमा अहिले केवल ७ ठाउँमा मात्र प्रहरी चौकी बाँकी भएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद न्यौपानेको भनाइ छ । जिल्लाका सबैजसो गा.वि.स. पदाधिकारीहरू सदरमुकाममै भएको बताइन्छ ।

माओवादीको आन्तरिक योजनामुताविक अब जिल्ला जन-सरकार गठन गर्ने पालोमा रहेका जिल्लाहरू रोल्पा, जाजरकोट र सल्यान हुन्, किनकि यी तीनवटै जिल्लाका मुख्य इलाकाहरूमा आधारइलाका निर्माण गरिसकिएको बताइएको छ ।

क. प्रचण्डको दस्तावेजअनुसार, यस प्रकारको बैकल्पिक नयाँ जनवादी सत्ताले 'जनताका दैनिक आर्थिक, सामाजिक र सांस्कृतिक जीवनका आवश्यकताहरू पूरा गर्न तथा त्यसमा निरन्तर सुधार गर्न जोड लगाउनुपर्दछ ।' नयाँ सत्ताले यस्तो कत्तिको गर्नसक्छ, त्यो हेर्न बाँकी छ ।

परन्तु रूकुमको नयाँ जिल्ला जन-सरकारका प्रमुख पूर्णबहादुर घर्ती मगरको घोषणा छ - "यो सरकारले आजैदेखि प्रतिक्रियावादी सरकारले जस्तो कामकाज त शुरू गर्दैन, परन्तु जन-सरकारले विशेष गरी जनयुद्धको महान प्रक्रियालाई संचालन गर्न सहयोग गर्नेछ ।"

जिल्ला जन-सरकारका उपप्रमुख महेश्वर गहतराजले ऐलान् गरेका छन् - "हिजोका शोषित पीडित रूकुमेली जनता आज शासक भएका छन् । आजदेखि रूकुम जिल्लामा प्रतिक्रियावादी सरकारले गर्ने काम सबै अवैध भएको छ ।"

"रूकुम जिल्लामा सदरमुकाम कब्जा भएमा अब त्यहाँ डोल्पामा जस्तो जनसत्ता रिक्त हुनेछैन । हामी गएर सदरमुकाममा बसेर सत्ता चलाउनेछौं" - गहतराजको घोषणा जनसभामा यस्तो रह्यो ।

नेपालको इतिहासमा पहिलो पटक रूकुमजस्तो विकट जिल्लामा त्यहाँका उत्पीडितवर्ग र जनताको हातमा स्थानीय सत्ता आउनु देशका सबै उत्पीडितवर्ग र जनताको लागि खुशीको खबर हो । परन्तु यतिखेर आधारभूत सवाल हो - सत्ता त स्थापना भयो, त्यो टिकाउन सकिन्छ कि सकिँदैन ? कुनै पनि क्रान्तिकारीको लागि शोषित उत्पीडित जनताको हातमा छिनभर सत्ता आउनु नै मुख्य कुरा हुँदैन, त्यो ज्यादाभन्दा ज्यादा दिगो रूपमा टिक्नु नै मुख्य कुरा हुन्छ ।

माओवादीले रूकुममा स्थापित गरेको जिल्ला जन-सरकार कति धेरै दिगो रहन्छ भन्ने कुरा मूलतः चारवटा कुरामा निर्भर गर्नेछ : एउटा, त्यो सत्तामा बहुसंख्यक गरी-खानेवर्ग र शोषित उत्पीडित जनता कत्तिको अधिकारसंपन्न र नीति निर्णयमा सक्रिय र आलोचनात्मक सहभागी हुन पाउँछन् ? दोस्रो, त्यहाँ बहुसंख्यक जनताको जीवनस्तर र संस्कृतिमा आमूल परिवर्तन ल्याउने क्रान्तिकारी सुधारहरू कत्ति ब्यापकतामा संपन्न गरिन्छन्, तेस्रो, देशभरि देशभक्त, जनवादी र क्रान्तिकारीहरूको संयुक्त मोर्चा कत्तिको राम्ररी बन्दछ र चौथो, गाउँले वर्ग संघर्ष सँगसँगै शहरिया जन-संघर्ष कति व्यापक र प्रभावकारी रूपमा विकसित गर्न सकिन्छ ?

माओवादी नेतृत्वले यी चारवटा मुख्य सवालमा गंभीरतापूर्वक ध्यान दिनु जरूरी छ । त्यसमाथि थप, भिन्न मत र आलोचना सुन्ने, ग्रहण गर्ने संस्कृति सत्तामा जति ज्यादा भयो, त्यो सत्ता ज्यादा लोकप्रिय र दिगो हुन्छ ।

नेपाल ज्यादै सानो देश हो । चीनमा जस्तो क्रान्तिकारीहरू चलखेल गर्नको लागि यहाँ विशाल भू-भाग उपलब्ध छैन । यहाँ त्यहाँजस्तो स्थानिय आत्मनिर्भर अर्थतन्त्र पनि छैन । यो बस्तुगत परिस्थितिमा आधारइलाका बनाउन त सकिन्छ, तर टिकाउनु ज्यादै मुश्किलको कुरा हुन्छ । पहिलो ग्रामीण जनसत्ता पेरीस कम्युनझैं अल्पायुको नहोस् भन्ने कुरामा नेतृत्वले ज्यादै होश पुर्‍याउनु जरूरी छ । यसका निम्ति आफ्नो यथार्थ र औकातभन्दा ज्यादा हो-हल्ला गर्ने र प्रचारमुखी ज्यादा हुने प्रबृत्ति आत्मघाती हुन्छ । माओवादी नेतृत्वले आफ्नो त्यस्तो प्रवृत्ति छ भने त्यसमा सुधार र पुनर्विचार गर्नु जरूरी देखिन्छ । ❑

*पहिलो ग्रामीण जनसत्ता पेरीस कम्युनझैं अल्पायुको नहोस् भन्ने कुरामा नेतृत्वले ज्यादै होश पुर्‍याउनु जरूरी छ ।*



*वाफीकोटमा जनसरकारको घोषणा हुँदाको क्षणमा आयोजित खुला जनसभा*
*फोटो साभार: Nepali Times*

## घटना र प्रवृत्ति

# मसाल र एकताकेंन्द्रको 'एकता' प्रकृयामा उर्जा थपियो

एकताको सिलसिला : संजमो र राजमो मिलेर 'राष्ट्रिय जनतान्त्रिक मोर्चा नेपाल'को नाममा  विगतमा भएको एकताबद्ध अग्रसरता




ने.क.पा. (मसाल) र ने.क.पा. एकताकेन्द्रले आफूहरूबीच प्रस्तावित पार्टी-एकता प्रकृयालाई राष्ट्रिय सम्मेलनद्वारा नै अनुमोदन गरेर र एकताका निम्ति ठोस रूपमा बाटो खुलाएर नेपाली कम्युनिष्ट आन्दोलनमा छिट्टै एउटा सुखद् समाचार जनतासामु ल्याउने भएका छन् । गत मंसिर तेस्रो हप्तामा सम्पन्न ने.क.पा. मसालको आठौं राष्ट्रिय सम्मेलनले र गत पुसको पहिलो हप्तामा संपन्न ने.क.पा. एकताकेन्द्रको दोस्रो राष्ट्रिय सम्मेलनले विशेष महत्वका साथ यो एकताको पहललाई अघि बढाउने निर्णय गरेका छन् । एकताकेन्द्रले एकता प्रकृयालाई सांगठनिक एकीकरणको सकारात्मक टुंगोमा पुऱ्याउने निर्णय गरेको छ भने, ने.क.पा मसालले त पार्टी एकताको लागि आधार प्रदान गर्न पार्टी एकता संयोजन समिति नै बनाउने निर्णय समेत गरेको छ । एकताकेन्द्रले एमाले र माओवादी जनयुद्धबारेका धारणाका सम्बन्धमा र केही सांगठनिक पद्धतिहरूबारे दुई पक्षबीच एकताभन्दा अगाडि नै सहमति हुनुपर्ने शर्त राखेको छ भने बाँकी मतभेदहरू सँगै रहेर हल गर्दै जाने समझदारी बनाएको छ । अब बाँकी भएका प्रधान अन्तरविरोध, पुष्पलालको मूल्यांकन, २००७ र २०४६ को संझौतालाई हेर्ने दृष्टिकोण, २०३९ को फूटका कारणहरू आदिबारेका यी दुई पार्टीहरूबीच रहेका मतभेदहरूमध्ये ने.क.पा. मसालले यो आठौं सम्मेलनबाट २००७ को घटनालाई 'राजनीतिक परिवर्तन' भनी स्वीकारेकोले पनि मतभेद अझै कम हुन पुगेको देखिन्छ । ने.क.पा. मसालले यो सम्मेलनबाट क. पुष्पलालबारे पनि आफ्नो पूर्व मान्यतालाई परिवर्तन गरेको छ । क. पुष्पलाललाई 'गद्दार' मान्ने गरेको यस पार्टीले उक्त मान्यतालाई 'गल्ती' स्वीकार्दै अबदेखि उहाँलाई देशभक्त र जनतान्त्रिक व्यक्तिको रूपमा लिने टुंगो गरेको छ । ने.क.पा. मसालको यो टुंगोले नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक महासचिव क. पुष्पलालप्रति मसालले लगाउंदै आएको अप्रिय र कर्णकटु 'गद्दार' आरोप पखालिएको छ र यसले नेपाली वाम आन्दोलनमा व्यक्ति र घटनालाई हेर्ने ऐतिहासिक भौतिकवादी मान्यताको पक्षमा थप बल पुग्न गएको छ । यसले संभवतः वर्तमानमा एकताकेन्द्रसँगको यस पार्टीको प्रस्तावित एकतालाई पनि थप सजिलो पारेको छ ।

### ने.क.पा. मसालले क. पुष्पलालबारे आफ्नो पूर्व मान्यतामा परिवर्तन गऱ्यो

ने.क.पा. मसालको आठौं राष्ट्रिय सम्मेलनले क. मोहनविक्रम र क. दुर्गा पौडेलबीच सम्पन्न विवाहलाई 'सिद्धान्ततः सही भए पनि अहिलेको सन्दर्भमा उचित छैन' भन्दै 'पार्टी के. स. र क. मोहनविक्रमको सार्वजनिक आलोचना गर्नुपर्छ' भन्ने टुंगो गरेपछि क. मोहनविक्रमले महामन्त्री पद र पोलिटब्यूरोबाट नैतिकताका आधारमा राजिनामा दिनुभयो । सम्मेलनले क. रामसिंह श्रीसलाई ने.क.पा. मसालका नयाँ महामन्त्रीको रूपमा छनौट गरेको छ ।

क. रामसिंह श्रीस करीव अढाई दशकभन्दा बढी समयदेखि नै पार्टीका महत्वपूर्ण जिम्मेवारीमा रहंदै आउनुभएका व्यक्ति हुनुहुन्छ ।

ने.क.पा. मसालले पार्टी एकताको सन्दर्भबाहेक पार्टी स्कूल र प्रशिक्षणमा जोड दिने, सैद्धान्तिक पत्रिका 'रातो तरबार' निकाल्ने, पार्टी इतिहास लेखन समितिलाई सक्रिय बनाउने र पार्टीको अन्तरराष्ट्रिय सम्पर्क विस्तार गर्ने लगायतका थप निर्णयहरू पनि गरेको छ । यसले संयुक्त संघर्षलाई विशेष जोड दिएको छ । तर संयुक्त संघर्षको क्रममा पार्टीको स्वतन्त्र पहलको पक्ष र वैचारिक संघर्षको पक्षलाई भने ओझेल पार्नु नहुने कुरामा पनि सम्मेलनले जोड दिएको छ ।

ने.क.पा. एकताकेन्द्रले दोस्रो राष्ट्रिय सम्मेलनमार्फत् पार्टी एकताको बाहेक तात्कालीक राजनीतिक प्रतिवेदन, महासचिवको सर्वहाराकरणबारेमा अभिनन्दन र अन्य समसामयिक महत्वका प्रस्तावहरू पनि पारित गरेको छ । यसले मुलुकमा विद्यमान राजनीतिक शक्तिहरूको विश्लेषण गर्दै वर्तमानमा नेपाली समाजमा बस्तुगत रूपले नै संकट गहिरिंदै गएको निस्कर्ष निकालेको छ । फासीवादी प्रतिगमनको बढ्दो खतरासँग जुध्न क्रान्तिकारी दिशाउन्मुख महत्वपूर्ण परिवर्तनका निम्ति तत्काल राष्ट्रव्यापी जन-आन्दोलनको विकास अनिवार्य आवश्यकता बनेको ठहर पनि यसले गरेको छ ।

महासचिव क. प्रकाशले मार्क्सवादी अवधारणा अनुरूप आफूलाई सर्वहाराकरण गर्ने दिशामा अग्रसर भई आफ्नो नीजि सम्पत्ति पार्टीलाई बुझाउनु भएको कदमलाई उच्च मूल्यांकन गर्दै एकताकेन्द्रको यो सम्मेलनले उहाँको सराहना गर्दै उहाँलाई हार्दिक अभिनन्दन गरेर बधाइ ज्ञापन पनि गऱ्यो । सर्वहाराकरणको यो प्रकृया पार्टीको सर्वोच्च निकायदेखि शुरू भएको भिनएको घटनालाई सम्मेलनले नेपाली कम्युनिष्ट आन्दोलनको आजको बिन्दूमा विशेष महत्व राख्ने घटनाका रूपमा लिएको छ ।

यसरी ने.क.पा. मसाल र ने.क.पा. एकताकेन्द्रले आ-आफना पार्टीका राष्ट्रिय सम्मेलनहरू गरी सांगठनिक रूपमा थप सक्रियता हासिल गरेका छन् । यी सम्मेलनहरूले पारित गरेअनुसार, अब यी दुई पार्टीहरूबीच एउटा 'एकलता संयन्त्र' निर्माण हुनेछ र यस संयन्त्रले एकताका निम्ति पूर्वाधारहरू खडा गर्नेछ । मतभेदहरूको निपटारा, पार्टीको नाम र सांगठनिक कार्यशैली एवं नेतृत्वको बनौटको बारेमा पनि यसले मूर्त प्रस्ताव तयार गर्नेछ । यस प्रस्तावमा दुवै पार्टीका विस्तारित भेलाहरूको अनुमोदनपछि 'पार्टी एकता' कार्यले औपचारिक रूप लिनेछ । ❑

– हरिगोविन्द लुईटेल

# माले : पुरानै नीति र समितिको भारी बोक्दै



ने.क.पा. मालेको राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहको एक दृष्य

गत मंसिर २३ गते काठमाण्डौंमा टुडिखेलभरिको जन-समूह जम्मा गरेर विशेष उद्घाटन समारोह गरी ने.क.पा. मालेले करीव ९०० जना पार्टी प्रतिनिधिहरू भेला भएको आफ्नो ४ दिनको बन्दसत्रपछि २८ गते बिहान राष्ट्रिय सम्मेलनको समापन गरेको छ । बन्दसत्रमा नेतृत्व चयनको सन्दर्भमा २७ गते राति ६ घण्टा बैठक अवरूद्ध हुनेगरी विवाद चर्के पनि अन्ततः पुरानै कार्यसमितिलाई कायम गर्ने प्रस्तावमा सम्मेलनका प्रतिनिधिहरूले 'साझा सहमति' बनाएर यो सम्मेलनलाई संभावित ठूलो दुर्घटना हुनबाट जोगाए । ४६ सदस्सीय सो केन्द्रिय कमिटीमा अध्यक्ष र महासचिव एवं पोलिटब्यूरो सदस्यहरूमा क्रमशः क. सहाना प्रधान, बामदेव गौतम, सि.पी. मैनाली, आर के. मैनाली, सिद्धिलाल सिंह, सीतानन्दन राय, अशोक राई, शम्भुराम श्रेष्ठ र त्रिलोचन ढकाल रहनुभएको छ । सम्मेलनले क. बलराम उपाध्यायको सभापतित्वमा १९ सदस्सीय सल्लाहकार समिति, क. भोजराज जोशीको सभापतित्वमा ७ सदस्सीय न्यायिक कमिटी र क. प्रेम भण्डारीको संयोजकत्वमा ६ सदस्सीय लेखा परीक्षण कमिटी पनि निर्माण गरेको छ ।

भिन्न मतहरूलाई चलखेल गर्ने समान अवसर र सुविधा नजुटाइएको भनी आरोपित रहेको मालेको यो चर्चित सम्मेलनमा महासचिव क. बामदेव गौतमले प्रस्तुत गर्नुभएको 'नेपाली क्रान्तिको कार्यक्रम बहुदलीय जनवाद, तत्कालीन कार्यनीति र सांगठनिक प्रस्ताव' नै बहुमतको दस्तावेजको रूपमा स्वीकृत भएको र यसका सन्दर्भमा सम्मेलनमा प्राप्त सुझावहरूलाई पार्टी स्थापनाको समयमा जारी घोषणा-पत्रको अनुकूल हुनेगरी समावेश गर्ने टुंगो भएको छ । 'नयाँ जनवादी' कार्यक्रमका रूपमा क. सि.पी. मैनाली, क. सिद्धिलाल सिंह, क. शम्भुराम श्रेष्ठ र क. हरि रोकाले प्रस्तुत गर्नुभएका फरक मतका अलग अलग दस्तावेजहरूमाथि पनि छलफल भएको र ती दस्तावेजहरू दुई वर्षपछि हुने सातौं पार्टी महाधिवेशनमा पुनः छलफलमा ल्याउने गरी 'पार्टीको महत्वपूर्ण संपत्ति'का रूपमा थान्को लागेका छन् ।

यसरी २०५४ फागुन २१ गते ने.क.पा. एमालेबाट विधिवत् बाहिरिएको तात्कालीन अल्पमत पक्षले करीव तीन वर्षपछि भएको राष्ट्रिय सम्मेलनमार्फत् सांगठनिक जीवनमा एउटा औपचारिक फड्को त पार गरेको छ, तर यसले यस सम्मेलनबाट अतिरिक्त उर्जा थप्न भने सकेन । क. वामदेव गौतमको दस्तावेजले तीन वर्षअघिको घोषणा-पत्रमा केही परिमार्जन गरेको चाहिँ देखिन्छ । तर पनि यसले एमालेबाट छुट्टिंदाताका गरिएको नैतिक-सांस्कृतिक बाचाहरूलाई बल पुऱ्याउने कुनै ठोस कार्यक्रमहरू अघिसार्न भने सकेको छैन । 'राजनीतिक सुधारका लागि व्यापक जन-संघर्ष संचालन गरौं, आमूल परिवर्तनका लागि क्रान्तिकारी शक्ति सुदृढ गरौं' भन्ने मूल नारा तय गरेको यो सम्मेलनले जन-आन्दोलनमा थप सक्रिय हुने र वामपन्थीहरूबीचको एकतामा विशेष जोड दिने जुन टुंगो गरेको छ, त्यो यसको सकारात्मक पक्ष रहेको छ ।

> कार्यदलले 'जनताको जनवादी' कार्यक्रमको नाममा पार्टीमा रहेका सबै भिन्न मतहरूको एक संयुक्त र साझा कार्यक्रम प्रस्ताव गरेको थियो

'ठूलो संगठन तर संसदमा शून्य सिट' हुनुको विडम्बनायुक्त स्थिति ब्यहोरिरहेका ने.क.पा. मालेले आफ्ना कार्यकर्ताहरू र समर्थकहरूमा उत्साह भर्ने हो भने यो सम्मेलनका सामु दुई महत्वपूर्ण पक्षहरूमा दृढताको खाँचो थियो ।

एक, क. मदन भण्डारीको नेतृत्वको ने.क.पा. एकालेको पाचौं महाधिवेशनताका दिइएको भन्दा पनि उन्नतखाले आन्तरिक जनवाद प्रदान गर्ने दृढता । यो जनवाद अन्तरगत सबैखाले भिन्न मतहरू स्वाभिमानपूर्वक पार्टीमा अट्न र अड्न सक्ने स्थिति सृजना हुनुपर्थ्यो । यसले पार्टीभित्रका सबैथरि मतवादलाई सुरक्षाबोध गराउँथ्यो र पार्टी-एकता मजबूत पार्थ्यो । यति मात्र हैन, आफ्नो मतको सुरक्षासहित पस्न र बस्न चाहने बाहिरका व्यक्तिहरूलाई पनि पार्टीले आकर्षण गर्ने संभावना रहन्थ्यो । यस दिशामा ने.क.पा. मालेको नेतृत्वले पर्याप्त महत्वसहितको चनाखोपना देखाउन सकेन । सबै भिन्न मतहरूलाई सम्मेलन थलोमा प्रस्तुत गर्न त दिइयो, तर सबै दस्तावेजहरू बेलैमा पार्टीका तलतलका तहसम्म पुऱ्याई अध्ययन गर्न दिने काम भएन । 'पर्याप्त समय नपुगेको' भन्ने अल्पमत पक्षका नेताहरूको माग बमोजिम सम्मेलन केही हप्ता पर सारेको नै भए पनि राम्रो नै हुन्थ्यो । कारण, मालेलाई यतिखेर आन्तरिक ऐक्यबद्धता र विश्वासको वातारवणको ठूलो अर्थ र महत्व रहेको थियो र छ ।

दुई, एमालेबाट छुट्टिंदाको बेलामा गरिएका बैचारिक, नैतिक-सांस्कृतिक बाचा पूरा गर्न मूर्त र ठोस पहल गरेर सम्मेलनको चुस्तखाले नेतृत्व निर्माण पनि गर्न सक्नुपर्थ्यो । संक्रमण समयमा बनेको केन्द्रिय संगठनमा परिमार्जनसमेत नगरी विगत चुनावमा एक सिटसमेत जित्ने रणनीति अख्तियार गर्न नसक्ने उही कमजोर केन्द्रिय समितिलाई नै निरन्तरता दिनुपर्ने 'बाध्यता'मा यो सम्मेलन फस्न पुग्नुलाई विडम्बनाकै स्थिति मान्नुपर्छ ।

सम्मेलनको ३-४ दिनअघि मात्रै ने.क.पा. मालेभित्रको वैचारिक मतभेदको स्थिति अन्त्य गर्न 'एकीकृत दस्तावेजको गृहकार्य गर्न' भनी क. आर के. मैनाली, अशोक राई र सहना प्रधानसमेत रहेको एक कार्यदलले 'जनताको जनवादी' कार्यक्रमको नाममा पार्टीमा रहेका सबै भिन्न मतहरूको एक संयुक्त र साझा कार्यक्रम प्रस्ताव गरेको थियो । यसलाई बहुमत पक्षले नस्वीकारेकोले सबै फरक मतहरू नै सम्मेलनमा प्रस्तुत भएका थिए । वास्तवमा 'साझा कार्यक्रम'का नाममा हतारोमा तयार गरिएको कुनै 'टालटुले' कार्यक्रममा रूमल्लिनुको साटो प्रष्ट भिन्नमतहरू नै पार्टीमा अस्तित्वमा रहनु राम्रो हो । यिनीहरूबीच काममा साझापनको खोज र निरन्तर अन्तर्क्रियाको स्थिति सृजना गर्न भने ने.क.पा. मालेले विशेष पहल नै गर्नुपर्ने देखिन्छ ।

यसो भएमा मात्र आगामी महाधिवेशन यसका निम्ति रचनात्मक र सार्थक ठहरिन सक्नेछ । ❑

**- हरिगोविन्द लुईंटेल**

# मालेको राष्ट्रिय सम्मेलन कस्तो भयो ?

क. वामदेव गौतम

*नेकपा (माले) को राष्ट्रिय सम्मेलन भर्खरै मात्र सम्पन्न भएको छ । निकै विवादास्पद र गरमागरम रहेको यस सम्मेलनमा आरोप-प्रत्यारोप, बहिष्कार, हुटिङ्ग सब भएको देखियो । तथापि सम्मेलनको अन्त्य भने पुरानै केन्द्रिय समिति कायम राख्ने निर्णय गरेर पार्टी फुट्न नदिने कोशिसमा भयो । यही सम्मेलन सम्बन्धमा पार्टीका महासचिव वामदेव गौतमसँग मूल्यांकन मासिकले कुराकानी गरेको थियो । प्रस्तुत छ, उहाँसँग गरिएको कुराकानीको सार संक्षेप* - **मुक्ता श्रेष्ठ**



❑ नेकपा (माले)को राष्ट्रिय सम्मेलन भरखरै मात्र सम्पन्न भयो । यो सम्मेलनबाट के कस्ता उपलब्धिहरू भयो भन्ने ठान्नुहुन्छ ?

- यो सम्मेलनबाट धेरै उपलब्धिहरु प्राप्त भएको हामीले महशुस गरेका छौं । ती उपलब्धिहरुमध्ये मुख्य दुईवटा उपलब्धि प्राप्त भएको हाम्रो ठम्याइ छ । पहिलो, नेकपा (माले) एउटा उदीयमान शक्ति हो, यो निरन्तर विकसित अवस्थामा छ, यसलाई नेपालका देशभक्त र क्रान्तिकारीहरुको समर्थन छ, यसको ठूलो जनआधार छ, जनताको व्यापक समर्थन लिएर नै यो पार्टी अगाडि बढ्न चाहिरहेको छ र जनताले पनि यसलाई साथ दिइरहेका छन् । यसको साथै नेपालका सर्वहारा श्रमजीवि जनताको अगाडि पनि यसले आफूलाई खडा गरेको छ भन्ने कुरा सिद्ध भएको छ ।

दोस्रो, नेकपा मालेलाई अस्थिर शक्तिका रुपमा प्रस्तुत गर्ने, यसको अस्तित्वलाई समाप्त गर्न चाहने, यसलाई नकारात्मक रुपमा प्रस्तुत गर्न चाहने नेपाली तथा विदेशी व्यक्ति वा राजनैतिक शक्तिहरुको हार भएको कुरा यो सम्मेलनले देखाएको छ । उनीहरुले नेकपा मालेमा विभाजन छ, यसको फुट अवश्यंभावी छ, सम्मेलनमा यो पार्टी निश्चित रुपमा टुक्रा टुक्रा हुन्छ भन्ने हल्ला फिँजाएका थिए । तर यो हल्ला भूठ साबित भयो । हाम्रो राष्ट्रिय सम्मेलनले 'हामी एकताबद्ध छौं, एकताबद्ध रुपमै हामी रहनुपर्छ र हामी एकताबद्ध भएरै जानेछौं' भन्ने सन्देश दिएको छ । यी भए हाम्रा अत्यन्त महत्वपूर्ण उपलब्धिहरु ।

यी बाहेक हामीले राष्ट्रिय सम्मेलनमा आन्दोलनलाई अगाडि बढाउने, राष्ट्रियता, जनवाद, जनताको जीविकासँग सम्बन्धित संघर्षका विषयहरु, आन्तरिक जीवनलाई व्यवस्थित र सुदृढ गर्ने कुराहरु, नेकपा मालेलाई सर्वहारा पार्टी बनाउने आदि जस्ता महत्वपूर्ण कुराहरुलाई अगाडि सारेका छौं । र, राष्ट्रिय सम्मेलनले त्यसलाई अनुमोदन गरेको छ ।

❑ नेकपा (माले) को क्रान्तिको सिद्धान्त हो- बहुदलीय जनवाद । यसको मूल सार हो- भिन्न मतको संगठित अस्तित्वलाई कदर गर्नु । तर पार्टीभित्र नै भिन्न मतलाई कदर गरिएन, दमन गरियो भन्ने आरोप छ नि । यसमा तपाई के भन्नु हुन्छ ?

- पहिलो कुरा नेकपा (माले) को सिद्धान्त हो- मार्क्सवाद लेनिनवाद । बहुदलीय जनवाद हाम्रो सिद्धान्त होइन । मार्क्सवाद, लेनिनवादको सिद्धान्तको मार्गदर्शनमा अगाडि बढ्दा, बहुदलीय जनवाद अगाडि आएको प्रक्रिया मात्र छ । अथवा त्यसलाई साधनको रुपमा लिन सकिन्छ । जहाँसम्म नेकपा मालेको सम्मेलनमा भिन्न विचारलाई चलखेल गर्न दिइएन भन्ने कुरा हो, त्यो शतप्रतिशत भूठो हो । सम्मेलनमा केन्द्रिय कमिटीको तर्फबाट महासचिवले प्रस्तुत गरेको राजनैतिक दस्तावेजको विरुद्धमा अरु चारवटा राजनैतिक दस्तावेजहरु प्रस्तुत भए । ती सबै दस्तावेजहरुको छलफलको लागि उति नै समय दिइएको र उतिकै समयमा सहभागीहरुले छलफलमा भाग लिएका थिए । अन्त्यमा राष्ट्रिय सम्मेलन पार्टीको सर्वोच्च संस्था होइन, त्योभन्दा ठूलो संस्था पार्टीको महाधिवेशन हो । त्यसैले यस पटक विघटित केन्द्रिय कमिटीका महासचिवले प्रस्तुत गरेको दस्तावेजलाई नै राष्ट्रिय सम्मेलनको दस्तावेजको रुपमा महाधिवेशनमा लैजाने, पार्टीको सातौं महाधिवेशन दुई वर्षभित्रमा गर्ने, र त्यही महाधिवेशनमा फरक मतका सबै दस्तावेजहरुलाई छलफलमा लैजाने, त्यतिवेलासम्म यो दस्तावेज पार्टीको सम्पत्तिको रुपमा सुरक्षित राख्ने भन्ने कुरा सम्मेलनले सर्वसम्मतिले निर्णय गऱ्यो । यस्तो स्थितिमा एउटा विचारलाई अर्को विचारले दवायो, एउटा दस्तावेजले अर्को दस्तावेजलाई प्रतिबन्ध लगायो भन्ने कुरा बिलकुल गलत र निराधार कुरा हो ।

❑ सम्मेलनमा प्रतिनिधि छान्नको लागि विभिन्न फ्याक्सनहरू बनाएर बहुमतले अल्पमतलाई पेल्न खोज्यो भन्ने आरोप पनि छ नि त ?

- प्रतिनिधित्व गराउनकै लागि हामीले नयाँ फ्याक्सन कहीं पनि बनाएका छैनौं । विभिन्न पेशागत जनवर्गीय संगठनहरुमा पार्टीको नीति र विचारहरु लैजानको लागि भने हामीले त्यसमा काम गर्ने पार्टी र कार्यकर्ताहरुको फ्याक्सन पहिले नै बनाएका थियौं । त्यस्ता फ्याक्सनहरुबाट मात्रै हामीले प्रतिनिधि लिएका थियौं । राष्ट्रिय सम्मेलनमा हाम्रो पार्टीका राष्ट्रिय परिषद्का सबै सदस्यहरु, जिल्ला कमिटीका सबै सचिवहरु राष्ट्रिय सम्मेलनको प्रतिनिधि हुनेछन् भन्ने कुरा हामीले पहिले नै निर्णय गरिसकेका थियौं । त्यस्तै गरेर केन्द्रिय विभाग, केन्द्रिय संगठन कमिटी, न्यायिक कमिटी, सल्लाहकार कमिटीका सबै सदस्यहरु पनि सम्मेलनमा प्रतिनिधि र पदेन आयोजक भएर सम्मेलनमा भाग लिने कुरा पनि पहिले नै निर्णय भइसकेको थियो । त्यस्तै गरेर अधिवेशन भएका जिल्लाहरुलाई एक किसिमको र अधिवेशन नभएका जिल्लाहरुलाई अर्को किसिमको प्रतिनिधि पठाउने अधिकार दिएका थियौं । त्यस्तै हाम्रा आधारभूत सातवटा जनवर्गीय संगठनबाट ५/५ जना र देशभरि पार्टीका जिल्ला कमिटीमा संगठित भएका सम्पूर्ण महिलाहरुलाई न्यूनतम एकजना महिला प्रतिनिधित्व गराएका थियौं । यस्तो अवस्थामा नक्कली फ्याक्सन खडा गरेर प्रतिनिधि छानिएको आरोप लगाउनु बिल्कुल निराधार कुरा हो ।

❑ हरि रोका, महेश्वर पाठक, टंक राई, गोपाल शाक्य जस्ता सक्रिय युवा नेताहरू पार्टी नेतृत्वबाट चिढिएका छन् भन्ने कुरा आइरहेको छ । के यो कुरा सत्य होइन ? उहाँहरूलाई चिढाउने काम पार्टी नेतृत्वबाट किन हुन गयो ?

- पार्टीमा काम गर्दा कोही चिढिन्छन्, कोही सन्तुष्ट हुन्छन्, कोही असन्तुष्ट हुन्छन्, कसैका गुनासाहरु हुन्छन् । त्यो स्वाभाविक कुरा हो । यसलाई हामी अन्त्य गर्न सक्दैनौं । तर हाम्रो बीचमा चिढिनु पर्ने, असन्तुष्टि व्यक्त गर्नुपर्ने, गुनासो गर्नुपर्ने अवस्था पनि होइन । हाम्रो पार्टीको केन्द्रिय संगठन कमिटीको बैठकमा नेपाली क्रान्तिको कार्यक्रम र कार्यनीतिको सम्बन्धमा भिन्न भिन्न विचारहरु आएका छन् । कसैले नयाँ जनवादी कार्यक्रमको रुपमा प्रस्तुत गर्नुभयो, कसैले जनताको जनवादको रुपमा प्रस्तुत गर्नुभयो । हामीले जनताको बहुदलीय जनवाद भनेर कार्यक्रम प्रस्तुत गऱ्यौं । यसमा कसैले कुनमा समर्थन गर्नुभयो, कसैले कुनमा समर्थन गर्नुभयो ।

जहाँसम्म तपाईंले नाम लिनुभएका कमरेडहरु हुनुहुन्छ, उहाँहरुमध्ये अधिकांश कमरेडहरु पार्टीको जिम्मेवारी लिएर, फेरि आफ्नो कार्य क्षेत्रमा गई पनि सक्नुभएको छ । केही कमरेडहरुले 'अफ्र पनि हाम्रो गुनासो छ' भन्नुभएको छ । त्यसमा पनि हामी बसेर समाधान गर्ने पक्षमा छौं र समाधान हुनसक्छ भन्ने विश्वास पनि हामीमा छ । र, सबै कामरेडहरु आ-आफ्नो जिम्मेवारी लिएर आफ्नो कार्य क्षेत्रमा खट्नु हुनेछ भन्ने हाम्रो विश्वास छ ।

❑ राष्ट्रिय सम्मेलनमा ५ वटा दस्तावेजहरू पेश भएका छन् । यी सबै दस्तावेजहरूलाई कसरी संयोजन गरेर लैजाने कुरा सोच्नुभएको छ ?

- एउटा दस्तावेज पार्टीको आधिकारीक दस्तावेज भएको छ । यो दस्तावेजको आधारमा सबैले काम गर्नुपर्दछ । आफ्नो आचरण निश्चित गर्नुपर्दछ । र, विचार पनि यही दस्तावेजको आधारमा व्यक्त गर्नु पर्दछ । अरु चारवटा फरक मतका दस्तावेजहरु पार्टीमा सुरक्षित रहेका छन् । ती दस्तावेजलाई सातौं महाधिवेशन शुरु हुनुभन्दा ३ महिना पहिले हामीले सबै पार्टी सदस्यहरुको बीचमा छलफल गर्न पठाउँने छौं । र, महाधिवेशनमा निर्णयार्थ पेश गर्नेछौं । जुन दस्तावेजले महाधिवेशनमा समर्थन प्राप्त गर्नेछ, बहुमत प्राप्त गर्नेछ या सर्वसम्मति प्राप्त गर्नेछ, त्यही दस्तावेज फेरि पार्टीको दस्तावेज बन्नेछ । ❑

> *नक्कली फ्याक्सन खडा गरेर प्रतिनिधि छानिएको आरोप लगाउनु बिल्कुल निराधार कुरा हो*



गिरिजाप्रसाद कोइराला
*अविश्वासको तारो*



कृष्णप्रसाद भट्टराई
*अविश्वास प्रस्तावका संरक्षक*

# नेपाली कांग्रेसमा देखिएको विवादको निकास के ?

◆ सुरेश आचार्य ◆

नेपाली कांग्रेसभित्रको राजनीतिक तरलता झनझन बढ्दै गएको छ । पार्टी सभापति गिरिजाप्रसाद कोइरालाको सरकारले नौ महीना टेकेको छ र कांग्रेस संसदीय दलका नेताबाट उहाँलाई हटाउन कांग्रेसकै कोइरालाविरोधी समूहले ५६ जना कांग्रेसी सांसदहरूको हस्ताक्षरसहित अविश्वासको प्रस्ताव दर्ता गराएका कारण सरकारको भविष्य संकटमा परेको छ । हाल तीव्रतामा पुगेको कोइरालाविरोधी यो अभियान सरकार नौ महीनामा लागेको कारण शुरू भएको होइन । पार्टीको जिल्ला तहसम्मको नेतृत्व र केन्द्रीय नेतृत्व चयन गर्ने महाधिवेशन प्रतिनिधिको छनौटका प्रक्रिया पूरा भएका छन् । यतिबेला कोइरालाविरोधी अभियान यसरी मुखरित हुनुको जरो कारण चाहिं कांग्रेसको आन्तरिक निर्वाचन नै हो ।

कांग्रेस आन्तरिक निर्वाचनमा गाउँ तहसम्म पुग्दा स्पष्ट दुई खेमामा विभाजित भएर पुग्यो । एउटा खेमा पार्टीको संस्थापन पक्ष अर्थात् पार्टी-सभापति गिरिजाप्रसाद कोइरालाको रह्यो भने कोइरालासँग असन्तुष्ट भनिएको पक्ष पार्टीका संस्थापक नेता कृष्णप्रसाद भट्टराईको संरक्षणमा र पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा सक्रिय रह्यो । संस्थापन पक्षले पार्टीको निर्वाचन सानातिना कमजोरी रहे पनि निष्पक्ष रूपमा सम्पन्न भएको दावी गरेको छ । पार्टीका प्रवक्त नरहरि आचार्यको यो दावीलाई असन्तुष्ट पक्ष भने स्वीकार्न तयार छैन ।



शेरबहादुर देउवा



खुमबहादुर खड्का



रामचन्द्र पौडेल



शैलजा आचार्य

असन्तुष्ट पक्षको दावी छ- क्रियाशील सदस्यता वितरणमा नै धाँधली भएको छ । आफूलाई अनुकूल पार्ने गरी सदस्यता स्थानान्तरण गरिएको छ । निर्वाचन समितिले एकपक्षीय ढंगमा निर्वाचन अधिकृत खटाएको छ । कतिपय बुथ समितिका निर्वाचन नै भएका छैनन् । पुराना कार्यकर्ताको तेजोबध गरिएको छ । चुनाव जित्नका लागि सत्ता र शक्तिको दुरूपयोग गरिएको छ ।

यी सम्पूर्ण आरोपका बाबजूद यो निश्चित छ- कांग्रेसको कुनै तहका निर्वाचन पनि दोहोरिनेवाला भने छैन । जस्तो निर्वाचन परिणाम आएको छ, त्यसलाई यथावत स्वीकार गर्नु संस्थापन पक्षको चाहना र असन्तुष्ट पक्षको बाध्यता भएको छ । अर्थात्, कांग्रेसभित्रै वर्तमान सरकारको नेतृत्व पक्षबाट गरिएको निर्वाचनप्रति अविश्वास पैदा भएको छ । यो अविश्वासले कांग्रेस संगठनलाई कति कमजोर वा बलियो बनाउला ? यो उनीहरूको आन्तरिक चासो हो । तर गंभीर चासोको विषय- यही ढंगमा मुलुकका विभिन्न निकायका निर्वाचन भए भने अरू राजनीतिक पार्टीहरूको हालत के होला ? भन्ने हो । यसरी निर्वाचन गराउँदा मुलुकको प्रधानमन्त्रीसमेत रहनु भएका गिरिजाप्रसाद कोइरालाले पार्टीमा बहुमत प्राप्त गर्नु भयो होला तर उहाँले आफ्नो विश्वसनीयता भने फेरि एकपटक गुमाउनु भएको छ ।

निर्वाचनको पूर्वसन्ध्यामा सक्रिय सदस्यता छानवीन समितिबाट हरिनाथ बाँस्तोला र निर्वाचन समितिबाट बिमलेन्द्र निधि र ज्ञानेन्द्रबहादुर कार्कीले राजीनामा दिंदा कोइराला पार्टीमा 'सवा शेर' बन्ने अनुमान गरिएको थियो । तर परिणाम, कोइरालका पक्षमा त्यसरी ओइरिएन । राजीनामा दिनेहरू सबै कोइरालाविरोधी थिए र उनीहरूको राजीनामा हतासाको परिणाम मानिएको थियो । यति हुँदा पनि कोइराला पक्षले आफ्नो पक्षमा ७० प्रतिशतभन्दा बढी मत आएको दावी गर्न सकेको छैन । तर यथार्थ कोइराला र देउवाका पक्षमा ६० र ४० हुने अनुमान गरिएको छ । यद्यपि दाङका सांसद कृष्णकिशोर घिमिरे यति ठूलो अन्तर (२० प्रतिशत) नपर्ने दावी गर्नुहुन्छ । ३० भन्दा बढी जिल्लाहरूमा देउवा पक्षको नेतृत्व रहनुलाई मतको हाराहारीको आधार मानिएको हुनसक्छ । तर पहाडी जिल्लामा कम मत रहनुले देउवालाई कोइरालाको धेरै निकट बन्नबाट रोकेको हुनसक्छ । कांग्रेसको महाधिवेशनमा एक संसदीय निर्वाचन क्षेत्रबाट ७ जनाले मत हाल्ने अधिकार पाउँछन् ।

मोरङ्ग, काठमाण्डौ र चितवनमा १८ निर्वाचन क्षेत्र छन्, जहाँ देउवा पक्षधरहरू कम निर्वाचित भए । ठीक त्यही स्थिति सुदुर पश्चिममा कोइराला पक्षको भयो । सुदूर पश्चिममा पनि ठीक १८ निर्वाचन क्षेत्र छन् । यसपटक निर्वाचनका बेला देउवा पुग्नुभएका जिल्ला धनुषा र महोत्तरी नै देउवाविरोधी अखडा बन्न पुग्यो । महोत्तरीमा देउवाका कमाण्डर शरतसिंह भण्डारी आफैं हारे भने धनुषाका कमाण्डर विमलेन्द्र निधिले आफ्नो निर्वाचन क्षेत्र (४ नं) मा मात्रै वर्चश्व राख्न सके । कोइरालासँग प्रतिस्पर्धामा अरू निर्वाचन क्षेत्रमा देउवा पक्ष त्यति धेरै कमजोर थिएन ।

केन्द्रीय समितमा रहेर चुनाव हार्नुपर्ने बिडम्बना कैलालीका चन्द्रसिंह भट्टराई र सुनील भण्डारीको मात्र रह्यो । यी दुईलाई कोइरालाले सुदूर पश्चिमका आफ्नो कमाण्डार बनाउनु भएको थियो ।

मन्त्री भएर चुनाव हार्नेचाहिँ पर्यटन मन्त्री तारिणीदत्त चटौत मात्र भए । उनी पनि सुदूर पश्चिमकै हुन् । चुनाव जितेर पनि अत्यन्त कमजोर स्थिति चाहिँ पार्टी महामन्त्री सुशील कोइरालाकै रह्यो । उहाँले जिल्लामा

> यसरी निर्वाचन गराउँदा मुलुकको प्रधानमन्त्रीसमेत रहनु भएका गिरिजाप्रसाद कोइरालाले पार्टीमा बहुमत प्राप्त गर्नु भयो होला तर उहाँले आफ्नो विश्वसनीयता भने फेरि एकपटक गुमाउनु भएको छ ।

कोइराला पक्षको बहुमत गराउन नसक्नु भएको मात्र होइन, महासमिति सदस्यमा सर्वसम्मत उम्मेदवार बन्न समेत सक्नु भएन । उहाँका समवयी सबै निर्विरोध निर्वाचित भएर आएका छन् ।

कांग्रेस राजनीतिको यो अंकगणितमा अब सिधा प्रतिस्पर्धा कोइराला र देउवाबीच हुने देखिएको छ । यसबीच, देउवाको पक्ष लिएर कृष्णप्रसाद भट्टराईले प्रधानमन्त्री एवं पार्टी सभापति कोइरालालाई दुईमध्ये एक पद छाड्न आफ्नो पुरानो आग्रह दोहोऱ्याउनु भएको छ । यसको अर्थ, कोइरालाले प्रधानमन्त्री छाडेमा देउवा सभापतिको उम्मेदवार नबन्ने भन्ने हुनसक्छ । यो स्थितिमा प्रधानमन्त्रीको स्वभाविक दावेदार देउवा नै हुनुहुन्छ । तर देउवा प्रधानमन्त्री बन्ने बित्तिकै पनि खेल खत्तम हुनेवाला छैन । कोइरालाबाट लात खाएका पछिल्ला खेलाडी खुमबहादुर खड्का

> **कांग्रेसमा चर्चित व्यक्तित्वहरू अहिले कोइरालाका पक्षमा छैनन्**

त्यसपछिको पार्टी सभापतिको दावेदार बन्न सक्ने उत्तिकै संभावना छ । अहिले कतिपय महाधिवेशन प्रतिनिधिहरू, जो कोइराला खेमाका छन्, सदस्यको उम्मेदवार हुँदा खुमबहादुर खड्कालाई भने मत नदिई नसक्ने अवस्थामा छन् । खड्काले सभापतिको दावा गर्दा ती मत कसरी बाँडिन्छन् ? यो अनुमान गर्नुचाहिँ त्यति सजिलो छैन ।

सम्भावनाकै कुरा गर्दा उपप्रधानमन्त्री रामचन्द्र पौडेल पनि चर्चाभन्दा बाहिर हुनुहुन्न । उहाँले सोचेजस्तो दुई पक्षको सेतु बनेर पौडेलले न प्रधानमन्त्री पद हात पार्नुहुन्छ, न त पार्टी सभापति । तर कोइरालालाई छाडेमा प्रधानमन्त्री बनाउने लोभ देखाउन खड्काले छाड्नु भएको छैन । खड्काको विश्लेषणमा कोइरालालाई प्रधानमन्त्रीबाट हटाउन सकियो भने महाधिवेशनमा देउवालाई पार्टी सभापति बनाउन सकिन्छ भन्ने छ । त्यसपछिको अवस्थामा खड्काले आफूलाई उपप्रधानमन्त्री र गृहमन्त्री बनेर तेस्रो वैकल्पिक नेता बनाउने सपना बुन्नु भएको छ । खड्काको यो महत्वाकांक्षालाई कोइराला पक्षले नबुझेको छैन । तर नोना कोइरालासँगको सम्बन्धले मात्र खड्कालाई फुस्ल्याउन सकेको छैन ।

कांग्रेसमा कोइराला परिवारको मुक्ति देउवाको अन्तिम लक्ष्य हो । यो लक्ष्य प्राप्ति गर्न देउवा पक्षले पहिला कोइरालालाई सरकारबाट बिदा गर्नुपर्छ । कांग्रेसमा बढ्दै गएको लोभी र पापी संस्कार बुझेर नै खुमबहादुर खड्काले देउवाको अभियानलाई साथ दिएको हुनुपर्छ । राज्यसत्ता हातमा आयो भने महाधिवेशनमा कोइरालाविरोधी पक्ष बलियो बन्ने संभावना छ । यसनिम्ति अहिले प्रस्तुत गरिएको अविश्वासको प्रस्तावलाई देउवाले पार लगाउन सक्नुपर्छ ।

कांग्रेसमा चर्चित व्यक्तित्वहरू अहिले कोइरालाका पक्षमा छैनन् । शेरबहादुर देउवा, चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का, बलबहादुर के.सी., विजय गच्छेदार र पूर्णबहादुर खड्का मात्र होइनन्, प्रदीप गिरी, चक्र बाँस्तोला, डा. रामशरण महत, विमलेन्द्र निधि, ज्ञानेन्द्रबहादुर कार्की, डा प्रकाशशरण महत, एनपी साउदसम्मका पछिल्लो पुस्ताका चर्चित व्यक्तित्वहरू पनि कोइरालाविरोधी क्याम्पमा छन् । तर यो समूहले पार्टीमा सांगठनिक पकड राख्न सकेन । एमाले विभाजित हुँदा पार्टीमा संघर्षशील व्यक्तित्वहरू मालेमा गए तर पार्टी संगठन एमालेकै पक्षमा रह्यो । कांग्रेसमा अहिले ठीक त्यही स्थिति छ ।

असन्तुष्ट पक्षले काइरालालाई कतै पनि रोक्न सकेन भने पार्टी झन् खतरनाक ढंगले परिवारवादको जालोमा जकडिने छ । शैलजा आचार्य र सुशील कोइरालाबीच जतिसुकै लडाइँ भए पनि भागबण्डामा उनीहरूको चित्त बुझ्नेछ । गिरिजाप्रसाद काइरालाले फेरि पार्टी सभापति बन्न पाउनुभयो भने शैलजा अचार्य उपसभापति र सुशील कोइराला महामन्त्री बन्नेछन्, यसमा कुनै शंका गर्नु पर्दैन । पार्टीभित्रको अल्पमतको कदर कोइरालाले गर्नुहुन्न भन्ने कुरा चुनावका लागि पार्टी केन्द्रीय समितिमा भएको सहमति कार्यान्वियन नगरेर पछिल्लो उदाहरण प्रस्तुत गर्नुभएको छ, थप इतिहास कोट्याउने आवश्यकता छैन ।

कांग्रेस धेरैपटक विवादको चरममा पुगेर थेत्तर बनेको पार्टी हो । त्यसैले यसभित्र चल्ने विवादहरू सधैं निरर्थक झैं देखिँदै आएका छन् । यसपटकको विवाद कति सार्थक हुने हो, त्यो हेर्न बाँकी नै छ । यो विवाद परिणाममुखी भएन भने पनि अन्यथा मान्नुपर्ने छैन । ❑

# विश्वमा तेलको मूल्य घट्यो नेपालमा किन घटाइन्न ?

तीन महीनाअघि विश्व तेल बजारमा प्रतिब्यारेल कच्चा तेलको मूल्य ३७ डलर पुगेकोमा पुषको दोस्रो सातामा त्यो घटेर २२ डलर हुनपुगेको छ । यसको मतलब तेलको मूल्य त्यतिबेर भन्दा अहिले ४० प्रतिशत सस्तो भएको छ ।

परन्तु विश्व बजारमा तेलको मूल्य थोरै बढ्नासाथ नेपालमा भाउ बढाइहाल्ने कांग्रेस सरकार र आयल निगमले विश्व बजारमा यति चर्को तेलको मोलमा गिरावट आउँदा पनि नेपालमा तेलको मूल्य अहिलेसम्म घटाएको छैन ।

नेपाल आयल निगमले त यो पटक तेलको मूल्य बढाउँदा विश्व बजारमा घट्नासाथ नेपालमा मूल्य घटाइनेछ भनेर सावजनिक रूपमा विज्ञप्तिमार्फत् वाचा गरेको थियो । तर खोई त त्यो वाचा पूरा गरिएको ?

अहिले सर्वत्र आम जनताहरू यही प्रश्न आयल निगमसमक्ष तेस्र्याइरहेछन् । हामीलाई लाग्छ, कांग्रेसमा, सरकारमा र आयल निगममा देशका बहुसंख्यक विपन्न

| अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य | | |
|---|---|---|
| ३ महिना अघिको मूल्य | पुष ९ गतेको मूल्य | मूल्य कति प्रतिशत घट्यो ? |
| ३७ डलर प्रति ब्यारेल | २२ डलर प्रति ब्यारेल | ४०.५ प्रतिशत |

जनताप्रति थोरै पनि दायित्वभाव छ भने - उनीहरू आफ्नो वाचाप्रति इमान्दार हुनैपर्छ । विश्वबजारमा जति प्रतिशतले तेलको भाउ घटेको छ, त्यति नै प्रतिशतले नेपालमा पेट्रोलियम पदार्थको मूल्य घट्नुपर्छ र त्यो तुरुन्तै हुनुपर्छ । ❑

# देशका दुई ठूला बैंकको व्यवस्थापन विदेशीलाई करारमा दिइने !

नेपालका दुईवटा सबभन्दा पुराना र ठूला वाणिज्य बैंकहरू नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन दुई वर्षका लागि विदेशी व्यवस्थापन विज्ञहरूलाई करारमा दिने निर्णय नेपाल राष्ट्र बैंकले गरेको छ ।

यी दुई बैंकको गरी ६ देखि १० अरब रूपैयाँ खराब ऋण भएको सरकारी स्रोतबाट थाहा भएको छ । कर्जा प्रवाह र ऋण असुलीमा सुधार नल्याए यही खराब ऋणका कारण दुवै बैंक डुब्ने स्थिति देखिएकाले र स-साना सुधारबाट बैंक उक्सिन नसक्ने कारण देखाएर यी दुई बैंकलाई विदेशी व्यवस्थापकहरूको हातमा सुम्पन लागेको सरकारको भनाइ छ ।

अहिले पाँच विदेशी बैंकविज्ञ र तीन स्वदेशी विशेषज्ञको टीमलाई बैंकको व्यवस्थापनको जिम्मेवारी दुई वर्षका लागि करारमा दिइन लागेको जानकारी नेपाल राष्ट्र बैंकका गभर्नर दीपेन्द्र पुरुष ढकालले प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिलाई दिएका छन् । उनका अनुसार, "अधोगतितिर लम्किएका दुवै बैंकको वित्तीय स्थिति सुधार गर्न" यो निर्णय लिइएको हो ।

समितिसमक्ष अर्थ सचिव विमलप्रसाद कोइरालाको भनाइ छ, "बैंकले हाल त्रुटिपूर्ण किसिमले ऋण प्रदान गरेका छन्, धेरैजसो ऋण खराब धितोमा प्रदान गरिएका छन् । यही अवस्थाबाट बैंकलाई अघि बढाउने हो भने निजी बैंकसित प्रतिस्पर्धा गर्न सक्दैनन्, अन्त्यमा डुब्ने स्थिति छ । "सुध्रनै नसक्ने गरी नाजुक भएका यी बैंकबारे बेलैमा नसोच्ने हो भने मुलुकको अर्थतन्त्र संकटमा पर्नेछ, बैंकप्रति मान्छेको विश्वास घट्नेछ," कोइरालाको भनाइ छ ।

निश्चय नै यी दुई ठूला बैंकहरू अहिले संकटग्रस्त अवस्थामा छन् । परन्तु यो संकटको मुख्य कारण सरकार आफैं हो । व्यवस्थापनमा योग्यता र अनुभवको आधारमा भन्दा नाता र निहित स्वार्थका आधारमा हजुरुवामा बैंकका निर्णायक व्यक्तिहरू सरकारले नियुक्त गर्ने, बैंकलाई नाफा नोक्सानको व्यवस्थापकीय स्वायत्तता नदिई बारम्बार नाजायज राजनीतिक हस्तक्षेप गर्ने, राष्ट्र बैंकले बेलैमा बैंकको व्यवस्थापन र ऋण प्रवाह प्रवृत्तिउपर निरीक्षण र नियन्त्रण नगर्ने जस्ता कारणहरूले नै यी दुई बैंकमा यो स्थिति पैदा भएको हो । त्यसैले यो गलत निर्णय हो । व्यवस्थापन बदल्नुपर्ने त मुख्यतया सरकारको हो, बैंकको होइन । आफैंले निहित्त स्वार्थवश समस्या र संकट सृजना गर्ने, अनि संकटको जरो कारण हल नगरेर विदेशीलाई करारमा संस्थाको व्यवस्थापन सुम्पँदै जाने निर्णय गर्ने हो भने - सर्वप्रथम सरकारकै व्यवस्थापन करारमा विदेशी विशेषज्ञलाई सुम्पने हो कि ? किनकिह्य सबभन्दा अव्यवस्था र भद्रगोल त अहिले सरकारमा देखिएको छ ।

यो निर्णयले के देखाएको छ भने - नेपालको वित्तीय क्षेत्रको मूल लगाम पनि अब विदेशी बैंकहरूले लिन खोज्दैछन् । राष्ट्र बैंक - विश्व बैंकको कठपुतली बन्दैछ ।

❑ *दीपक वैद्य*

# कम्युनिष्टहरूबीच एकता- आजको आवश्यकता

◆ शोभाकर पराजुली ◆

नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भएको हिसाबले हेर्दा यसको जन्म नेपाली कांग्रेसको सँगसँगै जस्तो भएको हो । राजदरबारको अनिच्छा हुँदाहुँदै पनि नेपाली कांग्रेसले २०१५ सालमै दुई तिहाई बहुमत ल्याएको हो । अर्कोतर्फ कम्युनिष्टहरुले २०१५ सालको आम चुनावमा संसदमा ४ सिट मात्र ल्याउन सकेका हुन् । नेपाली कांग्रेसको परम्परागत एवं धार्मिक अवस्था, सामन्ती संस्कारले गर्दा कम्युनिष्ट तथा नेपाली कांग्रेस दुवै विचारधाराको लागि सजिलो भएको अवस्था रहेन । २००७ सालको क्रान्तिलाई प्रष्ट समर्थन गर्न नसक्नु नेपाली कम्युनिष्टहरु कांग्रेसभन्दा पछाडि पर्नुमध्येको एक प्रमुख कारण हो । किनभने २००७ सालमा जनताले ठूलो राहत प्राप्त गरेका छन् । जनताहरु धेरै हदसम्म रैतीबाट नागरिक भएका हुन् । त्यस सफलतालाई र जनताको धारणालाई बुझ्न र सो अनुसार रणनीति बनाउन नसक्नु उनीहरुको ठूलो कमजोरी हो । हुन त रणनीतिको तहत कम्युनिष्टहरु अरुभन्दा चतुर मानिन्छन्, तर यस सन्दर्भमा उनीहरुको गलत मूल्यांकनले उनीहरुलाई धेरै पछाडि धकेल्यो ।

२०१७ सालमा प्रजातन्त्रको हत्या र विश्वमा भएका कम्युनिष्टहरुको मतमतान्तरको अवस्थामा नेपालमा कम्युनिष्टहरु क्रमशः बढ्दै गए । यति हुँदाहुँदै पनि विभिन्न गुट उपगुटमा विभाजित हुनपुगेको कारणले गर्दा उनीहरुको शक्ति एक भएको देखिने अवस्था नभएको मात्र होइन, कम्युनिष्टहरुनै कम्युनिष्टहरुका व्यवहारिक रुपमा वा अघोषित रुपमा मुख्य शत्रुजस्ता देखिन पुगे । उनीहरुले आफ्नो वर्गशत्रु वा मुलभूत रुपमा वैचारिक भिन्नता राख्नेहरुसँग लड्न पर्ने वैचारिक लडाई आफूहरुबीचमा नै खर्चनु पर्‍यो । यसले उनीहरुलाई दुईवटा मूलभूत घाटाहरु भएका देखिन्छन् । अर्थात् प्रथमतः उनीहरु आफ्नो मार्क्सवाद, लेनिनवाद समेतका विचारहरुसँग आबद्ध भनिएकाबीच नै वैचारिक संघर्ष गर्न थाले । माओको विचारभन्दा स्टालीनको विचार बढी व्यवहारिक हो कि ? माओको विचार कम्युनिज्ममा उल्लेख गरिरहन पर्ने विचार हैन कि ? ब्रेझनेभ, खुश्चेभ बेठीक कि वा उनीहरु नै ठीक आदि प्रश्नहरु कम्युनिष्टहरुबीच आए । सांस्कृतिक क्रान्ति ठीक वा बेठीक पनि आम प्रश्नको रुपमा आयो । यस्ता विविध विवादहरुले कम्युनिष्टहरु नै एक अर्काका दुश्मनको रुपमा स्थापित हुन पुगे । पूर्व सोभियत संघको राजनैतिक व्यवस्थालाई केहीले कम्युनिष्ट व्यवस्था माने भने केहीले संशोधनवादी र सामाजिक साम्राज्यवादीको रुपमा हेर्न थाले । यी हेराइहरु आमरुपमा नेपाली आँखाबाट हेरिएका हेराइहरु थिएनन् भनेर आरोप लगाउन सकिने आधारहरु पनि देखाउन सकिन्छ । ती मध्येको मूलभूत तर्क यो हुनसक्छ कि रुस र चीनको बीचमा विवाद शुरु भएर अलग बाटो बनाएपछि मात्र नेपाली कम्युनिष्ट नेताहरुले पनि नेपालमा विवाद र भिन्नता देखाए । यदि उचित समयमा उचित विश्लेषण गर्न सक्ने भए शुरुकै अवस्थामा अब चीन र रुसको कम्युनिष्ट पार्टीबीच यो कारणले भिन्नता आउन सक्छ, यो कारणको लागि भविष्यमा यो दोषी हुन सक्छ जस्तो विचारहरु दिन सक्नुपर्थ्यो । तर ती विचारहरु मूलरुपमा नआई उनीहरुबीचमा विवाद शुरु भएपछि मात्र नेपालमा विवाद शुरु भएको पाइन्छ । जे होस् यस विवादले गर्दा उनीहरु आफैले आफ्नो तेजोबध गर्न पुगे ।

दोस्रो महत्वपूर्ण प्रश्न हो, कम्युनिष्टहरुबीच यो कम्युनिष्ट पार्टी राम्रो हो त्यो होइन, त्यो कम्युनिष्ट पार्टी त नाम मात्रको हो, कम्युनिष्ट हुँदै हैन आदि एक आपसमा लगाइने आरोपले गर्दा जनतामा भ्रम सृजना हुन थाल्यो । वास्तवमा कुन प्रकारको कम्युनिष्ट पार्टी राम्रो हो भन्ने थाहा नहुने भ्रमको सृजना कम्युनिष्टहरुमा नै भयो । कम्युनिष्ट विचारप्रति नकारात्मक धारणा बनाउन उनीहरुबीच नै एकले अर्कोलाई लगाइएको आरोप नै पर्याप्य हुन पुग्यो । प्रजातन्त्र आउनुभन्दा पहिलादेखि नै चर्किएको यो धारणाले मानिसहरुलाई कम्युनिष्टहरुप्रति भ्रम मात्र भएन, एक कम्युनिष्ट पार्टीको अर्को कम्युनिष्ट पार्टीप्रति पूर्णरुपमा दुश्मनी शुरु भयो । कतिपय कम्युनिष्टहरुले त अनौपचारिक रुपमा नै भए पनि कांग्रेसभन्दा अर्को कम्युनिष्ट पार्टीलाई नराम्रो पार्टीको रुपमा हेर्न थाले र प्रचार गर्न थाले । जनतामा यावत कारणले भ्रम शुरु भयो ।

यी अवस्थाका बाबजुद जनतामा कम्युनिष्टहरुप्रति झुकाव कम भने छैन । देशमा कुनै पनि वैचारिक शक्तिसँगभन्दा कम्युनिष्ट शक्तिसँग नै धेरै जनता आबद्ध छन् । बुद्धिजीवीहरु समर्थनमा छन् । शायद माथिका २ कारणहरु नभएको भए नेपाली जनमानसमा कम्युनिष्टहरुको साख अझ राम्रो हुने थियो र उनीहरुबीच आपसी दुश्मनी हुँदैन थियो ।

यदि रुसमा भएको साम्यवादी दलको पतन र चीनको आन्तरिक संबृद्धिमा नै ध्यान दिने अवस्थाको शुरुवातभन्दा पहिला नै नेपाली कम्युनिष्टहरु एक आपसमा मिल्न सकेको भए आजभन्दा २०-२२ वर्षभन्दा पहिला नै नेपालमा कम्युनिष्ट राजनैतिक प्रणालीको स्थापना भएको हुने थियो । आज नेपालले नौलो जनवादबाट समाजवादतर्फ अभ्यास गर्दैगरेको हुनसक्थ्यो । यो कुनै काल्पनिक आधार हैन । २०३५ सालपछि भएका विश्वविद्यालय अन्तर्गतका चुनावमा कम्युनिष्ट समर्थक विद्यार्थीहरुले प्राप्त गर्न सकेको सफलताबाट उनीहरुको नेपालमा भएको प्रभाव प्रष्ट हुन्छ । कुनै वर्ष यस्तो पनि भयो, संवभवतः वाल्मिकी क्याम्पस, रा.रा.ब. क्याम्पस, जनकपुर बाहेक कुनै पनि क्याम्पसमा नेविसंघको पूर्ण प्यानल विजयी हुन सकेन भने अखिलको त एक छत्र विजय नै विजय देखिन्थ्यो । त्यो साख कम्युनिष्टहरुले क्याच गर्न सकेनन् । र, विश्वको परिस्थितिले पछि क्रमशः उनीहरुलाई शिथिल पनि बनाउँदै लग्यो ।

यसका बाबजुद विश्व परिस्थितिसँग तालमेल राख्दै कम्युनिष्टहरुले आफ्नो जनाधारलाई त्यति कम हुन दिएका छैनन् । उनीहरुले धेरै हदसम्म आफ्नो स्थिति यथावत राख्न सक्नुमा उनीहरु मात्रै कारक तत्व छन् भन्ने पनि होइन । नेपाली कांग्रेसको आपसी झगडा, खिचोलाको कारणले देशलाई उचित गति दिन नसकेको हुँदा समेत कम्युनिष्टहरुको साख नघटेको हो ।

अर्को कारण नेपाली कांग्रेसको विकल्पमा अर्को बलियो प्रजातान्त्रिक दल वा जन-आन्दोलनकारी प्रजातान्त्रिक शक्ति नभएको कारणले गर्दा कांग्रेससँग विभिन्न कारणले असन्तुष्ट हुनेहरु कम्युनिष्ट पार्टीमा आबद्ध हुनाले पनि नेपालमा कम्युनिष्टहरुको स्थिति नराम्रो हुन नपाएको हो । वैचारिक रुपमा परिपक्व नभएका व्यक्तिहरु कम्युनिष्ट पार्टीमा समेटिनाले हुने गुणात्मक ह्रास र दिर्घकालीन विकृति र घाटा आफ्नो ठाउँमा

सडकमा भएको यो एकतालाई पार्टी एकतामा बदल्ने प्रयास कहिले थालिएला ?



*काठमाण्डौ जाने बाटोको विवाद भएपछि बीरगञ्जबाट हेटौंडासम्म त मिलेर जान सकिन्छ । त्यसपछि झगडा गरे हुन्छ । बिरगञ्जमै बसेर झगडा गर्नु त बुद्धिविनोद, आत्मरति र अराजकतावादी सोच वा अति आत्मपरक विचारभन्दा अरू हुन सक्दैन ।*

होला तर संख्यात्मक रुपमा यसले कम्युनिष्ट जमातलाई फाइदा पुगेको छ । यी लगायत कतिपय बाह्य कारणसमेतले गर्दा नेपालमा कम्युनिष्ट पार्टीहरुबाट आमूल परिवर्तनको आशा राख्नु कतिसम्म सम्भव छ वा असम्भव छ, त्यो अलग कुरा हो तर कम्युनिष्टहरुले केही गर्नसक्ने अवस्थाको भने सृजना जरुर भएको छ ।

कम्युनिष्टहरुमा भएका मुल रुपमा ३ धारहरुमा आमूल परिवर्तनकारी धार, परिस्थितिको विश्लेषणका आधारमा रणनीति तय गर्दै अगाडि बढ्ने देखिएको धार र वर्तमान अवस्थाको उपयोग गर्दै देश र जनताको अवस्थालाई जतिसक्दो सुधार गर्दै जाने धार अहं रुपमा अगाडि देखिएका छन् । अधिनायकवादी चरित्र र त्रासको वातावरणले गर्दा आमूल परिवर्तनवादी धारमा तानाशाही व्यवस्थामा देखिने चरित्र देखिएका छन् । सुरक्षाको लागि अवसरवादीहरु त्यसमा प्रवेश गर्ने र गतल कार्यको पनि जनताले विरोध गर्न नसक्ने प्रवृत्ति देखिएको छ । अर्कोतर्फ यस धारमा आवश्यकताभन्दा बढी बलिदानको अभ्यास भएको र बलिदानविना नै गर्न ससिने सुधारलाई उनीहरुले ध्यान नदिएको देखिन्छ । यसले देशलाई फाईदा हुँदैन भन्ने पनि वर्तमान घटनाले सावित गरिरहेका छन् ।

दोश्रो धार नेपालमा अस्तित्वको लागि नै संघर्षरत छ । यसले कोरा कल्पनाको आधारमा आएर भावावेशमा पछि लाग्नेहरुलाई पनि समेट्न सक्दैन र सत्ताको लोभमा लाग्ने तथा सामान्य सुधारको माध्यमबाट अगाडि बढ्ने प्रवृत्तिमा पनि यो धार समाहित हुन सक्दैन । शक्ति र सत्ताको लागि दलमा लाग्ने समूह यसमा धेरै हदसम्म समेटिन सक्दैन । शायद यस्तो धार मध्यमवर्गीय शिक्षित जनसमुदाय बढी भएको ठाउँमा बढी उपयुक्त हुन्छ । यसै कारणले गर्दा यो धार मूलरुपमा सुधारवादी धारको निगाहमा बाँचेको जस्तो देखिन्छ । यसमा सुधारवादी धारको स्वार्थ पनि लुकेको हुन्छ । जानेर होस् वा नजानेर होस् यस धारमा समाहित हुनेहरुले वैध राजनीतिमा सुधारवादीलाई सहयोग गर्ने हुँदा एक प्रकारको मेल उनीहरुबीच हुन जान्छ । यसै धारले जनतालाई उग्र क्रान्तिकारी धारमा समाहित हुनबाट धेरै हदसमम रोक्ने कार्य पनि गर्छ ।

अर्को धार सुधारवादी र वैधानिक माध्यमबाट राजनीति गर्ने धार हो । यो धार मार्क्सवादको सृजनात्मक प्रयोगको नाउँमा देशमा तात्कालीन परिस्थितिको फाइदा लिई जनतालाई राहत दिने कार्यमा लाग्ने रुची लिन्छ । खुला राजनीतिका माध्यमद्वारा जनतालाई वैचारिक रुपमा संगठित गरी प्रजातान्त्रिक किसिमले नै अगाडि बढ्नुपर्ने कुरामा विश्वास गर्छ । तर यस धारले जनता र पूँजीपतिहरुसँग नजिक बन्न र मत प्राप्त गर्नको लागि सुधारवादी छापलाई तिलाञ्जली दिने सम्भावना पनि रहन्छ । उदाहरणको लागि नेकपा (एमाले)को बारेमा एक पूँजीपतिको विश्लेषण कुनै पत्रिकामा दिइएको थियो । उनी पहिला एमालेसँग डराउँथे, पछि एमालेका नेताले देखाएको सम्मानबाट उनी एमालेसँग नडराउने भए बरु एमालेले नै उनीहरुसँग सहयोग माग्न चाहेको बुझियो । यसरी देशको श्रमजिवी वर्ग बाहेक अरु वर्ग सुधारवादी शक्तिसँग सतर्क हुने वातावरण नआउनु राम्रो होइन । यसले श्रमिक वर्ग त्यस शक्तिबाट विमुख हुनसक्छ । दललाई पैसा प्राप्त हुन्छ, हुनसक्छ तर श्रमिक वर्गका आधार भने खस्कँदै जान सक्छ, त्यो राम्रो होइन । बेलायतमा लेवर पार्टीको श्रमिकहरुमा जति पकड कन्जरवेटिभ पार्टीको अनुपातमा बढी छ । त्यति पकड नेपालमा सुधारवादी कम्युनिष्टहरुको श्रमिक वर्गमा छैन । यसको प्रमुख कारण नेपाली कांग्रेसको सैद्धान्तिक अवधारणा समाजवादी भएकाले हो ।

> *विश्वमा पूँजीवाद अन्तर्गत रहेर कम्युनिष्टहरू सत्तामा पुगेका र आफ्ना धारणा राखेका उदाहरणहरू धेरै छन् । इटालीको उदाहरण मात्र होइन, भारतको पश्चिम बङ्गालको कम्युनिष्ट पार्टीको सरकारको उदाहरण दिन सकिन्छ ।*

नेपालमा सुधारवादी कम्युनिष्ट शक्ति संसदीय विकृतिबाट जोगिन सक्नुपर्छ, संसदीय वा अन्य पदलाई आफ्नो लक्ष्य नठान्ने सोचको हुनुपर्ने हो तर उनीहरु पदको लागि र पैसाको लागि नै उद्धीप्त भएको जनताले महसूस गर्नु भनेको संसदमा जानु संसदीय भासमा पर्नु जस्तै हुन पुग्छ, जुन धेरै हदसम्म देखिएको पनि छ । सुधावादी कम्युनिष्टहरुको ठूलो चुनौति भनेको खराब प्रवृत्तिको संगतबाट आफू पनि बिग्रनु हो र आवश्यकता भनेको आफ्नो संगतबाट खराबलाई पनि असल बनाउनु हो । तर नेपालको परिप्रेक्ष्यमा यो कार्य चुनौतीपूर्ण देखिएको छ । नेपाली कम्युनिष्टहरुले गर्नुपर्ने कार्य भनेको यही नै हो ।

आदरणी खगेन्द्र संग्रौलाले उल्लेख गरेजस्तै 'नेपाली मार्क्सवाद कागजदेखि कागजसम्म' र 'सडकदेखि सडकसम्म' कुदिरहेको मात्र छैन, संसदको माध्यमबाट सुविधाको लागि पनि कुदिरहेको छ । व्यवहारवादीहरु अस्वाभाविक व्यवहारवादी भएका छन् भने सिद्धान्तवादीहरु अस्वाभाविक कागजवादी भएका छन् । यसको बीचमा कुनै मिटिङ्ग प्वाइन्ट खोज्नु आजको कम्युनिष्टहरुको कर्तब्य हो, कमसेकम देशको लागि ।

आज वैध राजनीति गर्ने कम्युनिष्टहरुको संसदीय चुनावताका प्राप्त मतलाई हेर्ने हो भने पनि उनीहरुको मत एकै ठाउँमा राख्दा कुनै पनि अन्य राजनैतिक दलको भन्दा बढी हुन्छ । त्यसमा पनि मार्क्सवादीहरुको मतलाई पनि अनुमानित गर्ने हो भने पपुलर भोट नै आधाभन्दा बढी कम्युनिष्टहरुको हातमा आउन सक्छ । यसले संसदमा उनीहरुलाई कम्तिमा दुई तिहाई मत ल्याउन मार्ग प्रशस्त गर्छ । यस अवस्थमा उहाँ (कम्युनिष्ट)हरु आपसमा मिलेर राजनीति किन नगर्ने ? वर्तमान संसदीय प्रणालीबाट नै लिन सकिने सुधारका धेरै कार्यहरु छन् । जस्तै: क्रान्तिकारी भूमिसुधार, रोजगारीको व्यवस्था, दक्ष श्रमशक्तिको विकास, नेपालीहरुलाई नै श्रम बजारमा स्थापित गर्ने कार्यहरु गर्न सकिन्छ । अत्याधिक करको माध्यमद्वारा समानता र विकासका कार्य गर्न सकिन्छ । त्यसपछि जनतामा पर्ने सकारात्मक प्रभावबाट जनमत संग्रहकै माध्यमबाट नै पनि संविधान संशोधन गर्न समेत सकिन्छ । क्रमिक रुपमा समाज परिवर्तन हुन्छ भन्ने मान्यता सबै कम्युनिष्टहरुमा स्थापित हुनु जरुरी पनि छ । पूँज़ीवादबाट समाजवादमा जानलाई शसस्त्र आन्दोलन नै जरुरी पर्ने हो भने नौलो जनवादबाट समाजवादमा जानको लागि किन शसस्त्र क्रान्ति जरुरी नपरी क्रमिकताले नै सम्भव भएको हो त ? यसर्थ यो परिस्थितिको उपज मात्र हो र बहुदलीय व्यवस्था त्यसको लागि आफैमा र सधैं बाधक हो भन्नु शायद उपयुक्त हुँदैन । स्वयं माओले पनि कम्युनिज्म र क्रान्तिको निमित्त चीनका लागि चीनको विशिष्ट तात्कालीन परिस्थितिलाई औंल्याउनु भएको छ । त्यस्तै नेपालको पनि वर्तमान र विशिष्ट परिस्थिति न चीनको परिस्थितिसँग मिल्छ न नेपालकै पुरानो परिस्थितिसँग मिल्छ । यो कुरालाई नेपाली कम्युनिष्टहरुले बुझ्नु पर्ने हुन्छ ।

क्रमिक परिवर्तनका माध्यमद्वारा हुने विकासले सामान्य विकासको क्रमलाई अर्थात् द्वन्द्वात्मक भौतिकवादी नियमलाई असहयोग गर्दैन । हरेक सकारात्मक परिवर्तन वा विकास मानव विकास र समाज विकासको कडी नै हो । त्यसले साम्यवादमा पुग्नलाई फाइदा नै गर्छ । घाटा गर्दैन ।

यिनै कारणले गर्दा नेपाली कम्युनिष्टहरुले मिलेर नै साझा सहमतिका बिन्दु पहिल्याउनै पर्छ । ५ वर्षको लागि सहकार्य हुनसक्ने र विवाद हुन नसक्ने धेरै आधारहरु खडा गर्न सकिन्छ । र, चुनावमा एक हुन सकिन्छ । ५ वर्षमा देश विकास र परिवर्तनको लागि धेरै गर्न सकिन्छ । माओवादीहरुले जनयुद्ध शुरु गरेको ५ वर्ष भएको छ । नेकपा माले जन्मेको पनि ४ वर्ष भएको छ । यी शक्तिहरु मिलेको भए संसदमा बहुमत कसैले रोक्न सक्ने थिएन र कम्युनिष्टहरुले ५ वर्षमा इमान्दारीपूर्वक काम गर्ने हो भने गर्न सकिने धेरै कार्यहरु छन् र जनताको जीवनस्तर उठाउन सकिन्छ पनि । विश्वमा पूँजीवाद अन्तर्गत रहेर कम्युनिष्टहरु सत्तामा पुगेका र आफ्ना धारणा राखेका उदाहरणहरु धेरै छन् । इटालीको उदाहरण मात्र होइन, भारतको पश्चिम बङ्गालको कम्युनिष्ट पार्टीको सरकारको उदाहरण दिन सकिन्छ । ज्योति बसुलाई त प्रधानमन्त्रीसम्मको प्रस्ताव आएको हो ।

कम्युनिष्टहरु देशमा बढी छन् । बढी हुँदाहुँदै पनि सत्तामा जान नसक्नु भनेको सुनिएर मोटाउनु जस्तो हुन पुगेको छ । आफ्नो शक्तिको प्रयोग गर्न नसक्ने र कांग्रेसलाई मात्र गाली गर्ने प्रवृत्ति कम्युनिष्टहरुको मूल तथ्यलाई लुकाउने वृत्ति हुन जान्छ । कम्युनिष्टहरु चुनावको लागि र निश्चित लक्ष्यको लागि मिल्ने हो भने उनीहरु मोटाएको वास्तविक अर्थ राख्नेछ । उनीहरुले आफ्नो कारणले कांग्रेसलाई सत्ता सुम्पने र दोष पनि कांग्रेसलाई नै दिँदैजाने प्रवृत्ति राम्रो हो र ? नेकपा एमाले कांग्रेससँग मिलेर सरकार चलाउन सक्छ, सक्यो । के माले, मसाल, नेमकिपा, माओवादीहरुसँग मिलेर सत्ता चलाउन सक्दैन ? सक्दैनन् भने के को मित्र शक्ति ? यसलाई जनता झुक्याउने चाल नभने के भन्ने ?

यसको लागि कम्युनिष्टहरुका इमान्दार व्यक्तित्वहरुलाई समेटेर एकताको पहल हुनुपर्छ । मिल्न सकिने व्यवहारिक बुँदा तयार गरिनुपर्छ, मिल्न सकिने न्यूनतम समय तोक्न सकिन्छ, साझा सहमतिका बिन्दु खोज्न सकिन्छ । त्यसका लागि खगेन्द्र संग्रौलादेखि चित्रबहादुर केसीसम्म, लीलामणीदेखि काशिनाथ अधिकारी एवं अमृतकुमार बोहरासम्मका अरु पनि धेरै आर्थिक रुपमा समेत इमान्दार व्यक्तित्वहरु छन् । उनीहरुले यस कार्यको समायोजन गर्नुपर्छ । यसले राष्ट्रहित नै गर्नेछ । काठमाण्डौ जाने बाटोको विवाद भएपछि बीरगञ्ज़बाट हेटौंडासम्म त मिलेर जान सकिन्छ । त्यसपछि झगडा गरे हुन्छ । बीरगञ्जमै बसेर झगडा गर्नु त बुद्धिविनोद, आत्मरति र अराजकतावादी सोच वा अति आत्मपरक विचारभन्दा अरु हुन सक्दैन । ❑

*(लेखक नेपाली कांग्रेस महासमित सदस्य (बारा) र हाल राष्ट्रिय योजना आयोगका सल्लाहकार हुनुहुन्छ - मूल्यांकन)*




नेकपा. एमालेद्वारा काठमाडौंमा गत कार्तिकको चौथो साता आयोजित अन्तरराष्ट्रिय समाजवादी सम्मेलनको विस्तृत रिपोर्ट मूल्यांकनको गतांकमा प्रस्तुत गरेका थियौं । यसपटक प्रस्तुत छ- कार्यक्रमका अवसरमा प्रस्तुत सांस्कृतिक कार्यक्रम लगायत विभिन्न देशका प्रतिनिधिहरूले कार्यपत्रहरूमा व्यक्त गरेका विचारहरूको विवरण र तिनको संक्षिप्त समीक्षा ।

– मूल्यांकन

# नेपाल, मलेशिया, उत्तर कोरिया र फिलिपिन्सका धारणाहरू कस्ता थिए ?

## कस्तो रह्यो काठमाण्डौंमा नेकपा एमालेद्वारा आयोजित अन्तर्राष्ट्रिय समाजवादी सम्मेलन ?

### *सांस्कृतिक कार्यक्रमको प्रस्तुति*

एमालेका पोलिटब्यूरो सदस्य भरतमोहन अधिकारीद्वारा अध्यक्षता गरिएको पहिलो प्लेनरी सेसनको अन्त्यपछि साँझमा जन-सांस्कृतिक मंचले अन्तर्राष्ट्रिय सभा भवन, बानेश्वरमा भव्य सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो । विदेशी पाहुनाहरूलाई नेपाली संस्कृति र समाजबारे परिचित गराउनु नै यो कार्यक्रमको मुख्य उद्देश्य थियो ।

व्यस्तताको कारणबश मैले त्यो कार्यक्रम आफैले हेर्न सकिँन । परन्तु मूल्यांकनका सहकर्मीहरूले यो कार्यक्रम हेर्नुभएको थियो । उहाँहरूको मूल्यांकनअनुसार : "कार्यक्रमको प्रस्तुतिको स्तर औसतमा राम्रो थियो । कार्यक्रममा विविधता र रोचकता ल्याउन मिहेनत पनि गरिएको देखिन्थ्यो । परन्तु त्यो सांस्कृतिक कार्यक्रमको सीमा के थियो भने, त्यो कार्यक्रम मूलतः विश्वका विभिन्न मुलुकका कम्युनिष्ट नेता पाहुनाहरूलाई भन्दा आम टुरिष्टहरूलाई देखाउने खालको थियो ।"

"जन-सांस्कृतिक मंचजस्तो प्रगतिशील सांस्कृतिक टोलीले नेपाली समाज र संस्कृतिबारे परिचय दिने कार्यक्रम विश्वका कम्युनिष्ट नेता पाहुनाहरूलाई प्रस्तुत गर्दा धान नाच, धिमे नाच, थारू नृत्य र देवी देउताका शास्त्रीय नृत्यहरूमात्र मुख्य रूपमा प्रस्तुत गर्न पर्याप्त र उचित हुँदैन । किनकि त्यो नै नेपाली समाज र संस्कृतिको सम्पूर्ण यथार्थ होइन । यहाँका कम्युनिष्टहरूले लामो समयदेखि विकास गर्दै आएको प्रगतिशील जनवादी संस्कृति झल्किने कार्यक्रम त्यस्तो प्रस्तुतिमा नेतृत्वदायी कार्यक्रमका रूपमा मुख्य रूपमा र निश्चितै रूपमा हुनुपर्थ्यो । किनभने यो संस्कृति नेपालको अहिलेको आधा आकाश हो र नेपालको उदीयमान संस्कृति हो । परन्तु जन सांस्कृतिक मंचको प्रस्तुतिमा क्षेत्रीय, जनजातीय संस्कृतिको साथ साथ प्रगतिशील जनवादी संस्कृतिलाई प्राथमिक महत्वका साथ प्रतिनिधित्व गर्ने र परिचित गराउने कार्यक्रमकै सबैभन्दा ज्यादा खडेरी देखियो । शून्य थिएन, परन्तु यस्तो खालको कार्यक्रममा प्राथमिकता देखिएन । यस्तो कदापि हुनुहुने थिएन ।"

### *दोस्रो प्लेनरी सेसनमा भएका छलफलहरू*

सम्मेलनको दोस्रो दिन भएको दोस्रो प्लेनरी सेसनको अध्यक्षता एमालेका पोलिटब्यूरो सदस्य खड्ग ओलीले गर्नुभएको थियो ।

### *एमालेको प्रस्तुति*

यो प्लेनरी सेसनमा सबैभन्दा पहिलो प्रस्तुति- एमालेका महासचिव माधवकुमार नेपालको थियो । 'समाजवादको निर्माणसम्बन्धी नेपाली अनुभवहरू' शीर्षकको कार्यपत्र क. नेपालबाट प्रस्तुत भएको थियो ।

कार्यपत्रमा 'जनताको बहुदलीय जनवाद'सम्बन्धी अवधारणा कसरी र कहिलेदखि पैदा भयो, यसका मूलभूत विशेषताहरू के हुन्, यसले कस्तो खालको समाज-व्यवस्थाको परिकल्पना गरेको छ, यसले कस्तो अर्थतन्त्र र संस्कृतिको पक्षपोषण गर्छ, यसको परराष्ट्र नीति कस्तो हुन्छ र यसको कार्यनीतिक पक्ष कस्तो हुन्छ, भन्नेबारे संक्षिप्तमा, तर निकै राम्ररी व्याख्या विश्लेषण गरिएको छ ।

कार्यपत्रले 'जनताको बहुदलीय जनवाद (ज.ब.ज.) लाई' विश्व र नेपालको चार दशकको संघर्ष, व्यवहार र अनुभवहरूले एमालेलाई उत्प्रेरित गर्नाले पैदा भएको कार्यक्रम बताएको छ । ज.ब.ज.लाई यसले 'नेपालको कम्युनिष्ट आन्दोलनका अनेकौं संघर्षहरू, व्यवहारहरू र अनुभवहरूको संश्लेषण' भनेर भनेको छ ।

नेपाल कम्युनिष्ट पार्टीले यसको प्रारम्भमा ल्याएको नयाँ जनवादी क्रान्तिसम्बन्धी विचारकै निरन्तरताका रूपमा कार्यपत्रले 'ज.ब.ज.'लाई प्रस्तुत गरेको छ, जुन सत्य होइन । ने.क.पा.को प्रारम्भमा क. पुष्पलालले ल्याउनुभएको नयाँ जनवादी क्रान्तिसम्बन्धी विचार र ज.ब.ज.सम्बन्धी एमालेको विचारको बीचमा आधारभुत चरित्रको भिन्नता देखिन्छ । 'पहिलोले गैर-संसदीय सशस्त्र संघर्षको बाटोलाई संघर्षको मुख्य बाटो बताएको छ, दोस्रोले संसदीय र शान्तिपूर्ण बाटोलाई', पहिलोले क्रान्तिपछि बहुदलीय प्रतिस्पर्धा नभएको चिनियाँ ढाँचाको नयाँ जनवादी सत्ताको विचार अघि सारेको छ, दोस्रोले पश्चिमाली संसदीय ढाँचाको बहुदलीय प्रतिस्पर्धा भएको पूँजीवादी प्रजातान्त्रिक सत्ताको धारणा । पहिलोले श्रमिक वर्गीय जनताको सर्वोच्चता भएको नयाँ ढाँचाको प्रजातन्त्रको पक्षपोषण गरेको छ, ज.ब.ज.ले भने संविधानको सर्वोच्चता भएको प्रजातन्त्रको । नयाँ

जनवादी सत्तामा सर्वोच्च त जनता हुनुपर्ने हो, गरीखाने वर्गका जनता । जनताभन्दा संविधान सर्वोच्च हुनु भनेको सारमा जनताले संविधान बदल्न नपाउने भनेको हो । अर्थात् जनताभन्दा संविधानका धाराहरू शक्तिशाली भनेको हो ।

यसरी यी दुई विचारबीच आधारभूत चरित्रको भिन्नता देखिन्छ ।

क. नेपालको कार्यपत्रमा एमालेको छैठौं महाधिवेशनका दस्तावेजहरूको तुलनामा ज्यादा स्पष्ट रूपमा साम्राज्यवादविरोधी धार देखिन्छ । यो सकारात्मक कुरा हो । साथै, संघर्षमा बल प्रयोगको आवश्यकता सम्बन्धमा पनि यसले अरू ज्यादा स्पष्ट रूपमा आफ्नो सोच अघि सारेको छ ।

एउटा नौलो कुरा, यो कार्यपत्रले संभवतः पहिलो पटक ज.व.ज. हासिल गर्नुलाई एमालेको 'कार्यनीतिक लाइन' बताएको छ ।

यो कार्यपत्रको सबैभन्दा ठूलो दोष हो- कार्यपत्रको शीर्षक र बिषयबस्तुबीचको विरोधाभाष ।



*एमाले महासचिव माधवकुमार नेपाल समाजवादी सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै*

सम्मेलनमा वितरित कार्यक्रमा क. नेपालको कार्यपत्रको शीर्षक 'समाजवाद निर्माणसम्बन्धी नेपाली अनुभवहरू' दिइएता पनि यसमा मुख्य अन्तर्वस्तु र ब्याख्या एमालेको 'जनताको बहुदलीय जनवाद' बारेमा मात्र केन्द्रित छ । यसरी शीर्षक र कार्यपत्रको मुख्य विषय र ब्याख्यामा गम्भीर विरोधाभाष देखिन्छ ।

यो जगजाहेर छ, नेपाली कम्युनिष्ट आन्दोलनमा समाजवाद निर्माणसम्बन्धी बाटो सम्बन्धमा एउटै धार र धारणा अस्तित्वमा छैन । यस सम्बन्धमा यहाँ आधारभूत रूपमा तीनवटा धार र धारणाहरू स्पष्ट रूपमा अस्तित्वमा छन् : एउटा, मुख्य रूपमा संसदीय र शान्तिपूर्ण संघर्षलाई जोड दिँदै, संघर्षको कानूनी, गैर-कानूनी सबै रूपहरूलाई प्रयोग गरेर, बहुदलीय प्रतिस्पर्धा भएको नयाँ जनवादी सत्ताको संक्रमणकालीन बाटो हुँदै समाजवादतर्फ अघि बढ्नु पर्छ भन्ने ने.क.पा. कएमाले-मालेको धार । दोस्रो, संसदीय संघर्षलाई पूर्णतया नकारेर गैर-संसदीय र गैर-कानूनी सशस्त्र संघर्षलाई मुख्य रूपमा जोड दिँदै ग्रामीण वर्ग संघर्ष, आधार इलाका र गाउँले शहर घेर्ने बाटो हुँदै नयाँ जनवादी क्रान्ति संपन्न गर्ने र नयाँ जनवादको संक्रमणकालीन प्रक्रिया भएर समाजवादतर्फ अघि बढ्नुपर्छ भन्ने ने.क.पा. (माओवादी) को धार । तेस्रो, संसदीय संघर्ष वा गैर-संसदीय संघर्ष दुवैलाई पूर्णतया इन्कार नगरेर मूलतः गैर-संसदीय संघर्षलाई मुख्य रूपमा जोड दिँदै, जन-संघर्षको बाटो अपनाएर र संघर्षका सबै रूपहरूको अख्तियार गरेर अन्ततः सशस्त्र जन-विद्रोहको उपायबाट नयाँ जनवादी तथा समाजवादी सत्ता स्थापना गर्नुपर्छ भन्ने ने.क.पा.(मशाल)वा एकताकेन्द्र आदिको धार । यी तीनवटै धारका पार्टी वा संगठनहरू नेपालमा समाजवाद निर्माणका लागि आफू अघि बढिरहेको बताइरहेका छन् । यसमध्ये ज.व.ज. र एमाले त तीनमध्ये एक धार मात्रै हो, यो नै एकमात्र समाजवाद निर्माणको धार कदापि होइन । परन्तु ठूलो आश्चर्य के देखिन्छ समाजवाद निर्माणसम्बन्धी नेपाली अनुभवहरूबारे कार्यपत्र पेश गर्दा क. नेपालले केवल एउटा आफ्नो धारको मात्र उल्लेख गर्नुभएको छ, अरू धारको अनुभव सम्बन्धमा त्यसमा नामोनिशान देखिन्न । यो प्राज्ञिक इमान्दारिता भएन भन्ने मलाई लागेको छ । क. नेपालको दर्शन द्वन्दात्मक भौतिकवाद हो भने उहाँ कसरी दावी गर्न सक्नुहुन्छ कि एमालेको ज.व.ज. मात्रै समाजवाद निर्माणका लागि काम गरिरहेको वैचारिक धार हो । के नेपाली समाजको सत्य यो हो र ?

ठीक छ, उहाँले कार्यपत्रमा आफ्नो धारलाई ज्यादा हाइलाइट गर्न सक्नुहुन्थ्यो, त्यो धार नै सही छ अरू गलत छन् भन्न सक्नुहुन्थ्यो, तर समाजवाद निर्माणका लागि क्रियाशील र संघर्षरत नेपाली समाजका अरू धारको अस्तित्वसम्म पनि स्वीकार नगर्नु त हदै भयो नि ! आलोचनात्मक पद्धतिका हिसाबले यो कसरी समाजवादी यथार्थवाद भयो ?

विश्वभरि कम्युनिष्टहरू ज्यादै जुझारू भएर पनि कमजोर भएको, र उनीहरूमा अलगावपन र टुटफुट आएको यस्तै आफ्नो धारबाहेक अरूको अस्तित्व नै स्वीकार नगर्ने प्रवृत्तिले नै होइन र ?

समाजवाद निर्माणको नेपाली अनुभव भने पछाडि केवल- पछिल्लो २०४६ सालपछिको, त्यो पनि खालि एउटा संगठनको राजनीतिक लाइनको अनुभव मात्र दिनु पर्याप्त हुँदैन । यसमा विगत ५१ वर्षको नेपालको समूचा वैज्ञानिक समाजवादी खेमाको संघर्षको अनुभव सारांशमा दिनु जरूरी हुन जान्छ । कार्यपत्रमा त्यो पनि दिइएको देखिन्न । कार्यपत्रको यो अर्को सीमा हो भन्ने मलाई लाग्छ ।

## उत्तर कोरियाको प्रस्तुति

कार्यपत्रको दोस्रो प्रस्तोता उत्तर कोरियाका प्रतिनिधि लि जोङ ग्युल हुनुहुन्थ्यो । कोरियाली श्रमिक पार्टीको अन्तर्राष्ट्रिय विभागको अनुसन्धान शाखाका वरिष्ठ अधिकारी क. लि जोङ ग्युलले निकै छोटो ४ पेजको कार्यपत्र पेश गर्नुभएको थियो, जसको शीर्षक थियो : "समाजवादी राज्यहरूमा समाजवाद अभ्याससम्बन्धी कोरियन अनुभवहरू" ।

कार्यपत्रमा समाजवादी राज्यहरूमा समाजवाद अभ्यासका महत्वपूर्ण र गहीरा अनुभवहरू ज्यादै कम छन् । यसमा उपरी तहका सामान्य अनुभव र निष्कर्षहरू ज्यादा छन् । कार्यपत्र निकै छिपछिपे छ ।

बीसौं शताब्दीमा समाजवादका लागि भएका सबै संघर्षको अनुभवलाई निचोर्दै कार्यपत्रमा भनिएको छ : "बीसौं शताब्दीका बर्षहरूतिर फर्किएर समाजवादका लागि भएका सबै संघर्षहरूलाई हेर्दा हामी कुन निष्कर्षमा पुग्छौं भने यदि हामीले समाजवादका लागि ठीक तवरले संघर्ष उठाउने हो भने आधारभूत कुरा संघर्षलाई जनसमुदायबीच पुऱ्याउनु, उनीहरूलाई सचेत पारेर समाजवादी सिद्धान्त र आस्थाद्वारा संघर्षमा उनीहरूको भूमिका बृद्धि गर्नुपर्छ ।"

कार्यपत्रमा यो अनुभवबारे थप भनिएको छ : "हामी भन्न सक्छौं- बीसौं शताब्दीमा हामीले देखेका समाजवादतिरका सबै विजयहरू आम जन-समुदायको परिचालनबाट प्राप्त भएका विजयहरू हुन् । साथै संघर्षमा केही खास धक्का र निराशाहरू पाँचै महादेशका कुना काप्चामा देखिनुको मुख्य कारण पनि ती ठाउँहरूमा आम-जनतालाई जागरूक पार्न र संघर्षमा उनीहरूको साथ र समर्थन लिन नसक्नुनै हो ।"

पूर्व सोभियत संघ र पूर्वी यूरोपमा समाजवादी व्यवस्था ढल्नुको कारणबारे कार्यपत्रको निचोड यस्तो छः "पूर्व सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद धराशायी हुनुको मूल कारण त्यहाँको नेतृत्वमा रहेको पूँजीवाद बारेको भ्रम, आत्म समर्पण र समाजवादप्रतिको विश्वासघात हो ।"

परन्तु कार्यपत्रमा समाजवादको नेतृत्व तह आफैंमा पूँजीवादबारे यति ज्यादा भ्रम किन हुनगयो त ? किन नेतृत्व आफै समाजवादी सिद्धान्तलाई नै विश्वासघात गर्ने बिन्दुमा पुग्यो ? यसबारे चाहिं कार्यपत्रले गहिरो जरो कारणको कुनै उल्लेख गरेको भेटिन्न । दोस्रो विश्वयुद्धताक समाजवाद र पितृभूमिको रक्षाको लागि संसार नै छक्क पार्ने गरी वीरतापूर्वक युद्ध भूमिमा उत्रने र करोडौंको संख्यामा ज्यान अर्पन गर्ने जनताहरू किन पछि त्यही नेतृत्वबाट अलगिगएर समाजवाद रक्षाको लागि मैदानमा आएनन् त ? यो सवालको जरो कारण खोज्ने प्रयत्न पनि कार्यपत्रमा

**क. नेपालको कार्यपत्रमा एमालेको छैठौं महाधिवेशनका दस्तावेजहरूको तुलनामा ज्यादा स्पष्ट रूपमा साम्राज्यवादविरोधी धार देखिन्छ ।**

देखिन्न ।

पूर्व सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद ढलेपछि उत्तर कोरियाली श्रमिक पार्टीले त्यसबाट पाठ सिकेर सन् १९९२ मा एउटा नयाँ सामान्य कार्यदिशा तय गरेको कुरा कार्यपत्रले उल्लेख गरेको छ । त्यो कार्यदिशा हो : "तीन किसिमको क्रान्ति : विचारधारात्मक क्रान्ति, सांस्कृतिक क्रान्ति र प्राविधिक क्रान्ति जारी गर्ने कार्यदिशा, यसका साथ साथ राष्ट्रिय तहमा जनताको सत्ता मजबूत पार्ने कार्यदिशा, ता कि हामी हाम्रो समाजवादी प्रणालीलाई निरन्तर रूपमा रक्षा गर्न सकौं" कार्यपत्रले उल्लेख गरेको छ ।

कार्यपत्रले उल्लेख गरेका यी ऐतिहासिक पाठहरू चाहिं निकै महत्वपूर्ण देखिन्छन् । व्यवहारमा यी पाठहरूलाई लागू गर्ने हो भने भविष्यको समाजवाद निकै परिष्कृत र उन्नत हुन संभव देखिन्छ ।

सोभियत संघ र पूर्वी यूरोपमा घटेको घटना दोहोरिन नदिन कार्यपत्रले पार्टीलाई एउटै विचारधारा, नेताको विचारधारामा आधारित त्यस्तो जन-पार्टीमा बदल्ने जो जनसमुदायसित एक होस् र जोसित तागतिलो जुझारूपन र संगठित गर्ने क्षमता होस् भन्ने सोच अगाडि सारेको छ ।"पार्टीको शक्ति भनेको विचारधारामा एकता हो, एउटा विचारधारामा र त्यो नेताको विचारधारामा आधारित एकता हो", कार्यपत्रले लेखेको छ ।

पार्टीको तागत भनेको विचारधारात्मक एकता त हो नै, परन्तु नेताको विचारधारामा आधारित एकता चाहिं होइन, जस्तो कि कार्यपत्रले उल्लेख गरेको छ । पार्टीमा दरो एकता नेताको विचारमा सबैले समर्थन गरेर कहिल्यै पैदा हुनसक्दैन । बरू यसको ठीक उल्टो, नेताले एउटै दृष्टिकोण र एउटै उद्देश्यमा पार्टीमा बेरोकटोक आधारित भएर विचार-द्वन्द हुन दिने, जित-हारको मानसिकताबाट मुक्त भएर नेताले 'राम्रो विचार नीति हाम्रो विचार' ठान्ने तरीका अपनाएर - द्वन्दरत विचारको संश्लेषण अथवा दहीमथनी गरेर नौनी निकाल्ने र यसरी पार्टीमा सामुहिक नेतृत्व र विचारधारात्मक एकता पैदा गर्ने बाटो अपनाइयो भने मात्रै पार्टीमा दरो विचारधारात्मक एकता पैदा हुनसक्छ । कार्यपत्रले नेताको विचारमा आधारित विचारधारात्मक एकताको कुरो उठाएको छ, यसबाट त नोकरशाही चरित्रको यान्त्रिक एकतामात्र पैदा हुन्छ । कम्युनिष्ट पार्टीमा हुनुपर्ने त सत्य प्राप्त गर्ने एकल उद्देश्य, सत्यलाई हेर्ने र विश्लेषण गर्ने एउटै विश्व दृष्टिकोण अँगालेर बेरोकटोक विचार द्वन्द गर्ने र ठीक विचार जताबाट आए पनि त्यसलाई संश्लेषण गर्ने पद्धतिमा आधारित विचारधारात्मक एकता हो । नेताको विचारमा सबै पछि लाग्ने होइन, सबैले सबैको विचार सुन्ने र संश्लेषण गर्ने र सबैले ठीक विचारको पछि लाग्ने कुरा हो । नेता त्यसैलाई बनाउने कुरा हो, जसले द्वन्दमा रहेका विचार र व्यवहारहरूमा दहीमथनी गरेर समस्याको घडीमा ठीक निर्णय ल्याउने क्षमता अरूभन्दा ज्यादा राख्छ र अरू भन्दा ज्यादा राम्ररी विचार अनुकूलको व्यवहार गर्छ ।

**उत्तर कोरिया साम्राज्यवादीहरूको घेराउ र नाकाबन्दीको शिकार भइरहेको वर्तमान परिप्रेक्ष्यमा उसले सेना र युद्ध मेशिनरीको तम्तयारीलाई ठूलो जोड दिनु स्वभाविक कुरो मान्न सकिन्छ । परन्तु...**




*काठमाडौंमा आयोजित अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनको 'प्लेनरी सेसन'को एक दृश्य*

कार्यपत्रले "आज साम्राज्यवाद र समाजवादका गद्दारहरू पार्टीभित्र विचारको बहुलता र आग्रहहरू घुसाउने अतिशय प्रयत्न गरिहेका छन् । त्यस्ता प्रयासहरू क्रान्तिकारी पार्टीको एकता र विचारधाराको सवालमा र आकांक्षामा एकनिष्ठता नष्ट गर्ने उद्देश्यले भइरहेछन् । यस्तो अवस्थामा पार्टीको विचारधारा र आकांक्षामा एकता र शुद्धता कायम गर्नु सबैभन्दा प्राथमिक काम हो ।" भन्ने धारणा अघि सारेर विचारधारात्मक कामलाई सबैभन्दा ज्यादा जोड र प्राथमिकता दिएको छ ।

कार्यपत्रले "समाजवादको ध्येयलाई अघि बढाउन प्रगतिशील पार्टीहरूबीच अन्तर्राष्ट्रिय एकता र ऐक्यबद्धता मजबूत पार्नु पर्ने" सवाललाई महत्वका साथ उठाएको छ । "प्रगतिशील पार्टीहरूले आफ्नो आत्मनिर्भरता र राष्ट्रिय चरित्रलाई जोगाउनु पर्छ" भन्ने धारणा प्रस्तुत गरेको छ । र, विश्व स्तरमा "साम्राज्यवादविरूद्ध, संयुक्त मोर्चा निर्माण गर्नुपर्ने" सवाल उठाएको छ ।

कार्यपत्रको अन्त्यमा कोरियाली श्रमिक पार्टीका वर्तमान संघर्षहरूसम्बन्धी अनुभव पेश गरिएको छ । त्यो अनुभवको अनौठोपन के देखिन्छ भने वर्तमान कोरियाली नेता किम जोङ इलले "सेनालाई क्रान्तिको मुख्य खम्बा" बनाउने 'सेना-पहिले' भन्ने 'मौलिक दर्शन' अघि सारेको कुरा कार्यपत्रमा उल्लेख गरिएको छ ।

उत्तर कोरिया साम्राज्यवादीहरूको घेराउ र नाकाबन्दीको शिकार भइरहेको वर्तमान परिप्रेक्ष्यमा उसले सेना र युद्ध मेशिनरीको तम्तयारीलाई ठूलो जोड दिनु स्वभाविक कुरो मान्न सकिन्छ । परन्तु, कुनै पनि बैज्ञानिक समाजवादीको लागि क्रान्तिको मुख्य खम्बा नै सेना हुन सक्दैन । साम्यवाद उन्मुख क्रान्तिको मुख्य खम्बा त बैज्ञानिक समाजवादी विचारधाराले लैश जागृत र संगठित श्रमिक जनसमुदाय हो, अत्यन्त गतिशील र सही श्रमिक वर्गको पार्टी वरपर एकताबद्ध श्रमिक जनसमुदाय । जब पार्टीको वैचारिक सांस्कृतिक अगुवाईमा जागृत र संगठित श्रमिक जनसमुदाय क्रान्तिको मुख्य खम्बा नबनेर सेना क्रान्तिको मुख्य खम्बा बन्छ, 'जनताका लागि' भन्दै बन्दूकका भरमा क्रान्ति जनतामाथि लादिन्छ, जनताभन्दा माथिको नयाँ भीमकाय सशस्त्र सेनाको नोकरशाही सत्ता सृजना हुन्छ । श्रमिक जनसमुदायको चेतना र वस्तुगत आवश्यकता अनुसार क्रान्ति अघि बढ्दैन । नोकरशाही सत्ताको चेतना र आवश्यकता अनुकूल तथाकथित 'क्रान्ति' अघि बढ्छ । फलस्वरूप पार्टी र राज्य जनताबाट अलगिन्छ । यो क्रान्तिको साधन हुनु पर्नेमा आफैं साध्यमा परिणत हुन्छ । पार्टीले र श्रमिक जनताले बन्दूकमाथि शासन गर्नु पर्नेमा बन्दूकले पार्टी र श्रमिक जनतामाथि शासन गर्न थाल्छ ।

त्यसैले, कार्यपत्रमा उल्लिखित 'सेना-पहिलो' भन्ने राजनीति र सेनालाई क्रान्तिको खम्बा बनाउने धारणा आधारभूत रूपमा बेठीक छ । उत्तर कोरियामा यही सोच अभ्यास भइरहेको छ भने यसबाट त्यहाँको समाजवादी क्रान्तिको रक्षा हुनसक्ने छैन, बरू उल्टो, यसबाट त्यहाँ जनताबाट कटेको र जनतामाथि बोझ बनेको नयाँ नोकरशाही सत्ता मात्र सृजना हुनेछ । यही नोकरशाही सत्ताका कारण त्यहाँको क्रान्ति विफलतातिर उन्मुख हुनेछ । तसर्थ, उत्तर कोरियाको श्रमिक पार्टीले यो

सवालमा बेलैमा पुनर्विचार गर्नुपर्छ र यो धारणा फेर्नुपर्छ । सारै ठूलो मूल्य चुकाएर ल्याइएको त्यहाँको समाजवाद र क्रान्ति हर तरहरले सुरक्षित र विकसित हुनुपर्दछ ।

यो सवालमा प्लेनरी सेसनमा सहभागीहरूले क. लिलाई निकै राम्रो प्रश्न पनि गरेका थिए । परन्तु, क. लि ले त्यसको जवाफ नै दिनु भएन । गोलमटोल उत्तर दिएर उहाँ उम्कनु भयो ।

क. लि जोड न्युलको कार्यपत्रमा जिम्मेवारी लिए अनुरूप समाजवादी राज्यहरूमा समाजवाद अभ्यासका अनुभवहरू ज्यादै थोरै मात्र छ । त्यो अनुभव पनि ज्यादै छिपछिपे, आंशिक र सामान्य त छ नै, साथसाथै शीर्षक मुताविक उत्तर कोरियाबाहेक, क्युवा, भियतनाम, चीन र आलोसको अनुभवको त त्यहाँ नामोनिशान छैन । यस्तो प्रतीत हुन्छ, कार्यपत्र मिहेनतसाथ पटक्कै लेखिएको छैन र प्रस्तोता पनि विषयको विज्ञ महशूस हुँदैन । या त उत्तर कोरियाको पार्टीको आफ्नै वैचारिक स्तर ज्यादै कमजोर भएको छ, या उसले यो अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनलाई महत्वकासाथ हेरेको छैन । अन्यथा यति महत्वपूर्ण विषयमा उत्तर कोरिया जस्तो क्रान्ति संपन्न गरेर ५० औं वर्षको समाजवाद अभ्यासको अनुभवको धनी बनेको देशको श्रमिक वर्गको पार्टीबाट यति कमजोर कार्यपत्र आउने थिएन ।

### *मलेशियाको प्रस्तुति*

सम्मेलनमा प्रस्तुत गरिएको कार्यपत्रहरूमध्ये सबैभन्दा मिहेनतपूर्ण, गहन र विचार-उत्तेजक कार्यपत्र मलेशियाको देखिन्छ ।

मलेशियामा कम्युनिष्ट पार्टी प्रतिबन्धित र ज्यादै ठूलो दमनको स्थितिमा रहेको हुनाले राष्ट्रिय न्याय पार्टी (National Justice Party) को रूपमा कार्यरत पार्टीको तर्फबाट त्यस पार्टीका उपाध्यक्ष तियान् चुवाले सम्मेलनमा "दक्षिण पूर्व एशियाको प्रजातान्त्रिक रूपान्तरणका लागि भएका संघर्षहरू र समाजवादको भविष्य" शीर्षकमा कार्यपत्र पेश गर्नुभएको थियो ।

कार्यपत्रमा समाजवादको विचार-उत्तेजक व्याख्या छ, दक्षिणपूर्व एशियामा भएका साजवादमुखी संघर्षको विश्लेषण र वर्णन छ, त्यहाँ भइरहेको औद्योगिकरण र मौद्रिक संकटको राम्रो विश्लेषण छ । थाइलैण्ड, इण्डोनेशिया र फिलीपिन्सको आर्थिक स्थितिको वर्णन छ, र अन्त्यमा त्यहाँ भइरहेका प्रजातान्त्रिक र समाजवादमुखी संघर्षको उल्लेख छ ।

कार्यपत्रमा प्रस्तुत भएका विचारहरूमध्ये केही महत्वपूर्ण र विचार-उत्तेजक विचारहरू यसप्रकार छन् ।

◆ समाजवादीहरू भौतिकवादी हुनुका नाताले के धारणा राख्छन् भने ज्ञान वास्तविक र मूर्त वस्तुगत परिस्थितिबाट पैदा हुन्छ । यसरी वर्तमानलाई विस्थापित गरेर त्यसको विकल्पमा आउने आदर्श राज्यको परिकल्पना गर्नुभन्दा अघि हामीले वर्तमान वस्तुगत यथार्थलाई बुझ्नु पर्दछ ।

◆ समाजवादले पूँजीवादलाई निषेध गर्छ र निषेधित पूँजीवादकै सामग्रीहरू प्रयोग गरेर आफूलाई निर्माण गर्छ ।

◆ समाजवादी आन्दोलन सबैभन्दा पहिले त्यस्ता पूँजीवादी बुद्धिजीविहरूमा पैदा भयो, जो द्रुत गतिमा भएको औद्योगिकरणले सृजना गरेको श्रमिक र तल्ला वर्गहरूको अमानवीय स्थितिबाट संवेद्वित भए । ....तिनीहरू किन समाजवादी भएका थिए भने तिनीहरू मानवतावादी थिए र जनसमुदायको दुःख, वेदना देख्न, खप्न सक्दैनथे । उनीहरूका पूँजीवादी मूल्यहरू नै पूँजीवादविरोधी संघर्षका मुख्य निर्देशक शक्तिहरू थिए । ....मार्क्सले यिनै मान्छेहरूलाई उत्पादन प्रणालीको ऐतिहासिक विकासको द्वन्दवादी समझदारीमा आधारित 'वैज्ञानिक समाजवाद'को सापेक्षतामा 'काल्पनिक समाजवादी' भने । ...मार्क्सको वैज्ञानिक समाजवादी सिद्धान्तले पनि काल्पनिक समाजवादीहरूको सामग्री र कामहरूबाट प्रशस्तै लाभ हासिल गरेको छ ।



सम्मेलनमा सहभागी देश-विदेशका प्रतिनिधिहरू

***सम्मेलनमा प्रस्तुत गरिएको कार्यपत्रहरूमध्ये सबैभन्दा मिहेनतपूर्ण, गहन र विचार-उत्तेजक कार्यपत्र मलेशियाको देखिन्छ***

यो भन्नु गलत हुन्छ कि पूँजीवादविरोधी सबै मुठभेडहरूका लाभहरू समाजवादी प्रकृतिका हुन्छन् । ....पूँजीवादी औद्योगिकरणले परिणामत त्यस्ता विद्रोहहरू पैदा गरेको छ, जसमा भूमिपतिहरू, पादरीहरू, साना कालिगढहरू र किसानहरू सामेल छन् । केही पूँजीवादविरोधी आन्दोलनहरूले त सामान्यतया पुरानै समाज व्यवस्था (र शोषण) जोगाई राख्न चाहन्छन् ।

◆ यिनै सब कारणले पूँजीवादविरोधी संघर्ष हमेशा बहुल प्रकृतिको हुन्छ । ....पूँजीवादविरोधी आन्दोलनमा नेतृत्वको लागि मरिमेट्ने केवल समाजवादीहरू मात्र हुँदैनन् । यो जनसंघर्षमा बहुलता हुन्छ भन्नुको तात्पर्य यसमा नेतृत्वको लागि प्रतिस्पर्धा र शत्रुता पनि हुनु अपरिहार्य छ । त्यसैले यसले आन्दोलनभित्र स्वस्थ प्रजातान्त्रिक संस्कृति हुनु जरूरी बनाइदिएको छ ।

कार्यपत्रमा दक्षिणपूर्व एशियामा भइरहेको समाजवादी संघर्षहरूबारे राम्रो वर्णन छ ।

दक्षिणपूर्व एशियामा यूरोपेली ढाँचाको पूँजीवादी विकास नभएर माओले उल्लेख गर्नुभएको जस्तो अर्द्ध-सामन्ती, अर्द्ध-औपनिवेशिक अर्थतन्त्र भएको विश्लेषण कार्यपत्रले प्रस्तुत गरेको छ । मेरो ठम्याइमा कार्यपत्रको यो विश्लेषण बेठीक छ । थाइलैण्ड, फिलीपिन्स, मलेशिया, इण्डोनेशिया जस्ता मुलुकहरूमा यूरोपेली ढाँचाको पूँजीवाद छैन भन्ने कुरा सही हो, तर त्यहाँको अर्थतन्त्र अर्द्ध-सामन्ती वा अर्द्ध-औपनिवेशिक चरित्रको भने कदापि छैन । त्यो नव-औपनिवेशिक युगको सीमान्त पूँजीवादी चरित्रको छ भन्ने मलाई लाग्छ, किनकि त्यहाँ राष्ट्रिय उद्योग-धन्दा भन्दा ज्यादा अन्तर्राष्ट्रिय व्यापार फष्टाएको देखिन्छ । अर्थतन्त्र र उद्योग-व्यवसायमा पनि राष्ट्रिय पूँजी ज्यादै कम, अन्तर्राष्ट्रिय वित्तीय पूँजी ज्यादा लगानी भएको देखिन्छ । उद्योग-व्यवसायको उद्देश्य पनि सर्वप्रथम राष्ट्रिय बजारको आधारभूत आवश्यकता धान्नु होइन, सस्तो श्रममा आधारित भएर सस्तो तैयारी सामान विश्व पूँजीवादी बजारमा सकेसम्म ज्यादा निर्यात गर्नु नै त्यहाँको उद्योग-धन्दाको मुख्य उद्देश्य देखिन्छ । अनि उद्योग-व्यवसायको मुख्य कर्ताधर्ता मालिकत्व पनि देशभित्रका राष्ट्रिय पूँजीपति वर्गको हातमा देखिन्न, त्यसमा मुख्य रूपमा बहुराष्ट्रिय निगमहरूको वा दलाल अथवा विदेशी ठूला पूँजीपतिहरूको हालीमुहाली देखिन्छ । अनि, त्यहाँको अर्थतन्त्रको मुख्य लगाम पनि राष्ट्रिय सरकारको हातमा कम, विश्व-पूँजीवादी वित्तीय केन्द्रको हातमा ज्यादा देखिन्छ । यी विशेषताहरू भएको अर्थतन्त्र भनेको नव-औपनिवेशिक सीमान्त पूँजीवादी (peripheral Capitalist) अर्थतन्त्र हो । अथवा तेश्रो विश्वको पराधीन पूँजीवादी अर्थतन्त्र हो ।

कार्यपत्रले दक्षिणपूर्व एशियाको एउटा भाग भियतनाम, लाओस् र कम्बोडियामा कम्युनिष्ट पार्टीको नेतृत्वमा भएका जन-संघर्षद्वारा कसरी राष्ट्रवादउन्मुख समाजवादी सत्ता स्थापना भए र अर्को भागमा विशेषत : मलेशिया, सिंगापुर, थाइलैण्ड इण्डोनेशिया, फिलीपिन्समा अमेरिका र अरू साम्राज्यवादी शक्तिहरूको सहयोगमा कसरी कम्युनिष्ट आन्दोलनमाथि दमन गरेर पश्चिममुखी पूँजीवादी अर्थतन्त्र स्थापना गरियो भन्ने कुराको रोचक विश्लेषण गरेको छ ।

सन् १९६५ मा ASEAN कै निर्माण किन गरियो भन्ने संबन्धमा पनि कार्यपत्रले राम्रो प्रकाश पार्दै भनेको छ- वास्तवमा त्यो कम्युनिष्टहरूको अघिबढाइलाई बार लगाएर रोक्नको निम्ति भएको पश्चिम समर्थित संभौता थियो ।

पूँजीपतिहरूको स्वार्थ र प्रभुत्वको रक्षाको लागि र समाजवादी आन्दोलनको विद्रोहमाथि दमन गर्नका लागि ती मुलुकमा साम्राज्यवादी विश्वले सन् १९६०, ७०, र ८० को दशकमा निरंकुश सैनिक शासनहरू कसरी स्थापना गऱ्यो र कम्युनिष्टहरूमाथि रक्तपातपूर्ण दमन गऱ्यो भन्ने कुराबारे पनि कार्यपत्रले राम्रो प्रकाश पारेको छ ।

कार्यपत्रले दक्षिणपूर्व एशियाको

औद्योगिकरण र सन् १९९७ को मौद्रिक संकटबारे पनि अत्यन्त ज्ञानबर्द्धक र दृष्टि खुलाउने विश्लेषण पेश गरेको छ । मूल्यांकनले दक्षिणपूर्व एशियाको समाजवादी संघर्ष र अन्य यो कार्यपत्रको सवालबारे केही महत्वपूर्ण अंशबारे छुट्टै अनुवाद प्रकाशित गर्ने योजना राखेको हुनाले यही लेखमा सबै कुरा उल्लेख गर्नु जरूरी भएन । जम्ममा यो कार्यपत्र खोजमूलक र गंभीर छ अनि पठनीय छ ।

### *फिलीपिन्सको प्रस्तुति*

सम्मेलनमा दोश्रो निकै मिहेनतपूर्ण प्रस्तुति फिलीपिन्सको कम्युनिष्ट पार्टीको केन्द्रिय समितिको तर्फबाट त्यसका केन्द्रिय सदस्य क. इमिलिओ द भिल्लाको थियो । र, कार्यपत्रको शीर्षक थियो- "समाजवादको लागि संघर्ष" ।

फिलीपिनो कार्यपत्र निकै मिहेनतपूर्ण र गंभीर भएर पनि खोजपूर्ण र विश्व समाजवादी खेमा सामुन्ने अहिले आइलागेको नयाँ चुनौति र गंभीर समस्याहरूको गुत्थी फुकाउने र अन्तर्द्रृष्टि दिने खालको भने हुन सकेको छैन । कार्यपत्रका अधिकांश विचारहरू परंपरागत तवरले हमेशा भन्दै आएका पुरातनवादी खालका छन् । कार्यपत्र जडसूवादले निकै ग्रस्त देखिन्छ ।

कार्यपत्रमा समाजवादको इतिहास दिइएको छ, विश्वको वर्तमान स्थितिको चित्रण गरिएको छ, समाजवादबारे विश्वभरि भएका संघर्षहरूको निकै संक्षिप्तमा सार खिचिएको छ । र, एक्काइसौं शताब्दीमा समाजवादको भविष्यबारे छोटो विश्लेषण गरिएको छ । साथै, अन्त्यमा छुट्टै सहायक कार्यपत्रमा फिलीपिन्सको संक्षिप्त इतिहास र यो पार्टी अहिले कसरी क्रान्तिको निम्ति अघि बढ्दैछ भन्ने कुराको छोटो जानकारी दिइएको छ ।

कार्यपत्रले समाजवादको इतिहास प्रस्तुत गर्ने दौरानमा के धारणा अघि सारेको छ भने पूर्व सोभियतसंघ र अन्य समाजवादी मुलुकहरूमा "आर्थिक र सैनिक नाकाबन्दी तथा युद्धले समाजवादी ध्येयलाई परास्त गर्न सकेन । वास्तवमा, समाजवादको परम शत्रु आधुनिक संशोधनवाद हो ।"

अब उप्रान्त पार्टीहरूमा संशोधनवाद हावी हुन नदिन र समाजवाद धराशायी हुन नदिन कार्यपत्रले यस्तो उपाय सुझाएको छ : "संपूर्ण ऐतिहासिक युगको लागि, केवल सामाजिक आर्थिक प्रगतिद्वारा मात्र होइन, बरू लामो, संभाइबुभाइपूर्ण सांस्कृतिक क्रान्तिद्वारा समाजवादलाई सुदृढ पारिनु पर्छ ।"

कार्यपत्रले भनेको छ चीनको "महान सर्वहारा सांस्कृतिक क्रान्तिको दश वर्षसम्म विजय र त्यसपछि अहिलेसम्मको त्यसको पराजयलाई हामीले ठीक त्यस्तो दृष्टिकोणबाट हेर्नुपर्छ, जस्तो दृष्टिकोण मार्क्सले पेरीस कम्युनको छोटो विजय र त्यसपछि त्यसको पराजयप्रति अप्नाउनु भएको थियो ।"



क. इमिलिओ द भिल्ला

> **फिलीपिनो कार्यपत्र निकै मिहेनतपूर्ण र गंभीर भएर पनि खोजपूर्ण र विश्व समाजवादी खेमा सामुन्ने अहिले आइलागेको नयाँ चुनौति र गंभीर समस्याहरूको गुत्थी फुकाउने र अन्तर्द्रृष्टि दिने खालको भने हुन सकेको छैन**

कार्यपत्रमा सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद ढल्नुको जरो मूर्तकारण खोतल्ने प्रयास गरिएको भने देखिंदैन । "आधुनिक संशोधनवादले नेतृत्वलाई ग्रस्त गरेको कारणले समाजवाद ढलेको भन्ने निष्कर्ष कार्यपत्रले निकालेको देखिन्छ । लेनिन, स्तालिन र माओले विकसित गरेको त्यस्तो मजबूत र महान पार्टीमा किन उहाँहरू मर्ने बित्तिकै त्यसको मूल नेतृत्व त्यति छिट्टै, त्यति सजिलै र शान्तपूर्वक संशोधनवादीहरूले हत्याउन सक्ने हुन गयो त ? यसको खोजपूर्ण गहन उत्तर कार्यपत्रमा भेटिन्न । किन मार्क्सवादीहरूले पूँजीवाद ढाल्न चाहिं ज्यादै ठूलो सामाजिक खती व्यहोरेर रक्तपातमय क्रान्ति नै गर्नुपर्ने, किन पूँजीवादी संशोधनवादीहरूले चाहिं त्यति सजिलै, शान्तिपूर्वक नै समाजवाद धराशायी पार्न सक्ने ? के त्रुटी कमजोरी छ हाम्रो खेमामा र हाम्रो व्यवहारमा ? -यो खोतल्ने प्रयास कार्यपत्रमा भएको देखिंदैन ।

कार्यपत्रले विभिन्न मुलुकमा सामाजवाद अभ्यासको दौरानमा देखापरेका नयाँ नयाँ गंभीर चुनौति र समस्याहरूको बारेमा पनि केही उल्लेख गरेको छैन । कार्यपत्र ज्यादाजसो रूस र चीनमा मात्र केन्द्रित देखिन्छ ।

यस मानेमा कार्यपत्र निकै सतही, समान्य, र अमूर्त महशूस हुन्छ ।

कार्यपत्रले सबै अल्पविकसित र प्रगतिगमनमुखी मुलुकहरूमा शसस्त्र संघर्ष गर्ने सर्वोत्तम परिस्थिति रहेको अनौठो विश्लेषण गरेको छ । तीमध्ये धेरैमा "दीर्घकालीन जनयुद्ध" हुन सक्ने उसको निष्कर्ष छ । त्यहाँ चिनीयाँ मोडेलको नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्ति सम्पन्न गर्नुपर्ने कार्यपत्रको निचोड छ । संसारमा 'बहुसंख्यक मुलुकहरूमा' अहिले 'अर्द्ध-सामन्ती' र 'अर्द्ध-औपनिवेशिक' स्थिति रहेको कार्यपत्रको निष्कर्ष छ र यही निष्कर्षका आधारमा कार्यपत्रले उपरोक्त निष्कर्ष निकालेको छ ।

कार्यपत्रको यो विश्लेषण हचुवा छ र ठोस स्थितिको ठोस विश्लेषणमा आधारित छैन भन्ने मलाई लाग्छ । अठारौं शताब्दीको यूरोपको राष्ट्रिय औद्योगिक पूँजीवादलाई मोडेल मानेर आजको नव-औपनिवेशिक युगमा पनि पूँजीवाद भन्नाले केवल राष्ट्रिय उद्योग धन्दाको र औद्योगिक मजदूर वर्गको खूबै विकास भएको राष्ट्रिय औद्योगिक पूँजीवाद मात्र बुझ्ने स्थिर सोचका कारणले यो गलत निष्कर्ष निक्लेको हो । आजको नव-औपनिवेशिक युगमा ज्यादाजसो एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका तेश्रो विश्वका मुलुकमा औद्योगिक पूँजीवाद होइन, व्यापारिक पूँजीवाद विकसित भइरहेको, राष्ट्रिय उद्योगधन्दा भन्दा ज्यादा अन्तर्राष्ट्रिय व्यापार फस्टाइरहेको, समग्र अर्थतन्त्र मुख्यतः राष्ट्रिय पूँजीभन्दा ज्यादा अन्तर्राष्ट्रिय साम्राज्यवादी केन्द्रको वित्तीय पूँजीमा आश्रित भइरहेको र धेरैजसो राष्ट्रिय पूँजीपतिहरू धाराशायी भएर दलाल पूँजीपतिहरूको खाँडो जागेको नयाँ पूँजीवादी विश्व परिस्थितिबारे विचार स्पष्टता नहुनाले यो निष्कर्ष निकालिएको भन्ने मलाई लाग्छ ।

कार्यपत्रले विकसित औद्योगिक पूँजीवादी मुलुकमा अहिले कानूनी संघर्षलाई संघर्षको मुख्य रूप बनाउने, र यसरी शक्तिशाली जन-आन्दोलन सृजना गर्ने र भविष्यमा मजदूरहरूको विद्रोहका निम्ति तैयारी स्वरूप अहिले भूमिगत तम्तयारी गर्नुपर्ने धारणा अघि सारेको छ । जम्माजम्मीमा यो अवधारणा बेठीक छैन भन्ने मलाई लागेको छ ।

ठीक त्यसरी नै ती खालका मुलुकहरूमा मजदूरहरूको हड्ताल र जन समुदायको विरोध संघर्षलाई घनीभूत पार्नु पर्ने प्रचार र आन्दोलनका लागि सस्तो र छिटो नयाँ जन संचारमाध्यम प्रयोग गर्नुपर्ने र बाटोमा मोटरको ब्लकेड, राजनीतिक र आर्थिक केन्द्रहरूको कार्यालय बन्द गर्ने, एकाधिकार पूँजीपति वर्गको कम्प्युटर प्रणाली ठप्प गरी दिने जस्तो नयाँ संघर्षका रूपहरू अप्नाउनु पर्ने धारणा कार्यपत्रले प्रस्तुत गरेको छ । यो धारणा सामाजिक छ भन्ने लाग्दछ ।

कार्यपत्रमा फिलीपाइन्सको कम्युनिष्ट आन्दोलनको इतिहास, पार्टीको वर्तमान रणनीति-कार्यनीति र पार्टीको स्थितिबारे पनि उल्लेख छ । यसबारे मूल्यांकनले छुट्टै अन्तर्वार्ता र वर्णन प्रस्तुत गर्ने सोच राखेको छ । त्यसैले, यहाँ यसबारे चर्चा गरिएको छैन ।

### *तीनवटा कार्यशाला गोष्ठीहरू*

प्लेनरी सेसनको अन्त्यपछि ७ नोभम्बरकै दिन संपूर्ण प्रतिनिधिहरूलाई उनीहरूका अनुभव र पृष्ठभूमिका आधारमा तीनवटा कार्यशाला समूहमा बाँडियो । र दुई दिनसम्म एकै समयमा तीनवटा अलग अलग ठाउँमा तीनवटा विषयमा तीनवटा कार्यशाला गोष्ठीहरू संपन्न भए । गोष्ठीमा निकै महत्वपूर्ण छलफलहरू भए । ❑

*(कार्यशाला गोष्ठीको रिपोर्ट मूल्यांकनको आगामी अंकमा)*

संयुक्त राज्य अमेरिकाको ४३ औं राष्ट्रपतिको निर्वाचन-मतदान भएको पाँच हप्तासम्म निर्णयमा नपुगेर अन्ततः जर्ज डब्लु बुशको विजयमा गएर टुंगिएको छ । अमेरिकी राष्ट्रपति चयन गर्ने ५३८ निर्वाचक मण्डलमध्ये न्यूनतम रूपमा आवश्यक २७० निर्वाचकभन्दा एक निर्वाचक बढी पाएर श्री बुश अब जनवरी २०, २००१ देखि विश्वको सबैभन्दा शक्तिशाली पदमध्ये एक रहेको अमेरिकी राष्ट्रपतिको पदमा नियुक्त हुनुहुने भएको छ, भने राष्ट्रपति निर्वाचित बुशभन्दा तीन लाखभन्दा बढी मतदाताहरूको प्रत्यक्ष मत प्राप्त गरेर पनि वर्तमान उपराष्ट्रपति अल गोर अन्ततः पराजय स्वीकार गर्न बाध्य हुनुभएको छ । फ्लोरिडा राज्यको विवादास्पद ४३,००० मतको पुनः मत-गणनासम्बन्धी विवादमा अल्झेको मण्डलले आफ्नै दलका उम्मेदवारलाई मत दिनैपर्छ भन्ने चाहिँ छैन ।

## को हुन् त निर्वाचक मण्डल

अमेरिकाको संविधानले प्रत्येक राज्यको लागि न्यूनतम् ३ हुने गरी सन् १९६४ यता कुल ५३८ जना रहने निर्वाचन मण्डलहरूको व्यवस्था गरेको छ । निर्वाचक मण्डलको सदस्य संख्याको निर्धारण संघीय संसदको प्रतिनिधिसभा र सिनेटमा संबन्धित राज्यले पठाउने सदस्यहरूको बरोबर गरिन्छ । यसरी अमेरिकी प्रतिनिधिसभामा रहेका कुल ४३५ सदस्य, सिनेटमा रहेका प्रत्येक राज्यबाट २-२ का दरले हुने १०० सिनेटर र प्रतिनिधिसभामा मतदान हुँदा मताधिकार प्राप्त नहुने गरी डिष्ट्रिक्ट अफ् कोलम्बियाबाट निर्वाचित हुने ३ जना गरी कूल ५३८ को संख्या पुऱ्याइन्छ ।



# अमेरिकाको राष्ट्रपति निर्वाचन र अन्योल



साउथ डकोटा लगायतको कतिपय राज्यहरूले प्रतिनिधिसभाका एकमात्र सदस्य निर्वाचित गर्ने भएकोले ३-३ जनाको दर र सबैभन्दा बढी प्रतिनिधिसभा सदस्य ५४ जना चुन्ने क्यलिफोर्नियाले निर्वाचक मण्डलमा ५६ जना निर्वाचक पठाउँछ । अन्य ठूला राज्यहरू न्यूयोर्कले ३५, टेक्सासले ३४, फ्लोरिडाले २५ जना निर्वाचक पठाउँदछन् ।

राज्यहरूमा राष्ट्रपति पदको लागि मतदान गरिँदा सामान्यतया मतपत्रमा निर्वाचकहरूको लागि प्रतिद्वन्दी समूहहरूबाट अनुमोदित नामहरूमात्र छापिएको हुन्छ । संबन्धित राज्यमा जुन उम्मेदवारले दिएको सूचीको पक्षमा बहुमत पर्दछ, त्यसका सबै निर्वाचक त्यही उम्मेदवारको सूचीबाट छानिएका मानिन्छन् । सम्बन्धित राज्यमा लिएर आएको मतको अन्तिम निर्वाचनमा कुनै अर्थ राख्दैन । उदाहरणको लागि फ्लोरिडा राज्यमा कुल १५४ मतले विजयी भएको कारण बुशले फ्लोरिडाको जम्मै २५ निर्वाचक पाए भने १५४ मतले पराजित गोरले त्यहाँको एक मत पनि पाएनन् । निर्वाचक मण्डलमा अमेरिकी संसदको कूल सदस्य संख्याको बरोबर सदस्य हुने भए तापनि कुनै पनि उम्मेदवारले आफ्नो तर्फबाट निर्वाचक मण्डलको सूची मनोनयन गर्दा संघीय संसदको सदस्य या यस्तै राजनैतिक स्तरका मानिसहरूको नाम भने दिन पाउँदैनन ।

## अमेरिकी जनताको प्रतिनिधि नहुने प्रणाली

व्यापक प्रचार-प्रसार, विश्वको अत्यधिक चासो र जनमतको परिचायक आदि-आदि भनेर प्रचार गरिने गरिएता पनि वास्तवमा अमेरिकी राष्ट्रपति पदको निर्वाचन प्रकृयाले वास्तविक अमेरिकी मतदाताको प्रतिनिधित्व भने गर्ने गरेको देखिंदैन । अमेरिकी निर्वाचन प्रणाली अन्तर्गत राष्ट्रपति बन्न बहुमत अमेरिकी जनताको मत प्राप्त गर्नुपर्ने कुनै बाध्यता छैन । प्रभावशाली तेस्रो पार्टीको उपस्थिति निकै लामो समयदेखि नभएको अमेरिकी राजनीतिमा प्रभावशाली जनसमर्थन प्राप्त भएको मानिसले पनि निर्वाचक मण्डलमा एकमत पनि नल्याउन सक्दछ र एउटा उम्मेदवारको स्लेटमा चुनिएको निर्वाचकले जनवरी ६ तारिखमा मतदान गर्दा अर्कै उम्मेदवारलाई मत दिएको पनि पाइएको छ । जनवरी ६ को दिन आफ्नो निर्वाचकले आफूलाई धोखा दिएर अर्कोलाई मत दिने हो कि भन्ने त्रास उम्मेदवारमा जहिले पनि रहन्छ । र, इतिहासमा यसो भएको पनि छ । सन् १८०० को राष्ट्रपति निर्वाचनमा थोमस जेफरसन, १८२४ मा जोन क्वीन्सी एडम्स, १८७२ मा उलीसस ग्रान्ट, १८७६ मा रुदरफोर्ड हायस, १८८८ मा बेन्जामिन ह्यारिसनहरू यस्तै त्रास र निर्वाचकको अरूलाई भोट दिने कामको बीच राष्ट्रपति बनेका थिए । कहिलेकाहीं अमेरिकी निर्वाचनमा त्यतिबेला उम्मेदवारनै नबनेका अर्थात् एउटा मतदाताले पनि मत नदिएका व्यक्तिले पनि निर्वाचक मण्डलको मत पाएको र कहिले उम्मेदवार बनेर करोडौंको संख्यामा मत प्राप्त गर्दा पनि एउटा पनि निर्वाचक मत प्राप्त नभएको रमाइलो दृष्य पनि अमेरिकी प्रजातन्त्रमा देखिन्छ । उदाहरणको लागि सन् १९६० को निर्वाचनमा उम्मेदवारनै नबनेका ह्याटी एफ वार्डले १५ निर्वाचक मत पाएका थिए भने, सन् १९९२ मा लगभग दुई करोड अमेरिकी मतदाताको मत पाउने रोस पेरोले निर्वाचक मण्डलको मत एउटै पनि प्राप्त गर्न सकेनन् ।

## अदालतले बनाएका राष्ट्रपति

यतिबेला निर्वाचित राष्ट्रपति जर्ज बुश अमेरिकाको इतिहासमा पहिलोपटक त्यहाँको संघीय सर्वोच्च अदालतले बनाइदिएको राष्ट्रपति भएको देखिन्छ । अमेरिकाको राष्ट्रपति निर्वाचन अमेरिकी संघीय सर्वोच्च अदालतको हस्तक्षेपपूर्ण अन्तिम फैसलाले गर्दा अल्पमतको भर र निर्वाचक मण्डलको बहुमतले बुशको निर्वाचनमा विजयको घोषणा भएको हो ।

## कसरी र कहिले हुन्छ अमेरिकाको राष्ट्रपति निर्वाचन

बेलायतको उपनिवेशबाट मुक्त भएयता प्रत्येक चार वर्षमा नोभेम्बर महिनाको पहिलो सोमबार पछिको पहिलो मंगलबारको दिन अमेरिकामा राष्ट्रपति पदको निर्वाचनको लागि मतदान हुने गर्दछ । अमेरिकाको पचास राज्य र राजाधानी वासिंगटन रहेको डिष्ट्रिक्ट अफ कोलम्बिया (DC) का जनताले आफ्नो आगामी राष्ट्रपति पदको निम्ति मतदान गर्दछन् । यस्तो मतदानको समयमा उनीहरूले राष्ट्रपति पदका खास उम्मेदवारलाई मत दिएको जस्तो देखिएता पनि वास्तवमा प्रत्येक राष्ट्रपति पदको उम्मेदवारले आफ्नो पक्षको भनी नाम दिएका राष्ट्रपति पदको निर्वाचक मण्डलको State नाम सूचीलाई निर्वाचित गर्दछन् । यसरी छानिएका निर्वाचकहरूले औपचारिकरूपमा जनवरी ६ को दिन संघीय संसदकक्षमा बसेर सामान्यतया आफू जसको सूचीमा परेर निर्वाचित भएको हो त्यही उम्मेदवारलाई राष्ट्रपति बनाउनको निम्ति मतदान गर्दछन् । यसरी निर्वाचित निर्वाचक

फ्लोरिडा राज्यको २५ निर्वाचक मतको लागि भएको मतदानमा मतदाताले मत दिएता पनि कम्प्यूटरले मतपत्रहरूमा लागेको मेशिनको चिन्ह राम्ररी पढ्न नसकेपछि ती मतहरू हातले गन्ने कि नगन्ने भन्ने विषयमा काउन्टी, एपिलेट र राज्यको सर्वोच्च अदालतले प्रजातन्त्रको आधारभूत सिद्धान्त प्रत्येक मतदाताले मत दिन पाउने र प्रत्येक मत गनिनु पर्ने तर्क अगाडि सारी विवाद भएको सबै मत गन्ने आदेश दिएकोमा संघीय सर्वोच्च अदालतका कुल ९ जना न्यायाधीशमध्ये पाँच जनाको बहुमतले ती मत गन्न नपर्ने ठहर गरेपछि पाँच हप्तासम्मको राष्ट्रपति बन्ने भन्ने विवाद कानूनी रूपमा समाप्त गरिएको थियो । बुशको पक्षमा मत दिने पाँचैजना न्यायामूर्तिहरू उनको रिपब्लिकन पार्टीका राष्ट्रपतिहरूले नियुक्ति दिएका मानिसहरू भएको हुँदा सर्वोच्च अदालतको निर्णय पनि विवादास्पद स्वतः बनेको छ । अमेरिकाभरिको बढी मत प्राप्त गर्ने उम्मेदवारलाई पराजित गर्न फ्लोरिडाको विवादास्पद ४३ हजार मतपत्रको लेखानै नराखी जम्मा-जम्मी १५४ मतको अग्रताको आधारमा राज्यको सबै २५ निर्वाचक मत आफ्नै पार्टीको उम्मेदवारलाई उपलब्ध भएको निर्णय दिने सर्वोच्च अदालतका बहुमत न्यायमूर्तिको फैसलाले विकसित संसारको प्रजातन्त्रको राम्रो 'नमूना' पेश गरेको मानिन्छ ।

❑ शिशिर थापा

**बुशको पक्षमा मत दिने पाँचैजना न्यायामूर्तिहरू उनको रिपब्लिकन पार्टीका राष्ट्रपतिहरूले नियुक्ति दिएका मानिसहरू भएको हुँदा सर्वोच्च अदालतको निर्णय पनि विवादास्पद स्वतः बनेको छ ।**

◀ आवरण कथा




# के मा र कसरी हुनुपर्छ संविधानको संशोधन ?

– श्याम श्रेष्ठ –

संविधान संशोधन अहिले नेपालमा एउटा महत्वपूर्ण सार्वजनिक बहसको मुद्दा बनिरहेछ । यो बहसमा एक थरिको विचार छ- संविधान संशोधन होइन, संविधान परिवर्तन हुनुपर्छ । अर्को थरिले, संविधान ठीकठाक छ, दोष सरकार चलाउनेहरूमा छ, त्यसैले संविधानमा संशोधन गर्ने होइन, सरकार चलाउनेहरूको सोच र आचरणमा संशोधन हुनुपर्‍यो भन्ने धारणा अघि सारेका छन् । तेश्रो थरिले, माथिका दुवै मतमा सहमत भए पनि वा नभए पनि संविधानमा चाहिँ प्रशस्त त्रुटी देखिएकाले संशोधन हुनैपर्ने धारणा अघि सारेका छन् ।

हरेक समयको राजनीतिक संविधान त्यो समयको जन-शक्ति र राज्य-शक्तिबीचको शक्ति बाँडफाँटको संझौता हो । प्रगति, परिवर्तन, मुक्त र स्वतन्त्र हुने आकांक्षा हरेक देशका जनताको मुख्य प्रवृत्ति हो । यथास्थितिमा बाँधीराख्नु, नियम-कानून र निर्णयहरू लाद्नु, र शक्ति प्रयोग गर्नु प्रायः राज्य-शक्तिको मुख्य प्रवृत्ति हो । जनताको प्रगति, परिवर्तन, मुक्ति र स्वतन्त्रताको आकांक्षा तथा राज्यशक्तिको बाँध्ने, लाद्ने र शक्ति प्रयोग गर्ने प्रवृत्तिबीचको द्वन्दमा त्यस समयको आफ्नो तागतका आधारमा कसले के कति हासिल गर्‍यो, त्यसको मूर्त अभिव्यक्ति नै त्यो बेलाको राजनीतिक संविधान हो ।

जनताको प्रगति, परिवर्तन र स्वतन्त्रताको आकांक्षा र त्यो हासिल गर्ने सामर्थ्य कहिल्यै स्थिर र एउटा बिन्दुमा सीमित भइरहने कुरा होइन । यो हमेशा परिवर्तनशील हुन्छ । ठीक त्यस्तै राज-शक्तिको प्रवृत्ति र तागत पनि । त्यसैले, कुनै पनि राज्यसत्ताले आफूले लादेको संविधानलाई जतिसुकै अपरिवर्तनीय र स्थिर बनाउन खोजे पनि त्यो कदापि अपरिवर्तनीय र स्थिर रहँदैन । त्यो हमेशा गतिशील हुन्छ । त्यो या त जनताको आकांक्षा र तागतमा बदलाहट आउनाले बदलिन्छ, या राज्य शक्तिको आकांक्षा र तागतमा परिवर्तन आउनाले, या दुबैको द्वन्द-सन्तुलनको कारणले ।

त्यसैले, कुनै पनि संविधान अन्तिम र अपरिवर्तनीय संविधान होइन, र हुन सक्दैन । कसैले त्यस्तो बनाउन खोज्छ भने त्यो प्रयत्न प्रकृति र समाजको विकासको नियमविरूद्ध हुन जान्छ । तसर्थ, त्यो विफल हुने निश्चित छ । नेपालको वर्तमान संविधान पनि त्यसको अपवाद होइन, र हुन सक्दैन ।

मेरो व्यक्तिगत विचारमा नेपालमा अहिले २०४७ यता पूँजीवादी संविधान कायम छ । पूँजीवादी व्यक्तिगत संपत्तिलाई र त्यो संपत्तिको रक्षा र प्रवर्द्धन गर्ने स्वार्थलाई व्यक्तिगत स्वतन्त्रताको हकमार्फत् यो संविधानले जति राम्ररी नेपालको इतिहासमा अर्को कुनै संविधानले रक्षा गरेको देखिन्न ।

यो संविधानमा व्यक्तिगत संपत्तिको हकलाई यति कडीकडाइपूर्वक संरक्षित गरिएको छ कि यस मुताविक चल्ने हो भने बिना-मुआब्जा प्रगतिशील हदबन्दी र जसको जोत उसको पोत लागू गरेर क्रान्तिकारी भूमिसुधार गर्नु संभव छैन । न त यो संविधानअनुसार दलाल, अराष्ट्रिय र शोषणकारी पूँजीको राष्ट्रियकरण नै संभव छ । पंचायती संविधानसमेत पूँजीवादी व्यक्तिगत संपत्तिको संरक्षणको मामलामा यति कट्टरपन्थी र बोलक्कड थिएन । मेरो निजी ठम्याइमा यो संविधानले अर्थतन्त्रमा झैं राजनीतिको क्षेत्रमा पनि प्रतिस्पर्धात्मक पूँजीवादी राज्यप्रणाली स्थापित गरेको छ । बेलायतको मोडेलको वेष्टमिनिष्टर ढाँचाको यो बहुदलीय संसदीय राज्य-व्यवस्था सारमा पूँजीवादी प्रजातान्त्रिक चरित्रको छ । पहिलेको निरंकुश राजतन्त्रलाई संवैधानिक राजतन्त्रमा रूपान्तरित गरेर यो



- २०४६ सालको जनआन्दोलनको क्रममा चैत २४ गते राजदरवारअगाडि भएको ऐतिहासिक एवं निर्णायक प्रदर्शनको क्रममा प्रदर्शनकारीमाथि भएको प्रहरी दमनको दृश्य । उक्त आन्दोलनको सफलताले वर्तमान संविधानलाई जन्म दिएको थियो । (चित्र साभारः *प्रजातन्त्रको उदय*)

संविधानले सामन्ती चरित्रको राजतन्त्रलाई पूंजीवादीकरण गरेको छ । सारमा, सवैधानिक राजतन्त्र भनेको संसारभरि नै राजतन्त्रको बुर्जुवाकरण हो ।

यो संविधानले 'स्थायी बसोबास भएका' नागरिकलाई मात्र नेपालका नागरिक ठहर्ने व्यवस्था गरेको छ । (हेर्नुहोस्, संविधानको धारा- ८) । घुमाउरो रूपमा यो भनेको जोसँग पूँजीवादी व्यक्तिगत संपत्ति छैन, ऊ नेपालको नागरिक हुँदैन पनि भनिएको हो । यसप्रकार यो पूँजीवादी संविधानले नागरिकताको मुख्य शर्तसमेत पूँजीवादी व्यक्तिगत संपत्तिलाई बनाएको छ । नेपालमा ६ प्रतिशत नागरिकको आफ्नो कुनै बसोबास नै छैन, स्थायी वा अस्थायी बसोबास को त कुरै छाडौं । यो भनेको कुल जनसंख्यामा १२/१३ लाख नागरिकको सवाल हो । मूलत : पूँजीवादी व्यक्तिगत संपत्तिमा आधारित यो संविधानअनुसार यी बसोबास नभएका गरीखाने वर्गका मानिस त नेपालको नागरिक नै ठहरिन नसक्ने भए ।

यो पूँजीवादी संविधानलाई देशको मूल कानून बनाएर नेपालमा बहुदलीय-संसदीय ढाँचाको पूँजीवादी प्रजातन्त्र कायम भएको अहिले एक दशक बितेको छ । यो १० वर्षमा यो राज्य व्यवस्थाले देश र जनताको कुनै पनि आधाभूत समस्या हल गर्न सकेको छैन । न गरीबीको समस्या हल भयो, न बेरोजगारीको, न क्रान्तिकारी भूमिसुधार लागू गरेर अन्यायपूर्ण भू-स्वामित्वको र भूमि संबन्धको र न्यून कृषि-उत्पादकत्वको समस्या हल गर्न सक्यो, न औद्योगीकरण गरेर पछौडेपनको समस्या नै हल गर्न सक्यो । न नेपालको आधा-आकाश महिलाहरूले यो राज्य व्यवस्थामा आर्थिक रूपले सम्पत्तिमा समानताको हक प्राप्त गरे, न उत्पीडित जनजातिहरूले भाषिक मामलामा समानताको हक, न उत्पीडित धर्मावलम्बीहरूले समान धार्मिक व्यवहार नै प्राप्त गरे ।

यीमध्ये बहुसंख्यक सुधारहरू पूँजीवादी प्रजातन्त्रअन्तर्गत नै हुनसक्ने सुधारहरू हुन् । नेपालको राज्यसत्तामा गत एक दशकमा मूलभूत रूपले नेपाली कांग्रेस अर्थात् पूँजीपति वर्ग नै सत्तामा छ । परन्तु, नेपालको कटु यथार्थ यो हो कि, नेपालमा पूंजीपति वर्गद्वारा पूंजीवादी आर्थिक सामाजिक क्रान्ति नै हुन सकेन । क्रान्तिको त कुरै छोडौं, पूँजीवादी आर्थिक-सामाजिक सुधारसमेत हुन सकेन । उदारीकरण र निजीकरणका नाममा विगत दश वर्षमा जति काम भयो, त्यो देशी वा विदेशी ठूला पूँजीपतिहरूका लागि भयो, बहुराष्ट्रिय निगमहरूका लागि भयो, विश्व बैंक र मुद्राकोषका लागि भयो । महाकाली सन्धिका नाममा भारतीय शासक वर्गका लागि समेत भयो । तर नेपाल राष्ट्र र नेपाली जनताको प्रगति र परिवर्तनको लागि उल्लेखनीय र आधारभूत केही पनि काम भएन । उत्पीडित र शोषित वर्गको मुक्ति र स्वतन्त्रताको लागि आधारभूत प्रकृतिको केही पनि काम भएन ।

त्यसैले, जनताको प्रगति, परिवर्तन, मुक्ति र स्वतन्त्रताको आकांक्षाका हिसाबले नेपालमा सत्ता रिक्तताको स्थिति पैदा भएको छ । किनकि त्यो आकांक्षा साकार गर्ने कुनै पूँजीवादी प्रजातान्त्रिक सत्ता नै सिंहदरबारमा देखापरेन । यही सत्ता रिक्तताको स्थितिमा खाली ठाउं भर्ने हिसाबले माओवादीहरू देखापरेका हुन् ।

**पाँच वटा पक्षमा संविधानमा संशोधन हुनुपर्छ**

-क. बामदेव गौतम, महासचिव ने.क.पा.(माले)

**म आधारभूतवादी कुरा गर्दैछु**

- पूर्व सभामुख दमननाथ ढुंगाना

**संविधानमा संशोधन किन र कसरी ?**

-क. भरतमोहन अधिकारी, नेकपा एमाले

**सवाल संशोधनको होइन, देश र जनताको आवश्यकता अनुसार आमूल परिवर्तनको हो**

- क. प्रचण्ड, महामन्त्री नेकपा (माओवादी)

**यो संविधानलाई कालो माने पनि हामीले त्यसमा प्रगतिशील दिशामा हुने संशोधनको समर्थन गर्दछौं**

- क. रामसिंह श्रीस, महामन्त्री नेकपा (मसाल)

**अहिले उग्रवामपन्थी तथा अति दक्षिणपन्थी दिशाबाट संविधान-सभाको चुनावको कुरा उठेको छ**

-क. लीलामणि पोखरेल, महासचिव संयुक्त जनमोर्चा

यतिखेर नेपालमा बहुदलीय-संसदीय व्यवस्थाप्रति नै आम जनतामा व्यापक निराशा देखापरिरहेको छ । परन्तु, त्यो निराशा क्रान्तिकारी विद्रोहको निम्ति आवश्यक स्तरसम्म संगठित, सुस्पष्ट र चेतनशील भइसकेको छैन । निराश जनताको एउटा ठूलो पाटो प्रतिगमन वा प्रतिक्रान्तिकारी परिवर्तनको दिशातिर लहसिने संभावनासमेत यतिखेर टड्कारो देखिएको छ ।

एउटा आधारभूत सवालमा अहिले पनि जनसंख्याको ठूलो भागमा आशावादिता बाँकी रहेको छ । त्यो के भने- ठीक छ, सिंहदरबारमा कांग्रेस पुगेर त केही भएन, एमाले पुगे केही हुन्थ्यो कि ? पूँजीवादी वर्गको पार्टीले त केही गरेन, वामपन्थी पार्टीले केही गर्थ्यो कि ? यस्तो आशावादिता पालिरहेका ३०/३१ प्रतिशत बालिग नागरिकहरूले संसदीय चुनावमा यही कारणले एमालेलाई भोट हालिरहेका छन् । अर्थात् बालिग जनसंख्याको एक तिहाईमा यही सोच व्याप्त छ ।

यो स्थितिमा पूँजीवादी बहुदलीय संसदीय व्यवस्थाप्रति जनताको नैराश्य त काफी बढेको छ र झन् झन् तीव्र गतिमा बढ्दैछ । परन्तु त्यो मूलतः क्रान्तिकारी चरित्रको भइसकेको छैन र क्रान्तिका लागि भौतिक-वैचारिक रूपले स्पष्ट र सक्षम हुनेगरी संगठित पनि भइसकेको छैन । निराश जनताको एउटा ठूलो भागमा- संविधान र व्यवस्थामा परिवर्तन होइन, सरकारमा मात्र परिवर्तन गरे पनि हाम्रो जीवनमा प्रगति र परिवर्तन आउँथ्यो कि भन्ने प्रश्न र भ्रम बाँकी छ ।

यो कटु यथार्थ देशमा विद्यमान भएका बेला हाम्रो संविधान संशोधनप्रति के दृष्टिकोण र नीति हुनुपर्छ त ?

नेतृत्वको चेतना र आम जनताको चेतनालाई एउटै ठान्ने र छ्यासमीस् गर्ने गल्ती क्रान्तिकारीहरूले कहिल्यै गर्नु हुँदैन । क्रान्तिकारीहरूले कामको थालनी जनताको वास्तविक चेतनास्तरलाई आधारबिन्दु बनाएरै गर्नुपर्छ । तर उनीहरूको चेतनास्तरमा आफू खस्ने होइन । वर्ग संघर्षको मूर्त व्यवहारिक उदाहरणबाट आफ्नो चेतनास्तरमा उनीहरूलाई उठाउन हरसंभव प्रयत्न गर्नुपर्छ ।

यो कोणबाट हेर्दा र काम गर्दा अहिले नै वर्तमान पूँजीवादी संविधान खत्तम पारौं, वर्तमान बहुदलीय संसदीय व्यवस्था स्वाहा पारौं भन्ने नारा उत्पीडित जनताको क्रियात्मक नारा बन्ने स्थिति छैन । संविधान-सभाकै नारा पनि अहिले लोकप्रिय र बस्तुसम्मत नारा बन्नसक्ने स्थिति देशमा विद्यमान छैन । जुन वस्तुगत कारणले नेपालको संसदीय चुनावमा बारंबार नेपाली कांग्रेसको बहुमत आउँछ, त्यही वस्तुगत कारणले संविधान-सभाको चुनावमा पनि प्रतिक्रियावादी बहुमत सहजै आउन संभव देखिन्छ । अझ, गणतन्त्र कायम गर्नका लागि हुने संविधान-सभाको चुनावमा गणतन्त्रको विरूद्धमा नेपाली कांग्रेसमात्र एक्लो शक्ति हुँदैन, ऊसित आफ्नै स्वार्थका कारणले दरबार पनि एकताबद्ध हुनेछ भन्ने कुरा निश्चित छ । दरबार र कांग्रेस मिले भने त्यो क्रान्तिको फाइदामा कदापि हुनेछैन, त्यो प्रतिक्रान्तिको हितमा हुनेछ ।

त्यसैले, यतिखेर संविधान-सभाको नारा र माग क्रान्तिको हितमा देखिन्न, त्यो प्रतिगमनको हितमा देखिन्छ । देशमा क्रान्तिकारी परिस्थिति पैदा भएको बेला, वा दरबार एक्लिएको बेला यो नारा दिनुमात्र बुद्धिमानी हुनेछ ।

अहिलेको परिस्थितिमा सबै क्रान्तिकारीहरूले तीनवटा कार्यनीति अप्नाउनु देश र जनताको हितमा हुनेछ । पहिलो, अहिले जुन ढंगले गरीबी, बेरोजगारी, भ्रष्टाचार बढ्दैछ, जुन ढंगले व्यक्तिगत संपत्ति र चुनावमा पैसाको खेल बढ्दैछ, पैसा ज्यादा हुनेले मात्र बाँच्न सक्ने, अरूले बाँच्नै नसक्ने स्थिति सृजना हुँदैछ, जुन ढंगले राष्ट्र र जनताको, पर-निर्भरता र बर्बादी बढ्दैछ, त्यो केवल सरकारको दोष होइन, त्यो पूँजीवादी राज्य व्यवस्था सिंगैको दोष हो भनेर आमजनतामा कारणसहितको स्पष्टता बृद्धि गर्ने, जागरण ल्याउने । यो जागरण र स्पष्टताले देशमा क्रान्तिकारी परिस्थिति तयार पार्न

# संविधान संशोधन : कति आवश्यक, कति अनावश्यक ?

मद्दत गर्नेछ । दोश्रो, पूँजीवादी प्रजातान्त्रिक आर्थिक सामाजिक सुधारको कार्यभारसमेत पूँजीपति वर्गले बहन गर्न नसकेको नेपालको वर्तमान स्थितिमा संपूर्ण वामपन्थीहरू यो कार्यभार आफ्नो काँधमा लिन एकजूट हुने र यसरी तल भुइँ तहदेखि, सडक र संसदमा यसका निम्ति जन-आन्दोलनको आँधीबेहरी सृजना गर्ने । आफ्नो बाहुल्य भएको ठाउँमा सबै वामपन्थी एकताबद्ध भएर यहीं र अहिल्यै क्रान्तिमुखी सुधार कार्यहरूको थालनी गर्ने । र तेश्रो, अहिले संविधानमा त्यस्ता प्राबधानहरूको संशोधन गर्न एकजूट हुने, जसले राजतन्त्रको शक्ति घटाउँछ, सत्ताको अति केन्द्रिकरण घट्छ, जनताको स्वायत्तता र शक्ति बढ्छ र उत्पीडित लिंग, धर्म र जनजातिहरू बढ्ता अधिकारसंपन्न हुन्छन् ।

**कुन कुन सवालमा संविधान संशोधन गर्नु जनताको हितमा हुनेछ ?**

गरे संपूर्ण संविधान नै परिवर्तन गर्ने, नगरे केही पनि नगर्ने, संविधानको सुधारका लागि क्रियाशील नहुने सोच बेठीक छ भन्ने मलाई लाग्छ । यो सके पूँजीवादी व्यवस्था नै बदल्ने, नसके मजदूरको ज्याला ४० रूपियाँबाट ६० रूपियाँ पार्न भने संघर्ष नै नगर्ने सोच जस्तै हो ।

अहिले संविधानमा निम्न सवालमा संशोधन गर्नु नेपाली क्रान्ति र उत्पीडित जनताको हितमा हुनेछ भन्ने मलाई लाग्छ :

◆ पहिलो, यो संविधानमा एकातिर नेपाली जनतामा नेपालको सर्वभौमसत्ता निहित छ भनिएको छ, अर्कोतिर सार्वभौम जनताले संविधानका निश्चित प्रावधानहरू बदल्न नसक्ने बनाइएको छ, यो ठूलो विरोधाभाष हो । त्यसैले संविधानको धारा ११६ मा उल्लिखित अपरिवर्तनीय धारा र प्रावधान हटाउने । संविधानको कुनै पनि धारालाई जनताबाट संशोधन गर्न सकिने बनाउने ।

◆ दोश्रो, राजपरिवारको दायरा सानो पार्ने, श्री ५, रानी, र युवराजाधिराजमात्र राजपरिवारको सदस्य ठहरिने व्यवस्था गर्ने, जस्तो संविधान सुझाव अयोगको संविधान मस्यौदामा थियो ।

◆ तेश्रो, संविधानको धारा ४ मा उल्लिखित नेपाललाई 'हिन्दू' अधिराज्य बनाउने प्रावधानबाट 'हिन्दू' शब्द झिक्ने । अर्थात् नेपाललाई धार्मिक समानता भएको धर्मनिरपेक्ष राज्यमा बदल्ने । यसबाट धर्मको मामलामा अहिलेसम्म बाँकी सामन्ती असमानताको अन्त्य हुनेछ ।

◆ चौथो, नेपाली भाषालाई 'राष्ट्र भाषा' घोषित गर्ने संविधानको धारा ६(१) को प्रावधान हटाउने । धारा २ मात्र कायम गर्ने । जसमा "नेपालमा मातृभाषाका रूपमा बोलिने सबै भाषा"लाई 'राष्ट्रिय भाषा' भनिएको छ । यसबाट भाषिक मामलामा नेपालमा बाँकी सामन्तवादको अन्त्य हुनेछ ।

◆ पाचौं, नेपालको राष्ट्रिय गान बदल्ने । राजाको व्यक्तिगत प्रशंसा र सलामीको बदलामा देश र जनताको उच्च सम्मान गरिएको नयाँ राष्ट्रिय गान तयार गर्ने ।

◆ छैठौं, नेपालको नागरिक हुन नेपालमा 'स्थायी बसोबास' भएको हुनुपर्ने प्रावधान धारा ८ बाट हटाउने । त्यसको बदलामा, 'वंशजका नाताले नेपालमा रही आएका' भन्ने प्रावधान राख्ने । यो व्यवस्थाबाट लाखौं भूमिहीन मजदूरहरू र घरवासविहीन नागरिकहरू नेपालको नागरिक हुन पाउनेछन् । नागरिक हुन व्यक्तिगत संपत्ति जरूरी हुनेछैन ।

◆ सातौं, संविधानको धारा ११ को समानताको हकको उपधारा '५' मा महिलाहरूलाई 'समान कामको लागि समान ज्याला'को साथसाथै निम्न प्रावंधान राख्ने, 'महिलाहरू र पुरूषहरूबीच आर्थिक-राजनीतिक र सामाजिक क्षेत्रमा कुनै पनि किसिमको भेदभाव गरिने छैन ।'

यो प्रावधानबाट नेपालको आधा जनसंख्या-सामन्ती असमानताबाट मुक्त हुनेछ । महिलाहरूलाई आर्थिक सामाजिक क्षेत्रमा पुरूषसरह समानताको हक प्राप्त हुनेछ ।

◆ आठौं, धारा १७ को संपत्तिको हकमा-'सार्वजनिक हितको लागि' बाहेक 'राज्यले कुनै व्यक्तिको संपत्तिको अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो संपत्तिउपर अरू कुनै प्रकारको कुनै अधिकारको सिर्जना गर्ने छैन' भनिएकोमा 'कानून बमोजिम बाहेक' पारिनु पर्छ । र, क्षतिपूर्तिसम्बन्धी उपधारा ३ को प्रावधान हटाइनु पर्छ । यस्तो गरियो भने बल्ल राज्यले सामाजिक न्यायका आधारमा क्रान्तिकारी भूमिसुधार गर्नु संभव हुनेछ ।

◆ नवौं, मंत्री हुन संसदको सदस्य हुनैपर्ने व्यवस्था अन्त्य गर्नुपर्छ । यस्तो गरियो भने विषय विज्ञहरूबाट मन्त्री हुने प्रणालीको प्रारम्भ हुनेछ ।

◆ दशौं, राष्ट्रिय सभालाई विषयविज्ञ र जनजातिको सभामा परिणत गरिनुपर्छ ।

◆ एघारौं, जुन जुन जिल्ला र क्षेत्रमा जुन जुन जनजातिको बाहुल्य छ, त्यहाँ तिनै तिनै जनतातिको जिल्लागत वा क्षेत्रीय जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ ।

◆ बाह्रौं, हरेक जिल्ला/न.पा./ र गाविसहरूलाई आ-आफ्नो विकास योजना बनाउने, कर लगाउने, स्थानीय प्राकृतिक स्रोतको व्यवस्थापन गर्ने, त्यसको उपज बेचबिखन गर्ने व्यापक हक हुनुपर्छ । स्थानीय सरकारलाई शक्ति संपन्न बनाइनुपर्छ । यसबाट सत्ता र स्रोतको अति केन्द्रिकरण कम हुनेछ र स्थानीय जन-प्रतिनिधि संस्थाहरू ज्यादा बलवान हुनेछन् ।

◆ तेह्रौं, भारतमा मुख्यमन्त्री निर्वाचित भएजस्तै नेपालमा प्र.जि.अ. पनि स्थानीय जिल्ला विकास समतिद्वारा निर्वाचित हुने व्यवस्था हुनुपर्छ । यस्तो भयो भने जिल्ला प्रशासक जनताप्रति उत्तरदायी हुने र जनताद्वारा नियन्त्रित हुने प्रणालीको प्रारम्भ हुनेछ । प्र.जि.अ. कम निरंकुश र कम दमनकारी हुनेछन् ।

◆ चौधौं, अर्थ विधेयक, शाही नेपाली सेना र सशस्त्र प्रहरी सेवासम्बन्धी विधेयक संशोधन गर्न श्री ५ को सहमति चाहिने व्यवस्थाको अन्त्य हुनुपर्छ ।

◆ पन्ध्रौं, चुनावमा भाग लिने व्यक्तिहरूको सर्वदलीय तटस्थ सरकारद्वारा आम चुनाव गराइनु पर्छ ।

❑

# संशोधनको प्रस्तावक एमाले के भन्छ ?

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ले वर्तमान नेपाल अधिराज्यको संविधान, ०४७ मा संशोधनको प्रस्ताव अघि सारेको छ । यसले देशव्यापी रुपमा संविधान संशोधनको विषयमा छलफल शुरुभएको छ । पक्ष विपक्षमा विचारहरु आइरहेका छन् । यसलाई हामीले अत्यन्त सकारात्मक रुपमा लिएका छौं । समर्थन र विरोध छलफलको स्वभाविक प्रक्रिया हो । सबभन्दा महत्वपूर्ण कुरा संविधान संशोधन विषयमा राष्ट्रियस्तरको छलफल भइरहेको छ । कुनै आग्रह र पूर्वाग्रह नलिएमा यसले स्वभाविक रुपमा राष्ट्रिय निश्कर्ष निकाल्नेछ, जसले प्रजातन्त्रलाई बलियो बनाउनेछ, जनतालाई बलियो बनाउनेछ ।

संविधान संशोधनको प्रस्ताव अघि सानुपर्ने कारण के हो ? यो स्वभाविक रुपमा पहिलो प्रश्न हुन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ जारी भई लागू भएको १० वर्ष पूरा भई ११ वर्ष चल्दैछ । यो संविधानले नेपालको इतिहासमा पहिलोपल्ट नेपाली जनतालाई सार्वभौम सत्ता सम्पन्न बनाएको छ । जनताको मौलिक अधिकारलाई संवैधानिक सुरक्षा प्रदान गरेको छ । राजनीतिक पार्टीहरुलाई प्रतिबन्ध लगाउन नपाइने व्यवस्था गरेको छ । यो संविधान २०४६ सालको जन-आन्दोलनको ठूलो उपलब्धि हो । संविधान यति बढी प्रजातान्त्रिक र जनपक्षीय हुनुमा संविधान निर्माणमा वामपन्थीहरुको महत्वपूर्ण भूमिका रहनु पनि एउटा कारण हो । संविधान मस्यौदा समितिमा वाममोर्चाका तर्फबाट हामी थियौं- क. निर्मल लामा, क. माधवकुमार नेपाल र म । संविधान जारी भएको विगत दश वर्षको सबभन्दा उज्यालो पक्ष के रहेको छ भने, यस अवधिमा नेपालको इतिहासमा अभूतपूर्व जनस्तरमा राजनीतिक अभ्यासहरु भए । ३ वटा महानिर्वाचन भयो । २ वटा स्थानीय निर्वाचन भयो । राजनीतिक पार्टी र जनवर्गीय संगठनहरुको सभा, सम्मेलन, प्रशिक्षण, पत्रपत्रिकाको व्यापक प्रकाशन, गाउँ गाउँमा राष्ट्रिय मुद्दा र स्थानीय मुद्दामा व्यापक छलफल भएको छ । इमन्दारीपूर्वक भन्ने हो भने, नेपालको इतिहासमा यत्रो जन-जागृति कहिल्यै आएको थिएन, जो विगत दश वर्षमा देखियो । गाउँ गाउँमा जनतामा असन्तोष, विरोध, आक्रोश जो देखिएको छ, यो पनि चेतनाको अभिबृद्धिकै फल हो । यसलाई मैले विगत दश वर्षको उपलब्धिको रुपमा लिएको छु । समाजमा आमूल परिवर्तन गर्न चाहने आन्दोलनकारीहरुको लागि यो ठूलो उपलब्धि हो । संविधान जारी भएको १० वर्षमा मैले देखेको यही उज्यालो पक्ष हो ।

तर अर्कोतर्फ संविधान जारी भएको यो १० वर्षमा नेपाली जनताले के पाए भन्दा हामीले भन्नैपर्छ, सबै क्षेत्रमा असफलता, निराशा र जनताका जीवनमा तबाही नै देखापरेको छ । राजनीतिक, आर्थिक, सामाजिक

हर क्षेत्रमा विकृति, विसंगति देखियो । हाम्रो जीवनको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र धराशायी भएको छ । किसानको ढाड भाँच्ने काम भएको छ । कृषि मलको भाउ बढ्छ, धानमा भाउ घट्छ । मट्टितेलको भाउ दोब्बर भएको छ । नेपालको इतिहासमा हर क्षेत्रमा यत्रो महँगी आएको थिएन, जो विगत १० वर्षमा नेपाली कांग्रेसको सरकारले ल्याएको छ । गाउँमा गरीबी बढेको छ, बहुदल आउनु अघि १०० जनामा ४२ जना जनता गरीबीको रेखामुनि रहेकोमा अहिले यो बढेर १०० जनामा ५३ जना गरीबीको रेखामुनि रहन पुगेका छन् । बेरोजगार भाइ बहिनीहरुको पल्टन बढ्दो छ । रोजगारी दिने कतै व्यवस्था छैन । कांग्रेसको उदारीकरण, निजीकरण विश्वकीकरणको नीतिको परिणाम उद्योग-धन्दाहरु सखाप भइरहेका छन् । सना घरेलु उद्योगमा १०० वटामध्ये ५५ वटा त बन्द भइसकेका छन् । राजनीतिक रुपमा भ्रष्टाचारले देशलाई गाँजेको छ, सर्वत्र भ्रष्टाचार छ । लाउडा हवाइजहाज भित्र्याउन कांग्रेसी सरकारले प्रचलित

सबैको परिणाम आज जनतामा वितृष्णा फैलिंदो छ । यो के भयो ? यस्तो बेथिति कसरी भयो ? जनताले राहत पाउनु पर्नेमा हर क्षेत्रमा आहत पाइरहेका छन् । यसले जनमानसमा आक्रोश फैलंदो छ । यो स्वभाविक पनि हो । यसको नाजायज फाइदा लिन पुनरुत्थानवादीहरु सगबगाएका छन् । 'राजा आउ, देश बचाउ' भन्ने ठाउँ ठाउँमा नारा लाग्न थालेको छ । यस्तो स्थितिको गम्भीरतापूर्वक मनन गरेर नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ०५७ कार्तिक २७ देखि ३० सम्म बसेको केन्द्रीय कमिटीको अठारौं बैठकले यो निश्कर्ष निकालेको छ कि, अहिलेको स्थिति अत्यन्त भयावह छ, यो यथास्थिति धेरै दिन टिक्दैन पनि । नेपाली कांग्रेसले आफ्नो नालायकी प्रदर्शन गरिरहेको छ । प्रतिगमनको खतराबाट देशलाई जोगाउन, २०४६ सालको जन-आन्दोलनको उपलब्धिको रक्षा गर्दै प्रजातन्त्रलाई सुदृढ गर्न, जनताका अधिकारलाई सुदृढ गर्न वामपन्थी, देशभक्त र प्रजातान्त्रिक शक्तिहरुले गम्भीरतापूर्वक राजनीतिक पहल गर्नुपर्ने आवश्यकतालाई यसले दर्शाएको छ । यही राजनीतिक पहलको एक अंशको रुपमा हाम्रो पार्टीको केन्द्रीय कमिटीले संविधान संशोधनको प्रस्तावलाई अघिसारेको हो । हाम्रो पार्टीले

रोक्नको लागि र स्वच्छ निर्वाचन गराउनको लागि एमालेले संविधानमा संशोधन गरी सर्वदलीय चुनावी सरकारको व्यवस्था गरिनुपर्छ भनी माग गरेको छ । यसको साथै निर्वाचनसम्बन्धी ऐन र निर्वाचनमा खटाइने प्रहरी, कर्मचारी यावत व्यवस्थापनमा सुधार गर्ने कुरा अघिसारेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४५ मा व्यवस्था भएका त्रुटी कमजोरीले प्रत्येक दश वर्षमा निर्वाचन क्षेत्र फेरिने र अस्थिरता रहने देखिएको हुँदा संविधानमा आवश्यक संशोधन गरी अरु मलुक सरह निर्वाचन क्षेत्रलाई स्थिर राख्न एमालेले संशोधन प्रस्ताव राखेको छ । प्रजातन्त्रलाई जगैदेखि बलियो बनाउन, विकासमा जनसहभागितालाई सक्रिय बनाउन, विकेन्द्रीकरणको सिद्धान्तअनुरुप स्थानीय निकायलाई अधिकार र साधन-स्रोतले सम्पन्न गराउनका लागि हामीले संविधान संशोधनको प्रस्ताव ल्याएका हौं । वर्तमान संविधानमा स्थानीय निकायबारेमा केही बोलिएको छैन । स्थानीय निकायको ऐन छ तर यो कांग्रेसी सरकारले नियम बनाई ऐनलाई काटेको छ । यसकारण संविधानमा संशोधन गरी स्थानीय निकायलाई सुदृढ बनाउने हाम्रो प्रस्ताव हो । संवैधानिक निकायहरुको प्रभावकारी र उत्तरदायी भूमिका,

अधिकारलाई कटौती गर्ने गरी सर्वोच्च अदालतबाट भएको अपव्याख्यालाई सच्याउन संशोधनको प्रस्ताव अघि सारेका हौं । ओठे भाषणको विषयमात्र नबनाई संवैधानिक प्रावधानद्वारा महिला सशक्तिकरणको व्यवस्था गर्न हामीले माग गरेका हौं । विभिन्न जाति, भाषा, धर्म, संस्कृतिको विकास र सम्वर्द्धनको लागि संशोधनको माग उठाएका हौं । यसको साथै क्रान्तिकारी भूमिसुधार लागू गर्ने गरी संविधानमा संशोधन गर्नुपर्ने र राष्ट्रिय अर्थतन्त्रलाई तबाह गर्ने कांग्रेसी उदारीकरण, निजीकरण, विश्वकीकरणको नीतिलाई परित्याग गरी राष्ट्रहित अनुरुपको नीतिको माग हामीले गरेका हौं ।

विद्यमान विकृति, विसंगतिलाई चिर्दै आजका ज्वलन्त समस्याको समाधान गर्दै, देशलाई अग्रगतितिर बढाउन माथि उल्लेखित संविधान संशोधन, ऐन नियममा सुधार, राष्ट्रिय नीति र व्यवस्थापनमा सुधारका कुरा हामीले अघि सारेका हौं । यी बाहेक अरु पनि संशोधनको प्रस्तावहरु आउन सक्छन्, एमाले यसमा खुल्ला छ । एमालेको एकमात्र आग्रह- प्रतिगमनलाई रोक्दै देशलाई अगाडि बढाउन आज राष्ट्रिय संकल्पको खाँचो छ । यसको लागि एमालेले यो राजनीतिक प्रस्ताव अघि सारेको हो । आज राष्ट्रका सामु



# संविधानमा संशोधन किन र कसरी ?

◆ भरतमोहन अधिकारी ◆

नियम, कानून र संसदको समेत उपहास गरेको छ । अदालतलाई पनि अब कोही चोखो भन्दैन । प्रहरी, प्रशासन नांगो रुपमा कांग्रेसीकरण गरिएको छ । शान्ति सुरक्षा खत्तम भएको छ । आज कसैको जीउ धनको सुरक्षा छैन, सामाजिक विकृति बढ्दो छ । बहुदलीय व्यवस्थाको यो ११ वर्षमा साढे ९ वर्षभन्दा बढी शासन गर्ने नेपाली कांग्रेसको अनैतिकता, भ्रष्टता, कुशासनको परिणाम आज देशमा शासन भन्ने चिज नै छैन । निर्वाचनमा पैसा, गुण्डा प्रहरी, प्रशासनको दुरुपयोग गरेर विषाक्त पारेको छ । निर्वाचनमा जनताको विश्वास हराउँदो छ । यी

संविधानमा संशोधन गर्ने, आवश्यक ऐन नियम फेर्ने, राष्ट्रिय नीति र व्यवस्थापनमा सुधार गर्ने प्रस्ताव अघिसारेको छ ।

संविधानमा संशोधनको प्रस्ताव अघि सार्दा नेपाल कम्युनिष्ट पार्टी (एमाले) के भन्छ ?

नेपाली जनताले आफ्नो सार्वभौम अधिकार निर्बाध रुपमा उपयोग गरी प्रजातान्त्रिक अभ्यास गर्न निष्पक्ष, धाँधलीरहित, स्वतन्त्र निर्वाचन अपरिहार्य कुरा हो । विगतकालमा सत्ताधारी नेपाली कांग्रेसले प्रशासन, प्रहरी, गुण्डा र पैसालाई परिचालन गरी निर्वाचनलाई विकृत बनाइदिएको छ । यस्तो कुकार्य

राज्यका महत्वपूर्ण अंगहरुको बीचको नियन्त्रण र सन्तुलनको व्यवस्था, जो यो संविधानमा स्पष्ट रुपमा उल्लेख गरिएका छैनन, तिनलाई सुस्पष्ट रुपमा संविधानमा व्यवस्था गर्न हामीले संविधान संशोधनको माग गरेका हौं । भ्रष्टाचार नियन्त्रण गर्न र भ्रष्टाचारीलाई कार्यवाही गर्न संविधानमा संशोधनको माग गरेका हौं । प्रधानमन्त्री, मन्त्री, सांसद्, न्यायाधीश र ठूला ओहदाका व्यक्तिहरुले भ्रष्टाचार गर्दा तिनलाई कार्यवाही गर्ने र त्यस्तो कार्यवाही कतैबाट रोक्न नपाउने संवैधानिक व्यवस्था गर्न संविधान संशोधनको प्रस्ताव राखेका हौं । ०५२ साल भाद्र १२ गते प्रधानमन्त्रीको

३ वटा विकल्प छन्- पहिलो, वर्तमान स्थितिको सत्तोसराप गर्दै, विभिन्न तर्क बितर्क गर्दै देशलाई प्रतिगमनतिर लाने, 'राजा आउ, देश बचाउ'को नारालाई चरितार्थ गर्ने, अर्को यही कांग्रेसी कुशासनलाई जति दिन हुन्छ, भरथेग गरी टिकाई राख्ने, तेस्रो बाटो एमालेले अघि सारेको उज्ज्वल भविष्यको बाटो हो । ती तीनवटामध्ये आफूले कुन रोज्ने ? यो आज ब्यापक छलफलको विषय बन्नुपर्छ ।

पुनरुत्थानवादी शक्तिहरु यो संविधानमा संशोधन होइन, संविधानको खारेजी र राजाले नयाँ संविधान सभा बनाई त्यसमार्फत् संविधान बनाउने कुरा

*संसदमा नेपाली कांग्रेसको सहमति नभई संविधानमा संशोधन पास हुँदैन । र, एमालेले अघि सारेको संशोधनको प्रस्तावलाई नेपाली कांग्रेसले सहजै स्वीकार गर्दछ भनेर हामीले भ्रम लिनु हुँदैन ।*

**दक्षिणपन्थी, प्रतिक्रियावादी तत्वहरु संविधान संशोधनको विरोधमा खुलेर आउन थालेका छन् ।**

अघि सारिरहेका छन् । माओवादीहरु पनि यो संविधानको खारेजी, संसद्को खारेजी, अन्तरिम सरकारको गठन, राजा लगायतका सबै राजनीतिक शक्तिको प्रतिनिधित्व हुनेगरी संविधान निर्माण समिति वा संविधान सभाको चुनाव गरी सो मार्फत् नयाँ संविधान बनाउने प्रस्ताव गर्दैछन् । जताबाट आएको भए पनि इमान्दारीको कुरा गर्ने हो भने यो संविधानको खारेजीको नाराले पुनरुत्थानवादी शक्तिहरुलाई नै फाइदा पुग्छ। यसले प्रतिगमनलाई नै निम्त्याउँछ । यसमा कसैले भ्रम नलिए हुन्छ । नेपाली जनताको हातमा सार्वभौमसत्ता रहेको र राजाले सक्रिय राजनीतिमा भाग लिन्न भनी संवैधानिक राजतन्त्रको व्यवस्था भएको कुरालाई के फेरि छलफलको विषय बनाउन आवश्यक छ ? यी त जनताका उपलब्धि हुन्, यिनको रक्षा गरी अझै बढी उपलब्धि लिन अघि बढ्नुपर्छ । यिनलाई पनि छलफलको विषय बनाउनु वामपन्थी, देशभक्त, प्रजातान्त्रिक शक्तिलाई सुहाउने कुरा हो ? यसैप्रकार संविधान सभाको नारा पनि आजका बखतमा औचित्यपूर्ण छैन । आज त देशलाई अगाडि बढाउन यो संविधानबाट पाएका उपलब्धिहरुको रक्षा गर्दै प्रतिगमनको खतराबाट देशलाई जोगाउँदै अझै बढी उपलब्धिको लागि एकजुट भई अघि बढ्नु पर्ने बेला हो । यसको लागि संविधान संशोधनको नारा नै उपयुक्त नारा हो ।

संविधान संशोधनको प्रक्रिया कस्तो हो ? यस सम्बन्धमा एउटा स्वतन्त्र संयन्त्र निर्माण गर्ने र तिनले संविधान संशोधनको राय संकलन गरी संविधान संशोधनको प्रस्ताव ल्याउने कुरा कसै कसैले अघि सारेका छन् । यो प्रस्ताव पनि कपटपूर्ण छ । संविधानलाई निस्तेज गर्ने यो प्रस्ताव हो । हाम्रो पार्टीको प्रष्ट सोच छ- यसै संविधानमा व्यवस्था गरिएको प्रक्रियाबाट संविधान संशोधन हुनुपर्दछ । हामीले यसो भन्दा हामीलाई के कुरा थाहा छ- अहिलेको विद्यमान संसदमा नेपाली कांग्रेसको सहमति नभई संविधानमा संशोधन पास हुँदैन । र, एमालेले अघि सारेको संशोधनको प्रस्तावलाई नेपाली कांग्रेसले सहजै स्वीकार गर्दछ भनेर हामीले भ्रम लिनु हुँदैन । यसै कारण हाम्रो पार्टीले संविधान संशोधन लगायत राजनीतिक सुधारका कुराहरुलाई राष्ट्रिय छलफलको विषय बनाउन खोजेको छ । हामी सबै पार्टीसँग कुरा गरिरहेका छौं । संविधानविद्, कानूनविद्, बुद्धिजीवीहरुसँग कुरा गरिरहेका छौं । सबै जनवर्गीय संगठनहरुमार्फत् किसान, मजदूर, युवा, विद्यार्थी, महिला- सबै क्षेत्रमा व्यापक छलफलको आव्हान गरेका छौं । पार्टीले आफ्नो पहलमा क्षेत्रीय, आञ्चलिक, जिल्लास्तरीय छलफलको योजना बनाएको छ । यसरी यसलाई हामी एउटा राष्ट्रिय मुद्दाको रुपमा अघि बढाउन चाहन्छौं । स्वभाविक रुपमा यसले देशमा राजनीतिक ध्रुवीकरण गर्नेछ । ध्रुवीकरणको प्रक्रिया शुरु पनि भइसकेको छ । दक्षिणपन्थी, प्रतिक्रियावादी तत्वहरु संविधान संशोधनको विरोधमा खुलेर आउन थालेका छन् । एक बखत संविधान संशोधनका पक्षमा अभिमत जाहेर गरिसकेका व्यक्ति र पार्टीहरु पनि आफ्नो वर्गीय र पार्टीगत स्वार्थमा आफ्नो पुरानो भनाइ बदली संविधान संशोधनको विपक्षमा उभिन थालेका छन् । सत्तारुढ नेपाली कांग्रेसको एउटा तप्का संविधान संशोधनको विपक्षमा खुलेर आएको छ र अर्को तप्का पनि धर्मराउन थालेको छ । यो पनि धेरै दिन अड्ने जस्तो छैन । यसले के देखाइरहेको छ भने आफ्नो वर्गीय स्वार्थअनुरुप देशी-विदेशी प्रतिक्रियावादी तत्वहरु एमालेको संविधान संशोधन र राजनीतिक सुधारको विपक्षमा उभिने छन् । देशलाई अगाडि बढाउन चाहने वामपन्थी, देशभक्त, प्रजातन्त्रवादी शक्तिहरुले यो कुरा बुझ्नु जरुरी छ । एमालेको संविधान लगायत राजनीतिक सुधारका प्रस्तावलाई जति हामी व्यापक रुपमा जनतामा लान्छौं, त्यति नै यसले देशमा राजनीतिक ध्रुवीकरण गर्नेछ । नेपाली समाजको अग्रगतिको लागि यो ध्रुवीकरण अहितकर होइन, हितकर कुरा हो । प्रतिगमनको विरोधमा यथास्थितिलाई चिर्दै, विकृति-विसंगतिलाई हटाउँदै, देशका जल्दाबल्दा समस्या समाधान गर्दै समाजलाई अघि बढाउन चाहने शक्तिहरु एक ठाउँमा उभिने छन् । यिनै सोच र विश्वासका साथ नेकपा (एमाले)ले संविधान संशोधनको प्रस्ताव अघि सारेको हो । ❑

# सवाल संशोधनको होइन, देश र जनताको आवश्यकता अनुसार आमूल परिवर्तनको हो



**क. प्रचण्ड, महामन्त्री नेकपा (माओवादी)**

राज्यसत्ता संचालनको मूल कानूनका रुपमा मानिने संविधान र त्यसको संशोधनबारे बहस नै नचल्नुभन्दा त्यसका सकारात्मक र नकारात्मक पक्षबारे बहस चल्नुलाई निश्चय नै हामी राम्रो कुरा ठान्दछौं । तर वर्तमान संविधानमा कुनै संशोधनद्वारा देशमा विद्यमान समस्याहरुको समाधान हुन्छ कि भन्ने कुरामा हामीलाई थोरै पनि भ्रम छैन । यहाँ सवाल संशोधनको होइन, देश र जनताको आवश्यकता अनुसार आमूल परिवर्तनको हो ।

नेपाली समाजको विकास प्रक्रियामा एउटा समन्वयवादी प्रवृत्ति संस्कारकै रुपमा कायम हुँदै आएको छ । यो संस्कारले हमेशा समाजको क्रान्तिकारी रुपान्तरणमा बाधा उत्पन्न गर्ने काम गर्दै आएको छ । अन्य देशका तुलनामा नेपाल आर्थिक, राजनैतिक एवं सांस्कृतिक दृष्टिले यति धेरै पछि पर्न जानुका पछाडिको एउटा प्रमख कारण संस्कारकै रुपमा विकसित यो समन्वयवादी चिन्तन हो। यस प्रकारको चिन्तन, संस्कारको जरा यस पहाडी प्रदेशमा अत्यन्त पिछडिएको उत्पादन प्रणाली सहित प्रकृतिसँग कठोर संघर्ष गरेर जीवनयापन गरिहेका सरल र इमान्दार अदिवासी जनजाति एवं दक्षिणबाट मुख्यतः मुस्लिम आक्रमणबाट पराजित भएर सुरक्षाको खोजीमा पहाड पसेका हिन्दू सामन्ती राजा-रजौटा, ठाटा-बाठा विकसित उत्पादन प्रणालीका ज्ञान भएका मानिसहरुका बीच समन्वयको तत्कालीन बाध्यात्मक स्थितिसँग जोडिएको छ । यस प्रकारको समन्वयवाद तत्कालीन दृष्टिले सामाजिक विकासमा सहायक भए पनि विज्ञान र क्रान्तिको विकासको आजको युगमा त्यस प्रकारको समन्वयवादी चिन्तनले रुढीवादी आत्मरतिद्वारा समाजको अग्रगमनमा तगारो हालिरहेको छ ।

आधुनिक युगमा युरोपको औद्योगिक क्रान्तिबाट यता मात्र हेर्‍यो भने पनि जुन-जुन देशमा सामन्तवादका विरुद्ध समग्र क्रान्ति गरियो, त्यहाँ पूँजीको विकासले तीव्रता पायो । तर, जहाँ जहाँ आधा क्रान्ति र आधा समन्वयको स्थिति रह्‍यो, त्यहाँ-त्यहाँको आर्थिक, सामाजिक विकास अवरुद्ध हुन गयो । समाजवादी क्रान्तिका सन्दर्भमा पनि यो कुरा सत्य हुन आउँछ ।

नेपालमा २००७ सालको राणाशाही अत्याचारविरोधी जन-आक्रोशलाई दिल्ली सम्झौताबाट समन्वय गर्ने काम भयो । पंचायती तानाशाहीविरुद्धको २०३६ सालको जन-आक्रोशलाई जनमत संग्रहद्वारा समन्वय गरियो । २०४६ सालको ऐतिहासिक जन-आन्दोलनलाई वर्तमान संविधानद्वारा समन्वय गरियो । फलतः हाम्रो समाजले न आर्थिक, न राजनैतिक, न सामाजिक रुपले कहिल्यै क्रान्तिकारी रुपान्तरणको अनुभूति गर्न सक्यो । 'न हाँसको चाल न कौवाको चाल'को स्थितिले गर्दा नेपाली समाज झन् पछि झन् संकटग्रस्त बन्दै आएको हो ।

अहिलेकै संविधानको कुरा गर्दा सबैले यो तथ्यलाई स्वीकारेको स्थिति छ कि यो राजा-कांग्रेस- 'वाम'मोर्चाको सम्झौताको दस्तावेज हो । यस प्रकारको समन्वयको के गति हुन्छ भन्ने कुरा दश वर्षको अभ्यासले छर्लङ्ग पारिसकेको छ । वस्तुतः अहिले त्यो संविधान कसैको मार्गनिर्देशक बनेको छैन । फगत कागजको खोस्टो जस्तो मात्र बनेको छ । राज्यसत्ता तमाम विकृति र विसंगतिसहित ०४६ साल चैत्र २६ गते राति दरबारमा भएको सम्झौताअनुसार चलिरहेको छ, जसमा हृदयदेखि कुनै राजनैतिक शक्ति सन्तुष्ट छैन् । विज्ञान र क्रान्तिको आजको युगमा समन्वयवादको योभन्दा अर्को परिणाम हुन पनि सक्तैन । आज समाजमा व्याप्त चौतर्फी अराजकता, अभाव र आतंकको जरो पनि त्यही समन्वयमा निहित छ ।

यस प्रकारको चिन्तन, भौतिक र रासायनिक विज्ञानले समेत प्रमाणित गरिसकेको वस्तुको विकास गुणात्मक परिवर्तन विपरीतहरुको क्रिया र प्रतिक्रियाद्वारा हुन्छ भन्ने मान्यता एवं सामाजिक क्रान्तिको विज्ञानले प्रमाणित गरेको क्रान्तिकारी रुपान्तरणको मान्यता विपरीत छ ।

अतः आजको नेपाली समाजको अवाश्यकता समन्वयको होइन, क्रान्तिको हो । यसैले वर्तमान संविधानमा संशोधनले कुनै नयाँ गति दिने छैन, त्यसले केवल नयाँ भ्रम र नयाँ संकटलाई मात्र जन्म दिनेछ । आजको आवश्यकता वर्तमान संविधान खारेज गरी सम्पूर्ण रुपले जनतालाई अधिकारसम्पन्न तुल्याई जनताद्वारा नै संविधान निर्माणको प्रक्रियालाई सुनिश्चित गर्न आन्दोलनमा अगाडि बढ्नु हो । बीचको बाटो धेरै हिँडिसकियो र त्यसले नेपाली समाजलाई धेरै दुःख दियो भन्ने कुरा बुझ्नु यतिबेला विशेष ऐतिहासिक महत्वको चेतना हुनेछ । यस सम्बन्धमा ठोस तर्कहरुसहितको व्याख्या हाम्रो पार्टीको पोलिटब्यूरोका सहयोद्धा कमरेड डा. बाबुराम भट्टराईले सुन्दर ढंगले गरिसक्नु भएको छ । ❑

*'जनादेश'बाट साभार*

पनि सक्छ । त्यस्तो नहोस् भन्नाको लागि नै मैले भनेको हुँ – हामी पहिला मुलुकको आधाभूत समस्या पहिल्याऔँ ।

● *यो संविधान खारेज नै गर्ने वा संशोधन प्रस्ताव ल्याउनेहरूमध्ये तपाईं कतापट्टि हुनुहुन्छ त ?*

– मुलुकमा अहिले संसादवादीहरु मात्रै होइन, खारेजवादीहरु पनि छन् । एकथरि माओवादी खारेजवादीहरु । अर्काथरि राजेश्वर देवकोटाजी जस्ता खारेजवादीहरु । माओवादीहरुले युद्धको भूमिबाट जनताको संरक्षणमा बसेर भनेको होलान् : यो संविधान खारेज हुनुपर्छ । उनीहरुको खारेजीको पछाडिको ध्वनिमा जनशक्ति होला । अर्का खारेजवादीहरुको ध्वनिको पछाडि चाहिँ अहिलेको परिवर्तनलाई अस्वीकार गर्ने मात्र होइन, प्रतिक्रियावाद र प्रतिगमनको गन्ध समेत छ । माओवादीहरुले परिवर्तन अपुग भयो भनेर यो संविधानको खारेज गर्ने 'क्रान्तिकारी' कुरा गरेका होलान्, राजेश्वरजीहरुको कुरा त्यस्तो होइन । तर दुवै पक्षले खारेज चाहिरहेका छन् । एउटाले एउटा कुनाबाट क्रान्तिकारी प्रस्ताव राखेर खारेज भन्छ अर्को ०४६ सालले ल्याएको परिवर्तन पनि बढी भयो भनेर खारेज भन्छ । यी दुईथरि खारेजवादी र तेस्रोथरि संसदवादीका बीचमा म कहीं पनि छैन ।

● *तपाईं कहीं न कहीं त पक्कै हुनुहुन्छ नि !*

– म आधारभूतवादी छु । नेपाल र नेपालवादी छु । म साझा संयन्त्रको कुरा गर्छु ।

● *तपाईं यतिबेलै साझा संयन्त्रको कुरा किन उठाइरहनु भएको छ त ?*

– दश वर्षको हाम्रो अनुभव र अभ्यासको आधारमा एउटा साझा संयन्त्र बनाउनु पर्‍यो हामीले । संविधान पनि त्यही साझा संयन्त्रभित्र आउनुपर्‍यो । म साझा संयन्त्र भनिरहेको छु, उता एमाले र कांग्रेस मिलेर हत्त न पत्त एउटा संयन्त्र बनाईसके कार्यदलको नाउँमा । मानौं, कांग्रेस आफ्नो शासन र सत्ता रक्षा गर्नलाई एमालेलाई मद्दत दिइरहेछ ! एमालेले संशोधनको प्रस्ताव राख्छ, कांग्रेसचाहिँ एकातिर संशोधन गर्नु पर्दैन भन्दैछ, अर्कोतिर यसले त्यही प्रयोजनको निम्ति कार्यदल पनि बनाइसकेको छ । त्यसकारण मलाई लागिरहेको छ– सबै दलले आ-आफ्नो राजनीतिक गोटी मात्रै चालिरहेका छन् । आफ्नो स्वार्थका लागि रणनीति बनाएरमात्रै हिँडिरहेका छन्– सबैजना । उता, जनयुद्धको औचित्य स्थापित गर्ने र वर्तमान संविधान खारेज गर्ने माओवादीदेखि लिएर संसदमा बस्ने कांग्रेस र एमालेसम्म सबै आ-आफ्नो स्वार्थको एउटा किलोबाट सबै समस्यालाई हेरिरहेका छन् । यसरी हेर्नु हुँदैन ।

● *के गर्नु पर्दछ त ?*

– सबै दलहरुले तत्कालीन अवस्थाबाट माथि उठेर राष्ट्रिय दृष्टिकोणले हेर्नुपर्छ । अनि यसरी हेर्दा मात्र आधारभूत समस्या देख्न सकिन्छ, हामीले त्यसको पहिचान गर्नुपर्छ । म यसरी आधारभूतवादी कुरा गर्दैछु । त्यसपछि हामीले एउटा साझा संयन्त्र बनाउनु पर्छ ।

● *त्यस्तो साझा संयन्त्रले कसरी काम गर्न सक्ला र ?*

– हामीले जनयुद्धवादी माओवादी-हरुलाई पनि भन्नुपर्‍यो- 'तिम्रो कुरा लिएर यहाँ आऊ, हतियार उठाउने, मान्छेको नोक्सान गर्ने होइन, यो अनन्त लडाई लड्ने होइन ।' अनि जो संविधानको संशोधनको कुरा लिएर आइरहेका छन्– कांग्रेस, एमालेहरु, तिनीहरुलाई र संसदमा नभएका अरु राजनीतिक पार्टीहरुलाई पनि भन्नुपर्‍यो- 'साझा संयन्त्रमा आऊ ।' संविधानको खारेजवादीहरुलाई पनि भन्नुपर्‍यो- 'साझा संयन्त्रभित्र आऊ ।' अनि सबैका मत मतान्तरहरु त्यहाँ राख्नुपर्‍यो । दृष्टिकोणहरुको च्याङठ्याङ पार्नुपर्‍यो । अनि दशवर्ष वा त्योभन्दा पनि अगाडि लामो समयदेखिको हाम्रो समस्या पहिचान हुनसक्छ ।

● *तपाईंको साझा संयन्त्रको अवधारणा लागू हुनसक्ने संभावना देख्नुहुन्छ ?*

– कुनैपनि देशको आफ्नै ऐतिहासिकता (Historicity) हुन्छ । त्यो ऐतिहासिकता अर्कोसँग मिल्दैन, फरक हुन्छ । इतिहास, संस्कृति, परम्परा, आफ्नै किसिमका हुन्छन् । जस्तो भनौं, कोतपर्व जस्ता घटनाहरु नेपालमै हुन्छन् । त्यो कोतपर्वलाई एक ठाउँमा राखेर हेर्नुपर्‍यो, जंगबहादुरको उदयलाई हेर्नुपर्‍यो । अर्को देशमा तानाशाहको उदय हुने पर्वहरु त होलान्, तर त्यो जंगबहादुरको उदय भएको कोतपर्व जस्तो हुँदैन । त्यसैले हाम्रा समाजिक मूल्यहरु (Social Values), जातीय लक्षण (ethos) लाई लिएर छलफलमा बस्नुपर्छ हामीले । त्यो काम त्यही साझा संयन्त्रमार्फत् हुन्छ । हामी नेपालीहरु अहिलेसम्म त्यस्तो छलफलमा बसेकै छैनौं ।

सबै जाति, वर्ग, क्षेत्र र सबै राजनीतिक विचारको प्रतिनिधित्व त्यहाँ हुनुपर्छ र त्यसले राष्ट्रिय समस्याको पहिचान गरेर हाम्रो गन्तव्यको दिशा निर्धारण गर्नुपर्छ । त्यसपछि त्यसले एउटा राष्ट्रिय कार्यक्रम बनाउनुपर्छ । संविधान संशोधन गर्नुपर्ने देखिएमा त्यसले त्यही निर्णय गर्छ, नपर्ने देखिएमा नपर्ने निर्णय गर्छ वा नयाँ संविधान निर्माण गर्नुपर्ने देखिएमा नयाँ बनाउने निर्णय गर्छ ।

● *अहिलेको संविधान आफैँमा चाहिँ कस्तो छ त ?*

– संविधानले निर्माण गरेका कुराहरुले नै मुलुक संचालनमा बाधा परेको जस्तो मलाई लाग्दैन । यो दश वर्षको संवैधानिक अभ्यास र यो दश वर्षमा पनि पदमा नबसेर पनि मानिस आफ्नो आवाज कहीँ घन्काइरहन सक्छ भन्ने ६ वर्षको मेरो नागरिक जीवनको अनुभवको आधारमा म भन्छु : पहिला हामीले हाम्रा नागरिकहरुलाई एउटा आचरण र अनुशासनमा हिडाउँन सक्नुपर्‍यो । हाम्रो अनुशासन धेरै कमजोर छ । व्यक्तिगत चिनजान र सामाजिक सम्बन्धका आधारमा हामीले बनाएका नियमहरु पालना नगर्ने हाम्रो सांस्कृतिक त्रुटी म देखिरहेको छु । त्यसैले कानून बनाउँदा हामीले विचार पुर्‍याएर बडो जिम्मेवारीका साथ बनाउने र बनाएको कानूनलाई कडाईका साथ कार्यान्वयन गर्ने गर्नुपर्दछ । यी दुईटा कुरामा मात्रै पनि हामी नेपाली अड्यौं भने हामीलाई जुनसुकै संविधान पनि धेरै उपयोगी हुन्छ । अर्को कुरा, संविधानले निर्माण गरेका विभिन्न निकायहरुमा पुग्ने जनप्रतिनिधिहरुको आचरण सकभर अचूक बनाउने काम गर्नुपर्छ । यसरी राम्रो कानून बनाएर कार्यान्वयन गर्ने र जनप्रतिनिधिहरुको आचरण अचूक पारेर उनीहरुलाई जनताप्रति उत्तरदायी बनाउने दुई प्रमुख कामहरु यही संविधान अन्तरगत गर्न सकिन्छ कि सकिँदैन हेर्नुपर्छ ।

मैले कानून र आचरणाको कार्यान्वयनको कुरा गरें, यदि ती दुई कामहरु गर्न सकियो भने यही संविधानले नै कति काम गर्छ, एकचोटि हेरौं !

नेपाली समाजलाई रुपान्तरण गर्ने र हाम्रा केही आचरणका दोष मिटाएर हामी अनुशासनमा बस्ने नगराउने हो भने, कानूनको कार्यान्वयन गर्ने संस्कृति नबनाउने हो भने क्रान्तिकारी डा. बाबुराम भट्टराईजीलाई नै जति वर्षका लागि प्रधानमन्त्री बनाइदिए पनि यहाँ धेरै फरक पर्ने वाला छैन ।

समाज र संस्कृति नबदलिएसम्म केही बदलिदैन् । यहाँका कुलीन वर्ग, अनि तथाकथित धनी र तथाकथित बुद्धिजिवीले चलाएको शासनपद्धति ५० वर्ष अगाडि ००७ सालदेखि परिवर्तन भएको छैन । त्यसैले समाज र संस्कृतिलाई नबदलिकन क्रान्तिकारी फड्को मार्न सकिँदैन ।

तपाईं सिंगापुरलाई हेर्नुस्– त्यहाँ नियम र अनुशासनको पालनाबाट त्यत्रो विकास संभव भएको छ ।

● *त्यसो भए, तपाईंको निष्कर्ष संविधान संशोधन गरिहाल्नु जरूरी छैन भन्ने नै हो त ?*

– संविधान संशोधन र असंशोधनलाई म विषय नै बनाउँदिन । संविधान जनताले निर्माण गरेको जनताको लिखत हो, त्यसबारे जनताले नै निर्णय गर्छन् । तर त्यो जनता एउटा साझा संयन्त्रमा बस्नुपर्छ । आफ्ना मतभेदहरुसहित बसेर सहमतिका बुँदाहरु खोज्ने त्यस्तो साझा संयन्त्र बनिसकेपछि पनि क्रान्तिकारीहरु त्यसमा आएनन् भने अनि अन्यथा सोच्नुपर्छ भन्ने मलाई लाग्छ । त्यतिखेर राज्यले आफ्नो विवेक अनुसार काम गर्छ ।

● *निर्वाचनमा सुधार गर्न पनि संशोधन आवश्यक छैन त ?*

– निर्वाचन पद्धति अहिले भ्रष्टाचारको प्रवेशद्वार भएको छ । साझा संयन्त्रमार्फत् नै निर्वाचन पद्धतिदेखि लिएर जन-प्रतिनिधिको आचरणसम्मलाई सुधार गर्न एउटा राष्ट्रिय कार्यक्रम बनाउनुपर्छ । त्यही कार्यक्रमको आधारमा पार्टीहरुले चुनाव लड्नुपर्छ । ❑

**सबैका मत मतान्तरहरू त्यहाँ राख्नुपर्‍यो । दृष्टिकोणहरूको च्याङठ्याङ पार्नुपर्‍यो । अनि दशवर्ष वा त्योभन्दा पनि अगाडि लामो समयदेखिको हाम्रो समस्या पहिचान हुनसक्छ ।**




२०४६ को आन्दोलनपछि हालको संविधान निर्माण गर्ने क्रममा दरबारले आफू बलियो हुने गरी संविधानको मस्यौदामा हेरफेर गर्ने षड्यन्त्र गरेपछि त्यसको विरोधमा भएको प्रदर्शनको एक दृश्य

◀ आवरण कथा

# यो संविधानलाई कालो माने पनि हामीले त्यसमा प्रगतिशील दिशामा हुने संशोधनको समर्थन गर्दछौं

**- क. रामसिंह श्रीस, महामन्त्री नेकपा (मसाल)**

अहिले संविधान संशोधनको कुराहरू मात्र होइन, संविधान-सभाको चुनावको कुराहरू पनि व्यापक रूपमा आइरहेको छ । एमालेले संविधान संशोधनको कुरा उठाइरहेको छ र त्यसको पक्षमा जनमत तयार पार्न व्यापक रूपमा पहल गरिरहेको छ भने पुनर्उत्थानवादी तत्वहरू जस्तो : राजेश्वर गुट र माओवादी समूहले संविधान-सभाको चुनावको कुरा उठाइरहेका छन् । त्यसकारण यी विषयहरूलाई लिएर देशव्यापी रूपमा बहस र छलफल भइरहेको छ ।

हाम्रो पार्टीले एकातिर प्रारम्भदेखि नै सार्वभौम सत्ता जनतामा हस्तान्तरण तथा संविधान-सभाद्वारा संविधानको निर्माण हुनुपर्छ भन्ने कुरामा जोडदिँदै आएको छ र त्यो नीति अहिले पनि कायम नै छ भने अर्कोतिर अहिलेको संविधान कालो छ र सत्ता जनतामा हस्तान्तरण भएको छैन भन्ने हाम्रो पार्टीको धारणा छ । त्यो अवस्थामा यो संविधानमा प्रगतिशील दिशामा हुने संविधान-सभाको चुनाव वा संविधानमा हुने संशोधनको पक्षमा हाम्रो पार्टी उभिन्छ ।

अहिले संविधान-सभाको चुनावको बारेमा जुन कुरा उठाइएको छ, त्यो किन ? कसरी ? र, कसले गराउने भन्ने प्रश्न आउँछ । राजावादी तत्वहरूले संविधान-सभाको चुनावको जुन कुरा उठाइरहेका छन्, त्यसको उद्देश्य राजको प्रत्यक्ष शासन कायम गराउनको लागि नै हो । त्यसमा कुनै द्विविधा छैन । तर माओवादी समूहले संविधान-सभाको चुनावको नारालाई अहिले नै क्रियात्मक नाराको रूपमा लिने जुन कुरा गरिरहेको छ, त्यसले कस्तो परिणाम निकाल्छ ? त्यस बारेमा विचार गर्नुपर्ने हुन्छ । माओवादी समूहले अहिले संविधान-सभाको चुनावको लागि विद्यमान संविधान र सरकारको खारेजी, संसदको विघटन र अन्तरीम सरकारको गठनको लागि सबै राजनैतिक दल र संविधान निर्माताहरूसँग वार्ता गर्ने कुरा गरिरहेको छ ।

माओवादी समूहका पी.वी.एम. डा. बाबुराम भट्टराईले संविधान-सभाको चुनावले "राजालाई पनि जन अदालतमा उभिएर आफ्नो ऐतिहासिक भूमिकाको नयाँ खोज गर्न यो प्रक्रियाले मद्दत नै गर्नेछ" भन्नुभएको छ । उनीहरूले अहिलेको स्थितिमा कुनै क्रान्तिकारी तथा आन्दोलनकारी शक्तिहरूको अन्तरिम सरकारको कुरा गरेका छैनन् । त्यो अवस्थामा यो संविधान, संसद र सरकारको खारेजी र अन्तरिम सरकारको गठन भन्नाले राजाको प्रत्यक्ष शासन स्थापना गर्ने र ०४६ सालको आन्दोलनले प्राप्त गरेको सीमित अधिकारहरूलाई पनि समाप्त पार्ने कुरालाई नै मद्दत पुग्दछ । त्यसकारण यो स्थितिमा ल्याएको संविधान-सभाको चुनावको कुराको हाम्रो पार्टीले विरोध गर्दछ । तर सार्वभौमसत्ता जनतामा हस्तान्तरण हुनसक्ने स्थितिमा हाम्रो पार्टीले संविधान-सभाको चुनावको नारालाई उठाउन सक्नेछ वा अरूले उठाएमा पनि त्यसलाई समर्थन गर्ने नीति हाम्रो रहनेछ ।



अब आयो संविधान संशोधनको कुरा । संविधान संशोधन कुन दिशामा हुने यो मुख्य कुरा हो । संविधान संशोधन प्रगतिशील दिशातिर हुन्छ भने हामीले त्यसको विरोध गर्दैनौं । त्यसलाई समर्थन नै गर्छौं । तर प्रतिगामी दिशातिर हुने संशोधनको विरोध गर्दछौं । यो संविधानलाई कालो माने पनि हामीले त्यसमा प्रगतिशील दिशामा हुने संशोधनको समर्थन गर्दछौं । किनभने पहिले यस संविधानलाई कालो मान्दा पनि पंचायती तानाशाही संविधानमा भन्दा यस संविधानमा सिमित भएपनि जे जति जनताका अधिकारहरू सुरक्षित गरिए, त्यसलाई हामीले समर्थन नै गरेका थियौं । त्यसकारण यो संविधानमा आमूल परिवर्तन हुन नसक्ने अवस्थामा पनि प्रगतिशील दिशामा संशोधनहरू हुन आवश्यक छ ।

यस्तो किन गर्नुपर्छ भने, जनताले प्राप्त गरेका हक अधिकारहरूलाई सुरक्षित गर्दै अरू थप अधिकार प्राप्त गर्न प्रयत्न गर्नु पर्ने हुन्छ । तर हामी सुधारमा मात्र अल्मलिने भूल गर्न हुन्न, हाम्रो मुख्य ध्यान आमूल परिवर्तनको दिशामा हुनु पर्दछ र त्यस प्रकारको स्थिति सृजना गर्न प्रत्नशील रहनु पर्दछ । उपयुक्त स्थितिको विकास भएमा संशोधन होइन, आमूल परिवर्तनतिर नै जानु पर्दछ ।

संविधान संशोधन के केमा गर्ने भन्ने विषयमा जुन जुन धाराले राजा, कुनै एक व्यक्ति वा कुनै एक जातिलाई बढी अधिकार दिएको छ र जनताको अधिकारलाई कुण्ठित गरेको छ, त्यस्ता धाराहरूलाई हटाएर जनतालाई बढी अधिकार दिने व्यवस्था हुनु पर्दछ । एमालेले अहिले संविधानमा संशोधनको कुरा उठाएको छ र सैद्धान्तिक अवधारणाहरू मात्र सार्वजनिक गरेको छ । तर संविधानको कुन कुन धारामा के के संशोधन गर्ने भन्ने विषयमा बाहिर केही ल्याएको छैन । एमालले बुँदागत रूपमा के कस्ता कुराहरू ल्याउँछ, त्यसको आधारमा हामीले समर्थन वा विरोध गर्ने निर्णय गर्नेछौं । हाम्रो पार्टीको आफ्नो बेग्लै संशोधन प्रस्तावहरू आउन पनि सक्दछ ।

अहिलेको संविधानमा प्रत्येक सदनमा सो सदनको सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई सदस्यहरू उपस्थित भई उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा संविधानमा संशोधन हुनसक्छ । अहिले संसदमा कुनै पनि पार्टीको दुई तिहाई बहुमत छैन । त्यो अवस्थामा एमालेले संविधान संशोधनको प्रस्ताव पास गराउनको लागि कांग्रेसको समर्थन प्राप्त गर्नु आवश्यक छ । त्यो अवस्थामा ने.का.ले दरवारसँग बार्गेनिङ्ग गर्न एमालेको संविधान संशोधनको कुरालाई समर्थन गर्ने कुरा गर्न पनि सक्छ र एमालेले राजनैतिक इश्यू बनाउन, पास नभए पनि संसदमा यसलाई पेश गर्नसक्छ । एमाले र कांग्रेस नमिलेसम्म संविधानअनुसार संविधानमा संशोधन हुनसक्ने स्थिति छैन । संविधानअनुसार संविधानमा संशोधन गर्ने नै हो भने यी दुईवटा राजनैतिक शक्ति मिल्नु पर्नेहुन्छ । तर एमालेको दरवारप्रतिको सम्झौतापरस्त नीति र ने.का. र दरवारले सामन्त, दलाल र नोकरशाही वर्गको वर्ग स्वार्थको प्रतिनिधित्व गर्ने भएकाले संविधान संशोधनमा कति प्रगतिशीलता आउँछ, त्यो भने शंकाको नै विषय छ । जहाँसम्म संविधान संशोधन कसरी गर्ने भन्ने प्रश्न छ, त्यसमा एउटा तरिका अहिलेको संविधानले व्यवस्था गरे अनुसार हुन्छ या अर्को जन-आन्दोलनको दवावबाट शासकहरूलाई संविधान संशोधनको लागि बाध्य पार्ने हो ।

हामीले दुवै तरिका अपनाउन प्रयत्न गर्नु पर्दछ र जुन तरिकाबाट संविधानमा प्रगतिशील दिशामा छिटो संशोधन हुनसक्ने सम्भावना आउँछ । त्यसैलाई नै अप्नाउनु पर्दछ । ❑

# अहिले उग्रवामपन्थी तथा अति दक्षिणपन्थी दिशाबाट संविधान-सभाको चुनावको कुरा उठेको छ

क. लीलामणि पोखरेल, महासचिव, संयुक्त जनमोर्चा



*संविधानलाई सम्भव भएसम्म जनमुखी बनाउने अभियान पनि संसदीय संघर्षको एउटा रूप हो । तर त्यो पनि, जनसंघर्ष प्रभावकारी नभए परिवर्तन हुन सम्भव छैन ।*

२०४६/४७ सालको ऐतिहासिक जन-आन्दोलनले पञ्चायती संविधानअनुसारको राजाको सर्वोच्चता अर्थात् संविधानभन्दा पनि माथि रहने र राज्यका सबै शक्तिको श्रोत राजा रहने निरंकुश राजतन्त्रलाई संकुचन गरेर राज्य शक्तिको स्रोत तथा सार्वभौम सत्ता जनताको हातमा रहनेगरी पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापना गरेको थियो ।

जन-आन्दोलनकारी शक्तिहरूको बाहुल्यताको सरकार, जन-आन्दोलनकारी शक्तिहरूकै बाहुल्यताको संविधान सुझाव आयोग र त्यसले तयार पारेको संविधान तथा सरकारद्वारा संशोधनसहित अनुमोदित संविधानलाई राष्ट्रप्रमुख (राजा)द्वारा घोषणासहित जारी गरेर वर्तमान बहुदलीय व्यवस्थाको मूल कानूनको रूपमा प्रचलित भएको वर्तमान संविधान ०४६ सालका आन्दोलनकारी शक्तिहरू र तात्कालिन राज्यका शासक शक्तिहरूबीचको शक्ति सन्तुलनको अवस्थामा आएको हो । यसले निरंकुशताका सम्पूर्ण संरचानहरू ध्वस्त गर्न सकेको छैन । तथापि यसलाई बहुदलीय राजनैतिक स्वतन्त्रतासहितको तात्कालिन परिस्थितिको एउटा प्रतगिशील कदम भने मानिएको हो ।

वर्तमान संविधानअनुसार शासन व्यवस्था संचालन भएको दशवर्ष बित्यो । दशवर्ष कालको समीक्षा गर्ने सन्दर्भमा संविधान संशोधनका कुराहरू भिन्न भिन्न कोणबाट उठेका छन् । संसारमा कुनैपनि संविधान सदाकालका लागि अपरिहार्य हुँदैन । सामाजिक विकासको गतिसँग संविधान, कानूनहरू परिमार्जित हुने गर्छन् । नेपालको सन्दर्भमा पनि यही कुरा लागू हुन्छ । तर निरंकुश पञ्चायती व्यवस्था र तात्कालिन राजतन्त्र र राजपरिवारका चर्तिकलालाई छाडेर बहुदलीय व्यवस्थाको अभ्यास शुरू भैसकेपछि राजनैतिक, प्रशासनिक तथा न्यायिक क्षेत्रमा देखापरेको विकृतिको दोषको मूल जिम्मेवार संविधान भने होइन । यसको मूल जिम्मेवार राजनैतिक शक्ति र त्यसका विकृत संस्कार नै हुन् । राष्ट्र र जनताप्रतिको उत्तरदायित्वविहिन प्रणाली, राजनैतिक तथा सामाजिक अपराधीकरण, बेइमानी, घातक चिन्तन, अनैतिकता नै आजको देशको मौजुदा अवस्थाका जिम्मेवार चरित्रिक विशेषता हुन् । यस्तो अवस्थाले प्रभावित कमजोर राज्य प्रणालीका कारण त्यसको पीडा भोग्ने तत्व आम जनता र यही मुलुकको सार्वभौमिकता बनेको छ । तसर्थ यतिबेला पनि मुलुकको राष्ट्रियता, जनताको सच्चा प्रजातन्त्रको बहाली र नागरिक जीवनमा अनिवार्य रोजगारी, सुरक्षा र प्रगतिको अवसर नै मुख्य कुरा हो । त्यसका निम्ति जनसंघर्ष नै मुख्य कुरा हो । जनसंघर्षको परिणाम वा दवावले मुलुकमा देखिएका विद्यमान अपराधहरूलाई नियन्त्रण गर्न, प्रभावकारी कार्यन्वयन गर्न, अधिकतम जनताका पक्षका कार्यक्रमहरू लागू गर्न, मुलुकको रक्षा गर्न, जनतामाथि हुने गरेको भेदभावजन्य आर्थिक, समाजिक, सांस्कृतिक शोषणका संयन्त्रहरूलाई कमजोर पार्न तत्कालको स्थितिमा अधिकतममा आमूल परिवर्तन र न्यूनतममा संविधान र कानूनहरूमा परिवर्तन, हेरफेर, संशोधन गर्न सम्भव हुन्छ । कस्तो संशोधन वा हेरफेरको आवश्यकता पर्ने हो, त्यो आन्दोलनको चरित्र र उच्चताले निर्धारित गर्छ । त्यसका लागि व्यापक फराकिलो दायरामा मूल समस्या केन्द्रित गर्दै जन आधारित शक्ति नै आन्दोलनको बृहद योजना निर्माण गर्न तयार हुनुपर्छ । त्यसले मात्र संसदीय व्यवस्थाभित्र संविधान वा कानूनहरूलाई केही मात्रामा मात्र जनमुखी बनाउन सकिन्छ । तर व्यवस्थाको आधारभूत चरित्र फेर्न र पूर्ण जनमुखी संविधान वा कानून बनाउन भने संभव हुँदैन । त्यसका लागि त उपलब्धीहरू समेटदै आमूल परिवर्तनको दिशालाई अगाडि बढाउनुपर्ने कुरामा किन्चित भ्रम पाल्नु हुँदैन ।

अहिले उग्रवामपन्थी तथा अति दक्षिणपन्थी दिशाबाट संविधान-सभाको चुनावको कुरा उठेको छ । यतिबेलाको राज्य संरचनाको स्वरूप प्रतिक्रियावादी रहेको छ । राष्ट्र सुरक्षाको प्रमुख अंग सेना प्रजातान्त्रिकरणको प्रक्रियामा नै छैन । पुलिस प्रशासन र न्यायिक संरचनासमेत आधारभूत जनताको अनुकूल देखिंदैन । त्यसैले अति दक्षिणपन्थी प्रतिगामी शक्तिहरू राजनैतिक आन्दोलनको दवावद्वारा प्राप्त जन अधिकारहरूलाई कटौती गर्ने निरंकुशतावादी शक्तिहरूलाई प्रतिस्थापित गर्ने सम्भावना देखिरहेका छन् । र, संविधान-सभाको चुनावको दिशातिर मुलुकलाई धकेल्न उद्दत छन् । त्यसैगरी उग्र वामपन्थी शक्तिले पनि आफ्नो राजनैतिक आन्दोलनको दिशामा भ्रमित भई तथा गलत विश्लेषण गरेर आजको ठोस परिस्थितिको सही समीक्षा गर्न चुकेका छन् र मनोगत ढंगले निष्कर्ष निकालेका छन् । त्यस प्रकारको निष्कर्ष आत्मघाती पनि हुनसक्छ ।

यसका अतिरिक्त संविधान संशोधनका सम्बन्धमा ने.क.पा.एमालेले आफ्नो एजेण्डा खुलागरी छलफल शुरू गरेको छ । संविधानमा संसदीय सीमाभित्र पनि थुप्रै विसंगति रहेका छन् । ती विसंगतिहरू सच्याउँदै संविधानलाई सम्भव भएसम्म जनमुखी बनाउने अभियान पनि संसदीय संघर्षको एउटा रूप हो । तर त्यो पनि, जनसंघर्ष प्रभावकारी नभए परिवर्तन हुन सम्भव छैन । तसर्थ कुनैपनि राजनैतिक पार्टीले ठोस रूपमा संशोधनको सम्बन्धमा एजेण्डा अगाडि सारेमा त्यसको आवश्यक छलफल गरी संशोधनमा टेवा पुऱ्याउन सकिने हुन्छ । हाम्रो पार्टी आफैंले संविधान संशोधनबारे एजेण्डा बनाएर गृहकार्य गरेको छैन । तर यसमा हाम्रो दृष्टिकोण खुला छ । ❑


श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसुफको दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दै मौसूफप्रति हार्दिक मङ्गलमय शुभकामना चढाउँदछौं ।



औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,
परिवार, बालाजु, काठमाण्डौ



चिन्तन

– डा. चैतन्य मिश्र –

# राष्ट्रिय पूँजीपतिवर्ग र समाजवादको मार्गदिशा

एमालेको 'जनताको बहुदलीय जनवाद'देखि माओवादी र अन्य केही बामपन्थी राजनीतिक दल, संस्था र व्यक्तिको 'नौलो जनवाद' र यिनका बीचका सबै साम्यवाद–उन्मुख समाजवादी राजनैतिक दलहरुको समाजवादतर्फको संक्रमण, संरचना र प्रकृयाको अभिन्न र अत्यन्त महत्वपूर्ण अंगको रुपमा राष्ट्रिय पूँजीपति वर्गको अवधारणा स्थापित छ । यी विभिन्न वादका आ–आफ्नै विशष्टिता त छँदैछन् । साथै यीमध्ये, कति र कुनले आफ्नो घोषित 'वाद' लागू गर्न वा गर्नुपर्ने सवालमा कति इमान्दारी देखाएको छन्, त्यसको बारेमा बहस, छिनाफानो गर्नु यहाँ आवश्यक छैन । यहाँ यतिमात्र दोहोऱ्याउन आवश्यक छ कि यी सबैले नौलो जनवाद वा 'परिमार्जित नौलो जनवाद' अन्तर्गतको समाजवादतर्फको संक्रमणकारी संरचना र प्रकृयामा राष्ट्रिय पूँजीपति वर्गको अवधारणालाई महत्वपूर्ण र गम्भीर स्थान दिएका छन् ।

यसैअन्तर्गत रहेर नै यी विभिन्न राजनैतिक शक्तिहरुका मूल नाराहरुमध्ये 'सामन्तवाद र साम्राज्यवादको ध्वंश गरौं' भन्ने नारा आएको छ । अर्थात् समाजवाद स्थापना हुनु पूर्वको संक्रमणकालीन स्थितिमा राष्ट्रिय र स्वाधीन पूँजीवादी अर्थतन्त्रको स्थापना, जगेर्ना र विकास गर्ने लक्ष्य र कार्यक्रमको लागि सैद्धान्तिक तहमा राष्ट्रिय पूँजीपति वर्गको धारणाले मार्ग प्रशस्त गरेको छ । यस्तो किसिमको पूँजीवादी विकासले पूँजीवादी जनवादबाट समाजवादमा संक्रमण गर्न सहज हुने धारणा पनि यो सिद्धान्तमा निहित छ । यही किसिमको विकासलाई मूर्तरुप दिन राष्ट्रिय पूँजीपति वर्गको अवधारणाले मान्यता पाएको हो । परन्तु, संक्रमणकालीन पूँजीवादी विकासको कार्यक्रमले समाजवादमा संक्रमण गर्न कसरी र किन सजिलो तुल्याउँछ ? भन्ने प्रश्नको उत्तर पाउन कठीन भएको छ ।

> *'विश्वव्यापीकरण'को हालको उद्घोष दुई दशक जतिमात्र पुरानो भएको जस्तो हामीलाई लागे पनि वास्तावमा यसको लामो इतिहास छ ।*

हालसम्मको समाजवादी सिद्धान्त र कार्यक्रममा यस्तो पूँजीवादी विकासको मान्यता स्थापित त भएको छ, तर यसको ब्याख्या भने भएको छैन । यस्तो मान्यताको सैद्धान्तिक आधार के हो ? समाजवादमा संक्रमण गर्नुको लगत्तैअघि यस्तो पूँजीवादी विकास किन अपरिहार्य हुन्छ ? यसबारे इतिहाससम्मत र र तर्कसंगत जवाफ अहिलेसम्म आएको जस्तो लाग्दैन । वास्तवमा नौलो जनवाद अन्तर्गको र अन्य वर्ग, समूहको नियन्त्रणमा संचालन हुने भनिएको स्वाधीन राष्ट्रिय पूँजीवादी विकासको क्रममा पूँजीवादी र निम्न पूँजीवादी वर्गको जग झन् झन् मजबूत भई समाजवादी क्रान्तिको धार भुत्ते हुन सक्ने त होइन ? यसै कारणले समाजवादी संक्रमण असहज, अपेक्षाकृत रुपले विकृत वा ढिलो हुने वा संक्रमण ठीकसित हुनै नसक्ने अवस्था त श्रृजना हुने त होइन ? यो सम्भावनालाई इन्कार गर्न सकिन्न ।

बरु नौलो जनवादी राज्यसत्ताको उदयपछि पनि केही कालसम्म पुरानो सामन्तवादी दलाल, र नोकरशाही पूँजीवादी, उपनिवेशवादी वा क्षेत्रीय, जातीय, लैङ्गिक अहंकारवादी र शोषणवादी राजनैतिक, आर्थिक र सांस्कृतिक सत्ता निकै हदसम्म कायम नै रहन्छ । यही नै कारणले आर्थिक नभई मूलतः राजनैकि प्रयोजनका लागि यस्तो नौलो जनवादी, पूर्व–समाजवादी, अन्तरिम कालको अवधारणा अघि सारिएको हुनसक्छ । यस्तो हुनसक्ने संभावना यस कारणले पनि ज्यादा छ कि नयाँ सत्ताको उदयपछि पनि लामो कालसम्म पनि राजैतिक प्रतिगमनको खतरा यथेष्ट मात्रामा रहिरहन्छ । अझ समाजवादी सत्ता स्थापित भइसकेको स्थितिमा समेत पूँजीवादी प्रतिगमनको यस्तो खतरा प्रशस्त मात्रामा रहने तथ्य चीनमा लागू गरिएको सांस्कृतिक क्रान्तिले प्रष्ट देखाएको छ । समाजवादी पार्टीहरुभित्रको अन्तरपार्टी संघर्षको एक मुख्य कारण र पाटो पनि यही हो ।

यो लेखमा मूल रुपले सार्वजनिक बहसका लागि उठाउन खोजिएको सवाल यही नौलो जनवादी (वा विभिन्न किसिमले 'परिमार्जित' नौलो जनवादी) संक्रमणकालको एक विशिष्ट पाटो वा कडीसँग सम्बन्धित छ । नौलो जनवादअन्तर्गत माथि भनिएजस्तो स्वाधीन, राष्ट्रिय पूँजीवादी विकासको कार्यक्रम लागू गर्न एक खास किसिमको संरचनाको परिकल्पना गरिएको छ । यो संरचनामा क्रान्तिकारी समाजवादी पार्टी लगायत प्रगतिशील, देशभक्त, प्रजातान्त्रिक र गैर–सामन्ती र गैर दलाल/नोकरशाही पूँजीपतिका तप्का र समूहहरु रहने निर्क्योल गरिएको छ । यही संरचनाभित्र रहने गरी स्वाधीन राष्ट्रिय पूँजीवादी विकासको जग निर्माण गर्ने काममा प्रत्यक्ष योगदान पुऱ्याउन राष्ट्रिय पूँजीपति वर्गको अवधारणा अघि सारिएको छ ।

विश्व समाजवादी चिन्तनमा यो अवधारणाले महत्वपूर्ण स्थान ओगटेको छ । विश्वका सबैजसो समाजवादी दलहरुले पनि आ–आफ्नो सिद्धान्त र कार्यक्रममा यो अवधारणालाई समावेश गरेका छन् । माथि भन्न खोजिएझैं नेपालका समाजवादी दल, संस्था र शक्तिहरुले पनि यो अवधारणालाई पूर्णतया अंगिकार गरेका छन् ।

प्रश्न ठीक यहींनिर उठ्छ : के यो अवधारणा सही छ ? यो अवधारणा पहिले सही थियो भने पनि के वर्तमान विश्व, क्षेत्रीय र मुलुकको सन्दर्भमा यो उत्तिकै प्रासंगिक र महत्वपूर्ण छ ? के यो अवधारणा, वर्तमान घडीको सन्दर्भमा गैर–ऐतिहासिक छ ? के यो अवधारणा यथेष्ट मात्रामा ऐतिहासिक–आलोचनात्मक विश्लेषण र संश्लेषणसहित अंगिकार गरिएको हो ? वा, यो गैर–ऐतिहासिक तवरले र आलोचनात्मक दृष्टिकोणको अभाव रहन गएको कारणले हावी हुन पुगेको मात्रै हो ? यदि त्यसो भएको हो भने के यसले वर्तमान र भविष्यका समाजवादी आन्दोलन र क्रान्तिको सिद्धान्त र कार्यक्रममा उल्लेख्य धक्का त पुऱ्याउँदैन ? पक्कै पनि यो छोटो लेखमा यी प्रश्नहरुको समग्र उत्तर खोज्न संभव छैन । ऐतिहासिक अनुभवमा आधारित सघन सार्वजनिक राजनैतिक विश्लेषण र बहस अन्तर्गत मात्र यी प्रश्नहरुले सही र सार्थक हल पाउनसक्ने छन् । तर पनि उपरोक्त प्रश्नको उत्तर खोज्दा छिचोल्नै पर्ने केही सवाल र दायराहरुको रेखांकन गर्नु उपयुक्त र आवश्यक ठहर्छ । यो लेखमा केवल त्यतिमात्र गर्न खोजिएको छ ।

यी सवाल र दायराहरु मूलतः इतिहास प्रदत्त अनुभव, वर्तमान विश्व र क्षेत्रीय स्थिति र वर्तमान नेपालको विशिष्ट स्थितिसँग संम्बन्धित छन् ।

'विश्वव्यापीकरण'को हालको उद्घोष दुई दशक जतिमात्र पुरानो भएको जस्तो हामीलाई लागे पनि वास्तावमा यसको लामो इतिहास छ । 'विश्वव्यापीकरण'का अनेकौं अर्थ लागे पनि र यसका विभिन्न पाटा र प्रकृया भएपनि यसको आधारशीला पूँजीवादी साम्राज्यवाद नै हो । धेरै अर्थमा 'विश्वव्यापीकरण' र विश्व साम्राज्यवादीकरण पर्यायवादी संरचना र प्रकृया नै हुन् । अर्थात्, पूँजीवादको उदय सँगसँगै साम्राज्यवादको उद्घोष पनि भएको हो । तर पनि, पूँजीवाद फस्टाउन र यसले विश्वव्यापी रुप धारण गर्न २५० वर्ष जति लागेकाले यसको वास्तविक साम्राज्यवादी चरित्र सन् १८५० को हाराहारीमा मात्र उदाङ्ग हुन पुग्यो । कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सको सन् १८४८ को "विश्वका मजदूर एक होऔं" लाई यही उदाङ्गोपनाको

संगठित प्रतिकृयाको रुपमा स्वीकार गनुपर्छ । यसैगरी मार्क्स र एंगेल्सले पूँजीवाद अन्ततः साम्राज्यवादमा परिणत हुने तथ्य उद्घाटित गरेका थिए । वास्तवमै सन् १९०० सम्ममा पूँजीवादको साम्राज्यवादी ब्यापकता र गहिराई प्रष्ट भैसकेको थियो ।

कुल विश्व उत्पादनको दाँजोमा विश्वभरिको कुल अन्तर्देशीय आयात र निर्यातको मात्रालाई साम्राज्यवादको एक मुख्य सूचक मान्ने हो भने सो सूचकको परिमाणमा सन् १९०० र त्यसको १०० वर्षपछि अर्थात् सन् २००० मा, कुनै अन्तर देखिन्न । यो नयाँ उत्पन्न स्थिति र अत्यन्त उर्लेको ब्यापारिक लगायत औद्योगिक र वित्तीय तीनै किसिमको र विश्व तहको अभूतपूर्व केन्द्रीकरणलाई दृष्टिगत गरेर नै भ्लादिमीर लेनिनले सन् १९०० कै दशकमा मस्यौदा गरिएको पुस्तकमार्फत् पूँजीवादरुपी साम्राज्यवाद चोटीमा पुगेको तथ्य लामो ब्याख्यासहित हाम्रासामु राखे । सारमा, पूँजीवाद र साम्राज्यवाद एउटै प्रकृयाको अलि कम र विकसित रुप भएको हुँदा पूँजीवादको विकास गर्ने तर साम्राज्यवादभित्र नपस्ने र नफँस्ने, अझ यसको व्यापक र जरैदेखि विरोध गर्ने सिद्धान्त र कार्यक्रम वास्तविक विश्व ऐतिहासिक अनुभवबाट त्यतिखेरदेखि नै बेठीक सावित भएको हो । साथै, राष्ट्रिय पूँजीपति वर्गको अवधारणा लगायत स्वाधीन, राष्ट्रिय अर्थतन्त्रको अवधारणा पनि त्यसै कालदेखि नै धरापमा पर्न थालेको हो ।

तर यो पनि एक ऐतिहासिक तथ्य हो कि राष्ट्रिय पूँजीपति वर्गको सिंगो अवधारणा र स्वाधीन, राष्ट्रिय अर्थतन्त्रको परिकल्पना त्यो धारणाको सैद्धान्तिकरण र त्यससम्बन्धी कार्यक्रम भने आफैं एकातिर त्यही साम्राज्यवादी पूँजीवाद वा राष्ट्रिय पूँजीवादको वा यसैबीचको व्यवस्थाको कारणले आम शोषणमा पिल्सिएका जनताको संघर्षको उपज हो । तर धेरै हदमा यो संघर्ष असमान शक्तिहरुको बीचको संघर्ष रह्यो । एकातिर पूँजीवाद विश्वव्यापी तहको रह्यो भने अर्कोतिर राष्ट्रको सीमित घेराभित्रको चेतना, श्रोत, संगठन आदि अन्तर्गत चल्ने र आपसी द्वेष बोकेका छुट्टाछुट्टै मुलुकहरु त्यहाँका श्रमिक र उत्पीडित वर्ग र समूहहरु । यो परिप्रेक्ष्यमा पूँजीवादलाई पनि राष्ट्रिय घेराभित्र सीमित राख्ने, विश्व पूँजीवादबाट अलग्याउने प्रयत्न भए । परन्तु, विश्वपूँजीवादलाई खण्डित गर्दै यसको जरो काट्ने कार्यक्रममा अनेकौं प्रतिकूलताहरु थपिए । अपितु यस्तो कार्यक्रम समाजवादीहरुको मात्र नभएर राष्ट्रवादीहरुको समेत रह्यो । यद्यपि राष्ट्रवादीहरुले यस्तो कार्यक्रमलाई उद्देश्य नै मानेर स्वीकारे भने समाजवादीहरुले संक्रमणकालीन रणनीतिको तहमा ।

२० औं शताब्दीको पूर्वार्द्धमा दुईवटा महान क्रान्तिका कार्यक्रमहरु सम्पन्न भए, सन् १९१८ को सोभियत जनक्रान्ति र सन् १९४९ को चिनियाँ जनक्रान्ति । पक्कै पनि लेनिन र उनका मित्रहरुले पूँजीवादको साम्राज्यवादी चरित्रबारे बिस्तृत र सूक्ष्म अध्ययन गरेकोले साथै क्रान्तिकारीहरुबीच उनीहरु राजनैतिक र सैनिक रुपले हावी रहेकाले हुनपर्दछ, रुसमा क्रान्तिपछि लगत्तै र कुनै संक्रमणकालीन, 'नौलो जनवादी' खालको व्यवस्था र अवधिविना नै समाजवाद लागु गरियो । 'राष्ट्रिय पूँजीपति वर्ग'को अवधारणाले त्यतिबेला कुनै स्थान पाएन । तर त्यसको छ वर्षपछि नै 'नौलो जनवादी' प्रकारको 'नयाँ आर्थिक नीति (NEP)'को घोषणा भयो । यस्तो किन भयो ? छ वर्षे समाजवादी अभ्यासका के त्रुटीहरु रहे ? यी त्रुटीहरु सच्याउन 'नयाँ आर्थिक नीति (NEP)'का कुन पक्ष र बुँदाले सहयोग गर्ने अपेक्षा गरिएको थियो ? कुन हदमा त्यस्ता त्रुटीहरु सच्चिए वा सच्चिएनन् ? यी सवालबारे सघन खोज अत्यन्त आवश्यक रहेको छ ।

माथि भनिएको 'छिचोल्नु पर्ने दायरा'मध्ये यो प्रमुख हो । तर ऐतिहासिक तथ्य यो पनि हो कि सो नौलो जनवादी प्रकारको र 'राष्ट्रिय पूँजीपति वर्ग'को अवधारणा बोकेको 'नयाँ आर्थिक नीति (NEP)'को २-३ वर्षभित्रै अवसान भयो । यस्ता नयाँ जनवादी प्रकृतिको र यस्ता राष्ट्रिय पूँजीपति वर्गको विकास गर्ने अठोट

**क्रान्तिपछिको संक्रमणकाल आर्थात् नौलो जनवादीकाल नै अत्यन्त छोटो तुल्याइएकोले राष्ट्रिय पूँजीपति वर्गको अवधारणा चीनमा 'नाकाम' साबित भयो । चीनमा समेत यस्तो किन भयो ? यो अर्को छिचोल्नुपर्ने सवाल बनेको छ ।**

बोकेको नीति कार्यक्रमको यति छिटै अवसान किन भयो ? यो अर्को छिचोल्नु पर्ने सवाल बनेको छ । तर पनि ऐतिहासिक वास्तविकता यो रहेको छ की 'राष्ट्रिय पूँजीपति वर्ग'को अवधारणा त्याज्य बन्यो । 'नौलो जनवाद'को धारणाको सुत्रबद्धकर्ता माओ जडोङ्गद्वारा नेतृत्वमा संचालित चिनिँया जनक्रान्तिमा राष्ट्रिय पूँजीपति वर्गको अवधारणा केही विकसित र भिन्न रह्यो, तर चीनमा पनि परिणति भने रुसको समान रह्यो । लामो क्रान्ति कालको शुरुदेखि क्रान्ति सम्पन्न हुँदासम्म यो अवधारणाले निकै हदमा मान्यता प्राप्त गर्‍यो । तर क्रान्तिपछिको संक्रमणकाल आर्थात् नौलो जनवादीकाल नै अत्यन्त छोटो तुल्याइएकोले राष्ट्रिय पूँजीपति वर्गको अवधारणा चीनमा 'नाकाम' साबित भयो । चीनमा समेत यस्तो किन भयो ? यो अर्को छिचोल्नुपर्ने सवाल बनेको छ ।

तर फेरि पनि यो ऐतिहासिक तथ्य हो कि राष्ट्रिय पूँजीपति वर्गको अवधारणा चीनियाँ क्रान्तिपछि यथार्थमा खरो उत्रन सकेन । चिनियाँ जनक्रान्ति अन्तर्गतको राष्ट्रिय पूँजीपति वर्गको अवधारणाको क्रान्तिपछिको यथार्थमा परित्यागको इतिहासले एक अर्को महत्वपूर्ण प्रश्न पनि जन्माएको छ । के राष्ट्रिय पूँजीपति वर्गको अवधारणा वास्तवमा समाजवाद-संक्रमणकालीन नयाँ जनवादी राज्य व्यवस्थाको रणनैतिक पाटो नभएर उपनिवेशकालीन स्थितिमा संचालन गर्नुपर्ने राष्ट्रवादी आन्दोलनको कार्यनीतिक पाटो मात्र त होइन ? माथि भनियो कि साम्राज्यवादरुपी पूँजीवाद एकसय वर्षअघि नै निकै मजबूत स्थितिमा आइसकेको थियो तर यो पनि सही हो कि गएको सय वर्षमा साम्राज्यवादले छिटोभन्दा छिटो फड्को मारिरहेको छ । जनजीवनमा यसको असर अझ व्यापक र गहिरो बन्दैछ । विश्वका 'दूरदराज' अर्थतन्त्र, राज्य व्यवस्था, संस्कृति लगायत रोजगारी, शिक्षा, स्वास्थ्य आदि क्षेत्रहरुले गहिरो रुपले साम्राज्यवादउन्मुख संरचना र, चरित्र बोक्दैछन् । बहुराष्ट्रिय निगमहरु अभूतपूर्व रुपले शक्तिशाली बन्दैछन् । र यिनले अभूतपूर्व रुपमा आर्थिक मात्र नभई राजनैतिक र सांस्कृतिक बैधता प्राप्त गरिरहेका छन् । विश्व व्यापार र वित्तीय संगठनहरु वास्तवमै विश्वब्यापी बनेका छन् । मुलुक विशेषका राज्य व्यवस्था र संचालनका अंगहरुमा साम्राज्यवादको बोलबाला अभूतपूर्व स्थितिमा पुगेको छ ।

नेपाल लगायत अन्य केही अत्यन्त अल्पविकसित मुलुकको स्थिति अरु बिशिष्ट चरित्रको छ र बन्दैछ । नेपाल, चीन र भारतजस्ता विशाल अर्थतन्त्रबीच रहेको छ विशाल पूँजीवादी बजारका साथै राजनैतिक र सैनिक शक्ति बोकका यी दुई राष्ट्र-राज्यहरुबीच नेपालको भौगोलिक अवस्थिति छ । यस्तो भएकाले र भारतसँगको सीमानासँगको हाम्रो सीमाना खुलासमेत भएकोले, साथै भारतको राजनैतिक, सैनिक र आर्थिक रबैया नेपाली राष्ट्रियताविरोधी रहकोले एकातिर स्वाधीन राष्ट्रिय अर्थतन्त्रको नाराको महत्वाबोध भएको छ भने अर्कोतिर यथार्थमा यस्तो कार्यक्रमको संचालन भने झन्झन् दुरुह बन्दै गएको छ । विश्वलगायत भारतको र नेपालको अन्तर्राष्ट्रिय वर्ग सम्बन्ध, खासगरी दलाल पूँजीपति वर्गबीचको अन्तर्सबन्ध कसिँदै गएको आजको स्थितिमा खासगरी निम्न पूँजीपति वर्गको समेत उल्लेख्य हिस्सा यस्तो दलाल पूँजीपति वर्गमा रुपान्तरण भएको र अझै हुँदैजाने यथेष्ट संभावनाको स्थितिमा राष्ट्रिय पूँजीपति वर्गको अवधारणा कति प्रासंगिक छ ? यो कति सान्दर्भिक र यथार्थसम्मत हुनसक्छ ? यो अर्को छिचोल्नु पर्ने सवाल हुन आएको छ ।

यस स्थितिमा समाजवादी लक्ष्य र कार्यक्रम लागू गर्ने रणनीतिको विभिन्न मुख्य पाटाहरुमध्येको 'राष्ट्रिय पूँजीवादी' पाटोले विश्व र मुलुकको विशिष्ट ऐतिहासिक सन्दर्भ गुमाइसकेको छ वा छैन भन्नेबारे सघन रुपले खोजीपस्नु अत्यावश्यक भैसकेको छ । यदि यो पाटोले त्यस्तो ऐतिहासिक सन्दर्भ गुमाइसकेको हो भने सो पाटोको 'सत्यता' र 'अनिवार्यता' त्याग्नु आवश्यक हुन्छ । ऐतिहासिक सन्दर्भ गुमाइसकेको पाटो सेलाएपछि मात्र अन्य उपयोगी र ग्राह्य पाटाहरुको खोजी हुनसक्छ ।

❑

**निम्न पूँजीपति वर्गको समेत उल्लेख्य हिस्सा यस्तो दलाल पूँजीपति वर्गमा रूपान्तरण भएको र अझै हुँदैजाने यथेष्ट संभावनाको स्थितिमा राष्ट्रिय पूँजीपति वर्गको अवधारणा कति प्रासंगिक छ ? यो कति सान्दर्भिक र यथार्थसम्मत हुनसक्छ ?**

◀ नीति/संस्कृति

## के एमालेको समग्र पंक्तिले यो कार्यक्रमलाई साथ देला ?

# "जन सांस्कृतिक पुरस्कार" स्थापनाको सार्थक घोषणा

- हरिगोविन्द लुईटेल -

❑ हाललाई रू. पचास पचास हजारका तीनवटा पुरस्कारहरू स्थापना गरिने ।

❑ यस निम्ति रू. दश लाखको अक्षयकोष प्रथम चरणमा खडा गरिने । ६ महिनाभित्र राजधानीका रू. ५००/- जना र बाहिरका रू. ५००/- जना सहयोगीहरूबाट रू. १,०००/- का दरले यसका लागि रकम संकलन गरिने ।

❑ अर्को चरणमा अक्षयकोष रू. बीस लाखको बनाउने । यसनिम्ति थप सहयोग संकलन अभियान थालिने ।

नेकपा एमाले निकट रहेको 'राष्ट्रिय जन सांस्कृतिक मंच'ले गत महिना औपचारिक रूपमा यस्तो निर्णय गरी जन संस्कृतिको क्षेत्रमा कार्यरत प्रतिभाहरूलाई सम्मान र टेवा पुर्‍याउने उद्देश्य अन्तरगत एउटा प्रशंसनीय जनपक्षीय काम गरेको छ । संस्थागत रूपमा प्रगतिशील साहित्य-कलाका साधकहरूलाई पुरस्कारको व्यवस्था गर्ने दिशामा यो पुरस्कार स्थापनाको आफ्नैखाले विशेष महत्व रहेको छ ।

यो महत्वको एउटा पाटो हो- यसको स्रोत विशुद्ध जनपक्षीय रहनु । जन-संस्कृतिको काम गर्छु भनेर स्थापना भएको कुनै संस्थाले धेरै मानिसहरूमा अपील गरेर उनीहरूबाट स्वेच्छाका आधारमा कोष खडा गरिएको स्थितिमा यस्तो कोषबाट दिइने पुरस्कार स्वीकार्न कुनै पनि स्वाभिमानी लेखक कलाकारहरूलाई हिच्किचाहट महशूस गर्नुपर्ने स्थिति रहँदैन । हैन भने त नेपालमा आजकल कालो धन्दाबाट आर्जित रकमबाट पुरस्कार स्थापना गर्नेहरू पनि धेरै निस्केका छन् । तिनीहरूले दिएका पुरस्कारहरू लिंदा ती दाताहरूको गलत आयस्रोतहरूको पनि



ज.सां.मं.का अध्यक्ष जे.बी. टुहुरे

अप्रत्यक्ष सम्मान हुनजाने र प्राप्तकर्ता लेखक-कलाकारको भने अपमान हुनजाने हुन्छ । यसकारण कतिपय यस्ता पुरस्कारहरूबारे हामीकहाँ प्रशस्तै विवादहरू पनि रहेका छन् । यो स्थितिमा, प्रस्तावित 'जन सांस्कृतिक पुरस्कार'को यो जनस्तरीय आयस्रोतको पक्ष विशेष उल्लेख्य रहेको हो ।

महत्वको अर्को पाटो हो- एमाले पंक्तिले यस्ता दीगो प्रकृतिका सांस्कृतिक काममा ध्यान दि थाल्नु ।

वास्तवमा नेपाली वाम-आन्दोलनकै एउटा बिडंवना के देखिएको छ भने, यहाँ सोभियत संघ पतनको एउटा महत्वपूर्ण कारक तत्व त्यहाँ भएको सांस्कृतिक अधोपतन पनि हो भन्ने कुरामा प्रायः सबै वामपन्थीहरू सहमत छन् । सोभियत संघ पतन हुनुको अनुभवबाट हामीले गंभीर पाठ सिकेर हत्पत्ति पतन नहुने हाम्रो बाटो खोज्नुपर्छ भन्नेमा पनि उनीहरू सहमत छन् । तर यस सहमति बमोजिम काममा प्राथमिकता दिन भने कोही पनि अग्रसर छैनन् । सांस्कृतिक अधोपतन वा सांस्कृतिक सुस्ती आफूमा र समाजमा पनि भएको स्वीकार्ने तर त्यस अधोपतन वा सुस्तीका विरूद्ध ठोस काम केही नगर्ने प्रवृत्ति यहाँ मूल प्रवृत्तिको रूपमा विद्यमान रहेको छ । केही पार्टीहरूमा मात्रात्मक हदमा केही सचेतता पाइएको छ । तर त्यो उल्लेख्य हदको घनत्वपूर्ण भने रहेको छैन ।

यसकारण, हाम्रो वाम आन्दोलनमा संस्कृति भनेको 'जीवन बाँच्ने समग्र शैली हो' भन्ने बृहद अर्थमा त परै जाओस्, 'संस्कृति भनेको कला-साहित्य हो' भन्ने सीमित अर्थमा समेत पार्टीहरू वा संगठनहरूले यस क्षेत्रलाई महत्व दिइरहेका छैनन् । 'हाम्रो पनि एउटा सांस्कृतिक मोर्चा छ' भनाउन वा पार्टीको निम्ति चुनाव जित्न, चुनाव उपयोग गर्न अथवा चुनाव वहिष्कार गर्न वा सभामा मान्छे जम्मा गर्न र अर्थ संकलन गर्नमात्र कलाकर्मीहरूको जरूरत ठान्ने पार्टी-नेताहरू यहाँ प्रशस्तै भेटिन्छन् । प्रगतिशील क्षेत्रको एउटा राम्रो किताब वा राम्रो गीत, नाटक वा नृत्य स्वयंको जनतामा कति ठूलो एवं दूरगामी प्रभाव रहन्छ र तिनको चिरस्थायी प्रकृतिको कतिसम्म महत्व छ भन्ने कुरा बुझ्ने वाम नेताहरू यहाँ अति नै नगण्य मात्र छन् । यस कारण उनीहरूको समग्र चासो नै यस सन्दर्भमा कम रहने गरेको हो । समग्रमा चासो नरहेपछि यसको एउटा अंश वा पक्षको रूपमा रहेको 'लेखक-कलाकारलाई जोगाउन भौतिक टेवा दिने र कलाकृतिलाई जनतामा स्थापित गर्ने प्रयत्न' उनीहरूबाट नहुनु स्वभाविकै भयो ।

यो स्थितिमा, रा.ज.सां. मंचले यो पुरस्कार स्थापनाको माध्यमबाट यो प्रयत्नको एउटा कडी समातेको छ । यस अर्थमा पनि यो प्रयत्नको महत्ताबोध गरिएको हो ।

व्यक्तिगत रूपमा भन्ने हो भने यो पंक्तिको लेखकले पटक पटक सार्वजनिक लेखहरूमार्फत् मात्र हैन, अनौपचारिक भेटघाटमा पनि धेरै वाम नेताहरूसँग 'जनपक्षीय पुरस्कार स्थापना संभव छ तर तपाईंहरूले पहल गर्नुपर्छ' भन्ने सुझावहरू दिंदै आएको हो । क. मदन भण्डारीको नेतृत्वमा भएको एमालेको पाँचौं महाधिवेशनताकादेखि नै एमाले पक्षीय अखवारहरूमै पनि लेखहरू लेखेर र नेताहरू एवं एमालेका वरिष्ठदेखि कनिष्टसम्मका संस्कृतिकर्मीहरूसँग उद्देश्यमूलक ढंगको भेट र सामूहिक भेटसमेत गरेर एमालेले सांस्कृतिक सरोकारमा ध्यान नदिएको तर्फ ध्यानाकर्षण गराउँदै आएको हो । छैठौं महाधिवेशनताका पनि तात्कालीन बहुमत एवं अल्पमत पक्षका नेताहरू र संस्कृतिकर्मीहरूलाई यसरी नै अपील गरिएको हो । यसको संझना गर्ने केही नेताहरू र धेरै संस्कृतिकर्मीहरू अझै सक्रिय नै हुनुहुन्छ । उहाँहरू हाल कोही एमालेमा र कोही मालेमा हुनुहुन्छ ।

महाधिवेशनहरूमार्फत् खासै उपलब्धि भएन । कारण, उहाँहरूले 'सांस्कृतिक क्षेत्रमा जनतालाई प्रजातन्त्र प्रदान गर्ने' राम्रो विश्लेषण र वाचा गर्नुभए पनि एउटा कम्युनिष्ट

क. माधवकुमार नेपाल



क. प्रदीप नेपाल



*नेपाली वाम-आन्दोलनमा सोभियत संघ पतनको एउटा महत्वपूर्ण कारक तत्व त्यहाँ भएको सांस्कृतिक अधोपतन पनि हो भन्ने कुरामा प्रायः सबै वामपन्थीहरू सहमत छन् । सोभियत संघ पतन हुनुको अनुभवबाट हामीले गंभीर पाठ सिकेर हत्पत्ति पतन नहुने हाम्रो बाटो खोज्नुपर्छ भन्नेमा पनि उनीहरू सहमत छन् । तर...*

पार्टीले जाहेर गर्नुपर्ने 'प्रगतिशील संस्कृति निर्माणको पहल गर्ने' प्रतिबद्धता पार्टीको स्वीकृत दस्तावेजमा अझै समावेश गर्न जरूरी ठान्नु भएको छैन । यो कुरामा तात्कालीन अल्पमत पक्षले पनि उदासीनता नै देखाउँदै आएको हो । तर हालको माले पार्टीको गत महिनामा संपन्न राष्ट्रिय सम्मेलनले भने केही ध्यान दिएको पाइएको कुरा यहाँ उल्लेखनीय रहेको छ ।

यसतर्फ एमाले र माले दुवैले अझै पनि ध्यान देओस् भन्ने सुझाव दिँदै के भन्नु जरूरी छ भने एमालेका भित्रहरूले पुरस्कार स्थापनारूपी एउटा पाटोमै मात्र भएपनि अहिले जुन पहलको अठोट गर्नुभयो, त्यो स्वागतयोग्य छ ।



मदन भण्डारी

**क. मदन भण्डारीको नेतृत्वमा भएको एमालेको पाँचौं महाधिवेशनताकादेखि नै एमाले पक्षीय अखवारहरूमै पनि लेखहरू लेखेर र नेताहरू एवं एमालेका वरिष्ठदेखि कनिष्टसम्मका संस्कृतिकर्मीहरूसँग उद्देश्यमूलक ढंगको भेट र सामूहिक भेटसमेत गरेर एमालेले सांस्कृतिक सरोकारमा ध्यान नदिएको तर्फ ध्यानाकर्षण गराउँदै आइएको हो ।**

दुई तीन महिना जति अघि बल्खुस्थित एमालेको केन्द्रिय कार्यालयको प्रांगणमा एमालेको मुखपत्र 'नवयुग' प्रकाशनको वार्षिकोत्सवको अवसरमा आयोजित 'चियापान' कार्यक्रममा पुरस्कार स्थापनाको यही प्रसंगमा पुनः एमाले नजिकका सांस्कृतिक कर्मीहरू र एमालेका नेता क. प्रदीप नेपाल एवं महासचिव क. माधवकुमार नेपालसंग मैले कुराकानी गरेको थिएँ । त्यतिखेर उहाँहरूको चासो पहिलेभन्दा निकै बढी नै पाउँदा खुशी लागेको थियो ।

❑ "तपाईंहरूसँग कार्यकर्ताहरू छन्, उनीहरू जनतासँग जोडिएका पनि छन् । तपाईंहरूको दावी अनुसार उनीहरू हज्जारौं छन्, जनवर्गीय संगठनका कार्यकर्ता पनि जोड्ने हो भने लाखभन्दा बढी नै छन् । ती कार्यकर्ताहरूसँग प्रगतिशील कलाकार-साहित्यकारलाई सम्मान र टेवा दिने 'अक्षय-कोष'को दीगो योजना प्रस्तुत गरी एकजनाले दुई चार महिनाभित्र जनही चार-पाँच सय रूपियाँ जनताबाट उठाएर पार्टीमा वा सांस्कृतिक मोर्चामा जम्मा गर्न अपील गर्ने हो भने उनीहरूले छोटो समयमै लाखौं रूपियाँ उठाउन संभव छ । त्यसले करोड पनि नाघ्न संभव छ ।"

❑ "तपाईंहरू स्वयं रहनुभएको र तत्काल फाइदा देखिने राजनीतिक मोर्चाको काम आइपर्दा त तपाईंहरू जति पनि पैसा जम्मा गर्न सक्नुहुन्छ । बाटो, पर्खाल, भित्ता वा तुल, गंजी आदिमार्फत् प्रचार गर्न मात्र हैन, तपाईंहरूले चाख दिने हो भने बाँसका भाँगमा समेत लगेर तुल टाँग्ने पैसा तपाईंहरू उठाउन सक्नुहुन्छ । तर तत्काल फाइदा नदेखिने, दीगो असर हुने कला-मोर्चाको काममा भने तपाईंहरू त्यत्तिकै गंभीर हुनुहुन्न । गंभीर हुने हो भने यो क्षेत्रमा पनि ठोस काम हुनसक्छ ।

एमालेका नेता कमरेडहरूसँग त्यतिखेर भनिएका यी कुराहरू माले, मसाल, एकताकेन्द्र वा माओवादी पार्टी-नेताहरूकै सन्दर्भमा पनि सत्य छन् भन्ने मलाई लाग्छ ।

वास्तवमा रा.ज.सां. मंचले र त्यस पछाडि रहेको ने.क.पा. एमालेले पुरस्कारको सन्दर्भमा देखाएको यो चासोबाट अरू वाम पार्टीहरूले पनि सिक्नु जरूरी छ । स्वस्थ प्रतिस्पर्धा नै हुन्छ भने पनि त्यो अन्ततः जनताको पक्षमै हुनेछ । हरेकले आ-आफ्नो पक्तिबाट पहल गरी आ-आफ्नो पंक्ति नजिकका मात्रै पनि सक्रिय र राम्रा कलाकर्मीहरूलाई यसरी भौतिक टेवा र भौतिक सम्मान दिने वातावरण बनाउने हो भने अन्ततः त्यसले समग्र नेपाली प्रगतिशील कला-आन्दोलनलाई नै धेरै हदसम्म सघाउ पुऱ्याउनेछ । हाल प्रगतिशील क्षेत्रमा कृष्णमणि पुरस्कार, गोकुल पुरस्कार, मिश्र पुरस्कार, केवलपुरे प्रतिभा पुरस्कार, पारिजात सिर्जनशील पुरस्कार र साहित्य संन्ध्या पुरस्कार (हाल दुईवटा) जस्ता सीमित पुरस्कारहरू मात्र रहेका छन् । वाम संगठन-हरूको पहलमा रकम, संख्या र गुणस्तरमै थप योग हुनेगरी यसरी सक्रियता पैदा हुने हो भने यी स्थापित पुरस्कारहरूले पनि थप साथी पाउँथे, साथ पाउँथे ।

यतिखेर उल्लेख गर्नै पर्ने एउटा स्थिति के रहेको छ भने आज मुलुकमा प्रतिबद्धीय साहित्य र कला क्षेत्रका प्रतिभाहरूलाई टिकाउन र प्रोत्साहित गर्न स्वयं राज्यसत्ता र यसका समर्थक व्यक्ति एवं गुठीहरू निकै सक्रिय रहेका छन् । सानातिना प्रतिबद्धीय प्रतिभाहरूलाई पनि बढीभन्दा बढी सृजना गर्न प्रोत्साहित गर्ने भौतिक वातावरण उनीहरूले सिर्जना गरिहेका छन् । तर मुलुकमा 'ठूलो शक्ति'को रूपमा स्थापित भएको भनिएको 'वाम शक्ति'ले भने आफ्ना प्रतिभाहरू टिकाउन अहिलेसम्म ठोस रूपमा ध्यान नै नदिएको पाइनु एउटा दुःखद् बिडवंना हो ।

रा.ज.सां. मंचका महासचिव साहित्यकार वासुदेव अधिकारी ठीकै भन्नुहुन्छ- "संस्थापना पक्षमा सामन्तवाद, यथास्थितिवादी चिन्तन, जनविरोधी तथा प्रगतिशीलताविरोधी मनोभूत सवार भैरहेकै छ । फलतः प्रगतिशील चिन्तन, साधना र सिर्जना हितकारी, मन्मयकारी र समयसापेक्ष भएर पनि अवहेलना र तिरस्कारको शिकार बनिरहेको छ । संस्थापनाको पाउ नछोएवापत देवकोटा, रिमाल, गोकुल जोशी आदि प्रतिभाहरू भोकभोकै मर्नुपर्ने, तर सिंगाने पंच सहित्यकारहरूले गर्धनले धाम्न नसक्ने गरी माला लगाउने अवस्था निःसन्देह मुलुक र जनताको लागि दुःखदायी र बिडंवनाको कुरा हो । ०४६ सालपछि पनि त्यस स्थितिको अन्त्य भएको छैन । अझै पनि जनताका संस्कृतिकर्मीहरूले नवीन चिन्तन, अनवरत साधना र उत्कृष्ट सृजनाको निम्ति मलिलो माटो र निरोगी वायु पाउन सकेका छैनन् । यस क्षेत्रमा टिकिरहने पर्याप्त प्रेरणाको भौतिक आधारशीला निर्माण भइसकेको छैन ।" *(बुधवार, ०५७ मंसीर- २८)*

पुरस्कार सांस्कृतिक विकासको छु-मन्तर होइन भन्दै उहाँ थप भन्नुहुन्छ- "यो प्रेरक हो सृजनाको । यो लालिगुराँस हो सम्मानको । पुरस्कार पठनीयता, अनुकरणीयता र सम्मानलायक व्यक्तित्व वा कृतित्वको सानो चिनो लगाइ हो । यो लुकेको कृति प्रकाशमा ल्याउने उज्यालो पनि हो । दऱ्हो आत्मबल भएका सँच्चै राम्रा मानिस पुरस्कारको निम्ति त्याग गर्दैनन् । तर उहाँहरूलाई सम्मान गर्नुपर्छ । अतिशय प्रतिभाशाली र होनहार संस्कृतिकर्मीहरूलाई अरूले लोभ्याउन सक्छन्, यस क्षेत्रले टिकाउन सक्नुपर्छ । यसैको निम्ति हो- जन सांस्कृतिक पुरस्कार स्थापना गर्ने सोच राखिएको ।"

महासचिव बासुदेव अधिकारीको अभिव्यक्तिमा व्यक्त यो सोचलाई रा.ज.सां. मंच र ने.क.पा. एमालेका धेरैभन्दा धेरै नेता-कार्यकर्ताहरूले कत्तिको गंभीरतापूर्वक साथ देलान् ? आफ्नो समग्र पंक्तिलाई यो पुरस्कार र अक्षय कोष स्थापनाको महत्व र अभिप्राय बुझाउन यसका अगुवाहरू कत्तिको सक्रिय होलान ? र, स्थूल राजनीतिक काम, चुनाव, चुनावी हार-जित आदिलाई मात्र महत्व दिने बानी परेका एमालेका कतिपय जिम्मेवार ठूला-साना नेताहरू, बुद्धिजीवीहरू आदिले यो क्षेत्रको सान्दर्भिकतालाई कत्तिको आत्मसात गर्लान् ? यो हेर्नु बाँकी नै छ । ❑

श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसुफको दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दै मौसूफप्रति

हार्दिक मङ्गलमय शुभकामना

चढाउँदछौं ।

धवल शमशेर राणा
नेपालगंज नगरपालिका परिवार

कृषि विकास र गरिवी निवारण : हाम्रो प्रतिबद्धता

कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीलाई ग्रामीण कृषि कर्जा, व्यापार कर्जा र बैकिङ्ग सुविधाहरू प्रदान गर्दछ ।

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्र विशेष गरी कृषि विकाससँग सम्बन्धित छन् । यसको लागि हामी सुलभ व्याजदरमा संस्थागत ऋणहरू उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । देशको समष्टिगत विकास कार्यलाई अघि बढाउन कृषि विकास बैंकको कार्यहरूमा रचनात्मक ढंगले सहभागी होऔं ।

कृषि विकास बैंक
मुख्य कार्यालयः रामशाहपथ, काठमाण्डौं
फोनः २६२८८५, २६२५९६,
फ्याक्सः ९७७-१-२६२६१६

# विज्ञानका पछिल्ला आविष्कारहरू र द्वन्दवादका नियमहरू

प्रज्ञानरत्न

ब्रम्हाण्डका हरेक वस्तुहरूमा अन्तरविरोधी पक्षहरू हुन्छन् । गति आफैं एउटा अन्तरविरोध हो : एकै समयमा कुनै वस्तु उही स्थानमा हुनु पनि र नहुनु पनि, जस्तो बगिरहेको नदी, त्यो नै गति हो । तपाईं नदीको पानीको गति हेर्नुहोस् : खास स्थानमा खास समयमा नदीको पानी छैन भन्ने हो भने त्यो छ, त्यो स्थान भएरै पानी गुज्रिरहेछ, बगिरहेछ । छ भन्नुहुन्छ भने त्यो समयको त्यो स्थानको पानीमा पाइला टेक्न तपाईं खुट्टा उचाल्नुहोस्, खुट्टा पानीमा पुग्दा पहिलेको पानी त्यहाँ हुँदैन, त्यो बगेर कहाँ पुगिसकेको हुन्छ । ब्रम्हाण्डका हरेक वस्तुको गतिको चरित्र ठीक यस्तै हुन्छ : कुनै वस्तु खास समयमा खास स्थानमा छ पनि र छैन पनि, कुनै वस्तु पहिलेको वस्तु हो पनि र होइन पनि ।

ब्रम्हाण्डका हरेक वस्तुहरूमा अन्तरविरोधी पक्षहरू हुन्छन् । र, अन्तरविरोधी पक्षहरूबीचको अन्तरप्रवेश र अन्तर्सबन्धनै गतिको मुहान हो भन्ने द्वन्दवादको नियमलाई विज्ञानका पछिल्ला आविष्कारहरूले बेठीक सावित गरेका छैनन् । उल्टो, विज्ञानका पछिल्ला आविष्कारहरूले ब्रम्हाण्डका प्रत्येक वस्तुको अन्तरविरोधी पक्षलाई अरू उन्नत उदाहरण र गहिरो बुझाइसहित सही सावित गरेको देखिएको छ ।




*परमाणुभित्रका प्रोटोन र न्यूट्रोनजस्ता सुक्ष्म कणहरू पनि अति सुक्ष्म तीन/तीनवटा क्वार्क कणहरूबाट रचित भएका हुन्छन्*

हामी हाम्रो संसार अनगिन्ती 'ठोस' पदार्थहरूले भरिपूर्ण देखिरहेछौं । परन्तु, बीसौं शताब्दीको सबैभन्दा उल्लेखनीय आविष्कार के हो भने बाहिरबाट नांगो आँखाले हेर्दा 'ठोस' झैं देखिने तमाम वस्तुहरू बैज्ञानिक ढंगले सत्यको गहीराइमा जाँदा ज्यादाजसो खाली अन्तरीक्षले भरिपूर्ण छ । त्यो तरंग नै तरंगले भरिपूर्ण छ ।

सबै 'ठोस' वस्तुहरू ज्यादाजसो खाली अन्तरीक्षले भरिपूर्ण हुनु भनेको अन्तर्विरोधी कुरा हो । सबै 'ठोस' पदार्थहरू तरंग नै तरंग सिवाय केही होइनन् भन्ने अभिव्यक्ति पनि अन्तर्विरोधी कुरा हो । परन्तु, बीसौं शताब्दीको अत्याधुनिक विज्ञानले यही कुरालाई सत्य सावित गरेको छ ।

बीसौं शताब्दीको आविष्कार के हो भने पदार्थ परमाणुहरूद्वारा बनेको छ, र प्रत्येक परमाणुमा त्यस्ता इलेक्ट्रोनहरू रहेका छन्, जुन नाभीको वरपर हमेशा चक्कर मारिरहन्छन् । एउटा परमाणुले अर्को परमाणुसित कस्तो किसिमले अन्तर्क्रिया गर्छ त्यो कुरा यही इलेक्ट्रोनले निर्धारण गर्छ । परन्तु यति महत्वपूर्ण इलेक्ट्रोनले परमाणुभित्रको करिव ०.००१ प्रतिशत पदार्थको मात्र प्रतिनिधित्व गर्छ । परमाणुभित्रको अधिकांश पिण्ड यसको ज्यादै सानो घना नाभीमा केन्द्रित भएको हुन्छ । यो कोणबाट हेर्दा परमाणुमा ज्यादाजसो खाली नै खाली अन्तरीक्ष हुन्छ ।

ज्यादाजसो नाभीमा दुई किसिमका कणहरू हुन्छन् : एउटा पोजिटिभ चार्ज भएका प्रोटोनहरू र अर्को विद्युतीय हिसाबले तटस्थ न्यूट्रोनहरू । (यसको अपवाद हाइड्रोजन मात्रै हो, जुन तत्वहरूमध्येको सबैभन्दा हलुका तत्व हो । यसको नाभीमा चाहिँ केवल पोजिटिभ चार्ज भएको एउटा प्रोटोन मात्रै हुन्छ) यही अपवादले गर्दा 'ज्यादाजसो नाभीमा' भनिएको हो । कुनै पनि परमाणुको नाभीमा कति संख्यामा प्रोटोन हुन्छ भन्ने कुराले त्यस परमाणुले कुन तत्वको प्रतिनिधित्व गर्छ भन्ने कुरा निर्धारण हुन्छ । किनकि हरेक तत्वको परमाणुमा प्रोटोनको संख्या निश्चित हुन्छ । प्रोटोनको संख्याको फेरबदलले तत्वको आधारभूत गुणमै परिवर्तन आउँछ । त्यसैले हामी यो भन्न सक्छौं कि कुनै पनि तत्वका परमाणुहरूमा अरू तत्वको भन्दा भिन्न र अद्वितीय स्वभाव यही प्रोटोनले गर्दा हुन्छ ।

लेनिनको मृत्युको वर्ष, सन् १९२४ मा फ्रेञ्च भौतिकशास्त्री लुइस् द ब्रोगलीले इलेक्ट्रोन नामक कणको स्वभाव तरंगको जस्तो हुने अवधारणा प्रस्तुत गरे । त्यसको तीन वर्षपछि, सन् १९२७ मा, अमेरिकाका दुईजना भौतिकशास्त्री क्लिण्टन डेभिस्सन र लेस्टर जर्मरले बैज्ञानिक प्रयोगद्वारा नै कणको स्वभाव तरंगको जस्तो हुने अवधारणालाई बैज्ञानिक रूपले सावित गरे ।

यिनै आविष्कारहरूले गर्दा सन् १९३० को दशकमा पुग्दा बैज्ञानिक जगतमा के धारणा विकसित भयो भने, हामी दिन दिनैको संसारमा जुन ठोस वस्तुहरू देख्छौं, ती सबै वस्तुहरू गहीराई जाँदा परमाणुहरूद्वारा बनेका छन् । र, परमाणुहरू चाहिँ ज्यादाजसो खाली अन्तरीक्षद्वारा भरिभराउ छ । परमाणुहरू इलेक्ट्रोन, प्रोटोन, न्यूट्रनजस्ता ज्यादै सूक्ष्म प्राथमिक कणहरूद्वारा बनेका छन् । कणको विशेषत : इलेक्ट्रोनको, स्वभाव चाहिँ तरंगको जस्तो हुन्छ । त्यसैले 'ठोस' भनेको वस्तुहरू सत्यको गहीराइमा जाँदा ज्यादाजसो शून्य अन्तरीक्ष र तरंगै तरंग सिवाय केही होइनन् । पछिल्लो बैज्ञानिक आविष्कारका अनुसार परमाणुभित्रको द्वन्दवाद र अन्तर्विरोधी पक्षहरू भनेको पोजिटिभ चार्ज भएको इलेक्ट्रोन र निगेटिभ चार्ज भएको प्रोटोनको सह-अस्तित्व हो, तिनीहरूबीचको अन्तर्सबन्ध र अन्तर्संघर्ष हो । प्रोटोनको पोजिटिभ चार्जले इलेक्ट्रोनको नेगेटिभ चार्जलाई हमेशा ठीकसित सन्तुलनमा राखिरहेको हुन्छ । र, परमाणुको नाभीमा ठीक त्यति नै संख्यामा प्रोटोनहरू हुन्छन्, जति संख्यामा परमाणुमा इलेक्ट्रोनहरू हुन्छन् । यही संख्याको सन्तुलनले हरेक परमाणुलाई विद्युतीय हिसाबले तटस्थ पारिरहेको हुन्छ । त्यसैले कुनै कारणले जब परमाणुमा इलेक्ट्रोनको संख्या प्रोटोनको भन्दा बढी घटी हुन्छ तब परमाणुमा विद्युतीय सन्तुलन बिग्रन्छ र त्यसले परमाणुमा रासायनिक रूपमा अस्थिरता पैदा गर्दछ ।

यति मात्रै होइन, परमाणुको नाभीभित्र पनि विपरीत पक्षहरूको अन्तर्विरोध र अन्तर्सबन्ध विद्यमान हुन्छ । परमाणुभित्रको तटस्थ विद्युतीय चार्ज भएका न्यूट्रोनहरूले पोजिटिभ चार्जभएका प्रोटोनहरूलाई एक आपसमा धकेला-धकेल गर्नबाट बचाएर नाभीको परिधिभित्रै बाँधेर राखेका हुन्छन् । हलुका तौल भएका परमाणुहरूको नाभीमा बराबर संख्यामा प्रोटोन र न्यूट्रोनहरू रहेका हुन्छन्, जस्तो कार्बोनमा ६ वटा प्रोटोन र ६ वटा न्यूट्रोन रहेका हुन्छन्,

हेलियमको नाभीमा २-२ वटा प्रोटोन र न्यूट्रोनहरू साथसाथै रहेका हुन्छन् । परन्तु, ज्यादा ठूला र गह्रौं परमाणुहरूमा प्रोटोनको संख्याभन्दा न्यूट्रोनको संख्या ज्यादा हुन्छ, किनकि नाभीमा ज्यादा संख्यामा केवल पोजिटिभ चार्जभएका प्रोटोनहरू भएपछि तिनीहरूले विद्युतीय हिसाबले एक आपसमा धकेलाधकेल गर्ने कार्य ज्यादा हुन्छ । न्यूट्रोनहरूको अस्तित्व नहुँदो हो त एउटै खालको विद्युतीय चार्ज भएका प्रोटोनहरू घना रूपमा खाँदाखाँद भएर रहने परमाणु नाभीमा एउटा प्रोटोनले अर्को प्रोटोनलाई धकेलेर परमाणु नाभीनै तहस नहस हुन्थ्यो होला । यसप्रकार, जति ज्यादा गह्रौं तत्व उति ज्यादा प्रोटोन र न्यूट्रोनहरूको संख्या, जति ज्यादा प्रोटोनहरूको संख्या आपसमा धकेला धकेल रोक्न त्यो भन्दा ज्यादा न्यूट्रोनहरूको संख्या । परमाणुको नाभीभित्रको द्वन्दवाद यही हो ।

सन् १९६० को दशकको प्रारम्भमा बैज्ञानिकहरूले इलेक्ट्रोन, प्रोटोन र न्यूट्रोनभन्दा पनि साना आधारभूत सूक्ष्म कणहरूको अस्तित्व पत्ता लगाए । बैज्ञानिकहरूले तिनीहरूलाई क्वार्कको नाम दिए । प्रोटोन र न्यूट्रोन यिनै क्वार्कहरूको तीन-तीनवटा संख्याबाट बनेको बैज्ञानिकहरूले पत्ता लगाए । इलेक्ट्रोन चाहिँ क्वार्कद्वारा होइन, लेप्टनहरूद्वारा बनेको बैज्ञानिकहरूको टुंगो लगाए । क्वार्क र लेप्टनहरूको अस्तित्व पत्ता लागेपछि विश्वमा भौतिक विज्ञानले ठूलो फड्को मारेको छ । परन्तु यो सबैभन्दा पछिल्लो बैज्ञानिक अन्वेषणले के द्वन्दवादको त्यो नियमलाई गलत सावित गरेको छ कि संसारमा हरेक वस्तुमा अर्न्तविरोधी पक्षहरू हुन्छन् ?

हैन, त्यस्तो सावित गरेको भेटिएको छैन । त्यसको ठीक विपरीत नाभीकीय भौतिकशास्त्र (Nuclear Physics) का पछिल्ला उपलब्धिहरूले यो ब्रम्हाण्डका प्रत्येक वस्तुमा अन्तर्विरोधी पक्षहरू छन्, अन्तरविरोधी पक्षहरूले एक आपसमा अन्तर्प्रवेश गर्दछन्, तिनीहरूमा संघर्ष र एकता साथसाथै भइरहेको हुन्छ र यसैबाट गति पैदा हुन्छ भन्ने कुरा लगातार देखाइरहेका छन् । ऐंगेल्सका अनुसार भौतिकवादी द्वन्दावादको मुख्य विशेषता के हो भने यसले आफ्ना विचार वा नियमहरू प्रकृतिमाथि लाद्ने काम गर्दैन, बरू प्रकृतिका पछिल्ला नयाँ खोज, आविष्कार र वास्तविकताका आधारमा नयाँ नियमहरू र निष्कर्षको विकास गर्छ । यो कोणबाट विज्ञानका नयाँ र पछिल्ला आविष्कारलाई नियाल्दा के देखिन्छ त ?



*फ्रेन्च भौतिकशास्त्री लुइस द ब्रोग्ली, जसले इलेक्ट्रोन नामक कणको स्वभाव तरंगको जस्तो हुने अवधारणा प्रस्तुत गरे ।*

के पाइएको छ भने ब्रम्हाण्डमा पदार्थको मात्र अस्तित्व छैन, त्यसको विपरीत पक्ष, प्रति-पदार्थ (anti matter) को पनि अस्तित्व छ । पिण्डका हिसाबले पदार्थ र प्रति-पदार्थको पिण्ड एउटै र उही हुन्छ । परन्तु विद्युतीय चार्जका हिसाबले पदार्थ र प्रति-पदार्थको विद्युतीय चार्ज ठीक विपरीत हुन्छ ।

उदाहरणको लागि, हामीले माथि भन्यौं कि परमाणुको नाभी वरपर हमेशा फन्को मारिहने इलेक्ट्रोन नामक कणको विद्युतीय चार्ज निगेटिभ हुन्छ । तर त्यसको ठीक विपरीत प्रति-पदार्थ हो- एण्टी-इलेक्ट्रोन । (बैज्ञानिकहरू यसलाई पोजिट्रोन पनि भन्छन्) यसको विद्युतीय चार्ज भने पोजिटिभ हुन्छ । ठीक त्यस्तै हामीले माथि भन्यौं कि परमाणुको नाभीमा हुने प्रोटोनको विद्युतीय चार्ज पोजिटिब हुन्छ । परन्तु, प्रोटोन मात्र होइन, प्रति-प्रोटोन अर्थात् (anti proton) को अस्तित्व पनि हुन्छ र यसको विद्युतीय चार्ज भने निगेटिभ हुन्छ ।

इलेक्ट्रोन, प्रोटोन र न्यूट्रोन भनेका परमाणुका ज्यादै सूक्ष्म प्राथमिक कणहरू हुन् । सन् १९२८ मै ब्रिटीश भौतिकशास्त्री पउल् दिराकले क्वाण्टम सिद्धान्त र आइन्स्टाइनको विशेष सापेक्षताको सिद्धान्तलाई एकै ठाउँमा जोडेर परमाणुका सूक्ष्म कणहरूको मात्र अस्तित्व छैन, प्रति-कणहरूको पनि अस्तित्व छ भन्ने धारणा विचारको तहमा पहिलो पटक प्रस्तुत गरेका थिए । सन् १९३२ मा बैज्ञानिक प्रयोगबाट यो धारणा सही सावित भएको थियो । पछि, त्यही धारणाबारे थप खोज गर्दैजाँदा पदार्थ मात्रै होइन, प्रति-पदार्थको अस्तित्व पनि पत्तो लागेको थियो ।

अहिले सन् १९६० को दशकपछि बैज्ञानिक विश्व इलेक्ट्रोन, प्रोटोन र न्यूट्रोनभन्दा पनि निकै सूक्ष्म कण- क्वार्क र लेप्टनको दुनियाँमा पुगेको छ । सन् १९६२ मा दुईजना भोतिकशास्त्री मुर्रे गेल-मान र जर्ज ज्वेइगले के पत्तो लगाए भने प्रोटोन र न्यूट्रोन जस्तो परमाणु कणहरू त्यो भन्दा पनि सूक्ष्म तीन-तीनवटा आधारभूत कणहरूबाट बनेका छन् । उनीहरूले ती परमाणुभन्दा पनि सूक्ष्म कणहरूलाई क्वार्कको नाम दिएर न्वारान गरे । क्वार्कलाई उनीहरूले आधारभूत सूक्ष्मतम कणको रूपमा प्रस्तुत गरे । किनकि, पदार्थको योभन्दा पनि सूक्ष रूप हुनै सक्दैन भन्ने उनीहरूको टुंगो रह्यो ।

परन्तु पछि के पनि पत्तो लाग्यो भने प्रकृतिमा, क्वार्कको मात्र अस्तित्व छैन, क्वार्कको प्रति-पदार्थ (anti quark) को पनि अस्तित्व छ । क्वार्कहरू अहिलेसम्म जम्मा ६ थरीका भेटिएका छन्, र ६ नै थरीका प्रति-क्वार्कहरू पनि पत्तो लागेका छन् ।

यसप्रकार, हरेक पदार्थको अन्तर्विरोधी पक्ष साथसाथै अस्तित्वमा भएको देखिएको छ । ब्रम्हाण्डमा त्यस्तो कुनै वस्तु देखिएको छैन, जसको अन्तर्विरोधी पक्ष नहोस् । विज्ञानको सबैभन्दा पछिल्लो आविष्कारले झन् पछि झन् ब्रम्हाण्डका प्रत्येक वस्तुमा अन्तर्विरोधी पक्षको सह-अस्तित्व, उनीहरूको एकसाथ संघर्ष र एकतालाई र त्यसैबाट निरन्तर पैदा हुने गतिलाई स्पष्ट रूपमा देखाइरहेछ । विज्ञानका पछिल्ला उपलब्धिहरूको दहीमथनी वा संश्लेषण गरेर द्वन्दवादको नयाँ नियम विकास गनुपर्ने जरूरत हुनसक्छ । भएकै नियमहरूलाई पत्तो लागेको नयाँ बैज्ञानिक सत्यको आधारमा अरू परिष्कृत र परिमार्जित गर्नुपर्ने आवश्यकता छ, यसै आधारमा यसको पुनर्व्याख्या गर्नुपर्ने आवश्यकता छ, परन्तु, अन्तर्विरोधी पक्षको अन्तर्प्रवेशको नियम सारमा गलत भटिएको छैन । ❑

◄ **अर्थतन्त्र**

## नेपालको चालु वर्षको आर्थिक वृद्धि दर ६ प्रतिशत हुने अनुमान

चालु आर्थिक वर्षमा पनि नेपालको आर्थिक वृद्धिदर गत वर्ष जस्तै करीब ६ प्रतिशत नै हुने अनुमान केन्द्रिय तथ्याङ्क विभागले गरेको छ ।

चालु आर्थिक वर्षको पहिलो तीन महीनाको अनुकूल मौसम र राम्रो तथ्याङ्कका आधारमा विभागले वर्षभरिको लागि उक्त प्रक्षेपण गरेको हो । यस प्रक्षेपणका अनुसार, यो आर्थिक वर्षमा नेपालको कूल गार्हस्थ्य उत्पादन वृद्धि ५.९७ प्रतिशतले हुनेछ । कृषि क्षेत्रको उत्पादन वृद्धि दर ४.३ प्रतिशतले हुनेछ, जब कि गत वर्ष कृषि क्षेत्रको वृद्धिदर ४.९९ प्रतिशत थियो । गैर-कृषि क्षेत्रको यो आर्थिक वर्षको वृद्धिदर करीब ७ प्रतिशत रहने अनुमान छ । जबकि गत वर्ष यो ६.९ प्रतिशतले बढेको थियो ।

केन्द्रीय तथ्याङ्क विभागको यो अनुमान सही निक्लियो भने नेपालीको प्रतिव्यक्ति आय यो वर्ष २५८ अमेरिकी डलर पुग्नेछ । स्मरणीय छ, गत आर्थिक वर्षमा नेपालको प्रतिव्यक्ति आय २४४ अमेरिकी डलर रहेको संशोधित अनुमान छ । ❑

## विश्वको सन् २००० को आर्थिक वृद्धि दर ४.९ प्रतिशत

*सन् २००० मा विश्वको आर्थिक वृद्धि दर ४.९ प्रतिशत रहेको अनुमानित तथ्याङ्क प्रसिद्ध पूँजीवादी पत्रिका 'द इकोनोमिष्ट' ले सन् २००० को अन्तिम अंकमा प्रकाशित गरेको छ । यो आर्थिक वृद्धिदर विगत १६ वर्षमा सबभन्दा बढी मानिएको छ ।*

**विश्वको आर्थिक वृद्धिदर**

| सन् २००० मा | सन् १९९९ मा | बृद्धि प्रतिशत |
|---|---|---|
| ४.९ प्रतिशत* <br>*अनुमानित | ३.३ प्रतिशत | ४८.५ |

*स्मरणीय छ, सन् १९९९ मा विश्वको आर्थिक वृद्धिदर ३.३ प्रतिशत मात्र थियो । त्यसमध्ये विकसित पूँजीवादी मुलुकहरूको ३.१ प्रतिशत थियो, विकासोन्मुख मुलुकहरूको ३.८ प्रतिशत थियो र पूर्वी यूरोपेली मुलुकहरूको २.४ प्रतिशत थियो ।*

❑ दीपक वैद्य

वरिष्ठ लेखक रमेश विकलको अप्रकाशित आत्मकथा 'मेरो अविरल जीवन गीत' को एउटा अंश

◀ संस्मरण



# आन्दोलन, सुरक्षा-कानून र नख्खु जेलमा पन्ध्र दिन

- रमेश विकल

यो समय २०११ सालको शुरूको थियो । देशमा भरखरभरखरै राणा सत्ताको अन्त्य भएर प्रजातन्त्रको नाउँमा जनताको हातमा सत्ता आएको थियो । जनताबाट सत्तामा पुगेको पहिलो प्रधानमन्त्री बन्न पुगेका थिए - श्री मातृकाप्रसाद कोइराला ।

तर राणा शासकजस्तो पोख्त र अनुभवी शासक प्रशासकहरूको तुलनामा तात्कालीन जनताका स्तरबाट उठेर सत्तामा पुगेका शासकहरू कच्चा, अनुभवहीन र (एक्कासी सत्तामा पुग्न पाउँदा) उत्ताउला पनि थिए । त्यसैले देशको स्थिति अत्यन्त डाँवाडोल थियो । शान्ति सुरक्षाको स्थिति अत्यन्त निर्बल थियो । सत्तामा पुग्न सकेका पार्टी कार्यकर्ताहरू अत्यन्त उन्मत्त थिए र उनीहरू स्वयंलाई नै मुलुकका नियन्ता ठान्न थालेका थिए । आफ्नोभन्दा विमति राख्नेलाई अपमानित गर्ने, प्रताडित गर्ने आदि कुरा उनीहरू (खास गरी कांग्रेसका कार्यकर्ताहरू)का लागि बडप्पनको कुरा थियो । साँच्चै भन्दा राणाहरूको ठाउँमा सत्तामा मात्र होइन, चरित्र र अहंकारमा पनि उनीहरूले आफूलाई स्थानापन्न ठान्न थालेका थिए ।

यिनै सब कारण र व्यवस्थापनको अत्यन्त फितलोपन, समाजलाई सुनिश्चित दिशादृष्टि दिन नसक्नु र उज्ज्वल भविष्यको विश्वास दिलाउन नसक्नुको कारणले देशमा सबै कुरा खलबलिन पुगेको थियो, लूटपाट, भैंभगडाको उग्र ताण्डव मञ्चित भैरहेको थियो । साँझ परेपछि गुण्डा लुटेराहरू र अर्कोतिर प्रहरी आतंक चरममा पुग्दै थियो "आयो ! आयो !! ए उता, उता ! उता होइन, यता यता !" रात परेपछि गाउँ गाउँ, टोलटोलमा यस्तै हाहाकार मच्ची जनताका छोराहरू रात रातभर जागरण बसी गाउँ गाउँ, टोल टोलमा सुरक्षाखातिर पहरा दिन्थे - "खबर्दार ! होशियार !"

यस्तै खालको हाहाकार र लौ त भने भण्डै भण्डै अराजकताको स्थितिका कारण जनअसन्तोष, त्रास, आतंक बढ्दै जानथाल्दा सत्ता बाहिरका राजनीतिक पार्टीहरूको प्रतिदिन भनेजस्तो आन्दोलन चल्न थालेको थियो । खास गरी, नेपाल कम्युनिष्ट पार्टी र त्यसका भातृसंगठनहरू, किसान-मजदूर, महिला, विद्यार्थी, युवक आदि वर्गीय संगठनहरू, जनतालाई सचेत र उद्वेलित गराउँदै सडकमा उत्रन्थे । जुलुसमा कहिले किसान आन्दोलन, कहिले विद्यार्थी, कहिले महिला र कहिले कर्मचारीहरू पनि आन्दोलनमा उत्रन्थे । जुलुस, सत्याग्रह, हड्ताल । यदाकदा कांग्रेस 'विभाजित रूपको' र अरू वाम दक्षिणपन्थी दलहरू पनि यस्ता आन्दोलनमा समर्थन र सहभागी हुन्थे ।

त्यतिखेर कम्युनिष्ट पार्टीले ठाउँ ठाउँमा प्रगतिशील अध्ययन केन्द्र खोलेर मार्क्सवाद सम्बन्धी विभिन्न साहित्यहरूको अध्ययन-चिन्तन मनन गराइन्थ्यो ।

म पनि त्यतिखेर भिन्न सामाजिक वर्गीय संगठनमा सक्रिय रहेर त्यसैमार्फत् आफ्नो राजनीतिक र बौद्धिक अस्तित्व खोजिरहेको थिएँ । यसै सिलसिलामा मेरो शुरू देखिकै आस्था रहेको कम्युनिष्ट पार्टीको सदस्यताका लागि आवेदन पनि गरिसकेको थिएँ (२००९ सालमै) र सदस्यता प्राप्त गर्ने प्रतिक्षामा विभिन्न आन्दोलन र विभिन्न सांगठनिक क्रियाकलापमा आफ्नो बौद्धिक र प्रयोगात्मक क्षमता आर्जन गर्न दत्तचित्त थिएँ ।

कम्युनिष्ट पार्टी त्यतिखेर प्रतिबन्धित भएकोले ऊ आफ्नो आन्दोलनलाई भूमिगत नै रहेर विभिन्न वर्गीय संगठनमार्फत् सशक्त संचालन गर्थ्यो । पार्टी स्वयं प्रतिबन्धित भएको र प्रत्यक्ष रूपमा आन्दोलनमा उत्रन नसक्ने भए पनि त्यतिखेरका जति पनि सशक्त वर्गीय संघर्ष, राजनीतिक, सामाजिक र वर्गीय आन्दोलनहरू हुन्थे ती सब कम्युनिष्टहरूकै भूमिगत नेतृत्वमा हुन्छभन्ने कुरा घाम झैं छर्लङ्ग थियो र यसप्रति जनआस्था र सहानुभूति प्रशस्त भएकोले प्रायः यस्ता आन्दोलनहरू सफल नै हुने गर्थे ।

त्यस्तै, आन्दोलनको सिलसिलामा त्यसपल्ट पनि कम्युनिष्ट पार्टीका विभिन्न भातृसंगठनहरूका भण्डामुनि एउटा विशाल जुलुस प्रदर्शनको आयोजना भएको थियो । एकातिर आन्दोलनकारीहरूको विशाल जनसागर लिएर तुमुलनारा लगाउँदै बढ्दो विशाल जुलुस, अर्कोतिर त्यस विद्रोहको उर्लदो भेललाई रोक्न सरकारीतर्फबाट पूरा मोर्चाबन्दीमा डटेको प्रहरीको भीड । एउटा विचित्र र तनावपूर्ण स्थिति, एउटा अत्यन्त संसयात्मक प्रश्न हावामा रूमल्लिएको "अब के हुने हो ? कतिको टाउको फुट्ने हो, कतिको अंगभंग हुने हो ?" (संभव थियो कति गोलीको शिकार हुने हुन् ?) र कति सरकारी पाहुना बनेर मामाघरको यात्रा गर्ने हुन् ?

म त्यस वर्ष एस.एल.सी. परीक्षामा सम्मिलित हुन तयारी गरिरहेकोले शुरूमा मैले त्यस आन्दोलनमा भाग नलिने विचार गरेर आफ्नो संलग्न संगठनका सामु त्यो आशय प्रकट पनि गरिसकेको थिएँ र मैले स्वीकृति पनि पाइसकेको थिएँ । तर त्यो कस्तो

**"आयो ! आयो !! ए उता, उता ! उता होइन, यता यता !" रात परेपछि गाउँ गाउँ, टोलटोलमा यस्तै हाहाकार मच्ची जनताका छोराहरू रात रातभर जागरण बसी गाउँ गाउँ, टोल टोलमा सुरक्षाखातिर पहरा दिन्थे -**

**म अहिलेसम्म जुलुसको समानान्तरमा तमासेका रूपमा पेटी हुँदै हिँडिरहेको थिएँ र जुलुसको प्रत्यक्ष अंग नभएर पनि म त्यतिखेर सहभागीहरूभन्दा कम रोमाँचित र कम उत्साहित भने थिइनँ**

नशा थियो कुन्नि, मेरो कल्पनामा बारंबार त्यस विशाल र ऐतिहासिक आन्दोलनको रोमाञ्चक चित्र दगुरेर मेरा गोडाहरूलाई अत्यन्त अस्थिर तुल्याउन थाल्यो । त्यस ठाउँमा पुगेर त्यस आन्दोलनको प्रत्यक्ष सहभागी बनेर आफ्नो जोश देखाउन म अत्यन्त उत्तेजित हुनथालें । आखिरमा मैले आफ्नो चित्तलाई थाम्न सकिनँ र नाइँ नाइँ भन्दाभन्दै नयाँ सडकको केन्द्र (जहाँबाट जुलुस शुरू हुने थियो) मा पुगिछोडें । तर मनमा अझै पनि एउटा सोच के थियो भने म प्रत्यक्ष रूपमा जुलुसमा उत्रने छैन र एउटा मुकदर्शकझैं भीडभन्दा परै उभिएर त्यस घटनाको साछी बनेर आनन्द उठाउने छु ।

त्यहाँ नयाँ सडकलाई नाकाबन्दी गरेर चारैतिरको मुखमा पुलिसका फलामे टोपी र कटबाँसका घाराहरू तैनाथ थिए - "नयाँ सडकको मूलद्वार, उता बसन्तपुरको प्रवेश मुख, झोछेंतिरबाट आउने मुख, इन्द्रचोकको केन्द्र र त्यस्तै गल्लीहरू - मखन गल्ली, महाबौद्ध, असन, मासां गल्ली, प्यूखा-फसिकेव गल्ली, तमाम गल्लीका मुख मुखमा टोप, ढाल र कटबाँसका घोचाधारी पुलिसहरूका झुण्डका झुण्ड । यसका अतिरिक्त पुलिसका आइ.जी., डि.आइ.जी. र अरू अफिसरहरूका जीपहरू हिटलरी शैलीमा गस्ती गरिरहने । अनि यो सरकार र पार्टीहरूका बीचको लडाईं हेरेर मनोरंजन लिन भनेर उपस्थित (म लगायत) जनता जनार्दनको पेटीमा उभिएको एउटा उत्सुक दर्शक भीड ।

तर भलै दर्शकहरू तमास हेर्ने उद्देश्यले आएका थिए । उनीहरूको मनमा पनि कम उत्सुकता, कम रोमांच र कम प्रश्नहरू थिएनन् होला । अझ प्रहरी जत्थाको हिटलरीशैलीको उपस्थितिले उत्सुकताका साथै एउटा शंका, आतंक र सन्त्रासको बादल मडराइरहेको पनि प्रष्ट देखिन्थ्यो । यस्तै शंका, उत्सुकता र आतंकको समिश्रित भाव लिएर उभिएका दर्शकहरूको उत्सुकता समन गराउँदै झोछें गल्लीतिरबाट निस्किएको विशाल जनसागरको तुमुल नादले दिगन्त गुँज्नथाल्यो । अनेक किमिसका जनआकांक्षा, जनअसंतोष बोकेका नाराहरू उराल्दै हावामा मुक्का बजाउँदै उर्लिएका हज्जारौंहजार हातहरू तात्कालीन सत्तालाई चुनौति दिइरहेका थिए । सहस्रौ दृढ पाइला नयाँ सडकको जुद्ध शमसेरको शालिकतिर अग्रसर हुँदै गए । ठाउँ ठाउँ नाकाका पुलिस झुण्डहरू सतर्क भए; केही फौजले आफ्नो हिटलरी डण्डा तेर्स्याएर जुलुलाई अवरोध पुऱ्याउने प्रयत्न गऱ्यो; तर उत्साह र उमंगले भरिएको, एउटा निश्चित संकल्प बोकेको जन सागर त्यस सत्ताको बाँधलाई ठेल्दै अगाडि बढ्न थाल्यो ।

म अहिलेसम्म जुलुसको समानान्तरमा तमासेका रूपमा पेटी हुँदै हिँडिरहेको थिएँ र जुलुसको प्रत्यक्ष अंग नभएर पनि म त्यतिखेर सहभागीहरूभन्दा कम रोमाँचित र कम उत्साहित भने थिइनँ । जाडोको शुरू पनि भएकोले मैले कालो ओभरकोट लगाएको थिएँ र टाढैबाट म कसैको पनि दृष्टिबिन्दुमा पर्न सक्थें; र शायद परिरहेको पनि थिएँ ।

**रूपचन्द्रबाट शारीरिक क्षमताको आवश्यकता पर्ने सामूहिक काम उसलाई लगाउनु पऱ्यो भने हनुमानलाई झैं धाप दिनुपर्थ्यो - "वा पहलवान ! यो काम त रूपचन्द्रले बाहेक अरू कसैले गर्न सक्दैन ! उसले आँट्यो भने यो जेल नै जुरुक्क उठाउन सक्छ । लौ त रूपचन - बढ् त अगाडि !"**



किनभने यस्ता आन्दोलनहरूमा सहभागी हुँदै आएको रूपमा म त्यति अनाम पनि थिइनँ र सत्ताको बिन्दूको लक्ष्यबाट म मुक्त कहिल्यै पनि रहेको थिइनँ ।

यही क्रममा जुलुस जुद्ध शम्सेरको सालिकबाट इन्द्रचोकतिर बढ्न थालेपछि त्यहाँ पुलिसको झुण्डमा एक्कासी गतिशीलता बढेको देखियो । उनीहरू भटाभट जुलुसको अगुवाइ गरेर नारा भट्याउनेहरूलाई बाजले झम्टिएझैं झम्टँदै गाँजेर घोक्र्याउँदै बसन्तपुरतिर (त्यहाँ केही लरीहरू तैनाथ थिए) लान थाले । यिनै जुलुसको अगुवाइ गर्नेहरूमा मोती बाँडा र दिलराज शर्मालाई पुलिसले झम्टादिएर झण्डा खोसेर घोक्राउँदै लग्यो । त्यो देखेपछि मेरो संयमले सीमा नाघ्यो । मैले आफूलाई रोक्न सकिनँ र एकैपल्ट दर्शक (तमासे) बाट आन्दोलनकारी बन्न हाम्फालें । नजिकै झण्डा लिएर नारा लगाउँदै जुलुसको अगुवाइ गरिरहेको एउटा केटाको हातबाट झण्डा लिएर म उफ्री उफ्री नारा लगाउन थालें - 'इन्किलाब ! जिन्दावाद ! हाम्रो माग पूरा गर ! लाठी गोली जान्दैनौ !.... भ्रष्ट सरकार मान्दैनौं । इन्किलाब, जिन्दावाद ! हाम्रो एकता अमर रहोस् !'

पुलिसको फौजले जत्तिकै बाधा र धरपकड गरे पनि जुलसको क्रम टुट्दैनथ्यो । एकातिरबाट पुलिसले खेदेर भीडलाई छिन्नभिन्न तुल्याउने बित्तिकै अर्को गल्लीबाट अर्को जत्था निस्किएर नारा उराल्न थाल्थ्यो । यसरी हैरान तुल्याएर्पछि अनि चारैतिरका नाकाबाट चार लरी घोचा र फलामे टोपले सज्जित पचासौं पुलिस जवानहरूले घेरे लरीबाट बद्राक र बुद्रक हाम्फालेर अन्धाझैं जथाभावी लाठी चलाउन थाले । जो अगाडि पऱ्यो त्यसैलाई चितुवाले झैं झम्टा दिंदै घोक्राउँदै लरीमा कोच्न थाले ।

अब मलाई झ्वाट्ट एउटा चेत के आयो भने मैले जुलुसको अंग बनेर झण्डासहित नारा लगाउन थालें भने मलाई अवश्यै पक्डिने छन् । पक्डिइएँ भने कहाँ लगेर कतिसम्म जाक्ने हुन्, जाँच मुखमा आइसकेको छ । म त खत्तम हुन्छु । मैले जुलुसमा संलग्न हुनु हुन्न अहिले । मैले आफ्नो हातको झण्डा नजिकैको एउटा केटोलाई दिएर आफू जुलुसको मूल प्रवाहबाट तर्किएर दर्शकदीर्घा (पाखा-पेटीमा) उक्लें । अनि फेरि तमासे बनेर हिंड्न थालें ।

अहिले जुलुस इन्द्रचोकतिरबाट नयाँ सडकतिर बढ्न थालेको थियो । म मानौं जुलुससँग कुनै सरोकारै नभएझैं, दुवै हात ओभरकोटको बगलीमा कोचेर तटस्थ नागरिक झैं मतापमा हिंड्दै थिएँ । एक्कासी दुई जना जवान र एकजना अफिसर मेरो नजिकै आएर रोकिकए - "यो पनि हो साप, अगि झण्डा हल्लाउँदै चर्किई चर्किई नारा लगाउने । जुलस निस्केपिच्छे यो त्यो जुलुसमा देखिन्छ ।"

"होइन, म होइन, म त त्यस्तै आएको ।" - मैले हडबडाएर प्रतिवाद गर्न खोजें, तर अर्थ लागेन । अनि अफिसरको आदेश पाएर दुईटा जवानले मलाई दुइतिर पाखुरामा समातेर घिच्याउँदै बसन्तपुर खण्डतिर राखिएको लरीतिर लान थाल्यो । अनि हनुमान ढोका पुलिस ठानाको खोरमा लगेर जाक्यो । त्यहाँ दुई दिन राखेर नख्खु जेलतिर चलान गऱ्यो । कहाँ एस.एल.सी. परीक्षाका लागि तयारी गरिरहेको केटो राजनीतिक जोशमा बगेर सुरक्षा कानूनअन्तरगत नख्खु जेलको पाहुना बन्न पुगें ।

यसरी जेलमा पुगेर थन्किएपछि मैले परीक्षा दिने विचारै छोडिदिएँ । किनभने एक त राजनीतिक गतिविधि अन्तरगत थुनामा परेको सुरक्षा कानून अन्तरगतको कतिसम्म त्यहाँ राख्ने हो । (कम्तिमा छ महिना त निश्चितै थियो) जेहोस् जेलबाटै परीक्षा दिने आवेदन गरूँ भने पनि मैले त्यहाँ बुजुक भएर घरायसी (फर्म भर्दा लेखेको नाम) नदिएर आफ्नो लेखकीय नाउँले बन्दी बनेको थिए । त्यसैले त्यस नाउँले जाँच दिन दावी गर्ने कुरै थिएन । अनि आश मारेर बस्नु सिवाय अर्को उपाय देखिनँ मैले ।

नख्खु जेलको त्यो पन्ध्र दिनको अनुभव छोटो भएपनि रमाइलो थियो । त्यहाँ त्यतिखेरका पढेलेखका र राजनीतिक रूपले सचेत बन्दीहरू लगभग पच्चीस तीस जना थियौं । यिनैमध्ये मलाई अहिले निश्चित सम्झना भएकाहरूमा मोती बाँडा र रूपचन्द्र विष्ट थिए । यी दुई व्यक्ति त्यति बेलाका एउटा आफ्नै खालका चरित्र र स्वभावका थिए । मोति बाँडा त्यतिखेरको जल्दोबल्दो, निर्भिक र पार्टी कार्यका लागि जस्तोसुकै जोखिम काममा अघिसर्ने स्वभावको थियो ।

त्यसैले उसको उपयोग हामी पनि त्यस्तै काममा गर्थ्यौं । अर्थात् अरू (भद्र र भीरू खालका) बाट हुन नसक्ने - उदाहरणका लागि जेलमा कुनै उपद्रो गराउनु पर्‍यो वा जेल कर्मचारीहरूलाई धम्क्याउन वा त्यस्तै गरेर केही काम गराउनु पर्‍यो भने मोती बाँडालाई अगाडि सारिन्थ्यो । ऊ त्यस्तो मूढे खालको काममा बडो उत्साहित भएर बढ्दथ्यो ।

त्यस्तै, रूपचन्द्र विष्ट पनि आफ्नै खालको थियो । ऊ एस.एल.सी. दिनका लागि जेलभित्रै तयारी गर्दै थियो । उसले पाठ्यपुस्तकहरू त्यहीं मगाएको थियो र ऊ घुँडा घसेर पढ्थ्यो । पढ्नुपछि उसको अर्को दैनिक काम व्यायाम गर्नु हुन्थ्यो । विहान सबेरै उठेर एकमुठी काँचो भिजाएको चना खाएर ऊ दण्ड बैठक गर्न थाल्थ्यो । अनि फेरि घुँडा घसेर पढ्न थाल्थ्यो । पढाइमा त्यहाँ विभिन्न विषयमा जान्ने साथीहरूको कमी थिएन र सहयोग चाहेमा सहजै सहयोग जुट्थ्यो । किनभने त्यहाँ जति थिए, सबै एउटै डुङ्गाका सवार यात्री थिए । यस नाताले सबैमा आत्मीयता र बन्धुत्व विकसित भएको थियो ।

रूपचन्द्र विष्टको स्वभावको एउटा अर्को विशेषता के थियो भने, आफू खुबै बलियो छु भन्ने उसलाई खुबै घमण्ड थियो । तर ऊ आफ्नो बलको प्रदर्शन कुनै खास काममा गर्नु सट्टा साथीहरूसँग पञ्जा लडाउने हाँक दिंदै गर्थ्यो - "आइज, मसँग पंजा लडाउन ! हिम्मत छ तेरो ?"

यसभन्दा पर गएर आफ्नो बलको सदुपयोग गर्नेतिर भने उसको सोचाइ जाँदैनथ्यो । कदाचित उसबाट शारीरिक क्षमताको आवश्यकता पर्ने सामूहिक काम उसलाई लगाउनु पर्‍यो भने (उसलाई प्रायः हामी त्यस्तै कार्यमा उपयोग पनि गर्ने गर्थ्यौं) हनुमानलाई झैं धाप दिनुपर्थ्यो - "वा पहलवान ! यो काम त रूपचन्द्रले बाहेक अरू कसैले गर्न सक्दैन ! उसले आँट्यो भने यो जेल नै जुरुक्क उठाउन सक्छ । लौ त रूपचन ... बढ् त अगाडि !"

अनि त एकातिर मोती बाँडा र अर्कोतिर रूपचन्द्र विष्ट- कयौंपल्ट यी दुइको बल-बुतामा जेल कर्मचारीहरूलाई हामी आफ्नो माग पूरा गर्न विवश तुल्याउँथ्यौं । र, त्यहाँ सामान्यतया बन्दीहरूका लागि निषेधित कुरा विशेष पुस्तक कापीकलम (निश्चित तोकिएभन्दा बढी) को आपूर्ति सहजै हुन्थ्यो र त्यहाँ विशेष प्रकारका कार्यक्रमहरू निर्वाध संचालन हुन्थे । कसैले अलि कम पढे लेखेका र कम सचेत साथीहरूको शैक्षिक योग्यता बढाउने,



कमल कोइराला : हाल माले नेता : त्यतिखेरका प्रधानमन्त्री पुत्र

*प्रधानमन्त्री पुत्र कमल कोइरालाले एउटा विशिष्ट भावुकता, विशिष्ट आदर्शको प्रदर्शन गर्‍यो । उसले प्रधानमन्त्रीद्वारा पठाइएको विशिष्ट भोगबस्तु ग्रहण गर्न नकारिदियो*

राजनीतिक चेतना जगाउने जिम्मा लिएको हुन्थ्यो र बिहान बेलुकी अनौपचारिक कक्षाहरू संचालन हुन्थे, कसैको जिम्मा साहित्यिक गतिविधि संचालन गर्ने कविता, कथा वाचन, भित्ते पत्रिका प्रकाशन, खबर संकलन र प्रसारण आदि हुन्थ्यो र यसले यसै गरी निरन्तरता पाएको थियो । कसैको जिम्मा मनोरंजन कार्यक्रम संचालन गर्ने हुन्थ्यो ।

नखबु जेलभित्रको छोटो अवधिको अनुभवमध्ये एउटा रोचक अनुभवचाहिँ तात्कालीन प्रधानमन्त्री र शिक्षा मन्त्रीका छोराहरू बन्दी बनेर त्यहाँ आउनु र उनीहरूसँगको छोटो सहवास थियो । हामीलाई त्यहाँ ल्याएको दुई दिनपछि प्रधानमन्त्री पुत्र कमल कोइराला र शिक्षामन्त्री पुत्र मदन रेग्मी पनि आन्दोलनकारी बन्दीका रूपमा त्यहाँ ल्याइए तर उनीहरू हामीहरूजस्ता सामान्य बन्दी नभएर विशिष्ट खालका थिए । अर्थात् त्यतिखेरका लागि सामान्य शासित जनताका छोरा नभएर शासक (सत्ताधारी प्रधानमन्त्री र शिक्षा मन्त्रीका छोरा) थिए । त्यसैले जेलका अधिकारीहरूको व्यवहार मात्र होइन, प्रधानमन्त्री दर्बारको व्यवहार पनि उनीहरूप्रति विशिष्ट देखियो । हरेक कुरामा बोलीचाली, व्यवहारदेखि लिएर उपलब्ध सुविधामा विशिष्टता ।

यसै विशिष्टताकै सिलसिलामा त्यसै रात (कि भोलिपल्ट विहान ? मलाई राम्रो हेक्का भएन) प्रधानमन्त्रीको महानस (राजा-महाराजको भन्छा) मा, प्रधानमन्त्राणीको ममता वात्सल्यपूर्ण रेखदेखमा तयार पारिएको चौरासी व्यञ्जन पकवान र महीन, न्यानो लुगा कपडा, ओढ्ना/ विछ्याउना लिएर प्रधानमन्त्री दर्बारका कर्मचारीहरू आइपुगे । तर त्यहाँ एउटा अनपेक्षित र अप्रत्यासित कुरा हुन पुग्यो । जसका लागि भनेर त्यो विशिष्ठ आयोजनामा भोग विलासका बस्तुहरू पठाइएका थिए, उसैले अर्थात् प्रधानमन्त्री पुत्र कमल कोइरालाले एउटा विशिष्ट भावुकता, विशिष्ट आदर्शको प्रदर्शन गर्‍यो । उसले प्रधानमन्त्रीद्वारा पठाइएको विशिष्ट भोगबस्तु ग्रहण गर्न नकारिदियो - उसले विद्रोहको आवाज निकाल्यो । - "म यहाँ प्रधानमन्त्रीको छोराको हैसियतले होइन, व्यवस्थाको पतनशीलताको विरोधी सामान्य जनताको छोराको हैसियतले आएको । त्यसैले प्रधानमन्त्रीले दया गरेर पठाएको यो 'घूस' उसैलाई लगेर फिर्ता देऊ । होइन घूस होइन र राजबन्दीहरूको विशिष्टताको सम्मान गरेर पठाएको हो भने हामी यहाँ जति आन्दोलनकारी छौं - हामी यहाँ लगभग बीस-पच्चीस जना छौं, सबैलाई पुग्नेगरी पठाउनू, हामी प्रधानमन्त्रीको दया होइन, आफ्नो अधिकार चाहन्छौं ।"

प्रधानमन्त्री दरबारका कर्मचारीहरू जसरी आएका थिए, उसैगरी (संपूर्ण सामानसहित) फर्के । जेलमा भएको प्रधानमन्त्रीको छोराको यो सत्याग्रहले देशको व्यवस्था प्रशासन सत्तालाई त के कति हल्लायो, भन्न सकिन्न तर प्रधानमन्त्री, अझभन्दा प्रधानमन्त्राणी -कमलकी माताको ममता र वात्सल्यलाई भने निश्चय पनि डोलायो । त्यसैले त, त्यसैको भोलिपल्ट बिहानैदेखि हामी त्यहाँ रहुञ्जेल प्रत्येक दिन बिहान बेलुकी नै त्यहाँ भएका सम्पूर्ण आन्दोलनकारीलाई पुग्ने गरी प्रधानमन्त्रीको भान्छामा पाकेको पकवान चौरासी व्यञ्जन आउन थाल्यो र हामी सबैले त्यो मेजवानी खाएर दिन गुजार्‍यौं ।

यसै प्रकारले राम रमाइलोका साथै विशेष खालका साहित्यिक, शैक्षिक, राजनीतिक चिन्तनमनन, शिक्षण प्रशिक्षण दिंदै लिंदै कममा पनि छ महिनाका लागि संकल्प गरेर ढुक्कै भइबस्यौं ! तर स्वयं देशका प्रधानमन्त्री र शिक्षा मन्त्रीका छोराहरू त्यहाँ बन्दी भएर बसेका थिए । उनीहरूलाई अरूसरह लामो अवधिसम्म त्यो स्थितिमा राख्नु सायद सत्ताले आफ्नै अवमूल्यन हुने ठान्यो । त्यसैले सोरौं दिन (अर्थात् म त्यहाँ पुर्‍याइएको) का दिन कमल र मदनसहित अरू तेह्रजनालाई मुक्त गर्ने आदेश आयो सरकारको ।

यो पनि बिडम्बना नै भयो । शायद यो मुक्ति मन्त्रीपुत्रहरूकै कारण भएको थियो । तर उनीहरू दुई जनालाई मात्र मुक्त गराउँदा प्रधानमन्त्री (सरकारै) माथि पक्षपातपूर्ण अप्रजातान्त्रिक आचरणको अपवाद लाग्न सक्ने थियो । त्यसैले मासका साथै केही घूनलाई पनि कानूनी प्रक्रिया मिलाएर मुक्त गरिदिंदा त्यस्तो अपवादबाट धेरै हदसम्म जोगिन सकिने देखेर नै उनीहरूका साथमा अरू तेह्र जनालाई मुक्त गरिएको थियो । यही तेह्र जनामध्ये म पनि पर्न पुगेको थिए -यो एउटा काकताली नै थियो कि ! ❑

*२०५७ कार्तिक*
*आरूबारी*

श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसुफको दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दै मौसूफप्रति हार्दिक मङ्गलमय शुभकामना चढाउँदछौं ।

नेपाल विद्युत प्राधिकरण
परिवार
प्रधान कार्यालय, दरबारमार्ग, काठमाण्डौ

श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसुफको दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दै मौसूफप्रति हार्दिक मङ्गलमय शुभकामना चढाउँदछौं ।

राष्ट्रिय वाणिज्य बैंक
परिवार

# नेपालको कम्युनिष्ट आन्दोलन उजागर पार्ने ऐतिहासिक दस्तावेज संग्रह




डा. सुरेन्द्र के.सी.ले आफ्नो विद्यावारिधि अध्ययनका सन्दर्भमा प्राप्त गर्नुभएका दुर्लभ सामग्रीहरूलाई 'ऐतिहासिक दस्तावेज संग्रह' (पहिलो भाग) को रूपमा संक्षिप्त टिप्पणीसहित तयार गरी पैरवी प्रकाशनद्वारा बाहिर ल्याएर नेपालको कम्युनिष्ट आन्दोलनको अविभाजित प्रारम्भिक काललाई सत्यतथ्यसहित उजागर पार्नुभएको छ । नक्कल गरेर प्रस्तुत ७८ दस्तावेजहरू, र सक्कली रूपमा प्रस्तुत ८ दस्तावेजहरूको उक्त संग्रह नेपालको राजनीतिको अध्ययन गर्न चाहनेहरूका लागि अत्यन्त उपयोगी भएको छ । त्यसकालका दस्तावेजहरू त्यति नै हुन् भन्ने होइन, उहाँले फेला पार्नु भएका जत्ति सबैलाई अध्ययन गर्ने अवसर प्राप्त भयो, अरू दस्तावेजहरू खोजेर संग्रह गर्ने प्रेरणा पनि दिनुभयो । ऐतिहासिक दस्तावेजहरूको संग्रह र अध्ययन क्रमबाट जनताको आन्दोलनलाई इतिहासको पाठबाट समृद्ध र परिष्कृत पार्न सघाउने छ । गल्तीहरू दोहरिनबाट भरसक जोगाउने छ । त्यसैले 'ऐतिहासिक दस्तवेज संग्रह'को विशिष्ट महत्त्व छ ।

संग्रहकर्ताले उल्लेख गर्नुभए जस्तै पार्टी प्रवासमा स्थापना हुनु,पटक पटक पार्टी प्रतिबन्धित हुनु, जोखिमका कारण दस्तावेजहरू लुकाउँदा नष्ट हुनु, जलाइनु, व्यवस्थित रूपमा दस्तावेजहरू सुरक्षित गर्नेतर्फ सचेत र पर्याप्त प्रबन्ध नगरिनुजस्ता अनेकौं कारणबाट सबै दस्तावेजहरू प्राप्त नहुनु अस्वभाविक होइन । तथापि पूर्वतिरका पुराना व्यक्तिसित बढी र थोरै मात्र पश्चिमतिरका व्यक्ति र एकजना काठमाण्डौका व्यक्तिबाट दस्तावेज संकलन गरिनु नेकपाको केन्द्रीय सचिवालयले र राजधानीका नेताहरूले सुरक्षित रूपमा दस्तावेज राख्न लगाउने स्थान र जिम्मेवार व्यक्तिहरूसित संग्रहकर्ताले संपर्क गर्न नसकेकोले हो वा उनीहरूले नदिएकोले हो, महत्वपूर्ण अनेकौं दस्तावेजहरू 'ऐतिहासिक दस्तावेज संग्रह'मा समावेश हुन पाएका देखिएनन् । त्यसले गर्दा सर्वाङ्गीण अध्ययन र निचोडलाई समेत अधूरो, अपूरो र कतिपय सवालमा, धुमिल बनाउनु आश्चर्यको कुरा भएन । तसर्थ, यस संग्रहलाई यस दिशामा पहिलो प्रयासको रूपमा लिएको, अर्को संस्करणमा दस्तावेजहरू थप गर्न सबैले सघाउनु पर्‍यो वा यस्तै ऐतिहासिक दस्तावेज पूर्णता प्रदान गरी निकाल्ने चुनौति दस्तावेजको पोको भएकाले स्वीकार्नु पर्‍यो, पार्टी र अनेकौं प्रतिष्ठानहरूले सामूहिक प्रयासबाट प्रकाशित गर्नु पर्‍यो, चीसो कोठामा लुकाएर नष्ट हुन दिने, तर दस्तावेजहरू नदिने प्रवृत्ति घातक छ । आफूले पनि दस्तावेजहरू सदुपयोग नगर्ने, अरूलाई पनि उपयोग गर्न नदिने प्रवृत्ति छोड्नु पर्छ ।

इतिहासको सिलसिलेवार अध्ययन गर्न र सही निचोड निकाल्न कुनै पनि महत्वपूर्ण दस्तावेज छुट्नु छुटाउनु हुँदैन । बीचको महत्वपूर्ण कागजपत्र उपलब्ध नहुँदा अध्ययन श्रृंखला खण्डित हुने मात्र होइन, निचोड गलत हुनसक्छ, भ्रम उत्पन्न हुनसक्छ र सन्दर्भ नबुझिने हुनसक्छ । कतिपय मोडमा उक्त ऐतिहासिक दस्तावेज संग्रह पढ्दा यस्तै अपूरो, अधुरो, खण्डित अनुभव भएको छ। खासगरी उत्तर-गण्डक प्रान्तीय कमिटीका नेताहरूको अडान, बहुमत पक्षको विरुद्ध अल्पमत पक्षले लिएका अडानहरूबारे त्यसमा दस्तावेजहरू पर्याप्त नदिँदा पार्टीभित्रको वैचारिक द्वन्दको सर्वाङ्गीण पक्ष उजागर हुन पाएको छैन ।

कम्युनिष्ट पार्टीको इतिहास पार्टीले लेख्ने ? वा स्वतन्त्र इतिहासकारहरूले लेख्ने वा इतिहासविद् र पार्टीका अभिलेख राख्ने र विश्लेषण गर्नेहरूको संयुक्त आयोगले लेख्ने ? कसले लेखेको बढी आधिकारिक, वस्तुगत र यथार्थ हुन्छ भन्ने कुरा अन्य देशमा पनि विवादस्पद रह्यो । पार्टीहरूले लेख्ने र लेखाइने इतिहास त्यसबेलाको नेतृत्वलाई अनुकूल हुने र उनीहरूकै दृष्टिकोणबाट विगतलाई हेर्ने पूर्वाग्रहबाट मुक्त भएको देखिएन । तात्कालीन सोभियत संघमा पार्टीको इतिहास संस्करणपिच्छे भिन्न देखिएको थियो । कतिपय स्वतन्त्र इतिहासकार भनिनेहरू पनि स्वतन्त्र, वस्तुगत र यथार्थवादी हुन नसकी कलम समात्नेकै आग्रहबाट ग्रसित भएका पाइन्छन् । सामूहिक रूपमा विशेषज्ञहरू र जानिफकारहरूको टोलीले मस्यौदा गरी अनेकौं सरोकारवालाहरू उपस्थित गोष्ठीमा पूर्णरूपले समीक्षा गसिकेपछि परिमार्जन गरेको इतिहास भने तुलनात्मक रूपमा सन्तुलित पाइन्छ । यस्ता सबै प्रकारका अध्ययन र लेखन कार्यका लागि कच्चावस्तु भनेको दस्तावेजहरूको संग्रह नै हुनेछ । संग्रहित दस्तावेज भने सिलसिलेवार र पूर्ण हुनु पर्दछ ।

कम्युनिष्ट पार्टीसम्बन्धी दस्तावेज संग्रह भए तापनि उक्त पुस्तकमा नेपाली राष्ट्रिय कांग्रेसको एउटा दस्तावेज समावेश गरिएको रहेछ । सायद उक्त दस्तावेज ने.रा. कांग्रेसको कार्यकारी मन्त्री (कार्यालय हेर्ने) पुष्पलाल श्रेष्ठ हुनु भएकोले पुरानो सन्दर्भ बुझाउन सहायक होला भनी राखिएको हुन सक्छ ।

एक प्राज्ञको प्रयासबाट केही अपूर्णता भए तापनि एउटा गतिलो 'ऐतिहासिक दस्तावेज संग्रह' तयार भै प्रकाशित हुन सक्छ भने सरकारको लाखौं लाख अनुदान र पार्टी तथा जनताको सहयोगबाट सञ्चालित अनेकौं प्रतिष्ठानहरूले संस्थागत रूपमा यस्तो दस्तावेजहरूको संग्रह किन व्यवस्थित रूपमा प्रकाशित गर्दैनन् होला ? भन्ने प्रश्नको प्रक्षेपण पनि पाठकहरूले गर्छन् भने त्यो अत्यन्त स्वभाविक हुन्छ ।

लेखकले यसपूर्व नै नेपालको कम्युनिष्ट आन्दोलनको इतिहास पहिलो भाग प्रकाशित गरिसक्नु भएको कुरा उल्लेखनीय छ । त्यसमा संलग्न मूल दस्तावेजहरू (परिशिष्ट १ देखि ५ सम्मको) बाहेकका उपयोग गरेका अन्य दस्तावेजहरू यस 'ऐतिहासिक दस्तावेज संग्रह'मा समावेश गरेर प्रकाशित गरिएको देखिन्छ । त्यसै आन्दोलनको दोस्रो भाग प्रकाशित गर्दा दस्तावेजको दोस्रो भाग पनि तदनुरूप नै प्रकाशित गर्ने कुरासमेत प्रकाशनको आमुखमा उल्लेख गर्नुभएको रहेछ । श्रृंखला नटुट्ने गरी सबै दस्तावेजहरू समावेश गरेर आगामी संकलनहरू प्रकाशित हुन सकोस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

❑ हिरण्यलाल श्रेष्ठ

## ◀ उल्लेख्य

कृति : रातो मलाई प्यारो
विधा : गजल संग्रह
गजलकार : बुँद राना
प्रकाशक : राष्ट्रि जन-सांस्कृतिक मञ्च, नेपाल
पृष्ठ : ७५+५
मूल्य : रू. ३०/-






कृति : मेरो डायरीका पाना
विधा : डायरी
कृतिकार : श्यामप्रसाद शर्मा
प्रकाशक : साहित्य सेवा-सदन, काठमाण्डौ
पृष्ठ : ३२+७
मूल्य : रू. १०/-

कृति : विश्व कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास (तेस्रो संस्करण)
विधा : इतिहास
कृतिकार : मोहनविक्रम सिंह
प्रकाशक : प्रगति पुस्तक सदन, काठमाण्डौ
पृष्ठ : ७२
मूल्य : रू. २५/-



कृति : स्पार्टकस (आदि विद्रोही)
विधा : उपन्यास
कृतिकार : हार्वड फस्ट
अनुवादक : वसन्तकुमार शर्मा 'नेपाल'
प्रकाशक : निरन्तर प्रकाशन, काठमाण्डौ
पृष्ठ : ३१६
मूल्य : रू. १४०/-






कृति : कार्ल मार्क्स व्यक्तित्व र कृतित्व
विधा : जीवनी
कृतिकार : कृष्णदास श्रेष्ठ
प्रकाशक : सिर्जनशील प्रकाशन, काठमाण्डौ
पृष्ठ : २४६+४
मूल्य : रू. ९०/-

**गताङ्कको बाँकी**

अब जाउँ सं.ज.मो.को जनकपुर सम्मेलन र क. लामाको निराशाबारे ।

### *जनकपुर सम्मलेन र लामाको निराशाबारे*

क. पियुषले मेरो आवरण कथामा "क्रान्तिकारी नैतिकतालाई मिचेर एकता केन्द्र र सं.ज.मो.लाई एकै ठाउँमा राखेर पाठकहरूलाई भ्रम पार्ने गरी आफ्नो लेख तयार" गरेको र यसरी "भूमिगत कार्यपद्धतिको दायरालाई ध्यान" नदिएको जस्तो अत्यन्त गंभीर आरोप ममाथि लगाउनु भएको छ ।

यो आरोप पढेपछि मैले आफूले लेखेको आवरण कथा पटक पटक दोहोऱ्याएर हेरें । परन्तु धेरै पटक नियाल्दा पनि क. पियुषले आरोपित गर्नुभएजस्तो "भूमिगत कार्यपद्धतिको दायरालाई ध्यान नदिएर क्रान्तिकारी नैतिकतालाई" नै मिच्ने जस्तो महाभूल मैले आफ्नो लेखमा गरेको मैले भेट्न सकिनँ । क. पियुषको आलोचना र अत्यन्त गंभीर आरोप तथ्यमा आधारित देखिएन; यो पूर्वाग्रहमा आधारित देखियो ।



# क. पियुषको आलोचनात्मक प्रतिक्रियामा मेरो प्रत्युत्तर

◆ श्याम श्रेष्ठ ◆

क. पियुषको ममाथि आरोप छ कि, मैले एकता केन्द्र र सं.ज.मो.लाई एकै ठाउँमा राखेर "भूमिगत कार्यपद्धतिको दायरा" र "क्रान्तिकारी नैतिकता" मिच्ने काम गरें । यो आरोप तब जायज हुन्थ्यो, जब सं.ज.मो. वा एकता केन्द्र स्वयम्ले चाहिं यी दुईलाई बिल्कुलै असंबन्धित र पृथक देखाउने सूक्ष्मतम तहसम्म गंभीर प्रयत्न गरिरहेको होस् र मैले चाहिं संजमो वा एकता केन्द्र स्वयम्ले गरेको प्रयत्नको विपरीत गएर वा ऊ स्वयम्ले देखाएभन्दा ज्यादा यी दुईलाई संबन्धित र एउटै जस्तो देखाउने काम गरूँ । तर मैले आफ्नो आवरण लेखमा न त सं.ज.मो. र एकता केन्द्र स्वयम्ले देखाएको पृथकताको र भूमिगत कार्यपद्धतिको दायरा मिच्ने काम गरेको छु, न उहाँहरू स्वयम्ले देखाएभन्दा ज्यादा यसलाई संबन्धित देखाउने कोशिस गरेको छु ।

क. पियुषको आरोपमा मलाई पटक्कै चित्त नबुझेको र मैले बुझ्नै नसकेको सवाल केहो भने खुल्ला वैधानिक मोर्चा सं.ज.मो. स्वयम्ले भूमिगत पार्टी एकता केन्द्रका वरिष्ठ नेतालाई प्रमुख अतिथि बनाएर जनकपुर सम्मेलनमा डाक्दा यी "दुईलाई एकै ठाउँमा राखेको" र "भूमिगत कार्यपद्धतिको दायरा" मिचेको ठहरिन्न भने त्यही सार्वजनिक घटनालाई त्यति नै हदसम्म मूल्यांकनमा मैले जे गरेको छ, त्यै रिपोर्टिङ्ग गर्दा चाहिं त्यो "भूमिगत कार्यपद्धतिको दायरा" मिचेको कसरी हुन जान्छ ? त्यो "क्रान्तिकारी नैतिकताको" उल्लंघन कसरी हुन जान्छ ? सं.ज.मो.ले त्यही कुरा गर्नु बेठीक नहुने, मैले उसले खुलेआम गरेको कुरा लेख्नु मात्रै बेठीक हुने ! यो कसरी हुन्छ ?

अझ, एकता केन्द्रको तर्फबाट क. पियुष स्वयम्ले मेरो लेखमाथि आलोचनात्मक प्रतिक्रिया लेख्दा सं.ज.मो.को झण्डा कम्युनिष्ट पार्टीको जस्तो हुनुहुन्छ कि हुनुहुन्न भन्नेबारे "एकैभित्र पनि" छलफल चलेको र "एकैमा यस विषयमा सबैको एउटै मत" भएको कुरा खुलेआम उल्लेख गर्नुभएको छ । (हेर्नुहोस्- मूल्यांकन अंक- ८०, पृष्ठ ४३, पहिलो कोलम) ममाथि भने उहाँको त्यस्तो गंभीर आरोप, तर उहाँको आफ्नै लेखाइमा भने ममाथि आरोपित सवालमा नै यति चर्को हेलचेक्र्याइँ देखेर मलाई निक्कै ताज्जुब लागेको छ ।

एकता केन्द्र स्वयम्ले चाहिं सं.ज.मो.को झण्डाबारे एकैभित्र छलफल चलेको र त्यहाँ त्यसबारे एकमत भएको उल्लेख गर्दा चाहिं त्यो एकै र सं.ज.मो.लाई एकै ठाउँमा राखेको नठहरिने, त्यो भूमिगत कार्यपद्धतिको उल्लंघन पनि नहुने, जसरी र जुन हदसम्म एकै स्वयम्ले यी दुईबीचको पृथकता र समीपताबारे खुलेआम उल्लेख गर्छ, त्यो हदसम्म र अझ त्योभन्दा कम हदसम्म बाहिरका अरूले लेख्दा भने त्यो अनैतिकता हुने, भूमिगत कार्यपद्धति मिचिएको हुने ?!

यो कस्तो नैतिकता, अनुशासन र तर्क हो ?

यस मानेमा मलाई क. पियुषले नैतिकता, अनुशासन र न्यायको दोहोरी मापदण्ड लागू गर्नुभएको महशूस भएको छ, आफूले भने त्यही कुरा गर्नु उचितै उचित हुने, अरूले चाहिं त्यही कुरा गर्नु वा गरेको कुरा लेख्नु अपराधै अपराध हुने ?

म क. पियुष र एकता केन्द्रलाई के विनम्र अनुरोध गर्न चाहन्छु भने- तपाईहरू जे कुरालाई वस्तुगत स्थिति र संघर्षको मूर्त आवश्यकतावश भूमिगत राख्न चाहनु हुन्छ, त्यसको हामी सम्मान गर्छौं । त्यसमा हामी कुनै पनि तरहले बाधा पुऱ्याउन चाहन्नौं । परन्तु भूमिगत राखिन खोजेको कुरा सर्वप्रथम तपाईहरू स्वयम्बाट वास्तविक अर्थमा र सूक्ष्मतम तहमा समेत कडीकडाउका साथ भूमिगत राखिनु पऱ्यो, त्यो शुतुरमुर्गको टाउको-लुकाइजस्तो हुनुभएन । भूमिगत कार्यपद्धति यस्तो हुनु भएन कि कुनै कुरा मित्र र जनताको लागि मात्र भूमिगत होस्, शत्रुको लागि चाहिं त्यो छर्लंग चिनिने, बुझिने खालको होस् । अनि मित्रहरूबाट त्यति नै मात्र भूमिगत कार्यपद्धितिको पालनाको माग हुनुपऱ्यो, जुन हदसम्म तपाईहरू स्वयम् त्यसलाई कडीकडाउसाथ पालना

**सं.ज.मो.ले त्यही कुरा गर्नु बेठीक नहुने, मैले उसले खुलेआम गरेको कुरा लेख्नु मात्रै बेठीक हुने ! यो कसरी हुन्छ ?**

गर्नुहुन्छ ।

जहाँसम्म क. लामाको संजमोको भण्डाबारे भिन्न मत थिएन, पार्टी सिंगैको एउटै मत थियो भनेर क. पियुषले लेख्नुभएको छ, त्यो मामलामा क. पियुषको भनाइ सही छ । मैले त्यसमा असावधानीवश बेठीक लेखेको रहेछु । यसका लागि म क्षमाप्रार्थी छु ।

परन्तु, लामालाई 'हिरासतमा' थुनियो र 'सम्मेलनमा आएका मान्छेहरूसँग' भेट्न दिइएन भनेर क. लामाको भनाइलाई मैले उद्धृत गरेको छु, त्यसलाई क. पियुषले 'मनगढन्त', 'वाहियात', 'क. लामाको स्वभावसँग मेल नखाने' भनेर लेख्नुभएको छ । त्यो न त मनगढन्त नै छ, न वाहियात नै । पहिलो कुरो त, त्यो मेरो भनाइ होइन, क. लामा जीवित हुँदा उहाँ स्वयम्ले हामीलाई भन्नुभएको कुरा हो । उहाँको त्यो घटनामा ठूलो चित्त-दुखाइ थियो । त्यो चित्त-दुखाइ गर्नेलाई महशूस हुने कुरा होइन, पर्नेलाई महशूस हुने कुरा हो ।

दोश्रो, "हिरासत" भन्नाले कुनै पुलीसको हिरासत जस्तो चिसो छिँडीमा थुनिएको कुरो त होइन । उहाँलाई राख्न त आदरपूर्वक नै राखियो होला, राम्रै ठाउँमा राखियो होला, परन्तु पार्टीका अरू प्रमुख नेताहरू जस्तो क्रियाशील संपर्क र भूमिका खेल्न सक्नेगरी राखिएन, अरू प्रमुख नेताहरूले झैं जोसुकै मान्छेहरूसित चाहेको समयमा प्रत्यक्ष सम्बन्ध राख्न सक्नेगरी राखिएन भन्ने मात्र उहाँको गुनासो थियो । यसैलाई प्रतीकका रूपमा उहाँले "हिरासत" भन्नु भएको हो ।

तेश्रो कुरा, उहाँको यो चित्त दुखाइ केवल मसित मात्र व्यक्त गरिएको कुरो होइन । क्रस-चेक गरी हेर्दा अरू थुप्रै मान्छेलाई पनि उहाँले यही गुनासो यही भाषामा पोख्नु भएको भेटिएको छ ।

चौथो कुरा, हामीले यो घटनालाई न त एकता केन्द्रलाई अप्ठेरोमा पार्न लेखेका हौं, न भण्डाफोर गर्न । हाम्रो ध्येय के मात्र हो भने, एकता केन्द्रको नेतृत्वमा केही समययता संकीर्ण प्रवृत्ति चर्को मात्रामा हावी भइरहेको हामीले पाइरहेका छौं । यो प्रवृत्ति हट्नु जरूरी छ भन्ने हामीलाई लागेको छ । चौमकालीन ठूलो छाती लिएर भिन्न र आलोचनात्मक मत र अन्य मित्रहरूलाई व्यवहार गर्ने संस्कृति त्यहाँ क्रमशः ह्रास हुँदै गएको हामीले पाइरहेका छौं । सानो आलोचना कतैबाट आयो कि यो हामीलाई स्वाहा पार्ने षड्यन्त्र हो, यो हामीबारे भ्रम फिँजाउने र हामीलाई भण्डाफोर गर्ने

**२०४६ सालको जन-आन्दोलन जस्तो निर्णायक घडीमा बहुदलको लागि हुन लागेको आन्दोलनमा क. निर्मल लामा विपक्षमा खडा हुँदा पनि उहाँलाई आन्दोलनको पक्षमै तान्न मरिहत्ते गरियो ।**

प्रयत्न हो भनेर शत्रुतापूर्ण बिल्ला र आरोप लगाइहाल्ने, आकाशै खस्न लागेझैं गरी आत्तिने र आलोचना गर्नेको चरित्र हत्या अभियान देशभरि थाल्ने संकीर्ण असहिष्णु प्रवृत्ति यसको नेतृत्व तहमा देखापरिरहेछ । क. पियुषकै आलोचनात्मक प्रतिक्रियामा पनि यो प्रवृत्ति यत्रतत्र अभिव्यक्त भएको पाइएको छ र यो प्रतिक्रिया त्यो प्रवृत्तिको ज्वलन्त साक्षीका रूपमा छ । एकता केन्द्र हाम्रो नजरमा भरोसिलो र दृढ संघर्षशील क्रान्तिकारी पार्टी हो । यसमा त्यो संकीर्ण असहिष्णु प्रवृत्ति हुनु बिल्कुलै ठीक भएन । त्यो प्रवृत्ति हट्नै पर्‍यो भन्ने ध्ययेले नै हामीले यो घटनालाई प्रवृत्तिगत अलोचनाको रूपमा उल्लेख गरेका हौं । त्यसैले क. लामाको यो घटना त केवल उदाहरण मात्रै हो । चाहिन्छ भने यी र यस्ता उदाहरणहरू अरू थुप्रै दिन सकिन्छन् । परन्तु, हाम्रो सार त- संकीर्ण प्रवृत्तिमाथिको आलोचना हो । एकता केन्द्रजस्तो वैज्ञानिक समाजवादमा विश्वास राख्छु भन्ने क्रान्तिकारी पार्टीले संकीर्ण प्रवृत्ति हटाइनु पर्‍यो, केवल प्रशंसा मात्र सुन्न रूचाउने, आलोचनाको सार नै नपक्रने, केवल शब्द मात्र पक्रिने र आलोचना सहँदै नसहने हुनु भएन । हामीले भन्न खाजेको यति मात्रै हो ।

## क. पियुषका आलोचनाहरू

आलोचनात्मक प्रतिक्रियाको क्रममा क. पियुषले तीन चारवटा महत्वपूर्ण आलोचना र टिप्पणीहरू मेरो प्रवृत्ति संबन्धमा प्रस्तुत गर्नुभएको मैले पाएँ ।

एउटा, मैले क. लामा सँगसँगै काम गर्दा क. लामाको "सकारात्मक पक्ष" नै "प्रधान पक्ष" हो भनेर बुझ्ने कार्य गरिन भन्ने ।

दोश्रो, पार्टी भित्री संघर्षका दौरानमा ध्यान दिनुपर्ने क्रान्तिकारी द्वन्दवाद र मनोविज्ञानलाई मैले पक्रिंन भन्ने ।

तेश्रो, क लामाप्रतिको चरम नकारात्मकताले गर्दा, आत्मकेन्द्रित चिन्तनले गर्दा क. लामा सँगसँगै बसेर काम गर्न नसक्ने तिक्त निष्कर्ष निकालेर मैले र मेरा साथीहरूले पार्टी नै छोडेको भन्ने ।

चौथो, क. लामा जिउँदो हुँदा सँगै नबस्ने, उहाँलाई अछूत वा विजातीय तत्व झैं ठान्ने, उहाँप्रति तिरस्कार र घृणा मात्र पस्कने, र मर्न लागेपछि वा मरेपछि उहाँका विचारहरू आफ्ना विचारसँग मिल्छ भनी देखाउने खोज्ने ।

क. पियुषको पहिलो आलोचना सत्यतथ्यमा पटक्कै आधारित हुन सकेनन् भन्ने मलाई लागेको छ ।

क. पियुषलाई राम्ररी थाहा छ, म जुन दिनसम्म ने.क.पा.(चौम)को केन्द्रिय नेतृत्वमा रहें, क लामालाई पार्टीको मुख्य नेतृत्व मानेर रहें । २०४६ सालको जन-आन्दोलन जस्तो निर्णायक घडीमा बहुदलको लागि हुन लागेको आन्दोलनमा उहाँ विपक्षमा खडा हुँदा पनि उहाँलाई आन्दोलनको पक्षमै तान्न मरिहत्ते गरियो । बरू विद्रोहको धम्की दिइयो, उहाँलाई नेतृत्वबाट हट्न दवाब दिइएन । संभवतः २०४५ सालतिरको कुरा हो, अन्तर्संघर्षले कटुताको रूप लिएर क. लामा स्वयम्ले केन्द्रिय समितिको बैठकमा अब हामी आ-आफ्नो बाटो लागौं भनेर हामीसित पार्टीबाट छुट्टिने टुंगो निकाल्दा पनि उहाँलाई नै अगुवा मानेर फेरि पार्टीलाई जोड्न पहल पनि त अरूसाथी सँगसँगै मैले नै गरेको थिएँ । यदि क. लामामा सकारात्मक पक्षको प्रधानता नदेख्दो हुँ त यी सबै कुरा म किन गर्थे ? के सकारात्मक पक्षको प्रधानता नदेखिकन कम्युनिष्ट पार्टी जस्तो संगठनमा कसैलाई लगातार र निर्विवाद महामन्त्री बनाउन र उसको अगुवाईमा सहर्ष काम गर्न राजी हुन सकिन्छ र ?

खालि पार्टीमा रहँदा मात्र होइन,



२०४६ सालको आन्दोलनमा पाटनमा सरकारी कार्यालयमा आक्रमण गर्दै आक्रोशित आन्दोलनकारीहरू

पार्टी छोडिसकेपछि पनि क. लामाको योगदानबारे पनि म र हाम्रो टीम सँधै स्पष्ट रहेको छ, साथै उहाँको कमी कमजोरी र सीमाबारे पनि । उहाँको कमजोरीको बाबजूद सकारात्मक पक्षको प्रधानताबारे स्पष्ट भएकाले नै त मूल्यांकन स्वयम्ले नै पहल गरेर उहाँको धारावाहिक आत्म-वृत्तान्त यसमा छाप्न शुरू गरेको हो । क. पियुषले भने जस्तो उहाँप्रति हाम्रो "चरम नकारात्मकताले भरिएको" भाव हुँदो हो त यो पहल कसरी संभव हुन सक्थ्यो ? उहाँ क्यान्सरग्रस्त भएर बिरामी हुँदा हामी सबै काम छोडेर

संघर्षको दौरानमा ध्यान दिनुपर्ने "क्रान्तिकारी द्वन्दवाद" र 'मनोविज्ञान'लाई मैले पक्रिँन भन्ने बारेमा छ । पहिलो कुरा त द्वन्दवादलाई "क्रान्तिकारी" जस्तो विशेषण राख्नै जरूरी छैन, किनकि द्वन्दवाद क्रान्तिकारी र प्रतिक्रान्तिकारी भन्ने नै हुँदैन, त्यो केवल क्रान्तिकारी मात्र हुन्छ । दोश्रो, अन्तर्पार्टी संघर्षको दौरानमा उहाँसँग केवल संघर्ष मात्र गरिएन, कैयन सवालमा एकता पनि गरिएको छ । सवाल हेरी हेरीकन, सन्दर्भ हेरी हेरीकन उहाँसँग कहिले संघर्ष, कहिले एकता भएका छन् । उदाहरणका लागि २०४२ सालमा

त्यस मामलामा उहाँसित संघर्ष पनि भए ।

यस्ता थुप्रै उदाहरणहरू दिन सकिन्छ, जसमा क. लामा र मेरोबीच कुनैमा एकता पनि देखिन्छ, कुनैमा संघर्ष पनि । हामीबीच संघर्ष गऱ्यो भने संघर्षैसंघर्ष, एकता गऱ्यो भने एकतैएकता- यस्तो अधिभूतवादी रूख र व्यवहार कहिल्यै रहेन । तसर्थ, पार्टी भित्री संघर्षको दौरानमा मैले द्वन्दवादको अभ्यास गरिन भन्ने क. पियुषको धारणामा पनि मैले सत्यताको अंश देखिन ।

व्यक्तिगत स्वभावकै हकमा पनि क. लामाको संघर्षशीलता, लचिलोपन,



*संयुक्त जनमोर्चाको जनकपुरमा भएको राष्ट्रिय सम्मेलनमा निकालिएको किसानहरुको एउटा जुलुस*

*"हिरासत" भन्नाले कुनै पुलीसको हिरासत जस्तो चिसो छिँडीमा थुनिएको कुरो त होइन । उहाँलाई राख्न त आदरपूर्वकै नै राखियो होला, राम्रै ठाउँमा राखियो होला, परन्तु पार्टीका अरू प्रमुख नेताहरू जस्तो क्रियाशील संपर्क र भूमिका खेल्न सक्नेगरी राखिएन*

रातारात यथाशक्य ज्यादा चन्दा उठाउनतिर किन लाग्थ्यौं ? उहाँलाई क्यान्सर रोगको उपचारार्थ लाने सूचना पाउनासाथ हामी थोरै मान्छेले दुई दिनमा २४ हजार चन्दा उठाएर बुझाएका थियौं । मनमा क. लामाप्रति नकारात्मकता नै नकारात्मकता, घृणै घृणा भएको भए यो कुरा कसरी गरिन्थ्यो र ?

उहाँको मृत्युपछि पनि मूल्यांकनले उहाँको दुवै पक्षको सटिक मूल्यांकन गरेको छ र उहाँको सकारात्मक पक्षलाई नै कमजोरीको तुलनामा कता हो कता गह्रौं र प्रमुख पक्ष मानेको छ । मूल्यांकन अंक-७७ हेरेमा त्यो कुरा दिउँसोको घाम जत्तिकै स्पष्ट हुनेछ ।

त्यसैले, मैले क. लामाको सकारात्मक पक्षलाई "प्रधान पक्ष" मानिन भन्ने क. पियुषको आलोचनामा मैले कुनै तुक देखिँन । क. पियुषको लेखाइ क. लामाप्रति आस्था राख्नेहरूमा हामीप्रति पूर्वाग्रह फैलाउने खालको देखियो ।

दोश्रो आलोचना, क. लामासित सँगै पार्टीमा काम गर्दा पार्टी भित्री

सत्याग्रहताका पंचायतको विरूद्धमा कांग्रेसको संघर्षको पक्षमा पाँच वामको संघर्ष गरिनु पर्छ भन्ने सावालमा उहाँसँग मेरो पूर्ण सहमति र एकता बनेको थियो । त्यस्तै, २०३८ सालपछि राष्ट्रिय पंचायतको चुनावको उपयोग गर्ने संबन्धमा पनि । परन्तु, २०४६ सालमा पंचायती तानाशाहीतन्त्रविरूद्ध कांग्रेससित एकता गर्नु हुन्न भन्ने सवालमा, बहुदलका लागि संघर्ष गर्नुहुन्न भन्ने सवालमा उहाँको विचारसित सहमत नै हुन सकिएन । तसर्थ, संघर्ष पनि गरियो ।

२०४६ सालको जन-आन्दोलनपछि अन्तरीम सरकार र संविधान सुझाव आयोगमा जाने वा नजाने सवालमा थोरै साथीहरू विरोधमा हुनुहुन्थ्यो, परन्तु अरू साथीका साथसाथ यसबारेमा उहाँ र मेरो विचार एउटै थियो । परन्तु, वास्तविक कम्युनिष्ट पार्टीको निर्माण कसरी गर्ने भन्ने सवालमा, जनवादी केन्द्रियताको अवधारणासम्बन्धी सवालमा, नेपाली समाज र क्रान्तिको चरित्रसंबन्धी सवालमा उहाँको र मेरो वैचारिक समानता थिएन । त्यसैले

जनसमुदायसँग सजिलै घुलमिल हुने क्षमता, स्पष्टवादिता, पद र पैसामा नबिक्ने स्वभाव, सरलता र त्याग-बलिदानको हमेशा उच्च मूल्यांकन नै गरियो । परन्तु, उहाँको चरम व्यक्तिवाद, आन्दोलन र पार्टी कार्यमै असर पार्ने गरी मादक पदार्थ खाने बानी, अरूको वहकाउमा नराम्ररी लीगबाटै वहकिने स्वभाव, रोमाण्टिक भावकुता, कसैप्रति पनि छिटै धारणा बनाउने, छिटै धारणा बिगार्ने प्रवृत्ति, पंचायती दवदवाको समयमा पनि भूमिगत भनेको बस्तै नबस्ने, आफ्नो असली परिचय खोलीहाल्ने स्वभावसँग भने हमेशा डटेर संघर्ष गरियो ।

त्यसैले, उहाँ सँगसँगै काम गर्दा अन्तर्संघर्षको दौरानमा द्वन्दवादको अभ्यास गरिएन भन्ने क. पियुषको आलोचना यथार्थ धरातलमा आधारित लागेन । यो आलोचना ज्यादा पूर्वाग्रह पीडित लाग्यो ।

परन्तु अन्तर्संघर्षको दौरानमा मैले मनोविज्ञानको पक्षमा ध्यान दिइन भन्ने क. पियुषको आलोचनामा भने मैले सत्यता भेट्छु । हो, यस्तो भएको छ । म देखेको कुरा सिधासिधा

बताउँथें ।

तर अहिले आएर मूल्यांकन गरी हेर्दा, मेरा शब्दहरू र प्रस्तुति रूखा र आवेशपूर्ण हुन्थे । कुनै कुनै मेरा शब्दले अरूको अहंकार र भावनामा निकै चोट पुऱ्याउँथे, तथापि म त्यसको कमै मात्र पर्वाह गर्थें । मेरो यस्तो असुन्दर र बेहोशियारीपूर्ण प्रस्तुतिले गर्दा मेरो क. लामासँगको सम्बन्ध निकै कटु हुन पुगेको थियो । खालि क. लामासित मात्र होइन, अरूसित पनि व्यक्तिगत सम्बन्ध बिग्रिनुमा मेरो यो कमजोरीले ठूलो भूमिका खेलेको थियो ।

क. लामाको केही स्वभावले पनि यो कटुतालाई घटाउन होइन, बढाउन नै भूमिका खेल्यो भन्ने मलाई लाग्छ । त्यो के भने, मसँग सक्रियता, त्यागको भावना र सूचना ज्ञान र बौद्धिकता ज्यादा थियो, मसँग अनुभव र परिपक्वता ज्यादै कम थियो । ठीक त्यस्तै मान्छेहरूसित ठीक ढंगले संप्रेषण र व्यवहार गर्ने उन्नत संस्कृति पनि । त्यसमाथि थप, म त्यतिखेर ज्यादै छोटो समयमा निकै ठूलो छलांग मारेर पार्टी नेतृत्वमा पुऱ्याइएको मान्छे थिएँ । यो स्थितिमा मेरो निम्ति होशियारीपूर्ण प्रशिक्षण र वैचारिक सांस्कृतिक दिग्दर्शनको जरूरत थियो । र त्यो क. लामाबाट हुनु जरूरी थियो । त्यो संभव पनि थियो । परन्तु क. लामाले त्यो गर्नु भएन । उहाँले बनेको स्थिति खाज्नु भयो । स्थिति बनाउनु भएन । उहाँले आफैं तम्तयार मान्छे खोज्नु भयो । बेतयार मान्छेलाई तम्तयार पार्न भूमिका खेल्नु भएन । उल्टो, मैले उहाँसित बेला बेलामा बेठीक ढंगले प्रस्तुति गरेपछि पूर्वाग्रहले ग्रसित भएर मसित राम्ररी संवाद गर्न छोड्नुभयो र ज्यादै तिक्त व्यवहार गर्न थाल्नुभयो । यसले कटुता घटाएन, बरू अरू ज्यादा बढायो ।

उहाँ र मेरोबीचको कटुता बढ्नुको असली जरो कारण यिनै हुन् भन्ने मलाई लाग्छ ।

त्यसैले, पार्टी भित्री संघर्षमा मैले मनोविज्ञानको पक्षलाई राम्ररी ध्यान दिइन भन्ने कुरा बिल्कुलै सही हो । परन्तु, के पनि सही हो भने मभन्दा ज्यादै अनुभवी र परिपक्व भएर पनि क. लामाले समेत त्यो पक्षमा ध्यान दिनु भएन । म क. पियुषलाई मेरो सही कमजोरी औंल्याई दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । मित्रहरूले गर्नुपर्ने नै यस्तो हो । ❑

**(बाँकी आगामी अंकमा)**

# ◀ पाठकको कुरो

## वैज्ञानिक राजनैतिक पद्धतिमा जोड दिनुपर्ने

मूल्यांकन ८२ औं अंकमा प्रकाशित दीपक बैद्यको 'समाजवाद ढलेपछि पूर्वी यूरोप र पूर्वी सोभियत संघको बेहाल' भन्ने सत्य-तथ्यमा आधारित खोजमूलक लेख मेरो मूल्यांकनमा सर्वप्रथम रह्यो ।

स्वभावैले समाजवाद वैज्ञानिक राजनीतिक प्रणालीमा आधारित व्यवस्था भएको र पूँजीवाद गफाडी र कल्पनैकल्पनाको संसारमा दिवा स्वप्नको रमझममा अल्मलिएको कु-राजनैतिक संस्कार भएकोले मूल्यांकनले आगामी अंकहरूमा समाजवाद तथा साम्यवादको व्याख्या वैज्ञानिक संस्कारमा आधारित गरोस् । एक वामघटकको पकेट पत्रिका नभै यो सम्पूर्ण नेपालको जनवादी क्रान्ति झल्काउने होस् । र, चाँडै नै नेपालमा माओवादी क्रान्ति सफल भै सबै वाम घटक एकै खेमामा आई आमूल परिर्तनको दिशामा ठोस पाइला चाल्न यो पत्रिकाले सहयोग गरोस् ।

नेपाली जनताहरूलाई विगतको १० वर्षको नेपालको अनुहार देखाउँदै आगामी आउने १० वर्षको समेत ऐनामा झैं स्पष्ट मुहार यसले देखाओस् । साथै यसले नयाँ जनवादी क्रान्तिबाहेक नेपालको परिप्रेक्षमा एमाले तथा मालेको बहुदलीय जनवाद कम्युनिष्टहरूको नाम भजाउने ट्रेडमार्क सिवाय अरू केही नभएको स्पष्ट गरोस् । खुलमखुला रूपमा माओवादी आन्दोलनलाई तत्काल सफलताको शिखरमा पुऱ्याउन हालको स्थितिमा प्रत्येक नेपालीले यो अर्धसामन्ती गैर-राजनैतिक संस्कार भएको व्यवस्थाविरूद्ध हतियार उठाइहाल्ने स्थिति सन्निकट आइसकेको पनि यो पत्रिकाले मूल्यांकन गर्न पछि किन पर्ने ?

- मंगल सिंह धामी

*धौलाकोट-५, दार्चुला ।*

## प्रगतिशील कथा-कविताहरूलाई पनि स्थान दिइयोस्

मूल्यांकन मासिकको शुरू-शुरूको अंकमा जस्तै विश्व प्रगतिशील साहित्यकारहरूको लघुकथा तथा कविताहरूलाई पनि स्थान दिइयोस् ।

### मूल्यांकनको सूचना

*मूल्यांकनमा प्राप्त लेख रचनाहरु अस्वीकृत भएमा फिर्ता गर्न संभव नहुने हुनाले प्रतिलिपि राखेर मात्र पठाउन हुन लेखकहरुमा अनुरोध छ ।- मूल्यांकन*

जसरी हिरक अंकमा कार्लमार्क्स र पूर्णाङ्क- ८० मा क. माओको बारेमा एउटै मासिकमा यति धेरै कुराहरू पढ्न पाएँ, त्यसरी नै आउँदा अंकहरूमा सर्वहारावर्गका नेता क. लेनिन तथा स्टालिनको बारेमा पनि मूल्यांकनमार्फत् विस्तृत तथ्यहरू दिए झन् राम्रो हुने थियो ।

साथै दर्शन, नीति-संस्कृति, घटना/प्रवृत्ति, विश्व कम्युनिष्ट आन्दोलनको इतिहास र पूँजीवादी रबैयाहरूको चिरफार आदि स्तम्भहरूको स्वागत गर्दछु ।

- डम्बर थापामगर

*जीतपुर- ८ (ढोडे), धनकुटा ।*

## नाशवान पूँजीवादको विशेषता

अंक- ८१ मूल्यांकनमा छापिएको डा. चैतन्य मिश्रको साह्रै घतलाग्दो र चाखलाग्दो लेख पढ्न पाउँदा मजस्तो मार्क्सवाद अध्ययनरत विद्यार्थीको निम्ति अति नै उपयोगी भएको छ । फेरि प्रज्ञारत्नको दर्शन 'के विज्ञानको पछिल्ला आविष्कारले द्वन्दवादका नियमहरूलाई बेठीक ठहऱ्याएका छन् ?' समसामयिक र बौद्धिक खुराक भएको महसूस गरेको छु ।

- महेन्द्र ठाकुर

*जि.प्रा.शि., जिरी ।*

## प्रेरणात्मक

पूर्णाङ्क- ८१ समयमा नै पढ्न पाइयो । सबै स्तम्भहरू प्रेरणात्मक छन् ।

मूल्यांकनमार्फत् नेपालको सरकार, नेता र बुद्धिजीवि वर्गमा मेरो यो सन्देश छ, कि नेपालमा प्रजातन्त्रको उदय भएको एक दशक पार भइसकेको छ । तर नेपालीहरूको प्रजातन्त्र कहाँ छ ? हक, हित र अधिकार कहाँ छ ? विदेशिएका नेपालीहरूको अवस्था कस्तो छ ? आजको देशको यस्तो गम्भीर स्थितिले सबै नेपालीहरूलाई प्रत्यक्ष असर पुऱ्याइसकेको छ । सरकार चाहन्छ देशको प्राकृतिक भण्डारहरू रित्याउन र दमन गर्न मात्र । नेताहरू चाहन्छन् चुनाव जित्न र कुर्सी ओगट्न मात्र । बुद्धिजीविहरू चाहन्छन् आफूमात्र मोजमस्ति गर्न ।

यी कारणहरूले गर्दा नै नेपालमा भ्रष्टाचार, अन्याय, चोरी, लुटपात, गरीबी, वालयौन शोषण र माओवादी हिंसा फस्टाउन सफल भएको छ । यी गम्भीर समस्याहरूलाई सरकारले राम्ररी नबुझ्ने हो भने अबको एक दशकमा देशले कुन अवस्था झेल्नुपर्ला, भन्न सकिन्न ।

- भुपेन राई, तेह्रथुम

*मोराहाङ्- ९, हाल: गल्फक्षेत्र ।*

## कांग्रेस पार्टी कस्तो ?

पूर्णाङ्क- ८२ मा प्रकाशित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अन्तर्वार्ता हेर्दा मलाई गजब लाग्यो ।

अन्तर्वार्तामा प्रधानमन्त्री कोइरालालाई 'कांग्रेस पार्टीभित्र देश विकासको सवालमा किन विवाद हुँदैन र खाली कुर्सीकै सवालमा मात्र किन विवाद हुन्छ ?' भनेर प्रश्न गरिएको रहेछ । जवाफमा कोइरालाले 'कांग्रेस पार्टी प्रजातान्त्रिक पार्टी भएकोले विचार र सिद्धान्तमा लडाइँ हुँदैन र यो पार्टी विभाजन पनि हुँदैन' भन्नुभयो ।

तर आफ्नो पार्टीमा प्रजातन्त्र छैन भनेर स्वीकार्ने प्र.म. गिरिजाले प्रजातन्त्रको सवालमा अरू पार्टीलाई प्रश्न गर्नु आफ्नो मूर्खता प्रदर्शन गर्नु सिवाय अरू के होला ? किनकि अहिले कांग्रेस पार्टीभित्र चलेको अत्यन्त घृणित धाँधलीपूर्ण चुनाव पनि देख्न पाइयो ।

मलाई के सोध्न मनलाग्छ, भने विचार र सिद्धान्तविना चल्ने यो कांग्रेस पार्टी कस्तो पार्टी हो ? विचार र सिद्धान्तविनाको पार्टी त कुनै पनि हुँदैन जस्तो लाग्छ ।

अर्को कुरा, निर्मल लामासम्बन्धी लेखहरू अलि बेसी नै भयो कि ?

- विदुरकुमार खड्का

*डुमरवाना- ४, बारा ।*

## मूल्यांकनमा पनि सेन्सर ?

हामीले मूल्यांकनको मंसीर अंक समयमा नै पढ्ने अवसर पायौं । सम्भावना रहेसम्म बजारमा निस्कने पत्रिकाहरू, जुन पत्रिकाले विशेषतः राजनैतिक विषयवस्तुलाई समेटेर निस्कने गर्छ, त्यस्ता पत्रिकाहरूलाई हामीले अध्ययनको प्राथमिक विषयवस्तुको रूपमा राखेका छौं । राजनीतिक अन्यौलको सिलसिलामा हामीले अहिले बन्दी जीवन बिताइरहेका छौं ।

अहिले देशमा नौ वटा वामपन्थी पार्टीहरू कार्यगत एकता गरी राष्ट्रियता, जनतन्त्र, जनजीविका र महँगी लगायतका सवालहरूलाई लिएर आन्दोलनरत छन् । भर्खरै नौ वामले गरेको महँगीविरोधी आन्दोलनले आंशिक सफलता प्राप्त गरेको देखिन्छ । तर यतिमै वामपन्थीहरूले चित्त बुझाएर बस्नुहुने अवस्था छैन । अझै आन्दोलनलाई मजबूत र सशक्त पारेर लैजानुपर्ने दायित्व वामपन्थीहरूको काँधमा अहिले आएको छ ।

महँगीको सवाललाई लिएर नौ वाममा सहभागी दलहरूले (केही) छुट्टाछुट्टै रूपमा आन्दोलन गरेको पनि देखियो । त्यसलाई लिएर नौ वाम फुट्यो भन्ने गलत प्रचार गर्ने काम पनि भयो र फुटाउने प्रयास पनि भए होलान् । हुन त स्वतन्त्र ढंगले आन्दोलन गर्न पाउने अधिकार नौ वामको कुनै पनि घटकलाई छ । तर एउटै सवालमा आ-आफ्नो ढंगले चल्नुभन्दा आन्दोलनलाई अझ व्यापक र प्रभावकारी रूपमा संचालन गर्न सबै वामपन्थी पार्टीहरू सँगै जानुपर्ने आवश्यकता देखिन्छ । जस्तो कि, एमालेले मालेसँग कार्यगत एकता गरी आन्दोलनमा संगै जान असहमति जनायो । परिणामस्वरूप नौ वाम र चार वामको छुट्टाछुट्टै पनि आन्दोलनहरू भए । यसले गर्दा एकीकृत आन्दोलनमा केही ठेस लाग्यो ।

अहिले दश वाम भएर जानुपर्ने आवश्यकता सबैले महशुस गरेका छन् । तर एमाले र मालेबीचको पानी बराबरको कारणले एकीकृत आन्दोलन हुन सकेको छैन । राष्ट्रको जल्दोबल्दो समस्या समाधान गर्ने विषयमा यस्तो पार्टीगत संकीर्णता र पूर्वाग्रह त्याग्नुपर्ने देखिन्छ । अबका दिनहरूमा साझा सवालमा कार्यगत एकता कायम गरी सम्पूर्ण वामपन्थीहरू आन्दोलनमा उत्रियून् भनी हामी यसै पत्रिकामार्फत् वामपन्थी पार्टीहरूलाई अनुरोध गर्न चाहन्छौं ।

अर्को कुरा, मूल्यांकनको सकारात्मक एवं नकारात्मक पक्षहरूलाई समेटेर हामीले प्रतिक्रियाको रूपमा आलोचनात्मक सल्लाह र सुझाव पठाएका थियौं । यद्यपि हाम्रो विश्लेषण सही नहुन पनि सक्थ्यो । किनभने कुनै पनि वस्तुलाई हेर्ने आ-आफ्नो मूल्य, मान्यता र दृष्टिकोण हुन्छ । यो कुरामा हामी पनि सहमत छौं । तर पनि हाम्रो मूल्यांकनप्रतिको विचारलाई केही अंश हटाएर केही अंशमात्र छापिएको पाइयो । हाम्रो प्रतिक्रियाको केही अंश हटाएर केही अंश छाप्नुको अर्थ के ?

यसरी कुनै पनि पाठकको विचार वा लेखको केही अंशलाई हटाएर छापिदिंदा लेखकले व्यक्त गर्न खोजेको आशय निस्कन्छ कि निस्कदैन ?

- पदम गुरूङ्ग, लगायत

आस्थाका बन्दीहरू, *गोरखा कारागार शाखा,गोरखा ।*

*(अरुले उठाएका कुराहरु धेरै पटक नदोहोरियून् भनेर र छोटो पार्न भनेर हामी यहाहरुका लामा प्रतिक्रियाहरुलाई केही छोट्याउन बाध्य हुन्छौं । यसलाई 'मूल्यांकन'प्रतिको आलोचना खप्न नसकेर सेन्सर गरेको अर्थमा नलिइदिनु हुन हामी पाठक वर्गमा विनम्र अनुरोध गर्दछौं । - मूल्यांकन)*




श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर बिक्रम शाहदेव सरकारको
५६औं शुभ-जन्मोत्सवको
पावन अवसरमा मौसूफको
सुस्वास्थ्य एवं दीर्घायुको
मंगलमय कामना गर्दछौं ।

हिमालयन बैंक लिमिटेड
**Himalayan Bank Limited**
(A Joint Venture with Habib Bank Limited - Pakistan)

त्रिदेवी मार्ग, ठमेल, पोष्ट बक्स नं : २०५९०, काठमाडौं
फोन नं : २५०२०१, २२७७४९, २२७७५६,
फ्याक्स नं : २२२८००
E-mail: hbl@hbl.com.np

शाखा कार्यालयहरु :
न्यूरोड - फोन: २४३१०७, पाटन - फोन: ५३५५५६, महारानगञ्ज - फोन: ४२५१८२, टाँडी - फोन: ६०७५०,
भरतपुर - फोन: २४२४०, हेटौंडा - फोन: २०११९, वीरगञ्ज - फोन: २९०५७०, नगरकोट - फोन: ६८००७०



श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम
शाहदेव सरकारको ५६ औं शुभ-
जन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसूफप्रति
**हार्दिक शुभ-कामना**
चढाउँदै मौसूफको सुस्वास्थ्य,
समृद्धि तथा सुकीर्तिको
कामना गर्दछौं ।





नेपाल बैंक लिमिटेड


हिमाल स्टील
टोरस्टील®
हिमालले सुरक्षित घर बनाउँछ।
प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, फलामे डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो जसबाट निर्माण किफायती र बलियो बन्छ ।
हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो जुन अन्तरराष्ट्रिय प्रविधिबाट अन्तरराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ । यसको शक्ति सम्पन्न ४२.५ किलो वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं र यसको बढी बण्ड स्ट्रेन्थले तपाईंको निर्माणमा बचत गराउँछ ।
तपाईंको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको ।
अति शक्तिशाली
ज्योति
हिमाल आयरन एण्ड स्टील (प्रा) लि